# अन्तःशुल्क निर्देशिका, २०६८

**अर्थ मन्त्रालय**

**आन्तरिक राजस्व विभाग**

**लाजिम्पाट, काठमाण्डौं**

*हामिले तिरेको कर हाम्रै विकासका लागि, आधुनिक र सम्वृद्ध नेपाल निर्माणका लागि*

# बिषय सूची


| परिच्छेद | विवरण | पेज नं |
|---|---|---|
| १ | परिचय | १ |
| २ | परिभाषा | २-६ |
| ३ | अन्तःशुल्क लाग्ने तथा छुट हुने वस्तु सेवा र क्षेत्रहरू | ७-९ |
| ४ | अन्तःशुल्क इजाजत | १०-२३ |
| ५ | भौतिक नियन्त्रण प्रणाली | २४ |
| | ५.१ मदिरा संबन्धी व्यवस्था | २४-४४ |
| | ५.२ बियर संबन्धी व्यवस्था | ४५-६० |
| | ५.३ चुरोट, बिडी तथा सूर्तिजन्य पदार्थ संबन्धी व्यवस्थाहरू | ६१-६६ |
| ६ | अन्तःशुल्क टिकट(स्टिकर) संबन्धी व्यवस्था | ६७-७१ |
| ७ | जर्ति तथा नोक्सानी मिन्हा | ७२-७७ |
| ८ | स्वयं निस्कासन प्रणाली | ७८-७९ |
| ९ | पैठारी, निर्यात, कर मुक्त पसल(वण्डेड वेयर हाउस) र नगद धरौटी वा वैंक ग्यारेन्टी फुकुवा | ८०-८५ |
| १० | अन्तःशुल्कको अभिलेख तथा प्रतिवेदन | ८६-८९ |
| ११ | अन्तःशुल्कको निर्धारण (गणना) अशुली तथा दाखिला | ९०-९४ |
| १२ | अन्तःशुल्क विबरण | ९५ |
| १३ | अन्तःशुल्क परिक्षण तथा अन्तःशुल्क निर्धारण | ९६-१०८ |
| १४ | वक्यौता अशुली संबन्धी व्यवस्था | १०९ |
| १५ | खानतलासी, संपत्तिरोक्का, लिलाम बिक्री र जफत संबन्धी व्यवस्था | ११०-११६ |
| १६ | दण्ड सजाय संवन्धी व्यवस्था | ११७-११९ |
| १७ | पुरस्कार संवन्धी व्यवस्था | १२०-१२४ |
| १८ | प्रशासकिय पुनरावलोकन तथा पुनरावेदन संबन्धी व्यवस्था | १२५ |
| १९ | अन्तःशुल्क प्रशासन | १२६-१३७ |
| २० | बिबिध | १३८-१३९ |

# अनुसूचीहरु


| अनुसूची | बिषय | पेज नम्वर |
|---|---|---|
| अनुसूचि-१ | इजाजतपत्र  तथा नविकरणको लागी दिइने दरखास्तको ढांचा | १४०-१४३ |
| अनुसूचि-२ | इजाजतपत्र लिनु पर्ने वस्तु तथा सेवाको इजाजतपत्र दस्तुर र नविकरण दस्तुर | १४४-१४६ |
| अनुसूचि-३ | अन्तःशुल्क इजाजतपत्र | १४७-१४८ |
| अनुसूचि-४ | उत्पादन तथा विकी भएको दैनिक मैज्दातको  विबरण विवरण | १४९ |
| अनुसूचि-४(क) | अन्तःशुल्क निर्धारण आदेश | १५०-१५१ |
| अनुसूचि-४(ख) | अन्तिम अन्तःशुल्क निर्धारण आदेश | १५२-१५३ |
| अनुसूचि-४ग | खरीद खाता | १५४ |
| अनुसूचि-४घ | विकी खाता | १५५ |
| अनुसूचि-४ड | अन्तःशुल्क विवरण फाराम | १५६ |
| अनुसूचि-५ | कोरा मालको मौज्दात विवरण | १५७ |
| अनुसूचि-६ | कोरामालको खपत  र चुरोट र विडी उत्पादनको दैनिक विवरण | १५८ |
| अनुसूचि-७ | दैनिक प्याकिंग रुमको विवरण | १५९ |
| अनुसूचि-८ | गोदाममा रहेको चुरोटको दैनिक विवरण | १६० |
| अनुसूचि-९ | चुरोट तथा विडीको निष्कासन मांग फाराम | १६१ |
| अनुसुचि- ९क | व्याच नियन्त्रण खाता | १६२ |
| अनुसूचि-१० | डिष्टिलरी ब्रुअरीवालाले दिनु पर्ने रक्सी, वियर, वाइनको फाटवारी | १६३ |
| अनुसूचि-११ | डिष्टिलरी ब्रुअरीवालाले दिनु पर्ने रक्सी, वियर, वाइनको वोतलहरुको बिक्री र त्यसवाट आउने अन्तःशुल्कका फाटवारी | १६४ |
| अनुसूचि-१२ | सख्खर खुदोको दैनिक हिसाव | १६५ |
| अनुसूचि-१३ | कर विजकको ढाँचा | १६६ |
| अनुसूची-१४ | कच्चा पदार्थको आम्दानी तथा खर्च खाता (स्वयम निष्कासन प्रणालीको लागि ) | १६७ |
| अनुसूची-१४(क) | स्प्रिटको आम्दानी खर्च खाता | १६८ |
| अनुसूची-१४(ख) | मोलासेसको आम्दानी खर्च खाता | १६९ |
| अनुसूची-१४(ख) | वास आम्दानी खर्च खाता | १७० |
| अनुसूची-१५ | दैनिक कार्य परिचालन खाता (मदिरा उद्योगको ) | १७१ |
| अनुसूची-१६ | खुदो र स्प्रिट वाहेक अन्तःशुल्क वस्तुको निकासी माग निवेदन) | १७२- १७३ |
| अनुसूची-१६(क) | खुदो र स्प्रिटको अन्तःशुल्क वस्तुको निकासी माग निवेदन | १७४-१७५ |

| | | |
|---|---|---|
| अनुसूची-१७ | कारखानाको गोदाम क्षेत्रबाट अन्तःशुल्क लाग्ने पदार्थ निस्कासन गर्ने माग फारम | १७६- १७७ |
| अनुसूची-१८ | माग फाराम  दर्ता हिसाब खाता | १७८ |
| अनुसूची-१९ | तैयारी सामानको आम्दानी तथा बिक्री (निस्कासन) खाता (मदिरा उद्योग) | १७९ |
| अनुसूची-२० | कारखानाको गोदाम क्षेत्रबाट वियर निष्कासन गर्ने माग फाराम | १८० |
| अनुसूचि-२१ | तयारी बोतलबन्दी बियर उत्पादन र निष्कासन (आम्दानी तथा खर्च) खाता | १८१ |
| अनुसूचि-२२ | बियर बोतलबन्दी सम्बन्धी प्रतिवेदन | १८२ |
| अनुसूचि-२३ | निष्कासन गरिएको तथा बोतलबन्दी गरिएको बियरको विवरण | १८३ |
| अनुसूचि-२४ | बिक्री र त्यसबाट आउने अन्तःशुल्कको मासिक तथा वार्षिक फाँटवारी | १८४ |
| अनुसूचि-२५ | वियरको नोक्सानी मिन्हाको निवेदन तथा सिफारिस | १८५ |
| अनुसूचि-२५(क) | मदिराको नोक्सानी मिन्हाको निवेदन तथा सिफारिस | १८६ |
| अनुसूची-२६ | अन्तःशुल्क टिकट र टिकट लकको आम्दानी खर्च खाताको नमूना | १८७ |
| अनुसूची-२६(क) | अन्तःशुल्क टिकट र टिकट लकको आम्दानी खर्चको व्यक्तिगत खाताको नमूना | १८८ |
| अनुसूची-२६(ख) | अन्तःशुल्क टिकट लक (साचो)को प्रयोग रेकर्ड खाताको नमूना | १८९ |
| अनुसूचि-२७) | उत्पादन तथा निष्कासनको मास्केवारी वार्षिक प्रतिवेदन (स्वयम निष्कासन प्रणाली) | १९० |
| अनुसूचि-२८) | कच्चा पदार्थको मास्केवारी/वार्षिक प्रतिवेदन (स्वयम निष्कासन प्रणालीको लागि मात्र) | १९१ |
| अनुसूची-२९ | मासिक / वार्षिक उत्पादनको अन्तःशुल्क विबरण | १९२ |
| अनुसूची-३० | मासिक / वार्षिक बिक्रीको अन्तःशुल्क विबरण | १९३ |
| अनुसूची-३०(क) | महिनाको  आयातित वस्तुको बिवरण | १९४ |
| अनुसूची-३०(ख) | वेण्डेड वेयर हाउस (कर मुक्त पसल) ले बिक्री गरेको वस्तुको बिवरण | १९५ |
| अनुसूची-३१ | अन्तःशुल्क  राजस्व अशुलीको मासिक विबरण | १९६ |
| अनुसूची-३२ | वस्तुगत अन्तःशुल्क  राजस्व अशुलीको मासिक विबरण | १९७ |
| अनुसूची-३३ | तुलनात्मक वस्तुगत अन्तःशुल्क  राजस्व अशुली विबरण | १९८ |
| अनुसूची-३४ | मासिक  कार्य प्रगति विबरण कार्यालयको प्रयोजन मात्र) | १९९-२०२ |
| अनुसूची-३५ | अन्तःशुल्क  दर्ता अभिलेख किताव (कार्यालयको प्रयोजन ) | २०३ |
| अनुसूची-३६ | अन्तःशुल्क दरवन्दी (२०६८।६९) | २०४-२१९ |

# भूमिका

स्वदेश भित्र उत्पादन गरी वा आयात गरी विक्री वितरण एवं उपभोग गरिने वस्तु वा सेवामा करको रूपमा अन्तःशुल्क लगाइन्छ । मूलत मानव स्वास्थ्य एवं वातावरणीय स्वास्थ्यमा प्रतिकूल असर पार्ने वस्तु तथा विलासिताका वस्तुहरूमा अन्तःशुल्क लगाउने गरिए तापनि हालका वर्षहरूमा विश्व व्यापार एवं क्षेत्रीय व्यापार संगठनमा आवद्ध भएको कारण भंसारको दरमा आएको परिवर्तनले न्यून हुन गएको राजस्वलाई केही हदसम्म भए पनि भरथेग गर्नको लागि नयां क्षेत्रहरूमा समेत अन्तःशुल्क लगाउने गरिएको छ ।

नेपालको पहिलो मुलुकी ऐन, १९१० मा रकम वन्दोवस्त अड्डाले, वनकस, चर्षा, सुंगुरको जगर, मदभट्टी र चुरोट जस्ता वस्तुहरूमा लिलाम बढाबढ प्रथाबाट ठेक्का वन्दोवस्त गरी राजस्व असुल गर्ने व्यवस्था गरी अन्तःशुल्क लिने कार्यको शुरूवात भएको पाइन्छ । वि.सं. २००८ मा पहिलो वजेट संगै आर्थिक ऐनद्वारा अन्तःशुल्क लगाइएको र कष्टम कमिसनरबाट प्रशासन हुँदै आएको अन्तःशुल्क प्रशासन अन्तःशुल्क ऐन, २०१५ आएपछि केही व्यवस्थित भई वि.सं. २०१६ सालमा स्थापित भन्सार तथा अन्तःशुल्क विभागबाट र वि.सं.२०२३ सालमा छुट्टै अन्तःशुल्क विभाग गठन भई सो विभागबाट सञ्चालन भएको थियो । आ.व. २०४९।५० सम्म आउंदा करीव २०० वस्तुमा अन्तःशुल्क लगाइएकोमा त्यसपछि मदिराजन्य वस्तु, सूर्तिजन्य वस्तु र प्लाष्टिकका वस्तुमा मात्र सीमित हुन पुग्यो र तत्कालीन विक्री कर विभाग समेत यसै विभागमा गाभिन आई २०५० साल कार्तिक १ गते बाट अन्तःशुल्क तथा बिक्री कर विभाग हुनगयो । सोही विभाग २०५३ सालमा पुनः मूल्य अभिवृद्धि कर विभागको रूपमा परिवर्तन भई आएको र २०५८ सालमा तत्कालीन कर विभाग समेत गाभिई आन्तरिक राजस्व विभागबाट अन्तःशुल्क प्रशासनको काम भई आएको छ ।

अन्तःशुल्क प्रशासनको इतिहास लामो भएको र जटिल पनि छ । यसले गर्दा यसको कार्य संचालन प्रकृया कानून तथा नीति नियममा समेत समय सापेक्ष परिवर्तन भई अन्तःशुल्क ऐन, २०५८ र अन्तःशुल्क नियमावली, २०५९ ल्याइयो । ऐन एवं नियमावलीले गरेको व्यवस्थालाई संबोधन गरी कार्य सम्पादनमा सरलता ल्याउनुपर्ने आवश्यकता महसुस भयो । सोको लागि साबिकको अन्तःशुल्क निर्देशिका २०५८ प्रतिस्थापन गरी अन्तःशुल्क ऐन, २०५८ को दफा २५क ले दिएको अधिकार प्रयोग गरी यो अन्तःशुल्क निर्देशिका, २०६८ जारी गरिएको छ । यसबाट अन्तःशुल्क प्रशासनको कार्य सम्पादन छिटो, छरितो र सरल भई एकरूपताका साथ व्यवस्थित रूपमा संचालन हुने विश्वास लिएको छु ।

यो निर्देशिका तयार पार्न निरन्तर प्रोत्साहन र उत्साह दिई अन्तःशुल्क प्रशासनलाई पारदर्शी र सरल बनाउन प्रेरणा दिनुहुने अर्थमन्त्री माननीय वर्षमान पुनज्यू तथा निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउन निर्देशन दिनुहुने अर्थ सचिव श्री कृष्णहरि बास्कोटाज्यू प्रति आभार व्यक्त गर्दछु । निर्देशिका यस रूपमा तयार गर्न सुझाव दिनु हुने विभिन्न पेशा व्यवसायी संघ, संस्था एवं बिभागका उप महानिर्देशक द्वय कृष्ण प्रसाद देवकोटा, लक्ष्मण अर्याल तथा विशेषज्ञ समूहको रूपमा कार्य गर्नुभएका बिभागका उप महानिर्देशक विष्णु प्रसाद नेपाल, निर्देशकहरू चूडामणि देवकोटा, राम शंकर खड्का, साथै शाखा अधिकृत तुलसी भट्टराई एवं प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबै कर्मचारीहरू धन्यवादका पात्र हुनुहुन्छ । निर्देशिका यो रूपमा प्रस्तुत हुनमा निर्देशक पदम कुमार श्रेष्ठ तथा शाखा अधिकृत टंक प्रसाद पन्थीको निरन्तरको लगन तथा उर्जा स्मरणयोग्य मात्र नभै प्रशंसायोग्य पनि छ ।

२०६८ मार्ग

**राजन खनाल**

महानिर्देशक

# परिच्छेद-१

# परिचय

१.१ मुलुकको आर्थिक बिकासको लागि आबश्यक पर्ने राजस्व संकलन गर्ने प्रक्रियालाई प्रभाबकारी वनाई राजस्व परिचालन बढाउन नेपालमा उत्पादन भएका वा पैठारी हुने वस्तु वा प्रदान गरिने सेवामा अन्तःशुल्क लगाउन र असुल उपर गर्न अन्तःशुल्क ऐन , २०५८ लागू भएको झण्डै एक दशक भई सकेको छ। ऐन कार्यान्बयनको लागि अन्तःशुल्क नियममावली,२०५९ समेत कार्यान्वयनमा छ। ऐन नियममा भएका प्रावधानहरूलाई एकत्रित गरी सबैले बुझ्ने भाषामा सरल र सहज तरिकाले व्याख्या गरी निर्देशिका लागू गर्नु पर्ने भएको र ऐनको दफा २५क मा ऐनको प्रभावकारी कार्यान्वयनको निमित्त विभागले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्ने व्यवस्था गरेको हुंदा सो अधिकारलाई प्रयोग गरी विभिन्न दफाहरूलाई व्याख्या समेत गरी आन्तरिक राजस्व विभागबाट यो निर्देशिका बनाई जारी गरेको छ। अन्तःशुल्क संकलन गर्ने प्रक्रिया तथा अन्तःशुल्क प्रशासनलाई बढी प्रभाबकारी, सरल, पारदर्शी र एकीकृत बनाउने क्रममा बिभागबाट जारी भएका स्वयं निष्कासन प्रणाली निर्देशिका २०६३,मदिरा बिक्री बितरण नियमन निर्देशिका २०६५, वियर उत्पादन, नियमन तथा निष्कासन निर्देशिका २०६५ का व्यवस्थाहरूलाई पनि यसै निर्देशिकामा समाहित गरी यस पूर्व जारी भएको साबिकको अन्तःशुल्क निर्देशिका २०५८ प्रतिस्थापन गरिएको छ।

यस निर्देशिकामा परिभाषा वर्णानुक्रम अनुसार राखिएको छ। परिभाषाको शिर्षक र ऐनको दफाहरू उल्लेख गर्दा **गाढा अक्षर (Bold letters)** र नियमलाई ***छड्के गाढा अक्षर (Bold italics letter )*** प्रयोग गरिएको छ। साथै निर्देशिकामा ऐन , नियमको व्याख्या गर्दा २०६८ साल श्रावण १ गते लागू रहेको अन्तःशुल्क ऐन र अन्तःशुल्क नियमावलीलाई आधार बनाईएको छ।

## १.२ संक्षिप्त नाम, विस्तार र प्रारम्भः

क. यस निर्देशिकाको नाम **"अन्तःशुल्क निर्देशिका, २०६८"** रहेको छ।

ख. यो निर्देशिका नेपालदेशभर लागू हुने छ।

ग. यो निर्देशिका तुरून्त प्रारम्भ हुने छ।

घ. अन्तःशुल्क ऐन २०५८, तथा अन्तःशुल्क नियमावली २०५९ र मदिरा ऐन २०३१ तथा मदिरा नियमहरू २०३३ मा उल्लेख भएका व्यवस्थाहरू सोही वमोजिम हुनेछ। यी ऐन नियमहरूमा स्पस्ट नभएका व्यवस्थाहरू यो निर्देशिकाले व्याख्या गरे बमोजिम हुनेछ।

# परिच्छेद-२

# परिभाषा

**ऐन नियममा परिभाषित गरिएका विभिन्न शव्दावलीहरुको व्याख्या यस परिच्छेदमा गरिएको छ। विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

**१.१ "अन्तःशुल्क अधिकृत" भन्नाले अन्तःशुल्क ऐनको प्रयोजनको निमित्त नेपाल सरकारले तोकेको अधिकृत सम्झनु पर्छ।**

"नेपाल सरकारले अन्तःशुल्क ऐन, २०५८ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी आन्तरिक राजस्व विभागका उपमहानिर्देशक, निर्देशक वा अन्य अधिकृत, आन्तरिक राजस्व कार्यालयका प्रमुख कर प्रशासक, प्रमुख कर अधिकृत, कर अधिकृत , करदाता सेवा कार्यालयका प्रमुख कर अधिकृत, कर अधिकृत र उल्लेखित पदाधिकारी नभएको जिल्लामा प्रमुख भन्सार अधिकृत, भन्सार अधिकृत तथा निजहरू पनि नभएका जिल्लामा प्रमुख कोष नियन्त्रक वा कोष नियन्त्रकलाई अन्तःशुल्क अधिकृत तोकेको छ।" (**नेपाल राजपत्र, खण्ड ६१, संख्या २५, मिति २०६८/६/३० मा प्रकाशित** )

**१.२ "अन्तःशुल्क टिकट" भन्नाले नेपाल भित्र उत्पादन हुने वा पैठारी हुने मदिरा, चुरोट र वीयरको बिक्री तथा पैठारी गर्दा मदिराको प्रत्येक बोतलमा, चुरोटको प्रत्येक बट्टामा र वीयरको प्रत्येक कार्टुनको तल माथि पर्ने गरी लगाउनु पर्ने विभागद्धारा उपलब्ध गराइएको सुरक्षण चिन्ह अंकित अन्तःशुल्क टिकटलाई जनाउछ।**

**१.३ "अन्तःशुल्क निर्धारण" भन्नाले यस ऐन बमोजिम गरिने अन्तःशुल्क निर्धारण सम्झनु पर्छ।"**

**१.४ "अन्तःशुल्क निरीक्षक" भन्नाले भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तु उत्पादन,संचय, निष्कासन,निकासी ,पैठारी गर्ने प्रतिष्ठानमा संबन्धीत करदाता सेवा कार्यालय वा आन्तरिक राजस्व कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयवाट निर्दिष्ट जिम्मेवारी दिई खटाइएको कर्मचारी सम्झनु पर्छ ।**

**१.५ "अन्तः शुल्क विबरण" भन्नाले अन्तःशुल्क असुल तथा दाखिला गर्ने दायित्व भएका इजाजतपत्रवालाले प्रत्येक महिना बुझाउनु पर्ने अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवार सम्बन्धी बिबरण सम्झनु पर्छ।**

**१.६ "अन्तः शुल्क लाग्ने वस्तु वा सेवा" भन्नाले अन्तःशुल्क ऐन, २०५८ वा अन्य प्रचलित कानून वमोजिम अन्तः शुल्क लाग्ने वस्तु वा सेवालाई सम्झनु पर्छ ।**

**१.७ "इजाजत पत्र" भन्नाले अन्तः शुल्क ऐन, २०५८ को दफा ९ वमोजिम दिइएको इजाजतपत्र सम्झनु पर्छ।**

१.८ “इजाजतपत्रवाला” भन्नाले अन्तःशुल्क लाग्ने बस्तु उत्पादन,पैठारी , विक्री वा संचय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदानका लागि इजाजतपत्र प्राप्त गरेको व्यक्ति , फर्म , कम्पनी वा संस्था सम्भनु पर्छ।

१.९ “इकाई कार्यालय” भन्नाले भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तु उत्पादन गर्ने प्रतिष्ठानमा खटिएको अन्तःशुल्क निरीक्षकको कार्यालय सम्भनु पर्छ।

१.१० “उत्पादन” भन्नाले अन्तःशुल्क लाग्ने बस्तु निर्माण गर्ने, बनाउने वा तयार गर्ने कार्य सम्भनु पर्छ।

१.११ “उत्पादक” भन्नाले अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्न इजाजतपत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्भनु पर्छ र सो शव्दले अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था समेतलाई जनाउनेछ।

१.१२ “ऐन” भन्नाले अन्तःशुल्क ऐन, २०५८ सम्भनु पर्छ।

१.१३ “एल.पी.” भन्नाले लण्डन प्रुफमा शुद्ध इथानोलको शक्तिलाई सम्भनु पर्छ।

१.१४. “एल.पी.लिटर” भन्नाले प्रति लिटरमा ५७.०६ (सन्ताउन्न दशमलव शून्य छ) प्रतिशत शुद्ध इथानोलको मात्रालाई जनाउंछ।

१.१५. “ओ.पी.” भन्नाले लण्डन प्रुफ भन्दा वढी शक्तिलाई सम्भनु पर्छ ।

१.१६ “कार्यालय” भन्नाले आन्तरिक राजस्व विभाग अन्तर्गत स्थापना भएको आन्तरिक राजस्व कार्यालय सम्भनु पर्छ र सो शव्दले अन्तःशुल्क असुल उपर गर्ने प्रयोजनको लागि नेपाल सरकारले तोकेको कार्यालय समेतलाई जनाउछ। जस्तैः करदातासेवा कार्यालय, भंसार कार्यालय , कोष तथा लेखा नियन्त्रक कार्यालय ।

१.१७ “कारखाना मूल्य” भन्नाले अन्तःशुल्क लाग्ने वस्तुमा अन्तःशुल्क वा अन्य कुनै कर नजोडी त्यस्तो बस्तु उत्पादन गर्न लाग्ने खर्च र प्रतिष्ठानले नाफा मात्र जोडी निर्धारण भएको मूल्य सम्भनु पर्दछ।

१.१८ “काउण्टर” भन्नाले फ्लो मिटरबाट नाप भै गएको बियर भरिएको बोतल संख्या र कार्टुन संख्या गणना गर्ने यन्त्रलाई बुझाउंछ।

१.१९ “क्यालिब्रेशन” भन्नाले कुनै निश्चित समयमा मापन योग्य यन्त्रबाट कति बियर प्रबाह भएर गयो र सो प्रवाह ठिक छ छैन र यस्तो यन्त्रको क्षमता कस्तो छ भनि परीक्षण गर्न अपनाईने जाँच प्रक्रियालाई बुझाउंछ।

१.२० “गोदाम” भन्नाले अन्तःशुल्कलाग्ने वस्तु संचय गरेको स्थान सम्भनु पर्छ।

१.२१ “ट्यांक/फिलर/गेज मिटर” भन्नाले बियर वा मदिराजन्य पदार्थ नाप्ने यन्त्रलाई जनाउदछ।

१.२२. "टिकट ताल्चा" भन्नाले अन्त:शुल्क लाग्ने पदार्थ वा त्यस्ता पदार्थको नियन्त्रण गर्ने प्रयोजनको लागि  टांस गरी सांचोले वन्द गर्ने र ताल्चा खोल्दा टांसिएको सो टिकट च्यातिने गरी प्रयोग गरिने ताल्चा सांचोमा लगाउने टिकटलाई जनाउछ।

१.२३ "तयारी मदिरा" भन्नाले आयतनमा सन्ताउन्न दशमलव शून्य छ प्रतिशत भन्दा कम अल्कोहल भएका सवै प्रकारका मादक द्रवहरु सम्झनु पर्छ।

१.२४ "निकासी" भन्नाले अन्त:शुल्क लाग्ने वस्तु वा सेवा प्रचलित कानुन बमोजिम नेपाल वाहिर निर्यात गरिने कार्यलाई सम्झनु पर्छ।

१.२५ "निष्कासन" भन्नाले कारखानास्थलमा रहेको अन्त:शुल्क लाग्ने वस्तु विकी गर्ने प्रयोजनार्थ कारखानास्थलबाट वाहिर निकाल्ने कार्यलाई सम्झनु पर्छ।

१.२६. "नियमावली" भन्नाले अन्त:शुल्क नियमावली, २०५९ लाई जनाउने छ।

१.२७ "प्याकिङ्ग (परिवेष्ठन)" भन्नाले अन्त:शुल्क लाग्ने वस्तुको उत्पादन गरी बिक्री वितरण  गर्ने प्रयोजनको लागि त्यस्तो वस्तु राख्ने वट्टा, वोतल शीशी, क्यान आदिमा भर्ने,राख्ने कार्यलाई जनाउछ। सो शव्दले त्यस्तो वस्तु प्याक गर्दा के कति परीमाणको के कसरी प्याक गर्ने भनी विभागले तोकेको प्याकिङ्ग गर्ने व्यवस्थालाई समेत सम्झनु पर्छ।

१.२८ "पैठारी" भन्नाले अन्त:शुल्क लाग्ने वस्तु  प्रचलित कानून वमोजिम विदेशबाट  नेपाल अधिराज्य भित्र ल्याउने कार्य सम्झनु पर्छ।

१.२९ "प्रतिष्ठान" भन्नाले अन्त:शुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, संचय वा विक्री वितरण गर्ने वा अन्त: शुल्क लाग्ने सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून वमोजिम स्थापना भएका फर्म, कम्पनी वा संस्था  सम्झनु पर्छ ।

१.३० "फ्लो मिटर" भन्नाले एक स्थानबाट अर्को स्थानमा बियर प्रवाह हुँदा सोको परिमाण नाप्नलाई प्रयोग गरिने यन्त्रलाई बुझाउछ।

१.३१ वण्डेड वेयर हाउस " भन्नाले नेपाल सरकार, भन्सार विभागबाट वण्डेड वेयर हाउसको प्रमाणपत्र प्राप्त प्रतिष्ठान संझनु पर्दछ।

१.३२ "बस्तु" भन्नाले चल वा अचल दुवै किसिमको सम्पत्ति सम्झनु पर्छ।

१.३३ "वास" भन्नाले  मोलासिसमा पानी मिसाई त्यसमा मर्चा मिसाए पछिको तरल पदार्थलाई वास
(Wash) भनिन्छ

१.३४ "विजक" भन्नाले अन्त:शुल्क ऐन, २०५८ वमोजिम मूल्य उल्लेख गरी दिइने विल, रसीद, पूर्जी वा भर्पाई सम्झनु पर्छ।

**१.३५ "बिगो" भन्नाले अन्तःशुल्क ऐन ,२०५८ बमोजिम अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको मूल्य र सो मा लाग्ने अन्तःशुल्क जोडी कायम गरिएको कूल रकम संझनु पर्दछ।**

१.३६ "विद्युतीय माध्यम" भन्नाले कम्प्युटर, इन्टरनेट, इमेल, फ्याक्स, विद्युतीय क्यास मेशिन, फिस्कल प्रिन्टर सम्झनु पर्छ र सो शव्दले विभागले तोकेको अन्य स्वीकृत माध्यमलाई समेत जनाउछ।

**१.३७ "विभाग" भन्नाले ऐनको प्रयोजनको निमित्त नेपाल सरकारले तोकेको बिभाग सम्झनु पर्छ।**

नेपाल सरकारको मिति २०५९।१।०२ को राजपत्र खण्ड ५२ संख्या १ को सुचना द्धारा आन्तरिक राजस्व विभागलाइ यस ऐनको प्रयोजनको निमित्त बिभाग तोकेको छ।

**१.३८ "व्यक्ति " भन्नाले कुनै व्यक्ति , प्रतिष्ठान , संघ , साझेदारी संस्था , सहकारी , संयुक्त व्यवसाय, गुठी वा कोषको संचालक , प्रोप्राइटर र मुख्य भै काम गर्ने प्रतिनिधि वा एजेण्ट सम्झनु पर्छ र सो शव्दले नाफाको उदेश्य लिई वा नलिई अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन वा पैठारी गरी थोक वा खुद्रा वा जुनसुकै रुपमा विक्री वितरण गर्ने निकाय वा त्यस्तो निकायको शाखा, उपशाखा वा त्यस्तै अन्य कारोवार गर्ने स्थान समेतलाई जनाउनेछ।**

**१.३९ "बियर" भन्नाले अन्न वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रसायनिक प्रक्रियाद्धारा कुहाई, थिग्राई एवं छान्ने प्रक्रियाबाट तयार गरिएको शून्य दशमलव पांच प्रतिशत देखि आठ प्रतिशत सम्म अल्कोहल भएको पदार्थ सम्झनु पर्छ। र यो शब्दले औद्योगिक प्रतिष्ठानहरुबाट उत्पादन हुने वा पैठारी हुने वियर भनि उल्लेख भएको पेय पदार्थलाई समेत जनाउछ।**

**१.४० "वियर उद्योग" भन्नाले फर्मेन्टेड वियर उत्पादन गर्ने उद्योगलाई जनाउछ।**

**१.४१ "भौतिक नियन्त्रण प्रणाली" भन्नाले अन्तःशुल्क अधिकृत वा निजले तोकेको कर्मचारीको नियन्त्रणमा अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, निष्कासन, पैठारी तथा निकासी गरिने प्रणालीलाई सम्झनु पर्छ ।**

**१.४२ "मांग फारम" भन्नाले कारखानास्थलमा भएको सामान कारखानास्थलबाट वाहिर निस्कासन गर्ने प्रयोजनको लागि प्रयोग गरिने फारमलाई सम्झनु पर्छ।**

**१.४३ "मोलासेस (खुदो)" भन्नाले चिनी वा खांडसारी मिलबाट निस्कने टेमा छुवा आदि नामको पदार्थलाई सम्झनु पर्छ।**

**१.४४ "मदिरा" भन्नाले अन्न, फलफुल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रकृयाद्वारा कुहाई वा अन्य कुनै तरिकावाट तयार पारिएको शुन्य दशमलव पाँच प्रतिशत भन्दा वढी अल्कोहल भएको पदार्थ सम्झनु पर्छ र सो शव्दले रक्सी, जाँड, छ्याङ, ह्वीस्की, रम, जीन, ब्राण्डी, भोड्का, वियर, वाइन, सेरी, स्याम्पेन, साइडर, पेरी, मिड, माल्ट, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रीट, माल्ट स्प्रिट, साइलेन्ट स्प्रिट, डिनेचर्ड स्प्रिट, इ.एन.ए र हेड्स स्प्रीट समेतलाई जनाउँछ।**

१.४५. “महानिर्देशक” भन्नाले बिभागको महानिर्देशक सम्झनु पर्छ।

१.४६ “मूल्य” भन्नाले

(क) उत्पादन गर्ने वस्तुको हकमा कारखाना मूल्य,

(ख) सेवाको हकमा वीजक बमोजिमको मूल्य,

(ग) पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपाल भित्र पैठारी गरिदा भन्सार महशुल लिने प्रयोजनको निमित्त निर्धारण गरिएको मूल्यमा भन्सार महशुल समेत थप गरी कायम हुन आउने मूल्यलाई जनाउँदछ।

१.४७. “यू.पी” भन्नाले लण्डन प्रुफ भन्दा कम शक्तिलाई सम्झनु पर्छ ।

१.४८. “सूर्तीजन्य वस्तु” भन्नाले सूर्ती वा सूर्तीजन्य पदार्थका तत्वहरु मिश्रित धुम्रपान, चपाउने, मुखमा राख्ने पान पराग, खैनी वा यस्तै पदार्थहरु सम्झनु पर्छ र सो शव्दले चुरोट, विडी, सिगार आदिलाई समेत जनाउँछ।

१.४७ “सेवा” भन्नाले वस्तु वाहेकको जुनसुकै कुरा सम्झनु पर्छ ।

१.४९ “स्वयम् निष्कासन प्रणाली” भन्नाले भौतिक नियन्त्रण प्रणालीमा आधारित वाहेकका अन्तः शुल्क लाग्ने अन्य वस्तु वा सेवाको उत्पादन, निष्कासन, पैठारी तथा निकासी गरिने प्रणाली सम्झनु
पर्छ ।

# परिच्छेद-३

# अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाहरु

## ३.१ अन्तःशुल्क लाग्ने (ऐनको दफा ३)

**अन्तःशुल्क लाग्ने वस्तु वा सेवा प्रतिष्ठानबाट उत्पादन गरी निष्काशन गर्दा, पैठारी गर्दा र सेवा विक्री गर्दा अनुसूचीमा उल्लेख भए बमोजिमको अन्तःशुल्क लाग्नेछ ।**

ऐनले अन्तःशुल्क लाग्ने वस्तु तथा सेवा तोकेको पाइन्छ। अन्तःशुल्क लाग्ने वस्तु तथा सेवा प्रतिष्ठानवाट उत्पादन गरी निकासी गर्दा , पैठारी गर्दा र सेवा बिक्री गर्दा ऐनको अनुसूचीमा उल्लेखित दरवन्दी अनुसारको अन्तःशुल्क लाग्ने गर्दछ। साल बसाली रूपमा आउने आर्थिक ऐनले अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाहरूको क्षेत्र एवं लाग्ने अन्तःशुल्क दरवन्दी घटवढ गर्न सक्दछ। यसरी अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको क्षेत्र र संख्यामा घटवढ गर्दा वा दरवन्दी दरमा घटवढ गर्दा आर्थिक ऐनले अन्तःशुल्क ऐनको अनुसूचीमा रहेको दरवन्दीमा संशोधन गरी गर्न सक्ने व्यवस्था ऐनको दफा २४ ले गरेको पाइन्छ। आ.व.२०६८।६९ को हकमा निम्न वस्तुहरूमा अन्तःशुल्क लाग्ने कानूनी व्यवस्था ऐनमा गरिएको छ।

(क) सवै प्रकारका तयारी मदिरा, वाइन, वियर, कन्ढी वियर (छ्याङ) र अल्कोहल रहित हल्का पेय पदार्थ,तयारी फलफुलको रस,

(ख) मदिरा,वाइन ब्राण्डीको कच्चा पदार्थ ,आर एस, इ एन ए

(ग) चुरोट, सिगार, विडी, सूर्ती, जर्दा, खैनी, नस, पान मसला, कत्था,

(घ) इथानोल, थीनर, ५७.०६ देखि ८० प्रतिशत सम्म अल्कोहलयुक्त मादक द्रवहरू,

(ङ) खुदो, सख्खर, रसकट,

(च) चाउचाउ, म्याकरोनी, जङ्क फुडुस र पास्ता,

(छ) मासु, माछाका तयारी परिकारहरू (टिन प्याक),

(ज) कुकुर विरालोको खाना,

(झ) प्लाष्टिक सिट , प्लाष्टिकका अन्य सामानहरू,

(ञ) सवै प्रकारको सिमेन्ट, सेरामिक इटा ,मार्वल, ग्लेज टायल्सहरू,

(ट) फलामे डण्डी,

(ठ) सबै प्रकारका पेन्टस

(ड) सवारी साधनहरू (कार जिप भ्यान,माइक्रो बस, पिकअप,अटो रिक्सा,मिनी बस, बस ,ढक, मोटरसाइकल)

(ढ) मुद्रण गर्ने यन्त्र, फोटोकपी गर्ने यन्त्र,फ्याक्स मेशिनहरू,टेलिफोन सेट, माइक्रोफोन, हेडफोन, एम्प्लीफायर, राउटर, लाउड स्पीकर,सुक्ष्म फोटोग्राफी यन्त्र

(ण) अप्टिकल फाईवर केवल ,क्यामरा (डिजीटल ,टेलिभिजन भिडियो) रंगीन टि.भी र त्यसका पिक्चर ट्युवहरू ।

ऐन अनुसार सेवामा अन्तःशुल्क लाग्ने उल्लेख भए तापनि हाल सम्म साल वसाली आउने आर्थिक ऐनको अनुसूचीको दरवन्दीवाट सेवामा अन्तःशुल्क लाग्ने गरी तोकिएको छैन ।

## ३.२ अन्तःशुल्क नलाग्ने बस्तु (ऐनको दफा ३ख)

**(क) नेपाल बाहिर निकासी गरेमा वा स्वीकृति प्राप्त कर मुक्त पसल (वण्डेड वेयर हाउस र ड्युटी फ्री सप ) लाई मदिरा र चुरोट बाहेकका अन्य वस्तु बिक्री गरेमा त्यस्तो वस्तु वा सेवामा अन्तःशुल्क लाग्ने छैन ।**

**(ख) स्वीकृति प्राप्त वण्डेड वेयर हाउसले नेपाल सरकार , परराष्ट्र मन्त्रालयले सिफारिश गरेको कुटनैतिक तथा महसुल सुविधा प्राप्त व्यक्ति वा निकायलाई बिक्री गर्ने चुरोट तथा मदिरामा अन्तःशुल्क लाग्ने छैन ।**

**तर,**

**(१) वण्डेड वेयर हाउसले चुरोट तथा मदिरा बाहेकका अन्य वस्तु अन्तःशुल्क नलगाई बिक्री वितरण गर्न बाधा पर्ने छैन ।**

**(२) वण्डेड वेयर हाउसबाट बिक्री गरिने अन्तःशुल्क लाग्ने वस्तु पैठारी गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क बराबरको रकम नगद धरौटी वा बैंक प्रत्याभूति राख्नु पर्नेछ ।**

**उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको नगद धरौटी वा बैंक प्रत्याभूतिको फुकुवा वा फिर्ता विभागद्धारा तोकिए बमोजिम हुनेछ ।** फुकुवाको प्रक्रिया परिच्छेद ९ मा तोकिएको छ ।

## ३.३ अन्तःशुल्क छुट हुने व्यवस्था (ऐनको दफा ४ग)

**(१) कुटनैतिक सुविधा प्राप्त व्यक्ति वा निकायले पराराष्ट्र मन्त्रालयको सिफारिशमा पैठारी गर्ने वस्तुमा अन्तःशुल्क छुट हुनेछ ।**

**(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा समेत अन्तःशुल्कछुट हुनेछ:**

**(क) विदेशी नियोग तथा दातृ संस्थाले कुटनैतिक सुविधा वा महसूल सुविधामा पैठारी गरेका सवारी साधन कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरुप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन**

गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैंक ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका सवारी साधन आयोजना समाप्ति पछि अर्थ मन्त्रालयको स्वीकृति लिई स्थानीय निकाय, सामूदायिक विद्यालय, सामुदायिक अस्पताल वा सरकारी निकायलाई हस्तान्तरण गर्दा,

(ख) कुटनैतिक नियोग, परियोजना र अन्य निकायहरु (सरकारी एवं गैरसरकारी संघ संस्था) ले महसुल सुविधामा पैठारी गरेका शुरु उत्पादन वर्षले १५ वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्रयाप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा,

(ग) निजी प्रयोजनको लागि आंशिक भन्सार महसुल सुविधामा आयात गरिएका सवारी साधनका धनीको मुत्यु भै उक्त सवारी साधनलाई निजको पति वा पत्नीको नाममा नामसारी गर्दा

(३) नब्बे प्रतिशत वा सो भन्दा बढि स्वदेशी झुत्रा वा पत्रु (कवाडी) वस्तु प्रयोग गरी उत्पादन गर्ने उद्योगलाई यस्तो उत्पादनमा लाग्ने अन्तःशुल्क छुट हुनेछ ।

# परिच्छेद-४

# अन्तःशुल्क इजाजत

अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, विक्री वा संचय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्ने व्यक्तिले अन्तःशुल्क इजाजतपत्र प्राप्त गरी मात्र कारोवार संचालन गर्नु पर्दछ। इजाजतपत्र नलिई त्यस्तो वस्तु वा सेवाको कारोवार गर्नु हुदैन । अन्तःशुल्क इजाजतपत्र लिनु पुर्व संबन्धित कार्यालयवाट स्थाई लेखा नंबर (PAN) लिनु पर्दछ । अन्तःशुल्क प्रशासन गर्ने निकायले अन्तःशुल्क लाग्ने वस्तु वा सेबा उत्पादन पैठारी, विक्री वितरण वा संचय गर्ने इजाजतपत्र अन्तःशुल्क लाग्ने वस्तु उत्पादन , पैठारी, विक्री वा संचय गर्ने उद्योग, प्रतिष्ठान वा व्यक्तिलाई दिनु पर्दछ ।

साथै वार्षिक कारोवार वीस लाख रूपैया नाघेको वा नाघ्ने भएमा , सेवा भए वा सेवा र वस्तु मिश्रित भएमा वार्षिक १० लाख नाघेको वा नाघ्ने भएमा वा मूल्य अभिवृद्धि कर ऐनले तोकिएको वस्तु र सेवाको कारोवार गर्ने भएमा मूल्य अभिवृद्धि करका लागि पनि दर्ता भएको हुनु पर्दछ । त्यसपछि मात्र अन्तःशुल्कमा दर्ता भै इजाजतपत्र प्राप्त गर्नु पर्दछ ।

यसैगरी सम्वन्धित उद्योग व्यवसाय दर्ता गर्ने निकाय, जस्तैः उद्योग विभाग,घरेलु तथा साना उद्योग बिभाग, घरेलु उद्योग तथा साना उद्योग बिकास समिति, वाणिज्य विभाग र अर्न्तगतका कार्यालयहरू, कम्पनी रजिष्ट्रारको कार्यालय, स्थानीय निकाय आदिमा दर्ता गरी सो प्रमाणको आधारमा स्थायी लेखा नं लिई सकेपछि अन्तःशुल्कमा दर्ता गरी कारोवार शुरू गर्नु पर्दछ ।

## ४.१ <u>इजाजतपत्र लिनु पर्ने व्यवस्था</u>

### ४.१ १. ऐनको दफा ९ अनुसार

**ऐन वा नियम वमोजिम इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, विक्री वा संचय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्नु हुँदैन ।**

**तर परराष्ट्र मन्त्रालयको सिफारिसमा कुटनैतिक सुविधा अर्न्तगत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा अन्तःशुल्क इजाजत लिनु पर्ने छैन ।**

### ४.१ २ मदिरा ऐन, २०३१ अनुसार

**(क) ऐनको दफा ३ अनुसार“कुनै व्यक्तिले इजाजत वेगर र इजाजत पाएको व्यक्तिले पनि इजाजतपत्रमा तोकिएको शर्त वमोजिम वाहेक मदिरा उत्पादन गर्न नपाउने,**

**(ख) ऐनको दफा ४ अनुसार कुनै व्यक्तिले इजाजतपत्र वेगर र इजाजतपत्र पाएकोले पनि इजाजत पत्रमा तोकिएको शर्त वमोजिम बाहेक विक्री वितरणगर्न वा मदिरा खुवाउने वार, रेस्टुरेन्ट वा पसल थाप्न पाउने छैन ।**

**(ग) ऐनको दफा ६ वमोजिम इजाजत पत्र नलिई कसैले पनि उत्पादन पैठारी बिक्री वा संचय गर्न पाउने छैन ।**

**(घ) ऐनको दफा ५अनुसार कुनै व्यक्तिले इजाजत बेगर र इजाजत पाएकोले पनि इजाजतमा तोकिएको शर्त वमोजिम वाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।**

द्रष्टव्य: मदिराको कच्चा पदार्थ समेत मदिराको परिभाषामा पर्ने भएकोले यसको निकासी पैठारी गर्दा पनि मदिरा आयात निर्यात गर्दा सरहको शुल्क तिरी इजाजतपत्र लिनु पर्दछ ।

### ४.१.३ इजाजतपत्रका लागि निवेदन दिनु पर्ने ( नियम ३):

ऐनको दफा ९को उपदफा (१) बमोजिम इजाजतपत्र लिनका लागि अनुसूचि २ बमोजिमको इजाजतपत्र दस्तुर दाखिला गरेको प्रमाण संलग्न गरी अनुसूचि १ बमोजिमको ढांचामा अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

### ४.१.४ इजाजतपत्र दिनु पर्ने:

मदिरा ऐन २०३१ (दफा ६क)

दफा ६ बमोजिम इजाजतपत्रको लागि कुनै निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई इजाजतपत्र दिन मनासिव देखेमा तोकिए बमोजिमको शर्तको अधीनमा रही मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न तोकिएको दस्तूर लिई तोकिएको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ। तर अठार वर्षको उमेर पुरा नगरेको व्यक्तिलाई इजाजतपत्र दिइने छैन। अन्तःशुल्क नियमावली ( नियम ४)

नियम ३ बमोजिम प्राप्त निवेदन उपर आवश्यक जांचबुझ गर्दा निवेदकको मांग बमोजिम इजाजतपत्र दिन मनासिव देखेमा अन्तःशुल्क अधिकृतले अनुसूचि ३ बमोजिमको ढांचामा आवश्यक शर्त तथा बन्देजहरू तोकि इजाजतपत्र दिनुपर्नेछ ।

### ४.१.५ इजाजतपत्र नवीकरण संबन्धी व्यवस्था ( नियम ५)

(१) इजाजतपत्रवालाले आफुले प्राप्त गरेको इजाजतपत्र नवीकरण गराउन चाहेमा त्यस्तो इजाजतपत्र नवीकरणको लागि अनुसूचि २ बमोजिमको नवीकरण दस्तूर दाखिला गरेको प्रमाण संलग्न गरी अनुसूचि १ बमोजिमको ढांचामा अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जांचबुझ गर्दा अन्तःशुल्क बांकि वक्यौता भएको नदेखिएमा र इजाजतपत्र नवीकरण गर्न मनासिव देखेमा अन्तःशुल्क अधिकृतले इजाजतपत्र नवीकरण गरि दिनुपर्नेछ ।

## ४.२ उत्पादन ईजाजतपत्र जारी गर्दा हेर्नु पर्ने कागजात तथा यकिन गर्नु पर्ने बिषय र क्षेत्रहरु

अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन गर्ने नयां उद्योग स्थापना गर्नका लागि देहायका कुराहरू पुरा गरेको हुनु पर्दछ :

(क) कारखाना भवन पक्की हुनुपर्ने ।

(ख) कारखाना परिसरमा कम्पाउण्डवाल लगाइएको हुनुपर्ने ।

(ग) मील मेशिनरी जडान भएको हुनुपर्ने ।

(घ) कच्चा पदार्थ सुरक्षित राख्ने गोदामघरको व्यवस्था हुनुपर्ने ।

(ङ) अर्ध तयारी बस्तु सुरक्षित राख्ने गोदामघरको व्यवस्था हुनुपर्ने ।

(च) तयारी बस्तु सुरक्षित राख्ने गोदामघरको व्यवस्था हुनुपर्ने ।

(छ) उत्पादन प्रक्रिया स्थल र कच्चा पदार्थ एबं तयारी पदार्थ राख्ने ठाउँ अलग अलग व्यवस्था गरिएको हुनुपर्ने ।

(ज) साँचो ताल्चा लगाउने प्रबन्ध मिलाइएको हुनुपर्ने ।

(झ) उत्पादन स्थलमा अनधिकृत व्यक्ति जान नमिल्ने  व्यवस्था गरिएको हुनुपर्ने ।

(ञ) बस्तु उत्पादन गर्ने र निष्कासन गर्नको लागी छुट्टा छुट्टै व्यवस्था मिलाइएको हुनुपर्ने ।

(ट) अन्तःशुल्क कर्मचारी बस्नको लागी फर्निचर सहितको घर वा कोठा छुट्टयाइएको हुनुपर्ने ।

(ठ) उद्योग/प्रतिष्ठान मन्दिर/मठ मस्जिद/स्कूल, कलेज एवं अस्पतालबाट टाढा हुनुपर्ने ।

(ड) अन्तःशुल्क, आयकर ,मूल्य अभिबुद्धि कर लगायतका सबै प्रकारका शुल्क दस्तुर चुक्ता गरेको, कुनै पनि प्रकारको कर बाँकि नभएको प्रमाण पेश भएको हुनपर्ने ।

## ४.३ नयाँ उत्पादन तथा ब्राण्डको  इजाजत संबन्धी व्यवस्था

(क) अन्तःशुल्क लाग्ने नयाँ ब्राण्डको कुनै पनि वस्तु उत्पादन गर्न वा ब्राण्ड परिवर्तन गर्न चाहेमा ब्राण्डको ट्रेडमार्क उद्योग विभागमा दर्ता गरे पछि मात्र उत्पादन गर्न वा ब्राण्ड परिवर्तन गर्न पाइन्छ । उत्पादन गर्न वा ब्राण्ड परिवर्तन गर्न सम्बन्धीत कार्यालयमा निवेदन गर्नु पर्दछ ।

(ख) ऐन अनुसार उत्पादकले कुनै नयाँ ब्राण्डको उत्पादन गर्ने स्वीकृति माग गर्नु अघि वुझाउनु पर्ने वा वुझाउन वाँकी अन्तःशुल्क, अन्तःशुल्क टिकट वापतको शुल्क, अग्रिम रूपमा तिर्नु पर्ने रकमहरू र मूल्य अभिवृद्धि कर तथा आयकर (सम्वन्धित ऐनले तोकेको म्याद वाँकी भएमा वाहेक) का रकमहरू चुक्ता गरेको प्रमाण पेश गरिसके पछि  माग गरेको  नयाँ ब्राण्डको उत्पादन गर्ने स्वीकृति प्रदान गर्नु पर्दछ ।

(ग) ब्राण्डको उत्पादन गरी बजारमा लैजानु अघि परिक्षण उत्पादनको स्विकृति लिई सो आधारमा उत्पादन गरेको मदिरा वियर वा चुरोटको ब्राण्ड अनुसारको उत्पादनलाई परिक्षण गर्न बिभागमा पठाउनु पर्दछ ।

(घ) बिभागले प्राप्त  उत्पादनको नमूना मध्ये १ थान बिभागमा नमूनाको रूपमा राखि नतिजा परिक्षण गरी वा गराइ उपभोग वा बिक्री योग्य भएमा बजारमा बिक्री बितरण गर्न लैजान व्यवसायिक उत्पादनकको लागि स्विकृति दिनु पर्दछ ।

## ४.४ इजाजतपत्र माग गर्ने तथा प्रदान गर्ने तरिका

(क) अन्तःशुल्क जन्य वस्तु उत्पादन, पैठारी, विक्री र संचय गर्नका लागि अन्तःशुल्क ऐन⁄नियमावली अर्न्तगत इजाजत माग गरेमा नियमावलीको अनुसूची १ वमोजिम र मदिरा ऐन⁄नियम अर्न्तगत इजाजत माग गरेमा मदिरा नियमहरू, २०३३ को अनुसूची १ वमोजिम सम्पूर्ण विवरण भरिएको निवेदन दिनु पर्दछ। सो को ढाचा **अनुसूची १** मा उल्लेख गरिएको छ।

(ख) निवेदन साथ उत्पादनको इजाजत भएमा उत्पादन गर्ने इकाई सम्वन्धी सवै विवरण, जस्तै नाम, ठेगाना, चालू पूँजी, स्थीर पूँजी सम्वन्धी कुराहरू उल्लेख गरी सो संबन्धमा प्राप्त दर्ता प्रमाण पत्रको प्रतिलिपी साथ राख्नु पर्दछ।

(ग) उत्पादन बाहेक अन्य किसिमको इजाजत माग गर्दा जे प्रयोजनका लागि इजाजत चाहिएको हो सो को पूरा जानकारी जस्तै नाम, ठेगाना, कारोवारको किसिम, क्षेत्र तथा स्थायी लेखा नंबर समेतको बिबरण भरी अनुसूची १ को ढांचाको निवेदन साथ संबन्धीत प्रमाणहरू संलग्न गर्नु पर्दछ।

(घ) निवेदन प्राप्त भए पछि निवेदन र संलग्न कागजातहरू उपर छानवीन गरी उपयुक्त देखिएमा नियमावलीको अनुसूची २ मा तोकिएको इजाजत दस्तुर समेत दाखिला गर्न लगाई बिभाग वा अन्तःशुल्क अधिकृतले नियमावलीको अनुसूची ३ बमोजिम आबश्यक शर्त तथा बन्देजहरू तोकी इजाजतपत्र दिनु पर्दछ।

(ङ) इजाजतपत्र दिन नमिल्ने देखिएमा निजलाई के कति कारणवाट नमिल्ने हो सोको जानाकारी दिनु पर्दछ।

(च) आवश्यक कागजात पेश गरी प्रमाण सहित कानूनी कार्य बिधिको पालना गरी आए पछि माग बमोजिमको इजाजत दिनु पर्दछ।

(छ) मदिरा जन्य वस्तुको इजाजतपत्र दिदा मदिरा ऐन⁄नियम द्वारा विशेष व्यवस्था गरिएकाले सो व्यवस्थालाई समेत पालना गर्नु पर्दछ।

(ज) अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, पैठारी , निर्यात, बिक्री, वितरणको लागि छुट्टा छुट्टै दस्तुर बुझाई इजाजत लिनु पर्दछ।

## ४.५ इजाजतपत्र नविकरण

ऐन, नियम अनुसार इजाजतपत्रको नविकरण सबन्धमा देहाको व्यवस्था गरिएको छ।

(क) इजाजत पत्रको अवधि एक आर्थिक वर्षको हुने हुदा हरेक वर्ष इजाजतपत्रको अवधि समाप्त भए पछि तोकिए वमोजिमको दस्तुर दाखिला गरी श्रावण महिना भित्र नविकरण गराउनु पर्दछ।

(ख) कुनै इजाजतपत्रवालाले चाहेमा तीन आर्थिक वर्षको लागि एकै पटक नविकरण दस्तुर दाखिला गरी नविकरण गराउन सक्नेछ।

(ग) ईटा , स्टोन क्रसर , विडि , सुर्ति , खैनी , पानमसला , गुट्खा उत्पादन, खाडसारी उद्योग तथा खुदो र गुड पैठारी गर्ने इजाजतपत्रवालाले तोकिए बमोजिमको नवीकरण दस्तुर दाखिला गरी नवीकरण गराउनु पर्नेछ ।

(घ) स्वयम निष्कासन प्रणाली लागु हुने माथि ४.५ (ग) मा उल्लेख भए बाहेकको अन्तःशुल्क लाग्ने बस्तुको उत्पादन, पैठारी वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न लिइएको इजाजतपत्र नविकरण गर्नुपर्ने छैन ।

(ङ) श्रावण महिना भित्र इजाजत नविकरण नगराएमा सो अवधि नाघेको पहिलो तीन महिना भित्र नविकरण दस्तुरको पच्चिस प्रतिशत, त्यसपछिको तीन महिना भित्र नविकरण गराएमा पचास प्रतिशत, त्यसपछिको तीन महिना भित्र नविकरण गराउन चाहेमा पचहत्तर प्रतिशत र त्यसपछि असार मसान्त सम्मको अवधिको लागि शत प्रतिशत जरिवाना वुझाई इजाजतपत्र नविकरण गराउन सक्नेछ ।

(च) उपर्युक्त तोकिएको अवधि समाप्त भएपछि नविकरण गराउन चाहेमा तोकिए वमोजिमको नविकरण वापत लाग्ने दस्तुरमा प्रत्येक आर्थिक वर्षको लागि शत प्रतिशत थप इजाजत दस्तुर र वाँकी वक्यौता रकम समेत वुझाई इजाजत पत्र नविकरण गराउन सक्नेछ ।

कुनै व्यक्तिले ऐनको दफा ९ को उपदफा १ वमोजिमको इजाजतपत्र नलिई कारोवार गरेको रहेछ भने इजाजतपत्र वापत र सो को नविकरण वापत लाग्ने दस्तुरवाट उन्मुक्ति पाउने छैन ।

(छ) इजाजतपत्र लिँदा र नविकरण गर्दा वुझाउनु पर्ने वा वुझाउन वाँकी अन्तःशुल्क, अन्तःशुल्क टिकट वापतको शुल्क, अग्रिम रूपमा तिर्नु पर्ने रकमहरू र मूल्य अभिवृद्धि कर तथा आयकर (सम्वन्धित ऐनले तोकेको म्याद वाँकी भएमा वाहेक) का रकमहरू चुक्ता गरेको प्रमाणका कागजातहरू पेश गर्नु पर्दछ ।

(ज) अन्तःशुल्कको इजाजतपत्र नविकरण गर्दा सम्वन्धीत प्रतिष्ठानको तर्फवाट कुनै कर शुल्क दण्ड जरिवाना बाकि नभएको प्रमाण र अन्तःशुल्क लाग्ने वस्तुको आषाढ मसान्तको अन्तिम दिन वाकि रहेको वस्तुको मौज्दात विबरण संलग्न हुनु पर्दछ ।

(झ) साल वसाली नियमित रूपमा नविकरण नभएका उद्योगको नबिकरण गर्दा ४.२ मा उल्लेख भएका कुराहरू (उत्पादन ईजाजतपत्र दिदा हेर्नु पर्ने कागजात तथा यकिन गर्नु पर्ने बिषय र क्षेत्रहरू) समेतको पालना भए पछि मात्र नविकरण गर्नु पर्दछ ।

**ईटा र स्टोन क्रसर उद्योगको इजाजतवालाले किस्तामा इजाजत दस्तुर नतिर्दा लाग्ने शुल्क तथा जरिवाना संबन्धी व्यवस्था**

बिलम्ब दस्तुर अन्तःशुल्क लाग्ने पदार्थ उत्पादन भै निष्कासन वा बिक्री हुदा र पैठारीमा लाग्ने अन्तःशुल्क रकम समयमा दाखिला नगरेमा ऐनको दफा ४ ख २ अनुसारका लाग्दछ। इजाजत वापतको दस्तुर समयमा दाखिला नगर्दा वा समयमा नबिकरण्म नगराउदा ऐनको दफा ९(६) अनुसार विलम्ब दस्तुर नभै इजाजत दस्तुर र जरिवाना लाग्दछ। सो को गणना उदाहरणको रूपमा प्रस्तुत गरिएको छ ।

**उदाहरण-१**

१. लक्ष्मी इटा उद्योगले २०६८ श्रावणमा इजाजतपत्र लिदा इजाजतदस्तुर रू १५००००। को २० प्रतिशत ले हुने रू ३००००। बुझाइ बाकि रू १२००००। माघ र जेष्ठमा किस्तामा बुझाउने गरी गरी इजाजतपत्र नविकरण गरेको रहेछ। उसले सो किस्ता रूकम नबुझाइ २०६९ श्रावण ३० गते नविकरणको लागि निवेदन दिन आएको अवस्थामा देहाय अनुसारको शुल्क तथा नविकरण दस्तुर बुझाइ सके पछि नबिकरण गर्नु पर्दछ।

१. आ. व ०६८।६९ को इजाजतवापत

(क) किस्ताको रू १,२०,०००।-

(ख) २०६८ माघको ४० प्रतिशत किस्ता वापतको रू. ६०,०००।- को २०६८ फाल्गुण देखि २०६९ श्रावण ३० गते सम्मको ६ महिनाको ५० प्रतिशतका दरले रू ३०,०००।-

(ग) २०६८ जेष्ठको ४० प्रतिशत किस्ता वापतको रू.६०,०००।- को २०६९ आषाढ देखि २०६९ श्रावण ३० गते सम्मको २ महिनाको २५ प्रतिशतका दरले रू.१५,०००।-

२. आ. व ०६९।७० को लागि नविकरण वापत प्रथम किस्ताको रू.३०,०००।- समेत जम्मा दाखिला गर्नु पर्ने रू.१,९५,०००।-

उदाहरण-२

१. रोसनी इटा उद्योगले २०६८ श्रावणमा इजाजतपत्र लिदा इजाजतदस्तुर रू १५००००। को २० प्रतिशत ले हुने रू ३००००। बुझाइ बाँकि रू १२००००। २०६८ माघ र २०६९ जेष्ठमा किस्तामा बुझाउने गरी गरी इजाजतपत्र नविकरण गरेको रहेछ। उसले सो किस्ताको रकम नबुझाई २०६९ भाद्र ३० गते नविकरणको लागि निवेदन दिन आएको अवस्थामा देहाय अनुसारको शुल्क तथा नविकरण दस्तुर बुझाइ सके पछि नबिकरण गर्नु पर्दछ।

१. आ. व ०६८।६९ को इजाजत वापत

(क) किस्ताको रू १,२०,०००।-

(ख) २०६८ माघको ४० प्रतिशत किस्ता वापतको रू ६०,०००।- को २०६८ फाल्गुण देखि २०६९ भाद्र ३० गते सम्मको ७ महिनाको ७५ प्रतिशतका दरले रू ४५,०००।-

(ग) २०६८ जेष्ठको ४० प्रतिशत किस्ता वापतको रू ६०,०००।- को २०६९ आषाढ देखि २०६९ श्रावण ३० गते सम्मको ३ महिनाको २५ प्रतिशतका दरले रू १५,०००।-

आ.ब. ०६८/६९ को जम्मा दाखिला गर्नु पर्ने रू १,८०,०००।-

२. आ. व ०६९।७० को इजाजत वापत

ऐनले श्रावण महिनामा इजाजतपत्र नविकरण गर्न आउने व्यक्तिलाइ किस्ताको सुबिधा प्रदान गरेको हुदा सो सुबिधाको समय भुक्तान भै सकेकोले यस्तो सुबिधा नपाउने भै देहाय अनुसारको इजाजत दस्तुर तथा जरिवाना लिई इजाजतपत्र नविकरण गर्नु पर्दछ ।

(क) आ. व ०६९ ।७० को लागि नविकरण वापत रू.१,५०,०००।-

(ख) ऐन अनुसार ४ महिना भित्र नविकरण गर्न आएकोले लाग्ने दस्तुरको जरिवाना २५ प्रतिशतले हुने रू.३७,५००।-

आ.ब. ०६८/६९ को जम्मा तिर्नु पर्ने रू.१,८७,५००।-

**सि.नं. १ र २ को गरी तिर्नु पर्ने जम्मा रकम रु.३,६७,५००।-**

## ४.६ इजाजत दस्तुरमा छुट तथा सहुलियत

नयाँ इजाजतपत्र लिँदा र नविकरण गर्दा लाग्ने इजाजत दस्तुरमा नियमावलीको अनुसूची २ को द्रष्टव्यमा थप व्यवस्था गरिएको छ । सो अनुसार

**(क)** इजाजतपत्र वापत लाग्ने दस्तुरमा काठमाण्डौ उपत्यका बाहिरका इटा उद्योगको हकमा पच्चिस प्रतिशत र दुर्गम क्षेत्रका फलफुलमा आधारित वाईन एवम् मदिरा उद्योगको हकमा पचहत्तर प्रतिशतले कम लाग्नेछ ।

**(ख)** एक एकाईले एकभन्दा बढि मदिरा खरिद बिक्रि गर्ने भएमा सवभन्दा बढि दरको दस्तुर मात्र बुझाए पुग्नेछ ।

***उदाहरण:***

अनुसूची २ मा मदिराको वितरकको इजाजतपत्र वापत रू.२०,०००।- र मदिराको थोक बिक्री वापत रू.१२,०००।- भएकोमा दुबैको कारोवार गर्नेले सबभन्दा वढि दस्तुर रू. २००००।- बुझाए पुग्दछ ।

**(ग)** ईटा उत्पादक र स्टोन क्रसर उद्योगले प्रकरण ३ को खण्ड (ज) वा (झ) बमोजिम बुझाउनु पर्ने रकम मध्ये बीस प्रतिशत इजाजतपत्र लिदा, चालिस प्रतिशत माघ मसान्तसम्म र बाँकी रकम जेठ मसान्तसम्म बुझाउने गरि किस्ता कायम गरिएको छ ।

(घ) मूल्य अभिबृद्धि करमा दर्ता भएका ईटा उत्पादन र स्टोन क्रसर उद्योगहरूले इजाजतपत्र दस्तुर तिर्नु पर्ने छैन ।

तर यस्ता ईटा उत्पादक र स्टोन क्रसर उद्योगहरूले एक आर्थिक बर्षका लागि बुझाउनु पर्ने इजाजतपत्र दस्तुर भन्दा कम मूल्य अभिबृद्धि कर आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको अवस्थामा त्यस्तो कम भएको रकम इजाजतपत्र दस्तुर वापत आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा आन्तरिक राजस्व कार्यालयमा

दाखिला गर्नुपर्नेछ र सो अवधि भित्रि दाखिला नगरेमा सोमा ऐन बमोजिम बिलम्ब दस्तुर लाग्नेछ ।

(ङ) अनुसूची २ को प्रकरण ३ को खण्ड (क), (ख), (ग), (घ) र (भ्र) मा तोकिएको इजाजतपत्र दस्तुर तथा नवीकरण दस्तुर काठमाडौं उपत्यका भन्दा बाहिरका इजाजतपत्रवालाका हकमा पच्चीस प्रतिशतले कम लाग्नेछ ।

## ४.७ इजाजतपत्र रद्द गर्न सक्ने अवस्था

### ४.७.१ (ऐनको दफा १०)

विभागले देहायको अवस्थामा इजाजतपत्र रद्द गर्न सक्नेछ :-

(क) इजाजतपत्रमा तोकिएको शर्त तथा बन्देज उल्लंघन भएको पाइएमा,

(ख सार्वजनिक हित विपरीत हुने देखिएमा,

(ग) बुझाउनुपर्ने अन्तःशुल्क नबुझाएमा ।

### ४.७.२ (नियम ५क )

(क) इजाजतपत्रवालाले अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवार गर्न छाडेको वा इजाजतपत्रवालाको मृत्यु भएको कारणले इजाजतपत्र रद्द गर्नुपर्ने भएमा कारोवार छाडेको हकमा इजाजतपत्रवालाले र इजाजतपत्रवालाको मृत्यु भएको हकमा निजको हकवालाले इजाजतपत्र रद्द गर्न अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(ख) प्राप्त निवेदन उपर आवश्यक जांचबुझ गर्दा इजाजतपत्र रद्द गर्न मनासिव देखेमा अन्तःशुल्क अधिकृतले इजाजतपत्रवालासंग कुनै अन्तःशुल्क रकम , जरिवाना असूल गर्न बांकि भए सो असूल उपर गरी इजाजतपत्र रद्द गर्न सक्ने छ ।

(ग) इजाजतपत्र रद्द गरिएको जानकारी तीस दिन भित्र निवेदकलाई दिनु पर्ने छ ।

(घ) जांचबुझ गर्दा इजाजतपत्र रद्द गर्नु नपर्ने देखिएमा सोही बमोजिमको जानकारी तीस दिन भित्र निवेदकलाई दिनुपर्ने छ ।

(ङ) इजाजतपत्र रद्द भएको जानकारी प्राप्त नभएसम्म इजाजतपत्रवालाले मासिक रूपमा अन्तःशुल्क विवरण पेश गर्नुपर्ने छ ।

(च) यस नियम बमोजिम इजाजतपत्र रद्द गरिएको जानकारी उद्योग विभाग, कम्पनी रजिष्टारको कार्यालय वा अन्य सम्बन्धित निकायलाई समेत दिनुपर्ने छ ।

### *४.७.३ इजाजतपत्र रद्द गर्न सक्ने (मदिरा ऐन २०३१ दफा ६ ग)*

तोकिएको अधिकारीले दफा ६क. बमोजिम दिइएको इजाजतपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछ :-

(क) इजाजतपत्र नवीकरण नगरेमा,

(ख) इजाजतपत्रमा तोकिएको शर्त उल्लंघन गरेमा,

(ग) दफा ४क विपरित कार्य गरेमा

द्रष्टव्य : ४ (क मा मदिराको उत्पादन तथा बिक्री वितरणको व्यवस्था उल्लेख गरिएको छ ।

## ४.८ इजाजतपत्र स्थगन गर्न सक्ने व्यवस्था

ऐनको दफा ९क मा भएको व्यवस्था अनुसार

**४.८.१ इजाजतपत्रवालाले अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोवार गर्न छाडेमा १५ दिन भित्र त्यसको कारण सहित इजाजतपत्र स्थगन गर्नका लागि अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनु पर्ने छ ।**

**४.८.२ स्थगनको लागि निवेदन प्राप्त भएमा अन्तःशुल्क अधिकृतले इजाजतपत्रवालाको इजाजतपत्र स्थगन गर्नु पर्ने वा नपर्ने निर्णय गरी ईजाजतपत्र स्थगन गर्नु पर्ने देखिएमा सो इजाजतपत्र स्थगन गरी निवेदन प्राप्त भएको ३० दिन भित्र सो को जानाकारी इजाजतपत्रवालालाइ दिनु पर्ने छ**

**४.८.३ इजाजतपत्रवालाले इजाजतपत्र स्थगन भए पछिको अर्को महिना देखिको अन्तःशुल्क विबरण पेश गर्नु पर्ने छैन ।**

**४.८४ इजाजतपत्र स्थगन भएको अवधि भरको लागि इजाजतपत्रवालाले इजाजतपत्र नविकरण गर्नु पर्ने छैन ।**

## ४.९ इजाजतपत्र लिनु नपर्ने

**४.९ १** (मदिरा ऐन २०३१ दफा ७)

यस ऐनका अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी उपभोगका निमित्त तोकिएको परिमाणमा रक्सी वा जाँड बनाउन यस ऐन अन्तर्गत इजाजतपत्र लिनु पर्ने छैन ।

४.९.२ (मदिरा नियमहरू, २०३३ ,नियम ७ )

(क) कुटनैतिक सुविधा वा महशुल सुविधा प्राप्त व्यक्तिले विदेशी मदिरा पैठारी गर्न,

(ख) कुनै विदेशी वा स्वदेशी यात्रुले विदेश भ्रमणवाट आफ्नो साथमा तीन वोतल सम्म रक्सी र वाह्र वोतल सम्म वियर लिई आउन,

(ग) नमूना परीक्षण तथा अध्ययन, अनुसन्धानका लागि विभागले तोकेको परिमाणसम्म पैठारी गर्न,

(घ) कुनै व्यक्तिले निजी उपयोगका लागि एक पटकमा पाँच लिटरसम्म रक्सी र दश लिटर सम्म जाँड वनाउन ।

तर यसरी रक्सी र जाड वर्षको ६ पटक भन्दा बढी बनाउन पाइने छैन। रक्सी र जाड वनाउने व्यक्तिले त्यसको सूचना अन्तःशुल्क अधिकृतलाइ दिनु पर्दछ।

## ४.१० इजाजतपत्रवालाको काम कर्तव्य

### ४.१०.१ उत्पादकको काम तथा कर्तव्य

नियमावलीको नियम १३ (१) बमोजिम अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने इजाजतपत्रवालाको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) यस नियम बमोजिम पेश गर्नु पर्ने विबरण र फांटवारी विभागले तोकेको ढांचामा वस्तुको हकमा वस्तु निस्कासन भए पछि तथा सेवाको हकमा विजक जारी भए पछिको महिनाको पच्चीस गते भित्र अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्ने।

(ख) उत्पादन भएको र बिक्री वितरण भएको वस्तुको विवरण दैनिक किताबमा जनाई राख्ने र निरीक्षणको क्रममा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीलाई सो किताब देखाउने।

(ग) उत्पादन भएको वस्तुको नमूना अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा पठाउने।

(घ) गोदाममा राखिएको वस्तुको विवरण अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई सो को निस्सा राख्ने।

### ४.१०.२ सेवा प्रदायकको काम तथा कर्तव्य

नियमावलीको नियम १३ (२) बमोजिम अन्तःशुल्क लाग्ने वस्तुको सेवा प्रदान गर्ने इजाजतपत्रवालाको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ।

(क) प्रदान गरेको सेवाको विजक र सोको हिसाब दैनिक रूपमा राख्ने,

(ख) अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्ने काममा प्रयोग हुने अन्तःशुल्क लाग्ने वस्तुको खरीद प्रमाण वा खरीद विजक साथमा राख्ने

(ग) अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले मागेका बखत खण्ड (क) बमोजिमको कागजात उपलब्ध गराउने,

### ४.१०.३ पैठारी कर्ताको काम तथा कर्तव्य

(क) नियमावलीको नियम १३(३) बमोजिम अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्ने इजाजतपत्रवालाको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ **:-**

(क१) अन्तःशुल्क लाग्ने वस्तु पैठारी गरिएको अवस्थामा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारी समक्ष खरिद विजक पेश गर्नुपर्ने।

(क२) प्रतितपत्रको माध्यमबाट अन्तःशुल्क लाग्ने वस्तु पैठारी गरिएको अवस्थामा वस्तुको किटानी विवरण, भन्सार प्रयोजनको लागि वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रति इकाई मूल्य र परिमाण अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नुपर्ने ।

(ख) भौतिक नियन्त्रण प्रणाली अन्तरगत अन्तःशुल्क लाग्ने मदिरा, वियर, चुरोट जस्ता वस्तुको पैठारी गरी सोही अवस्थामा बिक्री गर्ने इजाजतपत्रवालाले यस निर्देशिकाको अनुसूची ३०(क) मा उल्लेख भए बमोजिम बिवरण हरेक महिना सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्ने छ । साथै अन्तःशुल्कको स्टिकर प्रयोग गर्नु पर्नेले सो स्टिकर माग गर्दा त्यसको अघिल्लो दिन सम्मको आयातित वस्तु तथा त्यसमा प्रयोग भएको स्टिकरको विबरण समेत खुलाइ पेश गर्नुपर्ने छ ।

(ग) भौतिक नियन्त्रण प्रणाली अन्तरगत अन्तःशुल्क लाग्ने मदिरा, वियर, चुरोट जस्ता वस्तुको पैठारी गर्ने इजाजतपत्रवालाले त्यस्ता वस्तुको पैठारी गरी गोदाममा राख्नु अगााडि गोदाम रहेको स्थानको अन्तःशुल्क प्रशासन गर्ने कार्यालयको प्रतिनिधिको रोहवरमा त्यस्तो वस्तु गोदाममा राखि निजको स्विकृतिमा स्टिकर लगाइ सके पछि मात्र बिक्री वितरण गर्नु पर्दछ ।

### ४.१०.४ *इजाजतपत्र आफ्नो कारोबार स्थलमा राख्नु पर्ने*

(क) नियमावलीको नियम १३(४) बमोजिम इजाजतपत्रवालाले प्राप्त गरेको इजाजतपत्र आफ्नो कारोबार स्थलमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(ख) शाखाको हकमा छुट्टै इजाजतपत्र लिनु पर्दछ तर स्वयं निस्कासनको हकमा शाखा थप गरिएको ब्यहोरा स्पस्ट खुलाइ सो को प्रतिलिपी शाखामा राख्नु पर्दछ ।

## ४.११ नियमावलीको अनुसूची ३ बमोजिम इजाजतपत्रवालाले पालना गर्नुपर्ने शर्तहरु

(क) सबै इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्तहरू

१. इजाजतपत्र प्रत्येक आर्थिक वर्षको श्रावण महिना भित्र नवीकरण गराईसक्नु पर्नेछ ।

२. इजाजतपत्र सबैले देख्नेगरी कारोवार स्थलमा राख्नु पर्नेछ ।

(ख) मदिरा व्यवसायीले मात्र पालना गर्नुपर्ने शर्तहरू

१. काठमाण्डौ उपत्यका । नेपालभित्रका उपमहानगरपालिका , नगरपालिका, जिल्ला सदरमुकाम, राष्टिय लोकमार्गर विभागले तोकेका सहायक लोकमार्गमा मदिराको कारोवार गर्ने इजाजतपत्रवालाले मदिरा र सूर्तिजन्य वस्तुको मात्र कारोवार गर्नुपर्दछ ।

२. डिपार्टमेण्टल स्टोरले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै विक्री कक्षको व्यवस्था गर्नु पर्नेछ ।

३. प्रत्येक वोतलमा विर्को र बोतलमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी निकासी गर्नु पर्नेछ ।

४. विहान १०:०० बजे देखि राती १०:०० बजेसम्ममात्र मदिरा बिक्री वितरण गर्नु पर्नेछ ।

५. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाईने छैन ।

६. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको विजक राख्नु पर्नेछ ।

७. इजाजतपत्रवालाले प्रत्येक वोतलमा अन्तःशुल्क टिकट टाँसेको मदिरा मात्र बिक्री गर्नुपर्नेछ। अन्तःशुल्क टिकट नरहेको सामान खरीदबिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरीवाना हुनेछ ।

८. अन्तःशुल्क ऐन, २०५८ तथा मदिरा ऐन, २०३१ र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लेखित प्रावधानहरूको पालना गर्नु पर्नेछ ।

(ग) करमुक्त पसलले पालना गर्नु पर्ने शर्तहरू

१. कुटनैतिक सुविधाप्राप्त व्यक्ति, संस्था वा नियोगलाई वण्डेड वेयर हाउसबाट नै बिक्री गर्नु पर्नेछ ।

२. करमुक्त पसलले बैंक ग्यारेन्टीको सुविधामा आयात गरेको मालसामानको विवरण मासिक विवरण सँगै बुझाउनु पर्नेछ ।

३. वण्डेड वेयर हाउसमा भन्सार विन्दुबाट सामान भित्र्याउँदा र बिक्रीका लागि गोदामबाट बाहिर निकाल्दा खटिएको अन्तःशुल्क कर्मचारीको रोहवरमा मात्र भित्र्याउने र निकाल्नु पर्नेछ ।

## ४.१२ मदिराको कारोवार गर्ने इजाजतपत्रवाला सम्बन्धी व्यवस्था

(क) काठमाण्डौ उपत्यका , नेपाल भित्रका उप महानगरपालिका । नगरपालिका सबै जिल्ला सदरमुकाम , राष्टिय लोकमार्गहरू र विभागले तोकेका सहायक लोकमार्गहरूमा( होटल रेष्टुरेण्ट बाहेक ) मदिराको कारोवार गर्न इजाजतपत्र लिएका इजाजतपत्रवालाहरूले मदिरा र सूर्तिजन्य वस्तुको मात्र कारोवार गर्नु पर्नेछ ।

(ख) मदिरा र मदिराजन्य पदार्थको बिक्री वितरण गर्न सम्बन्धित करदाता सेवा कार्यालय वा आन्तरिक राजस्व कार्यालयबाट इजाजतपत्र लिनुपर्नेछ। यी कार्यालयको कार्य क्षेत्र नभएका जिल्लामा त्यस्तो इजाजतपत्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट लिन सकिनेछ। इजाजतपत्र नलिई मदिरा र मदिराजन्य पदार्थको बिक्री वितरण गर्न पाइने छैन ।

(ग) मदिरा बिक्री बितरण गर्ने फर्म तथा कम्पनी दर्ता, नवीकरण तथा सिफारिस गर्ने सरकारी र गैर सरकारी संस्था तथा निकायहरूले पनि मदिराको कारोवार गर्ने फर्म तथा कम्पनीहरूलाई मदिरा तथा सूर्तिजन्य वस्तुहरूको मात्र बिक्री वितरण गर्न पाउने

गरी शर्त तोकी दर्ता नवीकरण तथा सिफारिस गरी यस व्यबस्थालाई प्रभावकारी कार्यान्वयनको लागि सहयोग गर्नुपर्नेछ ।

(घ) यस अघि फर्म तथा कम्पनी दर्ता तथा नवीकरण गर्ने निकायले दिएको इजाजतमा जुनसुकै शर्त तोकिएको भएतापनि निर्देशिका जारी भएपछि मदिराको कारोवार गर्ने फर्म तथा कम्पनीको शर्त यसै निर्देशिका बमोजिम भएको मानिनेछ । साथै, त्यस्ता फर्म तथा कम्पनीले निर्देशिका बमोजिम बिक्री वितरण गर्नु पर्नेछ ।

**इजाजतपत्र सम्बन्धमा बिभागले गरेको थप व्यवस्था**

**१. अन्तःशुल्क इजााजतपत्रको जरिवाना**

नियमावलीको नियम (५) को उपँनियम (घ) मा ब्यबस्था भए बमोजिम जरिवाना निर्धारण गर्दा सोही नियमावली अनुसूचि २ को द्रष्टब्य (१) मा उल्लेख भए बमोजिमको दस्तुर सुविधाबाट कायम हुन आएको रकमलाई आधार मानी क्षेत्रगत रूपमा कर छुट दिइ करको दर नै कम गरीएकोले जरिवाना माथिल्लो दरबाट लगाउन न्यायोचित नहुने हुंदा लाग्ने अन्तः शुल्क (इजाजतपत्र दस्तुर) को आधारमा नै जरिवाना लिने उपयुक्त हुने ।

**२. मदिरा र चुरोटको निकासी**

ऐनको दफा ३ ख को उपदफा १(क) मा नेपाल बाहिरको निकासी वा स्विकृत प्राप्त कर मुक्त पसलको व्यवस्था दुवै स्वतन्त्र व्यवस्था भएको हुदा नेपाल वाहिर निकासी गरेको मदिरा र चुरोटमा अन्तःशुल्क नलाग्ने ।

**३ अधिकार प्रत्यायोजन**

आन्तरिक राजस्व बिभागको मिति २०६७।१२।२७ र मिति २०६८।०१।१५ को निर्णयानुसार प्रत्यायोजित अधिकारहरू खारेज गरी अव उप्रान्त आन्तरिक राजस्व कार्यालय एवं करदाता सेवा कार्यालयहरूले देहाय बमोजीमका कार्यहरू समेत सम्पादन गर्ने गरी बिभागको मिति २०६८।०४।०३ को निर्णयबाट अधिकार प्रत्यायोजन भएको ।

१. अन्तःशुल्क नियमावली २०५९ को नियम ४ बमोजिम इजाजतपत्र दिने,

२. अन्तःशुल्क नियमावली २०५९ को नियम ५ बमोजिम इजाजतपत्रको नविकरण गर्ने,

३. अन्तःशुल्क नियमावली २०५९ को नियम ५क. बमोजिम इजाजतपत्र रद्द गर्ने,

४. अन्तःशुल्क ऐन २०५८, अन्तःशुल्क नियमावली २०५९, मदिरा ऐन २०३१ तथा मदिरा नियमावली २०३३ ले अन्तःशुल्क अधिकृतले गर्ने भनी तोकेको देहाय बमोजिम बाहेकका कार्यहरू गर्नेः

(क) मदिरा, वियर र चुरोटको बोतलवन्दी तथा बट्टा बन्दी गरी प्याकिङ्ग र साईजको स्विकृति दिने,

(ख) अन्तःशुल्क लाग्ने सबै वस्तुहरूको नयाँ ब्राण्डको उत्पादन अनुमति ( परिक्षण तथा व्यावसायीक उत्पादन) दिने सम्बन्धि कार्य ।

५. इजाजतपत्र रद्द, मौज्दात कमीको मिन्हा, अन्तःशुल्क स्टिकरको जर्ति सम्बन्धि अभिलेख, अन्तःशुल्क ऐन नियम तथा मदिरा ऐन नियम बमोजिम नेपाल सरकार वादी भएका मुद्दाहरूको मासिक विवरण एवं प्रत्येक महिनाको इजाजत र नविकरणको विवरण महिना समाप्त भएको ७ दिन भित्र विभागलाई अनिवार्य रूपमा उपलब्ध गराउने ।

## ४. ईट्टा उद्योगहरुले अन्तःशुल्क इजाजतपत्र स्थगन

ईट्टा उद्योगहरूले अन्तःशुल्क इजाजतपत्र स्थगनको लागि अन्तःशुल्क ऐन २०५८ को दफा ९क. को प्रकृया पुरा गरी आएमा सो उद्योगले सरकारलाई तिर्नु बुझाउनु पर्ने कुनै कर शुल्क भए सो सबै कर शुल्क अशुल उपर गरी सके पछि सोही दफाको प्रकृया पुरा गरी अन्तःशुल्क इजाजतपत्र स्थगन गर्न दिने र यसरी इजाजतपत्र स्थगन गरिने उद्योगहरूको सम्बन्धमा देहाय बमोजिमका विषयहरूलाई समेत कार्यान्वयनमा ल्याउनु पर्ने ( मिति २०६८।०४।१७ को बिभागको निर्णय )

१. इजाजतपत्र स्थगन गरिएका उद्योगहरूको अभिलेख भिन्नै किताबमा राख्ने,

२. इजाजतपत्र स्थगनको अवधि किटान हुनु पर्ने,

३. इजाजतपत्र स्थगन भएका उद्योगहरूको बर्षमा कम्तिमा २ पटक निरिक्षण गर्नु पर्ने,

४ इजाजतपत्र स्थगन भएका उद्योगहरूको विवरण स्थानिय निकाय र उद्योग दर्ता भएको कार्यालयलाई समेत दिनु पर्ने,

५. इजाजतपत्र स्थगन भएका उद्योगहरू पुन संचालनको लागि निवेदन प्राप्त भएमा कार्यालयले स्थलगत रूपमा निरिक्षण गरी यकिन गरेर मात्र संचालनको अनुमति दिने,

६. इजाजतपत्र स्थगन गर्न निवेदन दिएका दिनमा सो उद्योगमा कुन कुन ब्राण्डका ईट्टाहरूको मौज्दात के कति संख्यामा छ सोको समेत घोषणा गर्न लगाउने ।

# परिच्छेद-५

# भौतिक नियन्त्रण  प्रणाली

मदिराजन्य पदार्थ वा वस्तु जस्तैः मदिरा, वीयर, मोलासिस एवं सूर्तिजन्य वस्तु चुरोट, सूर्ति आदिको उत्पादन, आयात, विक्री वितरण भौतिक नियन्त्रण प्रणाली अन्तर्गत प्रशासन गरिन्छ । यस प्रणालीमा सरकारको प्रत्यक्ष अनुगमन एवं नियन्त्रण रहन्छ । उत्पादन गरी निष्कासन गर्दाका वखत प्रतिष्ठानमा र आयात गर्दा भन्सार विन्दुमा अन्तःशुल्क असूल एवं दाखिला गरिन्छ । यी वस्तुहरूमा उच्च राजस्व दर भएको र स्वभावतः उच्च राजस्व जोखिम हुने भएकोले अन्तःशुल्क प्रशासनका् प्रत्यक्ष रेखदेख नियन्त्रणमा उत्पादन र आयात गर्न दिई त्यसै विन्दुमा अन्तःशुल्क असूली गर्ने गरिएको हो ।

## ५.१ "मदिरा"

### ५.१.१ कच्चा पदार्थको संरक्षण :

#### ५.१.१.१ मोलासेस, स्प्रिट आदि कच्चा पदार्थ (नियमावलीको नियम १७)

मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले मोलासिस, स्प्रिट लगायतका कच्चा पदार्थको उचित संरक्षणको प्रबन्ध गर्नु पर्नेछ। त्यस्ता कच्चा पदार्थको उचित संरक्षणको प्रबन्ध नगरी हानी नोक्सानी भएमा सो वापत त्यस्तो इजाजतपत्रवालाले उत्पादन गर्ने मदिरा तर्फको उच्चतम दरबन्दी अनुसार लाग्ने राजस्व सो इजाजतपत्रवालाबाट असुल उपर गरी लिनु पर्नेछ ।

**अन्य व्यवस्था**

(क) मोलासेस (खुदो) स्टिल टेंक वा छाना भएको पक्कि खाडल (Pit) मा मात्र राख्नु पर्दछ ।

(ख) स्प्रिट गेजीडं गरिएको स्टिल टैक  वा काठको भ्याट (Vat) वा HDPE टेकमा मात्र राख्नु पर्दछ। साथै गेजिगं प्रमाणित गरिदिएको कागजात बिबरण को १/ १ प्रति बिभाग र संबन्धीत कार्यालयमा दिनु पर्दछ ।

(ग) संचित स्थान (Tank ,Vat आदि) को नम्बर लेखिएको हुनु पर्दछ जस्तै १ नं Vat ,२ नं Vat आदि ।

**कच्चा पदार्थका हानी नोक्सानी गरेमा अन्तःशुल्कको गणना गरी निर्धारण गर्दाको उदाहरण**

१. २५,३० र ७० यु.पी शक्तिको मदिरा उत्पादन गर्ने  डिष्टिलरीले मोलासेसको संरक्षण नगरेको कारणले ५० क्विन्टल मोलासेस नोक्सानी भएको मौज्दात परिक्षणबाट देखिएछ ।  सो नोक्सानीको अन्तःशुल्क गणना गर्दा ५० क्विन्टल मोलासेसबाट प्रति क्विन्टल १९ लिटरका दरले ९५० लिटर ENA उत्पादन भएको मानी  उद्योगले सो ENA बाट अन्तःशुल्कको दर बढि भएको २५ यू. पी को मदिरा उत्पादन गरी

बिक्री गरेको मानी अन्तःशुल्कको गणना गरी अन्तःशुल्क निर्धारण गर्नु पर्दछ

२. चिनी तथा स्प्रिट उत्पादन गर्ने अमृत चिनी उद्योगले आफनो By Product को रूपमा रहेको मोलासेस (खुदो) को उचित संरक्षण नगरेको कारणले ५० क्टिल मोलासेस नोक्सानी भएको रहेछ भने उसको मौज्दात परिक्षणबाट सो कुरा थाहा हुन आएमा सो मोलासेसबाट ९५० लिटर ENA उत्पादन गरी बिक्री गरेको मानी गरेको मानी अन्तःशुल्कको गणना गरी अन्तःशुल्क निर्धारण गर्नु पर्दछ ।

## ५.१.१.२ मोलासेस संरक्षणको विशेष व्यवस्था ( नियमावलीको नियम २४ )

(१) चिनी तथा खाँडसारी मिलले आफुले उत्पादन गरेको मोलासिस संचय गर्दा पानी नपस्ने गरी संरक्षणको उचित प्रवन्ध गरि सो को बिक्री कार्यालयको सिफारिसमा गर्नु पर्नेछ। यसरी उपयुक्त संरक्षणको व्यवस्था नगरी हानी नोक्सानी भएमा त्यसको मोलासेसमा लाग्ने अन्तःशुल्क मिन्हा दिइँने छैन ।

(२) चिनी वा खाँडसारी मिलले सख्खर वा खुदो (मोलासिस) उत्पादन गरेपछि दैनिक रूपमा भएको त्यस्तो उत्पादनको बिक्रीको हिसाब अनुसूची-१२ बमोजिमको ढाँचामा अद्यावधिक गरी मासिक रूपमा कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## ५.१.२ वासको चुलाइ सम्बन्धी कार्य

मोलासिसमा पानी मिसाई भ्याट (vat) मा हाली फर्मेन्टेसन गर्न आवश्यक रसायन पदार्थहरू मिलाइ वास निमार्णको प्रकृया सुरू हुन्छ । प्रकृया पूरा भै सकेपछि अन्तीम अवस्थामा सो वासमा मादक द्रव (Absolute Alcohol) रहेको हुन्छ । वासमा रहेको मादक द्रवलाई छुट्याई निकाल्ने प्रविधिलाई चुलाई कार्य (Distillation) प्रकृया भनिन्छ ।

### *५.१.२ १ वासको अभिलेख राख्नु पर्ने ( नियमावलीको नियम १९)*

(१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले वास बनाउनको लागि फर्मेन्टेशन गर्दा प्रयोग गरेको कच्चा पदार्थ, पानीको मात्रा समेत उल्लेख गरी सोको विवरण स्पष्ट देखिने गरी लगत राख्नु पर्नेछ ।

(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले डिष्टिलेशन (चुहान) को लागि तयार भएको वास डिष्टीलेशन प्लाण्टमा हाल्नु अगावै डिष्टील गर्ने वासको परिमाण र भेट नं. को लगत राखी सो को जानकारी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीलाई दिनु पर्नेछ ।

### *५.१.२.२ मदिराको हिसाव राख्नुपर्ने ( नियमावलीको नियम २२ )*

(१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले वासबाट चुहान भएको मदिराको परिमाण र त्यसको शक्ति समेत खुलाई अनुसूची-१० र मदिरा बिक्री र सोबाट प्राप्त हुने अन्तःशुल्कको फाँटवारी अनुसूची-११ बमोजिमको ढाँचामा विवरण तयार गरी राख्नु पर्नेछ ।

(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले मदिरा बनाउन प्रयोग गरेको अन्न र फलफूलको हिसाब राखी त्यसबाट के कति मदिरा उत्पादन भयो सोको विवरण भरी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

## ५.१.३ स्प्रिट सम्वन्धी व्यवस्था :

मदिरा उद्योगको चुलाइको कार्य भए पछि त्यसबाट स्प्रिट निस्कन्छ । यस्तो स्प्रिट पूर्ण रूपमा शुद्धिकरण नगरेको अवस्था भएमा R.S (Rectified Sprit) र शुद्धिकरण गरेको अवस्था भएमा ENA (Extra Neutral alcohal) हुन्छ । डिष्टिलरीले स्प्रिट बनाउदा हेड वा टेलको रूपमा निस्केको स्प्रिट र अन्य R.S, इथानोल आदि स्प्रिटलाइ डिनेचर्ड स्प्टि वनाउन प्रयोग गर्ने गरिन्छ । R.S सामान्य किसिमको मदिरा बनाउन तथा ENA उच्च गुण स्तरको मदिरा बनाउन प्रयोग गरिन्छ ।

### *५.१.३.१ स्प्रिट तथा इथानोललाई अन्य प्रयोगमा ल्याउने स्वीकृति दिंदा अपनाउनुपर्ने व्यवस्था (नियमावलीको नियम २५क)*

(क) इजाजतपत्रवालाले स्प्रिटलाई अन्य प्रयोगमा ल्याउने उद्देश्यले डिनेचर्ड स्प्रिट वनाउंदा सम्वन्धित कार्यालयवाट स्वीकृति लिई रेक्टीफाइड वा हेड्स स्प्रिटमा पाइरिडिन वा कोचिसिन वा मिथायल अल्कोहल आयतनको हिसावबाट कम्तीमा ०.०२ प्रतिशत मिश्रण गरी डिनेचर्ड स्प्रिट वनाउनु पर्नेछ । यस्तो मिश्रण गर्दा आवश्यकतानुसार रंगीन गर्नु पर्ने गरी विभागले इजाजतपत्रवालालाई निर्देशन दिन सक्नेछ । आन्तरिक राजस्व कार्यालयले रेक्टिफाइड स्प्रिटबाट डिनेचर्ड स्प्रिट बनाउने स्वीकृति दिंदा रेक्टिफाइड स्प्रिटवाट आउने अन्तःशुल्क नघट्ने गरी मात्र स्वीकृति दिनु पर्नेछ ।

(ख) इजाजतपत्रवालाले पेट्रोलमा सम्मिश्रण गर्ने प्रयोजनको लागि उत्पादन गरेको एनहाईड्रस इथानोल नेपाल आयल निगम वा नेपाल सरकारवाट स्वीकृत प्राप्त निकायलाई मात्र विक्री गर्नु पर्नेछ । यस्तो वस्तु बिकीको लागि प्रतिष्ठानबाट निष्कासन गर्दा कार्यालयबाट स्वीकृति लिनु पर्नेछ । कार्यालयले यस्तो स्वीकृति दिँदा त्यस्तो वस्तुमा कम्तीमा दुई प्रतिशत पेट्रोल मिसाउनु पर्ने गरी निष्काशन गर्न स्वीकृति दिनु पर्नेछ ।

### ५.१.३.२ मदिराको कच्चा पदार्थ एवं डिनेचर्ड स्प्रिटको नियमन व्यवस्था (नियमावलीको नियम २५क(३))

मोलासिस, रेक्टिफाइड स्प्रिट, इ.एन.ए, माल्ट स्प्रिट लगायतका मदिरा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ तथा डिनेचर्ड स्प्रिटको पैठारी, उत्पादन तथा विक्री वितरण गर्नको लागि प्रकृया विभागले तोकि नियन्त्रण गर्ने व्यवस्था छ।

(१) डिनेचर्ड स्प्रिट पैठारी गर्दा वा विक्री गर्दा परिमाण र प्रयोजन उल्लेख गरी कार्यालयवाट पूर्व स्वीकृति लिनु पर्दछ।

(२) मदिराजन्य कच्चा पदार्थको आन्तरिक उत्पादन गर्नुपुर्व ऐन नियमावलीको व्यवस्था बमोजिम अन्तःशुल्क अधिकृतबाट इजाजत प्राप्त गरी उत्पादन गर्नुपर्छ।

(३) मदिराजन्य कच्चा पदार्थ र डिनेचर्ड स्प्रिट पैठारी गर्नुपूर्व अन्तःशुल्क अधिकृतबाट आयात इजाजत प्राप्त गर्नुपर्छ। पैठारी गर्नुपूर्व कुन देशको कुन कम्पनी संग के कुन संझौता बमोजिम कुन भन्सार विन्दुबाट पैठारी गर्न लागिएको हो व्यहोरा खुलाई कागजात संलग्न गरी अन्तःशुल्क अधिकृतबाट स्वीकृति प्राप्त गर्नुपर्नेछ। यस अनुसार पैठारी भै आएका मदिराजन्य वस्तुको अन्तःशुल्क अधिकृत वा निजले खटाएको प्रतिनिधि कर्मचारीको रोहवरमा भन्सार विन्दुबाट इजाजतपत्रवालाको प्रतिष्ठान वा गोदाममा रीतपूर्वक भित्र्याउनु पर्छ।

(४) डिनेचर्ड स्प्रिट विक्री गर्दा निष्काशन फाराममा निम्नानुसार वाक्य अनिवार्य उल्लेख गर्नु पर्दछ।

**“यो पिउन योग्य छैन, पिएमा मानिस मर्न सक्दछ”**

(५) सप्लाई आदेश प्राप्त गरी सो गरिने देखि वाहेक औषधि पसलमा विक्री गर्नका एक सय एम.एल भन्दा वढी परिमाण रेक्टिफाईड स्प्रिट र ई.एन.ए प्याकिङ्ग गरी उत्पादन तथा विक्री गर्न पाइनेछैन।

(६) पेट्रोलमा सम्मिश्रण गर्ने प्रयोजनका लागि उत्पादन गरेको एनहाईड्रस इथानोल नेपाल आयल निगम वा नेपाल सरकारवाट स्वीकृत प्राप्त गरेका निकायलाई मात्र विक्री गर्न पाइनेछ।

## ५.१.४ मदिराको उत्पादन तथा प्याकिङ्ग सम्बन्धि व्यवस्था

### ५.१.४.१ मदिराको उत्पादन

५.१.४.१.१ मदिराको उत्पादन तरिका ( नियमावलीको नियम १६(१) )

मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले पेटेन्ट स्टिल प्लाण्टबाट उत्पादित स्प्रिटको मिश्रण (ब्लेण्डिङ्ग) बाट मात्र मदिरा उत्पादन गर्नु पर्नेछ।

(क) RUM/WHISKY/BRANDY/VODKA/GIN भनि उत्पादन गर्ने प्रतिष्ठानले २५ र ३० यूपी शक्तिको मात्र उत्पादन गर्नु पर्ने छ ।

(ख) Filtration /Formentation प्रक्रियाबाट उत्पादन हुने वाइन, साइडर, सेरी सेम्पेन मिडा पेरी माल्टन जस्ता मदिरा सो वस्तुको कच्चा पदार्थ (फलफूल आदि) र गुणको आधारमा मात्र लेख्न पाइन्छ ।

(ग) उत्पादनको स्तर र समायोजन र अल्कोहलको मात्रा जाँच

**ऐनको दफा १०छ. अनुसार स्वीकृति लिई निष्काशन गरेको मदिरा र चुलाईमा जाने पदार्थको अल्कोहलको मात्रा वा गुणस्तरको परीक्षण अन्तःशुल्क अधिकृतले जुनसुकै बखत गर्न सक्नेछ। अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी फरक वा गुणस्तरमा उल्लेखनीय रुपबाट फरक पार्न पाइने छैन ।**

**५.१.४.२ बन्द गर्ने प्याकिङ्ग गर्ने र चिन्ह लगाउनेः-**

***५.१.४.२.१* व्याच र सिलसिलेवार नम्बर अंकित गर्नु पर्ने ( नियमावलीको नियम १८)ः-**

(१) मदिराको उत्पादन प्रक्रिया समाप्त भएपछि त्यस्तो मदिरा राखिएको प्रत्येक बोतलमा व्याच नम्बर, सिलसिलेवार नम्बर, उत्पादन मिति, उत्पादन गर्ने इजाजतपत्रवालाको नाम, ट्रेडमार्क र शक्ति लेखिएको लेवल अंकित गरी गोदाममा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गोदाममा पठाउँदा अनुसूची-९क बमोजिमको ढाँचामा व्याच नियन्त्रण खाता प्रमाणित गरी राख्नु पर्नेछ ।

***५.१.४.२.२* मदिरा प्याकिंग व्यवस्था (नियमावलीको नियम १६(२) र (३)**

***(क)*** मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेको १५, २५, ३०, ४० र ५० यू.पी. शक्तिको मदिरालाई विभागले तोके बमोजिम बोतलबन्दी गर्नु पर्नेछ ।

*(ख)* मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेको ७० यू.पी. शक्तिको मदिरालाई ३०० मिली लिटरको पेट बोतल वा विभागले तोके बमोजिम बोतलबन्दीमा मात्र बिक्री गर्नु पर्नेछ ।

**(ग)** सामान्यतया स्थानीय मदिरालाई पदार्थको गुणस्तरलाई असर नपर्ने गरी ग्लास वोतलमा राम्ररी सिल गरी बन्द गरिनु पर्दछ । जर्किन टिन जस्ता भाडामा मदिरा भरी निष्कासन गर्न पाइदैन ।

**(घ)** वोटलिगं गर्ने प्रयोजनको लागि प्रति केश वा कार्टुन मदिरा निम्न बमोजिम परिमाणमा प्याकिङ्ग गर्नु पर्ने गरी तोकिएको छ :

१००० ML को ९ वोतल

७५० ML को १२ वोतल

५०० ML को १८ वोतल

३७५ ML को २४ वोतल

३०० ML को ३० वोतल

१८० ML को ४८ वोतल

९० ML को १०० वोतल

**(ङ)** उद्योगले अन्य size को वोतलमा मदिरा उत्पादन गर्न चाहेमा विभागले स्विकृती दिन सक्नेछ ।

तर त्यस्तो प्याकिङ्ग भएको सामानको परिमाण तोकिएको परिमाण संग बिभक्त गर्दा वा गणना गर्दा मिल्नु पर्दछ । उदाहरणको लागि ९ लिटर मदिराको प्याकिङ्ग व्यवस्थामा १००० ml ९ वोतल, ७५० ml को १२ वोतल, ५०० ml को १८ वोतल भएको हुन पर्दछ ।

(च) विदेश निर्यातको हकमा करदाताको माग अनुसार पटके रूपमा अन्य साइजमा समेत प्याकिङ्गको अनुमति विभागले दिन सक्नेछ ।

### ५.१.५ मदिराको शक्तिको गणना बिधि

उत्पादित मदिरामा के कस्ता कच्चा पदार्थ स्प्रिट आदि प्रयोग भएको छ त्यसमा पानीको मात्रा कति छ। तयारी मदिराको शक्ति के कति हो भन्ने बारेमा जानाकारी लिई त्यस्तो कच्चा पदार्थ तथा मदिरा नियन्त्रण गर्न एवं सो मदिराको शक्तिको आधारमा राजस्व यकिन गर्नका लागि मदिराको शक्तिको गणना शुत्र ( Formula ) को प्रयोग गरेर
गरिन्छ। मदिरा उत्पादन भौतिक नियन्त्रण प्रणाली अन्तर्गत पर्ने भएकोले यसको प्रशासन गर्ने निकायलाई मदिराको शक्ति गणना गर्ने सूत्रको जानकारी हुनुपर्छ। यसबाट अन्तःशुल्क प्रशासनलाई के कस्ता कच्चा पदार्थ प्रयोग गर्दा कुन शक्तिको के कति तयारी मदिरा उत्पादन हुन्छ भन्ने कुराको जानाकारी हासिल गर्न समेत सघाउ पुरयाउछ। मदिराको शक्ति निकाल्ने केही सूत्र र सो को उदाहारण निम्नानुसार यहाँ उल्लेख गरिएको छ :

**(क) यू.पी.(U.P), एल.पी.(L.P) र ओ.पी.(O.P) शक्ति**

अल्कोहलको मात्राको मापन ब्रिटिस पद्धतिलाई आधार मानेर गरिएको छ। त्यसैले मदिराको मापन एल.पी.(London Proof) केन्द्र बिन्दु ५७.०६% मा गर्ने गरिन्छ। जस अनुसार सो बिन्दु ५७.०६ % भन्दा वढि शक्तिको मदिरा भएमा ओ.पी.(OverProof) र सो बिन्दु ५७.०६ % भन्दा कम शक्तिको भएमा यू.पी.(UnderProof) मानिन्छ। अर्थात कुनै पनि मदिरामा शुद्ध अल्कोहलको मात्रा लण्डन प्रुफ भन्दा घटि वा बढि के हो भन्ने कुराको संकेत यसबाट मिल्दछ।

**मदिराको शक्ति परिक्षण गर्ने सूत्रहरुः-**

**(१) ओ.पी.मदीरालाई लण्डन प्रुफमा लैजानु परेमा,**

आयतन परिमाण x १०० + ओ.पी (शक्ति)/१०० = लण्डन प्रुफ

**(२) यू.पी.मदीरालाई लण्डन प्रुफमा लैजानु परेमा,**

आयतन परिमाण x १०० – यू.पी (शक्ति)/१०० = लण्डन प्रुफ

**मदिराको एल पी लिटर ,शक्ति परिवर्तन, गणनाका केही उदाहरणहरु**

**(क) एल पी लिटर :**

१०० लिटर २५ ओ.पी.को मदीरालाई एल.पी.मा परिवर्तन गर्दाको परिमाणः सूत्र : एल.पी.= आयतन परिमाण x १०० + ओ.पी (शक्ति) /१०० = १०० x १२५/१०० =१२५ एल.पी.लिटर

३०० लिटर ४० यू.पी.को मदीरालाई एल.पी.मा परिणत गर्दाको परिमाणः सूत्रः एल.पी.= आयतन परिमाण x १०० –

यू.पी
(शक्ति)/१०० = ३००x ६०/ १०० =१८० एल.पी.लिटर हुन्छ ।

**(ख) यू.पी. शक्ति परिवर्तन :**

एउटा शक्तिको मदिरालाई अर्को शक्तिमा परिणत गर्नुपर्ने भएमा माथि उल्लेखित (१) वा (२) नं. को शुत्रबाट अघिल्लो शक्तिको मदिराको LPL पत्ता लगाई सो LPL लाई १०० ले गुणा गरी आएको गुणनफललाई पछिल्लो शक्तिको मदिराको शक्ति UP भएमा १०० - UP ले तथा OP भएमा १०० + OP ले भाग गर्नु पर्दछ ।

उदाहरणहरू,

(१) ४०० लिटर ४० यू.पी.को मदिरालाई २० ओ.पी.मा परिणत गर्दा, सूत्रः आयतन परिमाण x १००-यू.पी./१०० = ४०० x १००-४० /१०० = ४०० x ६० /१०० = २४० एल.पी.हुन्छ। तसर्थ, २४० x १००/१००+२० = २४० x १०० / १२० = २०० लिटर (ओ.पी.) हुन्छ ।

(२) ४०० लीटर २० ओ.पी.को मदीरालाई ४० यू.पी.मा परिणत गर्दा, सूत्रः: आयतन परिमाण x १०० + ओ.पी./१००= ४००x १२०/ १०० = ४८००/१००= ४८० एल.पी.हुन्छ। तसर्थ, ४८०x १०० /१००-४० = ४८०x १०० /६० = ८०० लीटर हुन्छ। अर्थात ४०० लिटर २० ओ.पी. को मदिरालाई ४० यू.पी. मा परिणत गर्दा ८०० लिटर हुन्छ वा ४०० लिटर पानी थप्नु पर्दछ। किन भने, ८००- ४०० = ४०० लिटर पानी हो ।

(३) ४०० लिटर ४० यू.पी.को मदीरालाई ५० यू.पी.मा परिणत गर्दा, ४०० x १००-४०/१०० =४०० x ६०/१०० = २४० एल.पी. हुन्छ। तसर्थ २४० x १००/ १००-५० = २४००/५०= ४८० लीटर हुन्छ। अर्थात, २४० लीटर ४० यू.पी.को मदीरालाई ५० यू.पी.बनाउदा ८० लीटर पानी थप्नु पर्छ। किनभने ४८०-४०० = ८० लीटर पानीको मात्रा थपिएको हो ।

**(ख) यू.पी.वा ओ.पी.शक्तिमा अल्कोहलको मात्रा पत्ता लगाउने**

यू.पी.वा ओ.पी.शक्तिमा के कति अल्कोहलको मात्रा ( प्रतिशत) छ भनी एकीन गर्नका लागि निम्न सूत्र प्रयोग गनु पर्दछ। १०० प्रुफ ( Proof) = ५७.०६ % अल्कोहल शक्ति हो। अर्थात १ प्रुफ = ०.५७०६ %

अल्कोहल शक्ति हुन्छ त्यसैले लण्डन प्रुफमा यु. पि शक्ति भन्ना साथ लण्डनप्रुफ भन्दा सो मदिरको शक्ति के कति अंकले कम भन्ने बुझिन्छ। यस प्रकार १५ यु.पि. शक्तिको मदिरा भन्ना साथ सो मदिरामा ८५ प्रुफ छ भन्ने बुझाउदछ। यसलाई लण्डनप्रुफमा लगेर अल्को हलको शक्ति प्रतिशतमा निकाल्दाको उदाहरणहरू नेपालमा उत्पादन भई बजारमा बिक्रिको लागि स्वीकृति प्रदान गरीएका मदिराको शक्तिलाई तल प्रस्तुत गरिएको छ।

१५ यू.पी.= ८५ प्रुफ= ८५x ०.५७०६ = ४८.५% अल्कोहल

२५ यू.पी.=७५ प्रुफ = ७५x ०.५७०६ = ४२.८% अल्कोहल

३० यू.पी.=७० प्रुफ = ७०x ०.५७०६ = ४०.३२% अल्कोहल

४० यू.पी.= ६० प्रुफ = ६० x ०.५७०६ = ३४.२३% अल्कोहल

५० यू.पी.= ५० प्रुफ = ५० x ०.५७०६ = २८.५३% अल्कोहल

७० यू.पी = ३० प्रुफ =३० x ०.५७०६ = १७.११% अल्कोहल।

**(ग) मदिराको शक्ति अनुसार मुल्य पत्ता लगाउने प्रकृयाः**

एउटै यू.पी.शक्तिको मदिराको एल.पी.लिटर इकाइ र थोक लिटर इकाइमा मुल्य निकाल्नु पर्ने भएमा निम्नानुसार प्रकृया अपनाउनु पर्छः। जुन इकाइको मूल्य निकाल्ने हो त्यहि इकाइको आयतन निकाल्ने त्यस पछि प्राप्त आयतनलाई अर्को इकाइको मूल्यले गुणा गर्ने।

**<u>उदाहरणको रुपमा</u>**

५० यू.पी.मदीराको प्रति एल.पी.लि.मूल्य रू. २००। भएमा प्रति लिटरको कति मूल्य पर्दछ ? यहाँ, १ एल.पी.लि.= १००-यू.पी /१०० = १००-५० / १०० =०.५ एल.पी.हुन्छ। तसर्थ ०.५ एल.पी.लि. x २०० = रू.१०० हुन्छ।

**<u>उदाहरणको रुपमा</u>**

२५ यू.पी. मदिरा एक लिटरको रू.४००। पर्छ भने त्यसको प्रति एल.पी.ली. को कति मूल्य पर्दछ। यहां, १ एल.पी.ली. =१००/१०० - यू.पी., १०० /१००-२५ = ४/३ एल.पी.ली हुन्छ। तसर्थ ४/३x ४०० = रू. ५३३।३४ हुन्छ। त्यसकारण रू. ४०० पर्ने २५ यू.पी. मदिराको प्रति लिटर दर रू. ५३३।३४ पर्ने रहेछ।

**५.१.६ मदिराको निष्कासन प्रकृया :**

५.१.६.१ मदिराको परिक्षण गर्नु पर्ने व्यवस्थाः

(क) मदिरा उद्योगले नंया ब्राण्डको मदिरा प्रथम पटक निकासी गर्नु पूर्व बिभागले तोकेको प्रयोगशालाबाट परिक्षण गराउनु पर्नेछ।

(ख) मदिराको परिक्षण भई स्वीकृति प्राप्त भए पछी मात्र मदिरा निकासी गर्नुपर्दछ।

(ग) प्रत्येक आर्थिक वर्षको श्रावण महिनाभित्र चालु अवस्थामा रहेका ब्राण्ड अनुसारका मदिरा कार्यालयले तोकेको प्रयोगशालाबाट परिक्षण गराई सो को प्रतिवेदन कार्यालयले लिई राख्नु पर्दछ । यसरी परिक्षण गराउदा बिभागबाट स्विकृति लिदाको गुणस्तर अनुसारको छ छैन सो कुरा हेर्नु पर्दछ ।

### ५.१.६.२ उत्पादकले मदिराको निस्कासन गर्दा अवलम्वन गर्नु पर्ने कार्यविधिः

(क) उत्पादन भएको सबै प्रकारको मदिरा निकासी गर्नु पूर्व कार्यालयले तोकिदिएको गोदाममा प्रवेश गराएर मात्र निकासी गर्नुपर्ने छ ।

(ख) मदिरा निष्कासनको अनुमतिका लागि सम्वन्धित इकाई कार्यालयमा अनुसूची १६ बमोजिमको ढाचामा निवेदन पेश गर्नु पर्दछ ।

(ग) कार्यालयबाट निष्कासनको स्विकृती प्राप्त भए पछि प्रतिष्ठानले अनुसूची १७ बमोजिमको चार प्रति निष्कासन माग फाराम भरी कारखाना धनि वा प्रतिनिधि, अन्तःशुल्क निरिक्षक र अन्तःशुल्क अधिकृतबाट सो निकासी प्रमाणित गराई निकासी गर्नु पर्दछ । पेश भएको माग फारम मध्ये पहिलो प्रति सम्वन्धित खरीद कर्तालाइ निष्कासन भएको वस्तु साथै पठाउने, दोश्रो प्रति वस्तु निष्कासन गर्ने प्रतिष्ठानसंग सम्वन्धित कार्यालयमा पठाउने , तेश्रो प्रति इकाई कार्यालयमा र चौथो प्रति सम्वन्धित विक्रेता वा प्रतिष्ठानमा राख्नु पर्दछ ।

(घ) मदिरा निष्कासन गरिने परिमाणको सम्पूर्ण अन्तःशुल्क रकम अग्रिम दाखिला गरी दाखिला गरेको भौचर वा रसीद समेत संलग्न गर्नु पर्ने । कुनै कर राजस्व बांकि वक्यौता भएको हुनुहुदैन ।

(ङ) इकाई कार्यालयमा खटिएका कर्मचारीबाट निष्कासनको लागि माग गरेको परिमाण मदिराको लागि तोकिए वमोजिम अन्तःशुल्क रकम दाखिला गरेको जाँच गराइ माग वमोजिमको निष्कासन स्वीकृतिका लागि सिफारिश गराउनु पर्ने वा इकाई कार्यालयलाई नै स्वीकृति गर्ने अधिकार प्रत्यायोजन भएको अवस्थामा त्यहिबाट स्वीकृती गराउने ।

(च) निस्कासन हुन लागेको मदिरामा अन्तःशुल्क स्टिकर टांस भए नभएको यकिन गर्नु पर्ने ।

(छ) निष्कासन गर्न स्वीकृति प्राप्त भएपछि मात्र उत्पादकले निष्कासन गर्नुपर्ने ।

(ज) मदिराको निष्कासन गर्ने स्वीकृति प्राप्त भै निष्कासन भएको मदिराको तोकिए वमोजिमको खातामा चढाई निष्कासन र मौज्दात परिमाणलाई दैनिक अध्यावधिक गराई राख्नु पर्ने ।

### ५.१.६.३ कार्यालयले मदिराको निष्कासन स्विकृति दिदा अवलम्वन गर्नु पर्ने कार्यविधि:

(क) निष्कासन माग फाराम स्वीकृति दिँदा अन्तःशुल्क लगायत अन्य दस्तुर तथा अन्तःशुल्क वापतको शुल्क अग्रिम तिरेको छ छैन यकिन गर्ने, कुनै कर राजस्व वक्यौता छ छैन निश्चित गर्ने ।

(ख) सिफारिस सहित प्राप्त भएको निष्कासन माग फाराममा अन्तःशुल्क अधिकृतले जाँच गरेर स्वीकृति दिने ।

(ग) तयारी भएको मदिराको आम्दानी परिमाण तथा निष्कासन (विक्री) परिमाण खातामा चढाई अभिलेख अध्यावधिक राख्ने ।

### ५.१.७ मदिरा विक्री वितरण :

मदिराको उत्पादक ,पैठारी कर्ता तथा बिक्रेताले निम्न कुराहरूको पालना गरेर मात्र मदिराको विक्री वितरण गर्नु पर्दछ ।

**५.१.७.१** मदिरा खरीद/विक्रीको लागि इजाजतपत्र प्राप्त गर्ने व्यक्ति/फर्म वा प्रतिष्ठानलाई मात्र विक्री गर्नु पर्नेछ ।

**५.१ ७.२** मदिरा खरीद/विक्री गर्ने इजाजतपत्र प्राप्तकर्ताले इजाजत पत्रमा उल्लेखित शर्तको अधिनमा रहेर मात्र विक्री वितरण गर्नु पर्नेछ ।

**५.१.७.३** विदेशवाट पैठारी गरिएको विदेशी मदिरा खरीद/विक्री गर्नेले मदिरा खरीद गरेको स्रोत खुलाउनु पर्दछ र अन्तःशुल्क अधिकृतले आकस्मिक जाँच गर्दा सो को पुष्ट्याँइ गर्नु पर्दछ ।

**५.१.७.४** कर मुक्त लेखिएको मदिरा बिक्री गर्ने स्वीकृत प्राप्त गरी खोलिएको कर मुक्त पसल वा वण्डेड वेयर हाउस वाहेक अरूले विक्री गर्न पाउने छैन ।

**५.१.७.५** मदिराको खरीद विक्री सम्वन्धी कारोवार गर्नेले मदिरा खरीद गर्दा मदिरा वन्दी भएको वोतलमा अन्तःशुल्क टिकट लगाएको छ छैन सो हेरेर मात्र खरीद गर्नु पर्छ । अन्तःशुल्क टिकट नटाँसिएको वस्तु खरीद विक्री गरेको पाइएमा कानून वमोजिम कारवाही हुनेछ ।

**५.१.७.६** मदिराको डिलर, डिष्ट्रिव्युटर, थोक विक्रेता तथा आयात कर्ताले मदिरा जन्य वस्तु विक्री गर्दा मदिरा खरीद विक्री गर्ने इजाजतपत्र प्राप्तकर्तालाई मात्र विक्री गर्नु पर्नेछ ।

**५.१.७.७** डिपार्टमेण्टल स्टोर्सले मदिरा जन्य पदार्थ विक्री गर्ने प्रयोजनको लागि अलग्गै विक्री कक्षको व्यवस्था गर्नु पर्नेछ ।

**५.१.७.८** विहान १०:०० वजे देखि वेलुका १०:०० वजे सम्म मात्र मदिरा विक्री वितरण गर्नु पर्नेछ ।

**५.१.७ ९** मदिरा विक्री वितरण नियमन सम्बन्धी व्यवस्था पूर्ण रूपले पालना गर्नु पर्नेछ ।

**५.१.७.१०.** अठार वर्ष उमेर नपुगेका मानिसलाई मदिरा बिक्री बितरण गर्न पाईने छैन ।

## ५.१.८ मदिरा बिकी, वितरण र नियमन गर्ने व्यबस्थाः

समाजमा व्याप्त बिकृतिलाई हटाउन राजस्व नीतिका माध्यमबाट मदिराको बिक्री बितरणलाई नियमन गर्ने संबन्धमा ऐनको दफा ४ (घ) तथा नियमावलीको नियम ३४क मा भएको व्यवस्था बमोजिम निम्नानुसारको नियमन व्यवस्था गरिएको छ ।

### ५.१.८.१ मदिरा विक्रीमा नियन्त्रण :

काठमाण्डौ उपत्यका, नेपाल भित्रका उपमहानगरपालिका, नगरपालिका, सवै जिल्ला सदरमुकाम र तोकिएका प्रमुख लोकमार्गहरू र विभागले तोकेका सहायक लोकमार्ग (होटल, रेष्टुरेण्ट वाहेक) मदिराको कारोवार गर्नेले मदिराको मात्र कारोवार गर्नु पर्ने गरी नियमावलीको नियम नियम ३४क ले व्यवस्था गरेको छ। तर डिपार्टमेन्टल स्टोरले मदिराको अलग्गै विक्री कक्ष राखी कारोवार गर्न पाउने व्यवस्था सोही नियमले गरेको पाइन्छ। यस नियममा उल्लेख भए बमोजिम विभागले कुनै सहायक लोकमार्ग तोकेको छैन ।

### ५.१.८.२ मदिरा उत्पादनमा नियन्त्रण :

मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले नियमावलीको नियम १६ को उप नियम (१) अनुसार पेटेण्ट स्टिल प्लान्टवाट उत्पादन भएको स्प्रिटको मिश्रण ( Blending ) वाट मात्र मदिरा उत्पादन गर्नु पर्दछ ।

स्प्रिटबाट Blending तथा Bottling गर्दा उत्पादकहरूले कच्चामाल ( स्प्रीट ) तथा अर्ध तयारी माल भडारण गर्ने भेट (Vat) वा ट्यांक स्टिलबाट निर्मित भएको हुनुपर्छ र प्रत्येक भेट (Vat) मा स्केल गरी चिनो लगाउनु
पर्दछ। अर्थात गेजिङ. गरिएको हुनुपर्छ र मौज्दात परीक्षणका बखत कुन भेट(Vat) मा कुन शक्तिको कति मदिरा छ भन्ने पत्तालगाउन सकिने गरी भेट पिच्छेको अभिलेख राखेको हुनुपर्छ ।

आफूले उत्पादन गरेको विभिन्न शक्तिको (१५, २५, ३०, ४०, ५० र ७० यु.पी शक्ति) मदिरा विभागबाट स्वीकृति प्राप्त गरी विभागले तोके वमोजिम मात्र वोतल वन्द गर्नु पर्दछ ।

### ५.१.८.३ व्याच र सिलसिलेवार नम्वर राख्नु पर्ने :

मदिरा उत्पादन प्रकृया समाप्त भएपछि त्यस्तो मदिरा भरिएको प्रत्येक वोतलमा नियमावलीको नियम १८ अनुसार व्याच नम्वर, सिलसिलेवार नम्वर, उत्पादन मिति, डिष्टिलरी/उद्योगको नाम, ट्रेडमार्क एवं मदिराको शक्तिको लेवल लगाई मात्र गोदाममा भण्डारण गर्न पठाउनु पर्दछ। गोदाममा पठाउँदा नियमको अनुसूची ९क बमोजिमको ढाँचामा व्याच नियन्त्रण खाता प्रमाणित गरी राख्नु पर्दछ ।

**५.१.८.४ मूल्य खुलाउनु पर्ने :**

मदिरा उत्पादकले वितरक, थोक तथा खुद्रा विक्रेतालाई विक्री गर्ने मूल्य सार्वजनिक गर्नु पर्छ र आफूले उत्पादन गरेको वस्तुमा अधिकतम खुद्रा मूल्य उल्लेख गर्नु पर्ने गरी नियमावलीको नियम २९ (१) मा उल्लेख गरिएको छ। मुल्यमा अस्वस्थ प्रतिस्पर्धा नहोस उपभोक्ता नठगिउन भनि मदिरा , वीयरको प्रत्येक वोतलमा अधिकतम खुद्रा मूल्य उल्लेख गराई मात्र प्रतिष्ठानबाट निष्कासन गर्न दिनुपर्नेछ।

**५.१.८.५ ब्राण्ड परिवर्तन गर्न स्वीकृति लिनु पर्ने :**

आफूले उत्पादन गरेको मदिराको आकार र गुणस्तर परिवर्तन गर्नु परेमा वा नयाँ ब्राण्ड उत्पादन गर्नु परेमा पनि विभागको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था नियमावलीको नियम २९(२) मा गरिएको छ ।

**५.१.८.६. निरीक्षण पुस्तिका राख्नु पर्ने :**

मदिरा उत्पादन गर्ने डिष्टिलरी/उद्योगमा तोकिए अनुसारको निरीक्षण पुस्तिका राख्नु पर्ने व्यवस्था नियमावलीको नियम २१ मा गरिएको छ । अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले डिष्टिलरी निरीक्षण गर्दा मिति, समय र मदिरा उत्पादन प्रकृया सम्वन्धी देखेका त्रुटी सो पुस्तिकामा लेख्नु पर्दछ।

**५.१.८.७ इजाजत वेगर डिष्टिलरीमा प्रवेश गर्न नपाउने (नियम २०)**

डिष्टिलरी भित्र वा मदिरा राखेको ठाउँ वरपर कामदार वाहेक वेसरोकारवाला अरू कुनै पनि व्यक्ति अन्तःशुल्कवाट खटिएका कर्मचारीको स्वीकृति विना प्रवेश गर्न नपाउने व्यस्था गरिएको छ।

**५.१.९ मदिरा भण्डारण तथा अभिलेख गर्ने व्यबस्थाः**

मदिरा उत्पादन कार्य समाप्त भएपछि उत्पादन स्थल परिसर भित्र गोदामको व्यवस्था गरी सुरक्षित साथ भण्डारण गरी राख्नु पर्ने व्यवस्था नियमावलीको नियम ३३ मा छ। त्यसरी मदिरा भण्डारण गरिएको गोदाममा लगाइने ताल्चामा साँचो लगाई सकेपछि ताल्चाको सांचो घुसाउने प्वाल वन्द हुने गरी टिकट लक टाँस गरी वन्द गर्नु पर्दछ र एउटा साँचो इजाजतपत्रवालाको प्रतिनिधि र अर्को प्रति साँचो अन्तःशुल्क अधिकृत वा कारखानामा खटिएका अन्तःशुल्कका कर्मचारीले राख्नु पर्दछ। यसरी भण्डारण गरी राखिएको मदिरा सुरक्षित साथ राख्ने जिम्मेवारी कारखाना धनीको हुनेछ। उचित संरक्षण नगेको कारणले नोक्सान भएमा कारखाना धनी स्वयं जिम्मेवार हुनु पर्नेछ।

### ५.१.१० मदिराको कच्चा पदार्थ र उत्पादन र बिक्री :

(क) मदिरा उत्पादन गर्ने इजाजतपत्र प्राप्त गरेको व्यक्तिले मोलासिसवाट चुहान भएको मदिराको परिमाण, त्यसको शक्ति समेत उल्लेख गरी नियमावलीको अनुसूची १० वमोजिम र मदिरा विक्री भएको र सोवाट प्राप्त हुने अन्तःशुल्कको फाँटवारी अनुसूची ११ वमोजिमको ढाँचामा विवरण तयार गरी राख्नु पर्दछ। साथै मदिरा वनाउन प्रयोग गरिएको अन्न र फलफुलको हिसाव राखी त्यसको प्रयोगवाट के कति मदिरा उत्पादन भयो सो को विवरण अध्यावधिक गरी अन्तःशुल्क कर्मचारीवाट प्रमाणित गराई राख्नु पर्दछ।

(ख) चिनी वा खाँडसारी उद्योगवाट उत्पादन भएको सख्खर तथा मोलासिसको दैनिक हिसाव राख्नु पर्दछ। त्यसैगरी विक्रीको पनि अध्यावधिक हिसाव राख्नु पर्दछ। सख्खर र मोलासिसको उत्पादन तथा विक्रीको दैनिक हिसाव नियमावलीको नियम २५ अनुसार अनुसूची १२ को ढाँचामा राखि त्यसको मास्केवारी विवरण कार्यालयमा पठाउनु पर्दछ।

(ग) मदिराको कच्चा पदार्थ मोलासेस तथा स्प्रिटको लागि खरिदकर्ताले अनुसूची १६ (क) बमोजिमको निवेदन त्यस्तो कच्चा पर्दाथ खरिद गर्ने उद्योग रहेको स्थानको कार्यालयमा पेश गरी सो कार्यालयबाट स्विकृत लिइ सम्बन्धीत उद्योग प्रतिष्ठानबाट खरिद गर्नु पर्दछ। यसरी खरिद गरेको कच्चा पदार्थ आफनो प्रतिष्ठान रहेको कार्यालयमा पेश गरी कार्यालयको प्रतिनिधिको रोहवरमा आम्दानी बाध्नु पर्दछ।

### ५.१.११ अबैध मदिरा नियन्त्रण संबन्धी व्यवस्था

मदिराको बिक्री वितरण कार्यलाई व्यवस्थित गरी अबैध रूपमा हुने गरेको मदिराको विक्री वितरणलाई सुव्यवस्थित गर्न निम्न व्यवस्था गरिएको छ।

#### ५.१.११.१ अबैध मदिरा नियन्त्रणः

**अबैध मदिरा भन्नालेः**

(क) ऐन/नियमावली तथा मदिरा ऐन/नियमहरू बमोजिम लिनु पर्ने इजाजतपत्र नलिइ उत्पादन गरीएको मदिरालाई अबैध मदिरा भनि बुझ्नु पर्छ। यसरी अबैध ढंगले उत्पादन गरिएको मदिरा ओसार पसार गर्ने, थन्क्याइ राख्ने तथा बिक्री बितरण गर्ने काम समेत अबैध मदिराको परिभाषा अन्तर्गत पर्दछ।

(ख) मदिरा बन्दी बोतलमा नियमानुसार टाँस गर्नु पर्ने अन्तःशुल्क टिकट टाँस नगरीएको मदिरा पनि अबैध मदिरा मानिन्छ।

(ग) अबैध मदिराको उत्पादन, ओसार पसार तथा बिक्री बितरण, अन्तःशुल्क टिकट टाँस नगरिएको मदिराको कारोबार तथा अर्काको ब्राण्डको नक्कल गरी उत्पादन गरिएको मदिरा अबैध मदिरा हो ।

## ५.१.११.२ अबैध मदिरा नियन्त्रण टोली गठनः

देशका बिभिन्न भागमा अबैध मदिरा उत्पादन, संचय तथा अनियन्त्रित बिक्री वितरणको कारणले समाजमा बिकृति व्याप्त भएको र अबैध मदिरा उत्पादन गरी बिक्री हुंदा ऐन तथा नियममावलीको व्यबस्था अनुसारको इजाजतपत्र प्राप्त गरी उत्पादन भएका मदिराको खपतलाई समेत प्रतिकुल असर पर्न गई प्राप्त हुनु पर्ने जति अन्तःशुल्क राजस्व रकम प्राप्त हुदैन । एकातिर राजस्व संकलनमा नकारात्मक असर पर्ने अर्कोतिर अबैध रूपमा उत्पादन गरिएको मदिरा सेबनवाट सर्बसाधारण उपभोक्ताको स्वास्थ्यमा पनि प्रतिकूल असर पर्ने भएकाले अबैध मदिराको कारोबारलाई नियन्त्रण गरी नियमन गर्नको लागि अबैध मदिरा नियन्त्रण समिति गठन गरिएको छ ।

## ५.१.११.३ विभागस्तरीय समन्वय समिति

(क) विभागीय स्तरमा देहाय वमोजिमको अवैध मदिरा नियन्त्रण समन्वय समिति रहने छ :

| | | |
|---|---|---|
| (क) | उपमहानिर्देशक आन्तरिक राजस्व विभाग | संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि, राजस्व अनुसन्धान विभाग | सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि, गृह मन्त्रालय | सदस्य |
| (घ) | अधिकृत प्रतिनिधि, स्थानीय विकास मन्त्रालय, गरपालिका महाशाखा | सदस्य |
| (ङ) | अधिकृत प्रतिनिधि, बाणिज्य विभाग | सदस्य |
| (च) | अधिकृत प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय | सदस्य |
| (छ) | अधिकृत प्रतिनिधि, प्रहरी प्रधान कार्यालय | सदस्य |
| (ज) | अधिकृत प्रतिनिधि, सशस्त्र प्रहरी बल मुख्यालय | सदस्य |
| (झ) | प्रतिनिधि, नेपाल चेम्बर अफ कमर्श | सदस्य |
| (ञ) | अध्यक्ष, नेपाल पेय पदार्थ बिक्री बितरण व्यबसायी महासंघ | सदस्य |
| (ट) | अध्यक्ष, नेपाल खुद्रा व्यापार संघ | सदस्य |
| (ठ) | अध्यक्ष, नेपाल किराना व्यवसाय संघ | सदस्य |
| (ड) | अध्यक्ष, नेपाल मदिरा उत्पादक संघ | सदस्य |

(ढ) अध्यक्ष, नेपाल पेय पदार्थ तथा चूरोट उत्पादक संघ — सदस्य

(ण) निर्देशक, अनुसन्धान शाखा, आ.रा.वि. — सदस्य

(त) निर्देशक, अन्तःशुल्क शाखा, आ.रा.वि. — सदस्य सचिव

(ख) अवैध मदिरा नियन्त्रण व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नको लागि जिल्ला स्तरमा देहाय वमोजिमको अवैध मदिरा नियन्त्रण समिति रहने छ ।

(क) प्रमुख, आन्तरिक राजस्व कार्यालय/ कोष तथा लेखा नियन्त्रक कार्यालय — संयोजक

(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय — सदस्य

(ग). अधिकृत प्रतिनिधि, सशस्त्र प्रहरी कार्यालय — सदस्य

(घ) अधिकृत प्रतिनिधि , नेपाल प्रहरी कार्यालय — सदस्य

(ङ) अध्यक्ष, उद्योग बाणिज्य संघ — सदस्य

(च) अध्यक्ष, मदिरा व्यबसायसँग सम्बन्धित बस्तुगत संघ — सदस्य

(छ) प्रतिनिधि, सम्बन्धित नगरपालिका — सदस्य

(ज) सम्बन्धित कार्यालयको अन्तःशुल्क अधिकृत — सदस्य सचिव

(ग) ऐन, नियमावली, मदिरा ऐन, २०३१ तथा मदिरा नियमावली, २०३३ र सो अन्तर्गतका निर्देशिकाको अधिनमा रही समितिले मदिरा बिक्री वितरण नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक कार्य गर्नेछ ।

(घ) समितिले आफ्नो कार्यविधि आफैं बनाई लागू गर्न सक्नेछ ।

(ङ) समितिले उप समिति तथा अवैध मदिरा तथा नियन्त्रण टोली गठन गरी कार्य गर्न सक्नेछ ।

(च) आन्तरिक राजस्व कार्यालय नभएको ठाउँमा अन्तःशुल्क प्रशासन हेर्ने गरी तोकिएका कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख संयोजक रहने छन् । सो समितिले अवैध मदिरा नियन्त्रण सम्बन्धी कार्य गर्नेछ ।

**५.१.११.४ नियन्त्रण र कारवाही सम्बन्धी व्यवस्था**

(क) यस परिच्छेद बमोजिम कार्य नगर्ने व्यक्तिलाई देहायको कारवाही हुनेछ :

(१) ऐन, नियम उल्लंघन भएको अवस्थामा इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(२) मदिरा ऐन,२०३१ दफा १३ बमोजिम सो कार्यसँग सम्वन्धित मदिरा जफत हुनेछ ।

(३) अन्तःशुल्क ऐनको दफा १६ को उपदफा (५) को खण्ड (ञ) बमोजिम पटकै पिच्छे रू.१०,०००।- (दश हजार रूपैंया) जरिवाना हुनेछ ।

**५.१.११.५ समितिको काम कर्तव्यः**

(क) अवैध मदिरा उत्पादन स्थलमा गै छापा मारी अवैध मदिरा, मदिरा वनाउन प्रयोग भएका यन्त्र, मेशीन, भांडा कुंडा लगायतका सम्पूर्ण वस्तुहरू कब्जामा लिने । सो कार्य गर्ने संलग्न व्यक्तिहरूलाई पक्रने ।

(ख) अवैध मदिरा ओसार पसार गर्ने तथा विक्री वितरण गर्ने वा विक्री वितरणको लागि थन्काइ राखेको स्थानमा अवैद्य मदिरा नियन्त्रण टोली खटाइ छापा मारी अवैध मदिरा र सो मदिरा राखिएको भाडाकुडा तथा ओसार पसार गर्न प्रयोग गरिएको सवारी साधन कब्जामा लिन लगाउने र सो संलग्न व्यक्तिलाई पकाउ गर्ने ।

(ग) माथि उल्लेखित कब्जामा लिएको बस्तु, सवारी साधन तथा पकाउमा परेका व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही चलाउन सम्बन्धित कार्यलयमा वुझाउने ।

(घ) अवैध मदिराको कारोवार नियन्त्रण गर्न उत्पादन गर्ने प्रतिष्ठान तथा वजार अनुगमन कार्यलाई सक्रियताका साथ संचालन गर्ने ।

(ङ) अनुगमन कार्यबाट देखिएका अनियमितताको सम्बन्धमा प्रचलित ऐन, नियमानुसार यथाशिघ्र कारवाही टुङ्गयाउने ।

(च) उपरोक्त कार्यका लागि आवश्यक परेमा नेपाल प्रहरीको थप मद्धत प्राप्त गर्न सकिने छ ।

(छ) अवैद्य मदिरा नियन्त्रण गर्ने सन्दर्भमा समितिको बैठकमा उपस्थित निकायहरूसंग सहयोगात्मक तथा समन्वयात्मक रूपमा सशक्त र प्रभावकारी वजार अनुगमन गर्ने ।

(ज) अवैध मदिरा नियन्त्रणका लागि मदिराको कारोवार गर्ने डिष्ट्रिव्यूटर र डिलरको पहिचान गरी निजहरूको परिसरमा र सूराकी/सूचनाको आधारमा मदिरा भण्डारण भएको गोदाममा निरीक्षण गर्ने, मदिरा खरीद गरेको वील वीजक समेतका प्रमाण सहित मदिराको नमूना लिई परीक्षणको व्यवस्था गर्ने र आवश्यक कानूनी कारवाही गर्ने ।

**५.१.११.६ अवैध मदिरा नियन्त्रणको कामको सन्दर्भमा पाउने सुविधाहरुः**

(क) अवैध मदिरा नियन्त्रण गर्ने कार्यको लागि वजार अनुगमनमा खटिने कर्मचारीहरूलाई अवैध मदिरा नियन्त्रणको वजेटको परिधी भित्र रही दैनिक खाजा खर्च वापत रू.१५०।- दिने ।

(ख) एक महिनामा बढिमा २ वटा सम्म अवैध मदिरा नियन्त्रण समितिको वैठक वसेको अवस्थामा वैठकको वैठक भत्ता खर्च लेख्न सकिने ।

(ग) प्रत्येक बैठकले गरेको निर्णयको जानकारी र खर्चको विवरण विभागमा पठाउने ।

**बिभागले गरेको थप नियमन व्यवस्था**

**१. खुदो स्प्रिट निकासी दिदा अवलम्बन गर्नु पर्ने प्रक्रिया**

(क) अन्तःशुल्क लाग्ने पदार्थ खरिद गर्ने इजाजतपत्र प्राप्त उद्योग, डिष्टिलरी वा व्यक्तिले सो खरिद गर्दा लाग्ने राजस्व रकम दाखिला गरेको सक्कलै भौचर संलग्न राखि खुदो स्प्रिटको निकासी माग निवेदनको ४ प्रति भरी सोझै खरिद स्थानको उद्योग , डिष्टीलरीमा रहेको आन्तरिक राजस्व कार्यालयको इकाई कार्यालयमा निवेदन दिनु पर्दछ ।

(ख) स्प्रिट ,मोलासेस खरिद कर्ताले अन्तःशुल्क इजाजत लिइ नविकरण गरेको हेर्नु पर्दछ ।

(ग) निकासी दिने कर्मचारीले बिक्रेता उद्योग , डिष्टिलरी वा व्यक्तिको कर बांकि भए नभएको र लाग्ने राजस्व रकम दाखिला गरेको ठिक भए नभएको यकिन गरी कर बक्यौता भएमा निकासी दिनु हुदैन ।

तर करदाताले किस्तावन्दीमा अन्तःशुल्क वा अन्य कर तिर्ने सुबिधा लिएको र सो अनुसार कर,शुल्क तिर्ने किस्ताको म्याद बांकि रहेको अवस्थामा भने कर बांकि भए पनि निकासी दिन सक्ने छ ।

(घ) अन्तःशुल्क अधिकृतले निकासीको माग फारम जांच गरी कार्यालयको तर्फबाट भर्ने विबरण सबै भरी निकासीको लागि स्वीकृति दिनु पर्दछ ।

(ड.) पेश भएको ४ प्रति विबरण फारमलाई निम्न अनुसार प्रयोग गर्नु पर्दछ ।

(१) प्रथम प्रति सम्बन्धित खरिद कर्ताको उद्योग, डिष्टिलरी व्यवसाय दर्ता भएको कार्यालयमा रेकर्ड जनिने गरी माल सामान साथ पठाउनु पर्ने । सामान र माग फारम दाखिला गर्ने कार्यालयले प्राप्त माग फारम संग सामान रूजु गरी आम्दानी बांध्ने तथा कुनै कैफियत भएमा तुरून्त सम्बन्धित कार्यालयलाई जानाकारी गराउनु पर्ने ।

(२) दोश्रो प्रति सम्बन्धित बिक्रेता उद्योग, डिष्टिलरीसंग सम्बन्धित कार्यालयमा राजस्व अशुली जनाउन सक्कल बैक दाखिला भौचर माग फारमको प्रति संलग्न राखि पठाउनु पर्ने। सो कार्यालयले प्राप्त बिबरण र भौचर ठिक भए नभएको जाची अभिलेखमा राख्नुपर्ने

(३) तेश्रो प्रति निकासी दिने इकाई कार्यालय (उद्योग, डिष्टिलरी भएको ठाउमा) रेकर्ड ठिक दुरूस्त रूपमा राख्न प्रयोगमा ल्याउने।

(४) चौथो प्रति संबन्धित बिक्रेता उद्योगलाई दिने। उद्योगले बिक्रीको अभिलेखमा सो व्यहोरा जनाइ राख्नुपर्ने ।

(५) सप्लाइ अर्डर प्राप्त भई सोझै अस्पताललाइ बिक्री गरिने वाहेक अन्य औषधि पसलमा बिक्री गर्नको लागि १०० एम एल भन्दा बढि परिमाणको रेक्टी फाइड स्प्रिट र साइलेन्स स्प्रिट प्याकिङ्ग गरी उत्पादन तथा बिक्री गर्न पाइने छैन। औषधि उद्योगलाइ रेक्टीफाइड स्प्रिट बिक्री गर्दा सो ब्यहोरा माग फारममा नै खुलाई स्प्रिटको निकासी दिनु पर्दछ।

(६) स्प्रिटको उत्पादन खरिद बिक्री गर्ने उद्योग फर्म तथा व्यवसायीले अनुसूचि १४ र (अनुसूचि १४(क) बमोजिमको तथा मोलासेस खरिद बिक्री गर्ने उद्योग फर्म तथा व्यवसायीले अनुसूची १४(ख) बमोजिमको खाता समेत प्रयोगमा ल्याउनु पर्दछ।

(७) स्प्रिट तथा मोलासेस बिक्री गर्ने उद्योग फर्म तथा व्यवसायी र निजबबाट त्यस्तो वस्तु खरिद गर्ने उद्योग फर्म तथा व्यवसायीले अनुसूची २८ बमोजिमको मासिक तथा वार्षिक प्रतिवेदन संबन्धीत आन्तरिक राजस्व कार्यालयमा पेश गर्नुपर्दछ।

(८) माग बमोजिम निकासी दिन नमिल्ने भएमा निकासी मागको निवेदन फारममा सो व्यहोरा खुलाइ दरपिठ गरि दिनुपर्दछ।

## २. मोलासिस निर्यात सम्बन्धी व्यवस्था

१. उद्योग प्रतिष्ठानले दिएको स्टक विवरण र स्टकमा भएको मोलासिस ठिक भए नभएको अन्तःशुल्क अधिकृतले स्थलगत निरीक्षण गरी भिडान गर्ने ।

२. चिनी उद्योगहरूबाट मंसिर देखि चैत्र सम्मको कुल उत्पादित मोलासिसको पचास प्रतिशत संचित गरी बाकी पचास प्रतिशत सम्म निकासी गर्न दिने ।

३. मौज्दात मोलासिसको गणना गर्दा विभिन्न उद्योगबाट माग भै आएको मोलासिसको परिमाण घटाई बाकी रहेको परिमाणलाई आधार मान्ने ।

४. निकासी गर्दा Exporter र Importer बिचको सम्झौता पेश गरे पछि मात्र निकासी स्वीकृति दिने ।

५. निकासी स्वीकृति दिदा यसभन्दा अगाडिको निकासी गरेको प्रमाणित हुने कागजात हेर्ने ।

६. भारत निकासी गर्दा Importer ले भारतीय अन्तःशुल्कको स्वीकृति लिएको प्रमाण निकासीकर्ताबाट पेश गराउने ।

७. कुन भन्सार बिन्दूबाट निकासी गर्ने हो सो निबेदनमा खुलाउने ।

८. निकासी हुने मोलासेसको ट्यांकरमा कार्यालयको कर्मचारीको रोहवरमा ट्यांकरमा Load गर्ने, बन्द गर्ने र सिलछाप गरी भन्सार विन्दुसम्म पुऱ्याई सम्बन्धित कर्मचारीको सो सम्बन्धी प्रतिवेदन समेत लिने व्यवस्था मिलाउने । सो को जानकारी भन्सार कार्यालयमा समेत गराउने ।

९. निकासी इजाजत दिनु पूर्व उद्योगले तिर्नु पर्ने अन्तःशुल्क, मूल्यअभिवृद्धि कर तथा आयकर चुक्ता गरेको अभिलेख वा प्रमाण हेर्ने ।

१०. मोलासिस अन्तःशुल्क लाग्ने वस्तु भएकोले नियमावलीको नियम ३ अनुसार मोलासिस उत्पादन गर्ने चिनी उद्योगले समेत अन्तःशुल्क इजाजत लिनु पर्ने हुदा मोलासिस निकासीको इजाजत लिए नलिएको हेर्ने ।

११. मोलासिसको स्थानीय विकी गर्न स्वीकृति दिदा खरीद कर्ताले अन्तःशुल्क इजाजत लिए/नलिएको र त्यसको

प्रयोग समेत हेरी दुरूपयोग हुन नपाउने तर्फ सजगता अपनाउने ।

## ३. मदिरा पुनः प्रशोधन गर्ने संबन्धमा

मदिरा उत्पादन गरी बिक्री बितरण गरिएको वा विक्री नभै गोदाममा रहेका पुरानो तयारी मदिराहरूलाई पुनः प्रशोधन गरी मदिरा उत्पादन गर्ने  सन्दर्भमा बिभागको पूर्व स्वीकृति लिई देहाय अनुसार गर्नु पर्नेछ ।

१. **निष्काशन गरेको बस्तु पुनः उत्पादन सम्बन्धमाः**

(क) पुन उत्पादन गर्न चाहने प्रतिष्ठानले पुन उत्पादन गर्नुपर्नाको कारण, पुन उत्पादन गरी उपभोग गर्न सकिने जांच परीक्षण प्रतिवेदन, सामानको परिमाण, शक्ति, साइज खोली सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(ख) कार्यालय प्रमुखले पुनः उत्पादन गर्ने मिति, परिमाण खोली अनुमति दिने र सो को जानकारी विभागलाई
दिने ।

(ग) अन्तःशुल्कको हकमा नयां दरवन्दी अनुसारको हिसावले फरक (बढी) अन्तःशुल्क रकम मात्र असूल गर्ने, पहिले तिरेको अन्तःशुल्क भन्दा कम असूल भएमा  वा घटी उत्पादन भएमा उत्पादकले दावी गर्न नपाउने ।

(घ) अरू बस्तु निष्काशन वा बिक्री गर्दा सरह मूल्य अभिबृद्धि कर बिजक जारी गर्नु पर्ने भए जारी गर्ने ।

(ङ) खण्ड (घ) को अवस्थामा मूल्य अभिबृद्धि कर नियमावलीको नियम २० बमोजिम  डेविट/क्रेडिट नोट जारी गर्ने र अभिलेख राख्ने ।

(च) अरूको हकमा लेखा मान अनुसार गर्ने ।

२. बिक्री नभएको सामानको हकमाः

(क) पुनः उत्पादन गर्न चाहने प्रतिष्ठानले पुन उत्पादन गर्नुपर्नाको कारण, पुन उत्पादन गरी उपभोग गर्न सकिने जांच परीक्षण प्रतिवेदन, सामानको

परिमाण, शक्ति, साइज खोली सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(ख) कार्यालय प्रमुखले पुनः उत्पादन गर्ने मिति, परिमाण खोली अनुमति दिने र सो को जानकारी बिभागलाई दिने ।

(ग) नियमानुसार लाग्ने अन्तःशुल्क लिई समान निष्काशन गर्न दिने ।

(घ) अरू बस्तु निष्काशन वा बिक्री गर्दा सरह मूल्य अभिबृद्धि कर विजक जारी गर्नु पर्ने भए जारी गर्ने ।

नोटः पुनः उत्पादन गर्न खोजिएको बस्तु मदिराको हकमा सोही शक्तिमा नघट्ने गरी र चुरोटको हकमा सोही दरवन्दीमा नघट्ने गरी मात्र पुनः उत्पादन गर्न पाइनेछ । उत्पादित शक्तिबाट अर्को शक्तिमा लानु पर्ने भएमा वा रूप शक्ति फरक पर्ने भएमा विभागको पूर्व स्वीकृति लिनु पर्दछ ।

**४. मोलासेसको अनुगमन गर्ने**

पोल्ट्री फर्महरूले सम्बन्धित कार्यालयको सिफारिशमा बिभिन्न चिनी कारखानाहरूबाट खरिद गरेको मोलासिस कुखुराको दानामा प्रयोग हुने गरेको छ । यस्ता मोलासिस कुखुराको दानामा के कति अनुपातमा प्रयोग हुन्छ सो अनपातको उत्पादन , विकी गरी आय विवरण पेश भए नभएको हेरी नजिकको घरेलु तथा साना उद्योग कार्यालयबाट बिबरण लिई भिडाई तोकिएको अनुपात भन्दा बढी मोलासिस खरिद गरेको अनुगमनबाट पाइएमा त्यस्ता पोल्ट्री फर्महरूबाट बढी प्रयोग भएको मोलासेसबाट उत्पादन हुने परिमाणको स्प्रिटको हुन आउने अन्तःशुल्क असुल गर्ने ।

## ५.२ वियर संबन्धी व्यवस्था

वियर पनि मदिराको परिभाषा भित्र पर्दछ । वियर फर्मेण्टेशनको प्रकृयावाट उत्पादन गरिने शुन्य दसमलब ५ प्रतिशत देखि आठ प्रतिशत सम्म अल्कोहलको मात्रा भएको पेय पदार्थ हो । वियर उत्पादन गर्दा मकैको ग्रीट, चामलको कनिका र चिनीलाई समेत कच्चा पदार्थको रूपमा प्रयोग गरिन्छ । जौ (Malt), हप्स (Hops), पानी र मर्चा (Yeast) को सम्मिश्रणलाई जीव रसायनीक प्रकृयावाट कुहाई छानी त्यसपछि थिग्राउने प्रकृयावाट वियर उत्पादन हुन्छ । ग्लुकोज वा अन्य रसायनको साथै कार्वनडाईअक्साईडको प्रयोग पनि यसमा गरिएको हुन्छ । वर्टमा भएको चिनीलाई मर्चा (इष्ट ) ले अल्कोहल र कार्वनडाईअक्साईडमा परिणत गर्न फर्मेण्टेशनको कार्य

गर्दछ। यसको प्रकृया पुरा  गर्न ७ देखि २२ दिन सम्म लाग्दछ । कति दिन लाग्ने भन्ने कुरा वियरको प्रकारमा भर पर्दछ। वियरमा लेवल लगाउनु र प्याकिङ्ग गर्नु अगाडी ६० डिग्री तापक्रममा ५० मिनेट सम्म हानिकारक जीवाणु नास गर्न पास्चराईज्ड गरिन्छ

### ५.२.१ फ्लोमिटर (Flowmetre) सम्बन्धी व्यवस्था :

बियर उत्पादन गर्ने अनुमति प्राप्त गरेका व्यक्ति वा प्रतिष्ठानले फ्लोमिटर प्रयोग गरी उत्पादन गर्नुपर्नेछ। यो यन्त्र प्रयोग गर्नका निम्ति विभागले आफ्नो रेखदेख/नियन्त्रणमा रहने गरी तोकिएको मापदण्ड अनुरूप कारखानाले खरीद गरेको मेशिन प्रयोग गर्न दिन सक्नेछ। विभागले उद्योगका लागि तोकिएको मापदण्ड अनुसार वा विभागले दिएको निर्देशन अनुसार फ्लो मिटर प्रयोग गरी बियर बोतलबन्दी गर्नु पूर्व बियरको नाम, प्रकार, ब्राण्ड र बोतलबन्दी गरिने बोतल वा क्यानको आकार उल्लेख गरी देहाय बमोजिमको विवरण पेश गर्नुपर्नेछ।

१ Brew House को क्षमता

२ Fermentation Tank को संख्या र क्षमता

३ BBT (Bright Beer Tank) को संख्या र क्षमता

४ Filler मेशिनको संख्या र क्षमता

५ BBT बाट Filler सम्म जाने पाइपको संख्या र आकार

६ वियर भर्ने बोतल वा क्यान वा केगको आकार

७ बियर उत्पादन प्रक्रियाको Flow Chart

८ विद्युतीय प्रणाली (Electricity System)९ आवश्यक भएको अन्य बिबरण

#### ५.२.१.१ बियरको प्रवाह नाप्न प्रयोग गरिने यन्त्र (फ्लोमिटर) जडान गर्नका लागि निम्न शर्तहरु पूरा हुनु पर्दछः–

(क) वियर उद्योगमा अन्तःशुल्क कर्मचारी खटिएको हुनुपर्नेछ।

(ख) बियरको प्रवाह मापन गर्ने मेशिन वा फ्लोमिटर फिलरभन्दा ठीक अगाडि स्थीर रूपमा वा सार्न नमिल्ने गरी राखिएको हुनुपर्नेछ।

(ग) फ्लोमिटरमा अन्य वस्तु प्रवाह गर्न वा मापन गर्न नपाइने वा अनुमति विना कुनैपनि बियर बाहेकका वस्तु मापन गर्न पाइनेछैन।

तर,

गर्दा छुट्टै राखेर अन्य तरल पदार्थ प्रवाह गर्न सकिनेछ।

#### ५.२.१.२ जडान हुने फ्लोमिटरको गुणस्तर र सोको प्रयोग गर्ने प्रक्रियाः

उद्योगमा जडान गरिने फ्लोमिटरको गुणस्तर देहाय बमोजिम हुनुपर्नेछः–

(क) प्रवाह भएर जाने बियरको परिमाण मापन ठिक ढंगले गर्ने हुनुपर्छ।

(ख) फ्लोमिटरको मापदण्ड खाद्य उद्योग, औषधी उद्योग  मा प्रयोग हुने किसिमको एवं नेपाल गुणस्तर तथा नापतौल विभागले तोकेको गुणस्तर बमोजिमको हुनुपर्नेछ।

(ग) वियर र अन्य तरल पदार्थको प्रवाहलाई छुट्टाउने क्षमता भएको पाइपमा जडान भएको हुनुपर्नेछ।

(घ) विद्युत अवरूद्ध भएको समयमा कम्तीमा एक घण्टा काम गर्न सक्ने क्षमताकौ UPS  को जडान भएको हुनुपर्नेछ।

(ङ) गुणस्तरयुक्त कम्प्यूटर र सोको फ्लोमिटरसँग तथ्यांक आदान प्रदान गर्ने र देखिने प्रणालीयुक्त सफ्टवेयर समाविष्ट हुनुपर्नेछ। यो आधुनिक र वर्तमान प्रविधि मैत्री हुनु पर्नेछ।

(च) विभागद्धारा जडान गर्नु भनी आदेश भएका उत्पादन नियमन र अन्तःशुल्क निर्धारणका लागि उपयुक्त हुन सक्ने अन्य यन्त्रहरू समेत जडान गरिएको हुनुपर्नेछ।

**५.२.१.३** जडान गरिने विन्दु र उपकरणको संख्या हरेक लाइनमा निम्नानुसार हुनुपर्नेछः–

(क) पहिलो विन्दुः फिलर भन्दा ठीक अगाडीको भागमा वियर प्रवाह हुने पाइपमा फ्लोमिटर जडान भएको विन्दुलाई जनाउँछ।

(ख) दोस्रो विन्दुः फिलरबाट बोतल/क्यानमा वियर भरेपछि वियरको बोतल/क्यान संख्या गणना गर्न  बोतल काउन्टर जडान भएको विन्दुलाई जनाउँछ।

(ग) तेस्रो विन्दुः बोतलबन्दी भएको कार्टुन कति परिमाणमा पास भै गएको छ भनी कार्टुन गणना गर्ने कार्टुन काउन्टर जडान भएको विन्दुलाई जनाउँछ। सबै विन्दुहरूमा विभाग वा कार्यालय वा इकाई कार्यालयबाट साँचो लगाउने वा सिल गर्ने व्यवस्था मिलाइएको हुनुपर्नेछ। तर तेस्रो विन्दुको हकमा प्रतिष्ठानले प्राविधिक रूपमा सम्भव छ भन्ने लागि जडान गर्न अनुमति मागेमा विभागले अनुमति दिन सक्नेछ।

**५.२.१.४** फ्लोमिटरबाट बियर प्रवाह गर्दा अपनाउनुपर्ने कार्यविधि देहाय बमोजिम हुनेछः–

(क) बियर उत्पादन गर्न अनुमति पाएका प्रतिष्ठानले अन्तःशुल्क कर्मचारीको रोहवरमा जडान भएका यन्त्रहरू बन्द गर्नुपर्ने र दुवै पक्षको रोहवरमा खोल्ने व्यवस्था मिलाउनुपर्नेछ। यो प्रक्रिया निरन्तर रूपमा अपनाई रहनुपर्नेछ। यस्तो कार्य  इजाजतपत्रवाला र अन्तःशुल्क कर्मचारी दुवैलाई सुविधा पुग्ने गरी गर्नुपर्नेछ।

(ख) फ्लोमिटर जडान गरीसकेपछि गुणस्तर तथा नापतौल विभागले विभागको रोहवरमा प्रतिष्ठानमा जडान भएको फ्लोमिटर ठीक छ/छैन भनी क्यालिब्रेशन (Calibration) गर्नेछ ।

(ग) उक्त बमोजिम क्यालिब्रेशन गरीसकेपछि मात्र उत्पादन गर्न पाइनेछ ।

**५.२.१.५** क्यालिब्रेशन (Calibration) गर्ने प्रक्रिया र फ्लो मिटर जडान सम्बन्धी व्यबस्था::–

**क्यालिब्रेशन प्रक्रियाः**

(क) फ्लोमिटर तथा अन्य काउन्टर एवं यन्त्रको क्यालिब्रेशन निम्न बमोजिम गठन भएको समितिले गर्नेछः–

| | | |
|---|---|---|
| (१) | विभागको अन्तःशुल्क हेर्ने निर्देशक | -संयोजक |
| (२) | नेपाल गुणस्तर तथा नापतौल विभागका प्राविधिक अधिकृत प्रतिनिधि | -सदस्य |
| (३) | विभागको अधिकृत (प्राविधिक) प्रतिनिधि | -सदस्य |
| (४) | सम्बन्धित कार्यालयका अधिकृत प्रतिनिधि | -सदस्य |
| (५) | सम्बन्धित प्रतिष्ठानका धनी वा निजले तोकेको अधिकारप्राप्त प्रतिनिधि | -सदस्य |

(ख) क्यालिब्रेशन विधि तथा प्रक्रिया यस समितिबाट तोके बमोजिम हुनेछ ।

(ग) सम्बन्धित प्रतिष्ठानले फ्लोमिटर जडान गरी उत्पादन गर्नुपूर्व यस समितिद्वारा क्यालिब्रेशन गराउनु पर्नेछ ।

(घ) यस समितिले क्यालिब्रेशन सम्पन्न भएको प्रतिवेदन सात दिन भित्र विभागमा पेश गर्नुपर्नेछ ।

(ङ) क्यालिब्रेशन कार्य कम्तीमा वर्षको एक पटक गर्नुपर्नेछ ।

तर विभागले आवश्यक ठानेमा वा सम्बन्धित प्रतिष्ठानले अनुरोध गरेमा क्यालिब्रेशनको कार्य तोकिए भन्दा बढी पटक पनि हुन सक्नेछ ।

(च) यस समितिका सदस्यहरूको दायित्व क्यालिब्रेशन गर्ने र सोको परिणाम दुरूस्त हुने प्रत्याभूति गर्नु हुनेछ ।

**५.२.१.६ फ्लोमिटर जडान गरीसकेपछि इजाजतपत्रवालाले निम्न कार्यहरु गर्नुपर्नेछः–**

(क) कारखानामा रहेका फ्लोमिटर र सोसँग सम्बन्धित मेशिनरी सामानहरूको भौतिक विवरण कार्यालयमा पेश गर्नुपर्नेछ । सोको एक प्रति अभिलेखको रूपमा उद्योगमा अध्यावधिक गरी राख्नुपर्नेछ ।

(ख) बियर उत्पादनमा प्रयोग हुने मेशिनरी सामान, तिनको उत्पादन क्षमता, मेशिनको मोडल नं., उत्पादन शुरू भएको दिन, महिना, वर्ष (मिति) र क्यालिब्रेशन समितिले क्लालिब्रेशन गरेको मिति समेत उल्लेख गरी अभिलेख राख्नुपर्नेछ । यसको विवरण सबैले देख्नेगरी टाँस समेत गरी राख्नुपर्नेछ ।

(ग) उत्पादन भएको परिमाण, निकासी गरिएको परिमाण, गोदाममा मौज्दात रहेको विवरण र अन्य खुलाउनुपर्ने कुराहरू भएमा सो समेत कारखाना धनीले प्रमाणित गरी अध्यावधिक अभिलेख राख्नुपर्नेछ । सोको विवरण अन्तःशुल्क कर्मचारी वा अन्तःशुल्क अधिकृतले खोजेका बखत उपलब्ध गराउनुपर्नेछ । प्रमाणित प्रतिको प्रतिवेदन तोकिएको म्यादभित्रै सम्बन्धित कार्यालयमा समेत पठाउनुपर्नेछ ।

(घ) कारखानामा खटिएका अन्तःशुल्क कर्मचारीले कारखानाको निम्न स्थान र उपकरणमा साँचो लगाई सिलछाप लगाउनु पर्नेछः–

(१) उत्पादनस्थल भित्र जाने र बाहिर आउने प्रवेशद्वारमा,

(२) फ्लोमिटर र सो यन्त्रले डिस्प्ले (Display) गर्ने स्थान वा अन्य अनुमति प्राप्त कुनै जडान भएको यन्त्रमा ।

(ङ) इजाजतपत्रवालाले फ्लोमिटर वा सो सँग सम्बन्धित उपकरणमा स्वचालित रूपमा बन्द हुने र खोल्ने प्रणाली जडान गर्न चाहेमा सम्बन्धित कार्यालयबाट अनुमति लिनुपर्नेछ ।

**५.२.१.७ फ्लोमिटरको मर्मत सम्भार सम्बन्धी व्यवस्था**

**५.२.१.७.१** प्राविधिक समितिको गठनः

फ्लोमिटर र यससँग सम्बन्धित अन्य उपकरणहरू बिग्रेमा वा तिनीहरूले सही मापन गर्न नसकेको भन्ने कुराको सिफारिश गर्न देहाय बमोजिमको समिति गठन हुनेछः–

(क) सम्बन्धित कार्यालयको प्रमुख – संयोजक

(ख) विभागको कम्प्यूटर अधिकृत – सदस्य

(ग) विभागको प्राविधिक अधिकृत – सदस्य

(घ) गुणस्तर तथा नापतौल विभागको प्राविधिक अधिकृत – सदस्य

(ङ) सम्बन्धित प्रतिष्ठानको धनी वा निजको अधिकारप्राप्त प्रतिनिधि – सदस्य

**५.२.१.७.२** निम्न अवस्थामा फ्लोमिटर बिग्री काम नगर्ने भएको र सोबाट भएको प्रवाहमा गडबड भएको छ भन्ने मानिनेछः–

(क) Display Unit मा अंक नदेखिएमा वा देखिएतापनि अंक गडबड भई वा बिग्रिएर आएमा,

(ख) विन्दु नं. २ मा देखिएको अंकहरू विन्दु नं. १ मा देखिएको भन्दा बढी भएमा,

(ग) विन्दु नं. ३ मा देखिएका अंकहरू वा अक्षरहरू विन्दु नं. १ वा विन्दु नं. २ को भन्दा बढी भएमा

(घ) बियरको परिमाण जति देखाउनुपर्ने हो वा हुनुपर्ने हो त्यो भन्दा असामान्य रूपमा घटी वा बढी भएको देखाएमा,

**५.२.१.७.३.** फ्लोमिटरको गडवढीले गर्दा बियर उत्पादन प्रक्रियामा कुनै बाधा आएमा इजाजतपत्रवालाले कारखानामा खटिएको अन्तःशुल्क कर्मचारीलाई जानकारी गराउनु पर्नेछ। फ्लोमिटरमा गडबढ भै वा बिग्री निश्चित रूपमा बियरको प्रवाह नाप्न नसक्ने भएमा वा बियरको बोतल तथा क्यानको गणना गर्न नसकिने भएमा लाइन वा प्रवाह हुने स्थान अलग अलग छुट्टाएर अन्तःशुल्क अधिकृतको निर्देशनमा जाँच्नुपर्नेछ। यस्तो नाप जाँच गर्ने कार्य बियर गोदाममा पठाउनु पूर्व नै सम्पन्न भएको हुनुपर्नेछ। त्यसरी नाप जाँच गरेको प्रमाण अनुसूची २२ बमोजिम अध्यावधिक गरी अभिलेख राख्नुपर्नेछ।

**५.२.१.७.४** अन्तःशुल्क कर्मचारीले **५.२.१.७.३.** बमोजिमको जानकारी कार्यालयलाई र कार्यालयले पनि सोको जानकारी बिभागलाई तुरून्त दिनु पर्नेछ।

**५.२.१.७.५** विभागद्वारा विग्रेको व्यहोरा समेतको जानकारी प्राप्त भएमा प्राविधिक समितिले सात (७) दिनभित्रमा स्थलगत निरीक्षण गरी आफ्नो राय सिफारिश साथ विभाग तथा सम्बन्धित कार्यालयमा निरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ। समितिले निम्न विषयमा आधार समेत खुलाई राय दिनुपर्नेछः

(क) सामान्य मर्मतबाट संचालन हुनसक्ने अवस्था

(ख) मर्मत गर्न लामो समय लाग्ने अवस्था ।

**५.२.१.७.६** **५.२.१.७.५** को (क) बमोजिमको सिफारिश प्राप्त भएपछि विभाग वा सम्बन्धित कार्यालयले प्रतिष्ठानलाई तुरून्त विग्रेका मेशिन उपकरण मर्मत सम्भार गरी दुरूस्त गर्न आदेश दिनुपर्नेछ। यस्तो मर्मत सम्भार गर्ने दायित्व प्रतिष्ठानको हुनेछ ।

**५.२.१.७.७** **५.२.१.७.५** को (ख) को अवस्था आई समितिबाट मर्मत गर्न लाग्ने अधिकतम समय खुलाई राय प्राप्त भएमा विभाग वा कार्यालयले सो अवधिभित्र मर्मत सम्भार गरी नियमित गर्न आदेश दिन सक्नेछ ।

स्पष्टीकरण: **५.२.१.७.६** र **५.२.१.७.७** को प्रयोजनको लागि मर्मत अवधिमा उत्पादन कार्यलाई नियमित गर्न वाधा पुर्‍याएको मानिनेछैन । फ्लोमिटर बिग्रेको अवस्थामा उत्पादन नरोकिने बैकल्पिक व्यवस्थाको लागि विभागले स्वीकृति दिन सक्नेछ ।

**५.२.१.७.८** **५.२.१.७.७** बमोजिमको आदेश अनुसार उत्पादन भएकोमा पनि अन्तःशुल्क कर्मचारी र प्रतिष्ठानले उत्पादनको अभिलेख दुरूस्त गरी नियमित गरी राख्नुपर्नेछ ।

**५.२.१.८ फ्लोमिटर जाँच तथा मूल्यांकनः**

**५.२.१.८.१** अन्तःशुल्क कर्मचारीको कर्तव्यः– देहायमा उल्लेख भए बमोजिम फ्लोमिटर ठीक छ वा छैन भनी हरेक दिन जाँच गर्नु कारखानामा खटिएका कर्मचारीको कर्तव्य हुनेछः–

(क) बोतलबन्दी हुनुपूर्व फ्लोमिटरको जाँच हुनुपर्ने–

(ख) फ्लोमिटरबाट बियर प्रवाह गर्नुपूर्व नै उत्पादन गर्ने मेशिन सफा छ छैन जाँच्ने ।

(ग). बियर प्रवाह हुने विन्दु (फ्लोमिटर) मा सिलबन्दी तथा ताल्चा लगाए नलगाएको समेत जाँचबुझ गर्ने अथवा यति परिमाण प्रवाह भै गयो भन्ने देखाउने बाकस र अन्य मापन गर्ने सबै मेशिन भएका विन्दुमा बन्द र सिल भए नभएको हेर्ने ।

(घ) फ्लोमिटर, बोतल काउन्टर, कम्प्यूटर, र अन्य नेटवर्किङ्गका मेशिनहरूको जाँच गर्ने ।

(ङ) कम्प्यूटर जाँच गर्ने र त्यसमा भएको पूर्ववत अन्तिम अभिलेख हेरी भिडान गर्ने ।

(च) बोतल काउन्टरको र फ्लोमिटरको अन्तिम अंक जाँच्ने, सोको अभिलेख राख्ने र त्यसको पुनरावृत्ति () गर्ने र अन्य जाँच्नुपर्ने भनी तोकिएका सबै कार्य गर्ने ।

**५.२.१.८.२** उत्पादन प्रक्रियामा प्रयोग भएका सबै मेशिनरी सामान, बोतल र क्यान हरेक दिन ठीक छन्/छैनन् भनी देहाय अनुसार जाँच्नेः–

(क) कम्प्यूटर, नेटवर्किङ्गका मेशिन वा अन्य कुनै मेशिन भए सो पनि जाँच्ने ।

(ख) प्रत्येक फ्लोमिटर र बोतल काउन्टर राम्रोसँग सञ्चालन भैरहेका छन् वा छैनन् भनी जाँच्ने ।

(ग) प्राविधिक समिति वा क्यालिब्रेशन समितिलाई आवश्यक सहयोग पुर्‍याउने ।

(घ) समितिले सम्पन्न गरेका कार्यको प्रतिवेदन पाक्षिक रूपमा कार्यालयलाई दिनुपर्नेछ ।

**५.२.१.८.३** अन्तःशुल्क कर्मचारीले विन्दु नं.१ को फ्लोमिटर जाँच गर्दा र विन्दु नं. २ को काउन्टर जाँच गर्दा अथवा अन्य स्थानहरूमा राखिएका मिटरहरू जाँच गर्दा खराबी भएको देखिएमा र ती मिटरले निश्चित रूपमा उचित परिमाण देखाउन नसकेको पाइएमा निम्नानुसार गर्नुपर्नेछ :

(क) कुन मिटर, के कति कारणले कति बेला, कुन मितिमा बिग्रिएको हो भन्ने खराबीको पूर्ण विवरण राख्नुपर्नेछ । सोको जानकारी छिटो साधन वा अनलाइनद्वारा कार्यालयका प्रमुख र विभागमा समेत पठाउनुपर्नेछ ।

(ख) बियर उत्पादक वा इजाजतपत्रवालालाई समेत यो मेशिन विग्रेको छ भनी जानकारी दिने ।

(ग) सूचना पाटी (Notice Board) मा टाँस गर्नुपर्नेः–

**"यो मेशिन बिग्रेको छ"** भन्ने जानकारी गराउने सूचना सबैले देख्ने र बुझ्ने गरी टाँस गर्ने

### ५.२.१.८ फ्लोमिटर जाँच सम्बन्धी अन्तःशुल्क अधिकृतको कर्तव्यः

**५.२.१.८**.१ फ्लोमिटर जडान गरेपछि अन्तःशुल्क निर्धारण प्रणाली प्रभावकारी र परिणाममुखी बनाउनका निमित्त फ्लोमिटर ठीक छ छैन र सो मेशिनले काम गरेको छ/छैन भन्ने जाँच गर्ने दायित्व अन्तःशुल्क अधिकृतको हुनेछ ।

**५.२.१.८**.२ अन्तःशुल्क अधिकृतले निम्न कर्तव्य निर्वाह गर्नुपर्नेछः:

(क) प्रतिष्ठानमा खटिएको अन्तःशुल्क कर्मचारीको कार्य सम्पादन, निजले राखेको अभिलेख ठिक छ छैन, आफ्नो कर्तव्य र दायित्व निर्वाह गरे नगरेको अनुगमन, निरीक्षण गरी मासिक रूपमा निर्देशन दिने,

(ख) मासिक रूपमा फ्लोमिटरको चेक जाँच गर्ने,

(ग) फ्लोमिटरको डिस्प्ले अंक, काउन्टरको अंक र सोको कम्प्यूटरमा देखिने अंक भिडान गर्ने। आवश्यकता अनुसार सो कार्य गर्नका लागि एक एक गरेर (Manually) नै परिमाण गणना गरी जाँच गर्नुपर्नेछ,

(घ) प्रतिष्ठान तथा अन्तःशुल्क कर्मचारीले राख्नुपर्ने अभिलेख र दिनुपर्ने प्रतिवेदन अध्यावधिक गरे नगरेको हेर्ने र अभिलेख अध्यावधिक गर्न लगाउने,

(ङ) नियमावलीद्वारा तोकिएका अन्य कार्य गर्ने,

(च) चेक जाँच गरेको कार्यको प्रतिवेदन चेक जाँच गरेको सात गतेभित्र कार्यालयमा दिने र कार्यालयले विभागलाई दिनु पर्नेछ।

(छ) कुनै कारणबश फ्लोमिटर बिग्रिइ प्रयोग हुन नसक्ने अवस्था भएमा कारखानाको उत्पादन नरोकिने गरी नियन्त्रणको बैकल्पिक व्यबस्था प्रयोगमा ल्याउन लगाउने।

### ५.२.१.९ सफ्टवेयर र नेटवर्किङ सम्बन्धी व्यवस्था

**५.२.१.९**.१ कम्प्यूटर सफ्टवेयर सम्बन्धी शर्त र व्यवस्थाः

(क) इजाजतपत्रवालालले फ्लोमिटरका साथमा सोको डाटा संचालन र प्रशोधन गर्ने सफ्टवेयर समेत जडान गर्नुपर्नेछ। सफ्टवेयरका लागि कम्प्यूटर को अनिवार्य व्यवस्था गर्नुपर्नेछ।

(ख) फ्लोमिटरमा जडान हुने सफ्टवेयर Volume Counter/ Bottle Counter बाट प्राप्त हुने अभिलेखहरू हरेक ५ (पाँच) मिनेटमा Update गर्ने क्षमता भएको हुनुपर्नेछ।

(ग) एकपटक कम्प्यूटरमा प्रविष्टी भैसकेको अभिलेख कुनै किसिमले मेटाउन वा हेरफेर गर्न नमिल्ने हुनुपर्नेछ। यदि कुनै किसिमले वा कुनै कारणवश त्यस्तो भएमा सोको स्वतः अभिलेख (Automatic Recording) कम्प्यूटरमा भई रहनु पर्नेछ।

(घ) स्वतः प्राप्ती हुने अभिलेख कम्प्यूटरमा प्रविष्टी तथा डाटा व्याकअप सुरक्षित रहनुपर्नेछ । प्रविष्टी भएको अभिलेख MIS प्रयोजनका लागि आवश्यक प्रतिवेदन सजिलैसँग तयार हुने किसिमको हुनुपर्नेछ ।

(ङ) यसरी जडान हुने सफ्टवेयर कम्तीमा पनि हुनुपर्नेछ ।

(च) Remote Location बाट सम्बन्धित कार्यालय तथा विभागले उक्त सफ्टवेयर प्रयोग भएको कम्प्यूटरमा पहुँच (Access) गर्न र connection गर्न सकिने हुनुपर्नेछ ।

**५.२.१.९.२** अन्तःशुल्क कर्मचारीले प्रत्येक उत्पादन सिफ्टको गणना भएको Volume counting र Bottle Counting का अभिलेखहरू इजाजतपत्रवालाद्वारा प्रमाणित गराई अनुसूची २२ बमोजिम अभिलेख राख्नुपर्नेछ । सोको अनुसूची बमोजिमको मासिक प्रतिवेदन कार्यालयमा पछिल्लो महिनाको सात गतेभित्र दिनुपर्नेछ ।

**५.२.१.९.३** नेटवर्किङ सम्बन्धी शर्त र व्यवस्थाः

(क) इजाजतपत्रवालाले आफ्नो प्रतिष्ठानमा रहेको कम्प्यूटरको डाटा सम्बन्धित कार्यालयमा रहेको कम्प्यूटरमा transfer गर्ने, अनलाइन हेर्न सकिने गरी अनलाइन नेटवर्किङ्ग गर्नुपर्नेछ ।

(ख) नेटवर्किङ्ग गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार, प्राविधिक पूर्वाधार र तिनको आवश्यकतानुसार मर्मत सम्भार गर्ने दायित्व पनि इजाजतपत्रवालाको नै हुनेछ ।

(ग) नेटवर्किङ्ग कुनै कारणवश काम नगर्ने भएमा वा बिग्रेर उत्पादन भएको समयमा काम नगरेमा सम्बन्धित प्रतिष्ठानमा खटिएको अन्तःशुल्क कर्मचारीले अनलाइन गर्नुपर्ने डाटा सुरक्षित राखी सोको व्याकअप डाटा नेटवर्किङ्ग सुचारू भएपछि कार्यालयमा ट्रान्सफर गर्नुपर्नेछ ।

## <u>Specification of Electromagnetic Flowmeters for beer industries</u>

1. Scope

This specification describes the principle, construction and main features of electromagnetic Flowmeters for the measurement of flow rate of a conductive liquid in a closed conduit running full. This specification is recommended for beer industries.

2. Construction and operating principle

As per ISO_6817_1992 - Measurement of conductive liquid flow in closed conduits - method using electromagnetic Flowmeters.

3. Specification

3.1 General

- It should be constructed so as to meet hygienic requirement as per National/International standards.
- It should be suited for batch, filling and injection process.
- volumetric measument should be in m3, liters, gallons etc.
- All electrical characteristics should be valid at an ambient temperature $-10^0$ C to + $50^0$ c, unless otherwise stated.
- type test should be according to OIML R 117.
- Protection class should be according to IP67/IP68.

3.2 Operational Specifications

- Accuracy — 1% or rate
- Reproducibility — 0.2% of rate
- Ambient temperature — $-10^0$ C to + $50^0$ c
- Liquid
  - Minimum Fluid Conductivity — 5 u S/cm
  - Temperature range — $-30^0$ C to + $100^0$ c
  - Maximum inlet pressure — 10 bar
  - Flow — unidirectional or bi-directional flow

3.3 Material/construction

| | |
|---|---|
| • Meter Tube | Stainless Steel |
| • Housing | Stainless Steel/Aluminum/PPO Noryle |
| • Liner/coating | Appropriate |

| | |
|---|---|
| • Electrode | Stainless steel/Hastelloy/Platinum-Iridium/Tanatalum/Titanium |
| • Mounting/connections | Clamp/Flanges |
| • Size | DN 25 to 100 according to capacity |

3.4 Secondary device/Electronic Module

- Flowmeters should have one or two secondary devices. For example, separate electronic module and terminal box etc.
- Electronic module should be based on microprocessor.
- It should be consist of appropriate displays unit.
- The output and display will remain as follows when power fails.
- System output should be digital pulse output for electronic/electromechanical counter.
- It should be provided with data communication network for central data collection or control.
- It should have batch control function.
- It should have more than one volume counter. Each volume counter may be independently cleared or preset to a specific value.
- It should have different types of memory (volatile and non volatile) depending on the value of a control variable following a reset or a power failure, and the states of write protection.
- It should have functioned for automatic zero point correction.
- It should have function to stop signal from internal preset counter.
- Power supply is according to manufacturer rating.

4. Calibration and verification

verification and calibration should be done according to National regulation.

## Computer Software **मा हुनुपर्ने न्यूनतम आधारहरु :**

- Flowmeter मा प्रयोग हुने सफ्टवेयरले volume counter / Bottle Counter वाट प्राप्त हुने अभिलेखहरू हरेक ५ मिनेटमा update गर्नुपर्ने ।
- उपरोक्त बमोजिमको अभिलेख कम्प्युटरमा Automatically प्रविष्ट हुनुपर्ने ।
- एक पटक कम्प्युटरमा प्रविष्ट भैसकेको अभिलेख कुनै किसिमले मेटाउन वा हेरफेर गर्न नसकिने हुनुपर्ने । यदि कुनै किसिमले/कारणवशः त्यस्तो भएमा सो कुराको Automatic अभिलेख कम्प्यूटर आफैले लग राख्नु पर्ने ।
- प्राप्त अभिलेख कम्प्युटरमा प्रविष्ट भैसकेपछि MIS प्रयोजनका लागि आवश्यक रिपोर्ट सजिलै तयार गर्न सकिने किसिमको हुनुपर्ने ।
- उक्त सफ्टवेयर कम्तिमा Windows Compatible हुनुपर्ने ।
- Remote Location वाट यदि सम्वन्धित निकायले उक्त सफ्टवेयर प्रयोग भएको कम्प्युटरमा Access गर्न चाहेमा सजिलै Connect गर्न सकिने हुनुपर्ने ।

### ५.२.२ वियरको वोतल वा क्यान वन्दी प्रकृया :

**५.२.२.१** तयार भएको वियरलाई राम्ररी सफा गरिएको वोतल वा क्यानमा भर्ने र क्राउन कर्क लगाउने तथा लेवल लगाउने कार्य पनि गरिन्छ। वियरको पास्चराईज्ड गरि सके पछि मात्र लेवल टाँस्ने र विर्को लगाउने तथा कार्टुनमा प्याकिङ्ग गर्ने कार्य गरिन्छ ।

**५.२.२.२** वियर उत्पादन गर्ने प्रतिष्ठानले तयारी वियर अन्तिम रूपमा वोतल वन्दी गर्दा कार्यालयवाट सिलवन्दी गरिएको विद्युतीय सूचना सम्प्रेषण क्षमता भएको अटो फ्लो मिटर स्थायी रूपमा जडान गर्नु पर्छ। फ्लो मिटरमा जडान भएको पाइपवाट मात्र वियर प्रवाह हुने गरी वोतल वन्दी गर्नु पर्दछ।

५.२.२.३ आर्थिक ऐन,२०६८ भन्सार महसूलको दफा १९ विविध (४) मा "ब्रुअरी कम्पनिले क्राउनकर्क पैठारी गर्दा आन्तरिक राजस्व कार्यालयको सिफारिसमा मात्र पैठारी गर्नुपर्ने छ " भन्ने व्यवस्था मुताविक ब्रुअरी उद्योगबाट सिफारिसको लागि अनुरोध भै आएमा त्यस्तो सिफारिस गर्नुपर्दछ। पैठारी भै आएका काउनकर्कको प्राप्ति परिमाण , प्रयोग तथा जर्ति सम्बन्धि अभिलेख अनिवार्य रूपमा राख्न लगाई जर्ति गएको काउनकर्कको प्रतिशत निकाली मासिक अभिलेख तयार गर्न लगाउनु पर्दछ। फ्लोमिटरले देखाएको उत्पादन र काउनकर्कको प्रयोगबाट देखिने उत्पादन निकासी तथा अन्तःशुल्क स्टीकर प्रयोगबाट देखिने उत्पादन निकासी तथा मौज्दात

वीचको हिसाव मासिक रूपमा भिडान गरी भिडान नभए जतिको हकमा प्रचलित कानून बमोजिम गर्नुपर्दछ ।

**५.२.३ वियरको प्याकिङ्ग व्यवस्था**

**५.२.३.१** वोतलवन्द एक केशमा ६५० एम.एलको १२ वोतल वन्दी वियर प्याकिङ्ग गर्नु पर्नेछ ।

**५.२.३.२** वोतलवन्दी एक केशमा ३३० एम.एल. को २४ वोतल वन्दी वियर प्याकिङ्ग गर्नु पर्नेछ ।

**५.२.३.३** ड्राफ्ट वियर एक केगमा (Keg) मा ३० लिटर वा ५० लिटर ड्राफ्ट वियर प्याकिङ्ग गर्न सकिनेछ । तर डाफ्ट वियरको हकमा विभागबाट छुट्टै स्वीकृति प्राप्त गर्नुपर्नेछ ।

५.२.३.४ **उद्योगले अन्य को वोतलमा वियर उत्पादन गर्न चाहेमा विभागले स्विकृती दिन सक्नेछ ।**

**५.२.३.५** बिदेश निर्यातको हकमा इजाजतपत्रवालाको माग अनुसार पटके रूपमा र स्थानीय विक्री वितरणको लागि अर्न्तराष्टिय प्रयोग समेत हेरी अन्तःशुल्क स्टिकर उपलव्धताका आधारमा अन्य साईजमा समेत प्याकिंगको अनुमति बिभागले दिन सक्तछ ।

तर त्यस्तो प्याकिङ्ग भएको सामानको परिमाण तोकिएको परिमााण संग बिभक्त गर्दा वा गुणन गर्दा मिल्नु पर्दछ ।

**५.२.४ उत्पादनको लेवलमा उल्लेख गर्नु पर्नेकुराहरु**

वियरको हरेक वोतलमा ट्रेडमार्क, उत्पादन मिति, ब्याच नं., सिरियल नं., अल्कोहलको मात्रा, व्राण्डको नाम एवं अधिकतम खुद्रा मुल्य टाँस गर्नु पर्ने र सेवन गर्न सकिने अन्तिम मिति समेत उल्लेख गर्नु पर्दछ । सेवन गरिने मापदण्ड सम्वन्धित निकायले निर्धारण गर्न आदेश दिएकोमा वा व्यवस्था गरेकोमा सो समेत सवैले देख्ने गरी उल्लेख गर्नु पर्नेछ ।

**५.२.५ निष्कासन र विक्री वितरण प्रकृया :**

**५.२.५.१** इजाजतवालाले वियर निष्कासन गर्दा सम्पूर्ण अन्तःशुल्क एवम् लाग्ने अन्य कर तथा दस्तुर तिरेको हुनु पर्छ । कुनै पनि राजस्व बांकि वक्यौता रहनु हुदैन । अन्तःशुल्क दाखिला गरेको भौचर वा रसीद संलग्न गरी निष्कासन माग फाराम अनुसूची २० चार प्रति भरी वियर निष्कासन गर्ने स्वीकृतिका लागि अन्तःशुल्कको इकाई कार्यालयमा पेश गर्नु पर्नेछ ।

**५.२.५.२** निष्कासनको लागि अनुमति माग भै आएको निष्कासन माग फाराम अनुसारको परिमाण, सो को हुने सम्पूर्ण अन्तःशुल्क एवम् लाग्ने अन्य कर तथा दस्तुर दाखिला गरेको छ छैन , विगतको राजस्व वक्यौता छ छैन

जाँची ठिक भए मात्र इकाईमा खटिएका अन्तःशुल्क कर्मचारीले अनुमतिका लागि सिफारिस गर्नु पर्दछ ।

**५.२.५.३** अन्तःशुल्क अधिकृतले निष्कासन गर्ने स्वीकृति दिदा इकाई कार्यालयको सिफारिस हेर्नु पर्दछ । यदि इकाई कार्यालयका कर्मचारीलाई अधिकार प्रत्यायोजन भएको छ भने पनि ५.२.५.४ बमोजिम गर्नु पर्दछ ।

**५.२.५.४** निष्कासनको लागि स्वीकृत भै प्राप्त भएको निष्कासन माग फाराममा उल्लेख भए अनुसार निष्कासन गरिने वियर वापतको अन्तःशुल्क एवम् अन्य कर तथा दस्तुर दाखिला र पुरानो राजस्व वक्यौता चुक्ता भएको भिडान गरी भौतिक जाँच समेत गरी अनुसूचि २१ को तयारी वोतलवन्दी वियर र निस्कासन (आम्दानी तथा खर्च) खाता बमोजिमको अभिलेखमा प्रबिष्ट गराएर मात्र निष्कासन गर्न स्वकृति दिनु पर्दछ ।

**५.२.५.५** वियर निष्कासन गर्नु पूर्व बिभागले तोके बमोजिम अन्तःशुल्क टिकट टाँस गरेको हुनु पर्नेछ ।

**५.२.५.६** वियर उत्पादकले वियरको खरीद विक्री गर्ने अन्तःशुल्क इजाजत पत्र प्राप्त वितरक, थोक विक्रेता वा डिलरलाई मात्र विक्री गर्नु पर्नेछ ।

**५.२.५.७** विदेशवाट पैठारी गरेको वियर खरीद विक्री गर्नेले वियर खरीदको श्रोत खुलाउनु पर्नेछ ।

**५.२.५.८** खरीद गर्दा वियरको कार्टुन वा केगमा अन्तःशुल्क टिकट लगाएको छ छैन सो हेरेर मात्र खरीद गर्नु पर्नेछ । अन्तःशुल्क टिकट नटाँसिएको वियर खरीद गरेको भेटिएमा अवैध मानिन्छ ।

## ५.२.६ वियरको अभिलेख

**५.२.६.१** बियर उत्पादन शुरू गर्नु पूर्व र उत्पादन गरीसकेपछि अन्तःशुल्क कर्मचारीले अनुसूचि २२ बमोजिमको वियर वोतल वन्दी सम्बन्धी प्रतिवेदनको अभिलेखमा निम्न कुराहरू खुलाइ राख्नुपर्नेछः–

(क) बियरको उत्पादन परिमाण

(ख) उत्पादित बियरको बोतल वा क्यानको निष्कासन परिमाण

(ग) उत्पादन प्रक्रियाको पहिलो चरण (विन्दु) देखि दोश्रो चरण (विन्दु) सम्म जाँदाको परिमाण

(घ) विन्दु १ र २ (वा भएमा ३ पनि) मा जडित उपकरणद्वारा रेकर्ड गरिएको परिमाण

(ङ) उत्पादन प्रक्रियामा गएको नोक्सानी वा जर्तिको विवरण ।

**५.२.६.२** कारखानामा खटिएको अन्तःशुल्क कर्मचारीले अनुसूची २३ बमोजिमको निस्कासन गरिएको तथा वोतलवन्दी गरिएको विबरण सम्बन्धी अभिलेख राख्नुपर्नेछ । यसमा बियरको आम्दानी र खर्चको विवरण खुलाउनुपर्नेछ ।

**५.२.६.३** विन्दु १ बाट विन्दु २ मा (बिन्दु ३ भएमा सोमा पनि) बियर प्रवाह भई जाँदा हानी नोक्सानी भएको वियरको जाँच गरी कारखाना धनी वा निजको प्रतिनिधिले अन्तःशुल्क कर्मचारीको सिफारिशमा सम्बन्धित कार्यालयमा प्रतिवेदन दिनुपर्नेछ र सोको अभिलेख समेत राख्नुपर्नेछ ।

**५.२.६.४** अन्तःशुल्क निर्धारण गर्दा फ्लोमिटर र बोतल काउन्टर वा अन्य यस्तै जडित यन्त्रमा नोक्सान भएको देखिने परिमाण र वास्तविक गणनाबाट घटी भएको परिमाणको विवरण निम्नानुसार राख्नुपर्नेछः

(क) बिन्दु नं. १ मा कति बियर पठाएको भन्ने मापन गरी कति परिमाण प्रवाह भएको छ भन्ने कुराको विवरण राख्ने ।

(ख) विन्दु नं. १ बाट बिन्दु नं. २ मा जाँदा भएको नोक्सानीलाई प्रवाह हुँदा रेकर्ड गरिएको परिमाणबाट विन्दु नं. २ मा देखिएको परिमाणलाई घटाएर हेर्दा देखिने फरकको रूपमा गणना गरी राख्ने ।

(ग) विन्दु नं. २ पश्चात भएको नोक्सानीलाई भौतिक रूपमा वास्तविक संख्या गणना गरी सोको अभिलेख राख्ने ।

**५.२.६.५** प्रत्येक महिनाको २५ गते भित्र अनुसूची २४ बमोजिमको बूअरीवालाले दिनु पर्ने वियरका वोतलहरूको बिक्री र त्यसबाट आउने अन्तःशुल्कको मासिक तथा वार्षिक फाटवारी विवरण प्रतिष्ठानले अनिवार्य रूपमा कार्यालयमा पठाउनु पर्नेछ ।

## ५.२.७ वियर मौज्दात कमीको मिन्हा ( नियमावलीको नियम २३क को उप नियम (१) )

(क) बियर उत्पादन गर्ने इजाजतपत्रवालाले तयारी वियर अन्तिम रूपमा वोतल वन्दी गर्दा फ्लोमिटरले देखाएको परिमाण भन्दा वोतल वन्दी भएपछिको वोतल काउण्टरले देखाएको परिमाणको मौज्दात कमी र पाश्चराइजेशन, प्याकेजिङ्ग तथा गोदाममा भण्डारण गर्दा टुटफुट वा विग्रिएर वोतलमा प्रयोग हुन नसक्ने अवस्थाका क्राउन कर्कको मौज्दात कमीको विवरण विभागले तोकेको ढाँचामा ( अनुसूची २५ बमोजिम नोक्सानी मिन्हाको निवेदन ) मासिक रूपमा उल्लेख गरी मिन्हाको लागि अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(ख) उपनियम (१) वमोजिम पेश भएको विवरण अन्तःशुल्क अधिकृतले पन्ध्र दिन भित्र जाँच गर्नु पर्नेछ । त्यसरी जांच गर्दा फ्लोमिटरले देखाएको परिमाणको परिमाण भन्दा बोतलबन्दी भएपछिको बोतल काउण्टरले देखाएको परिमाणको मौज्दात कमी भएमा वढीमा १.५ प्रतिशत सम्म र पाश्चराईजेशन, प्याकेजिङ्ग तथा गोदाममा भण्डारण गर्दा टुटफुट वा विग्रेको वियरको भौतिक परीक्षण गरी वढीमा दुई प्रतिशतसम्म मौज्दात कमीको मिन्हा दिन सक्नेछ ।

## ५.३ चुरोट र बिडी तथा सूर्तिजन्य वस्तु संबन्धी व्यवस्था

### ५.३.१ चुरोट :

चुरोट भन्नाले नेपालमा उत्पादन भएको वा अन्य विदेशी मुलुकहरूवाट पैठारी गरिएको सूर्तिबाट पूर्ण वा आंशिक रूपले प्रशोधन गरी फिल्टर राखि वा नराखी धुम्रपानको निमित्त तयार गरिएको जुनसुकै प्रकारको चुरोटलाइ सम्झनु पर्दछ । विभिन्न स्वदेशी तथा विदेशी विभिन्न जात र गुणस्तरका सुर्तीहरू लाई मिसाई विभिन्न ब्राण्डको चुरोट तयार गरिन्छ। चुरोट उत्पादन , खरीद विकी , पैठारी तथा निर्यात र संचय गर्न अन्तःशुल्क इजाजत लिनु पर्दछ।

#### ५.३.१.१ चुरोट उत्पादन तथा विकी वितरण :

नियमावलीको नियम १४ बमोजिम चुरोट उत्पादन गर्ने इजाजतपत्रवालाले देहाय बमोजिमको कार्य गर्नुपर्नेछ।

(क) कच्चा र कोरा सुर्तीको हिसाव राख्नु पर्नेः

चुरोट वनाउनको निमित्त प्रतिष्ठानमा झिकाइएको सवै प्रकारका स्वदेशी र विदेशी सुर्तीको हिसाव तथा विवरण अनुसूची ५ बमोजिमको ढांचामा राखि प्रतिष्ठानमा खटिएका अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई राख्नु पर्ने ।

(ख) सुर्ती खपतको हिसाव राख्नेः

चुरोट वनाउनलाई प्रयोग गरिएको सुर्तीको हिसाव अनुसूची ६ बमोजिमको ढांचामा राखि प्रतिष्ठानमा खटिएका अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रत्येक दिन जंचाई प्रमाणित गराई राख्नु पर्ने ।

(ग) चुरोटमा सुर्तीको अनुपात खुलाउने :

विभिन्न प्रकारको चुरोट वनाउन प्रयोग गरिने स्वदेशी तथा विदेशी सुर्तीको अनुपात खुलाई विभागवाट स्वीकृति लिनु राख्नु पर्ने ।

(घ) तयारी चुरोट वट्टा वन्दी गर्ने :

विक्रीयोग्य तयारी चुरोटलाई राम्ररी जाँचबुझ गरी वट्टामा हाली वन्द गर्ने तथा गोदामवाट विक्रीको लागि निकालिएको चुरोट अन्तःशुल्क अधिकृतको स्वीकृति वेगर कारखानामा पुनः ल्याउनु नहुने ।

(ङ) चुरोटका बट्टाहरू प्याकिग गर्ने

तयारी चुरोटका वट्टाहरूलाई ठूलो कागजमा बन्द गरी दैनिक बन्द गरिएको चुरोटको वट्टा संख्या, सिलसिलेवार नम्बर र बन्द गरिएको मिति समेत स्पष्ट देखिने गरी अनुसूचि ७ बमोजिमको ढांचामा

उल्लेख गर्ने तथा गोदाममा राखिएको चुरोटको हिसाव अनुसुचि ८ बमोजिमको ढांचामा राख्नु पर्ने ।

चुरोटका वट्टाहरू निम्नानुसार प्याकिङ्ग गर्नुपर्ने छ :

(१) ८४ एम.एम भन्दा वढी लम्वाई भएको चुरोट '५' एम (M) मा प्याकिङ्ग गर्नु पर्दछ ।

(२) अन्य प्रकारका सवै चुरोट १० एम (M) मा प्याकिङ्ग गर्नु पर्दछ ।

(३) १ एम (M) मा १००० खिल्ली चुरोट हुनु पर्दछ ।

(४) एक आउटर प्याक (Outer pack) मा २० खिल्ली प्याकेट भएमा १० वटा र १० खिल्ली प्याक भएमा २० वटा वट्टा हुनु पर्दछ ।

(च) गोदामबाट चुरोट निकाल्ने तरिका : चुरोट विक्री गर्नको निमित्त गोदामबाट बाहिर निकाल्नलाई अनुसुचि ९ बमोजिमको ढांचामा फाराम भरी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारी समक्ष पेश गर्ने तथा निजहरूबाट जांची निष्कासन गर्ने इजाजत प्राप्त भएपछि सो को विवरण भरी राख्ने ।

**५.३.२.१ उत्पादनको स्तर र समायोजनः**

**५.३.२.१.१** चुरोटको लम्वाई १ मिलिमिटर सम्म भागको + वा – फरकलाई विभागको पूर्व स्वीकृति लिएर समायोजन गर्न पाइनेछ ।

**५.३.२.१.२** माथि उल्लेख भएको उत्पादन इकाईको फरक गणना विभागले **Calibrate** गरेको औजारको आधारमा गरिनेछ ।

**५.३.२.२ चुरोट उत्पादन गर्नेले राख्नु पर्ने अभिलेख :**

***नियमावलीको नियम १३क बमोजिम कागजत र विवरणको अभिलेख राख्नुपर्नेछ :***

(क) उत्पादन तथा विक्री भएको दैनिक मैज्दातको विवरण (अनुसूचि ४),

ख) कोरा मालको मौज्दात विवरण (अनुसूचि ५),

(ग) कोरामालको खपत र चुरोट/विडी उत्पादनको दैनिक विवरण ( अनुसूचि ६),

(घ) दैनिक प्याकिंग रूमको विवरण ( अनुसूचि ७),

(ङ) गोदाममा रहेको चुरोटको दैनिक विवरण ( अनुसूचि ८),

(च) चुरोट तथा विडीको निष्कासन मांग फाराम ( अनुसूचि ९),

(छ) खरीद खाता ( अनुसूचि ४ग),(

(ज) विकी खाता ( अनुसूचि ४घ),

(झ) व्याच नियन्त्रण खाता (अनुसुचि ९क),

(ञ) आफुले जारी गरेका तथा प्राप्त गरेका बिजकहरू,

(ट) व्यापार , लेखा , नगद प्राप्ती र भुक्तानी सम्बन्धी अभिलेख,

(ठ) आफुले गरेको आयात र निर्यातसंग सम्बन्धित सम्पूर्ण कागजातहरू,

(ड) विभागले तोकेका अन्य कागजातहरू ।

**५.३.२.३ चुरोटको प्रतिलव्धी दर तोक्ने (नियमावलीको नियम १४क)**

चुरोट उत्पादनको प्रतिलव्धी दर विभागले तोक्न सक्नेछ। विभागले प्रतिलव्धी दर नतोकेको अवस्थामा चुरोट उत्पादन गर्ने इजाजतपत्रवालाले पेश गरेको प्रतिलव्धी दर उपर जाँचवुझ गरी त्यस्तो प्रतिलव्धी दरलाई विभागले मान्यता दिन सक्नेछ ।

**५.३.२.४ अन्तःशुल्क टिकटः*(नियमावलीको नियम ३० )***

नेपाल भित्र उत्पादन हुने वा पैठारी हुने चुरोटको विकी तथा पैठारी गर्दा चुरोटको प्रत्येक वट्टामा अन्तःशुल्क टिकट लगाउनु पर्नेछ ।

**५.३.२.५ टिकटको प्रतिस्थापन व्यवस्था (नियमावलीको नियम ३०(५))**

चुरोट उत्पादन गर्ने प्रतिष्ठानलाई उपलव्ध गराइएको अन्तःशुल्क टिकट प्रयोग गर्ने सिलसिलामा च्यातिएमा, विग्रीएमा वा कम भएमा अन्तःशुल्क अधिकृत वा कारखानामा खटिएका कर्मचारीले भौतिक परक्षिण गरी प्रमाणित गरेको आधारमा कार्यालयले त्यस्ता अन्तःशुल्क टिकट प्रतिस्थापन गर्न सक्नेछ। त्यसरी च्यातिएका वा विग्रिएका टिकटको मुचुल्काको आधारमा विभागले तोकेको प्रकृया अनुसार सम्वन्धित कार्यालयले नष्ट गर्नु पर्नेछ।

**५.३.२.६ मूल्य खुलाउनु पर्ने (नियमावलीको नियम २९)**

चुरोट उत्पादन गर्ने इजाजतपत्रवालाले वितरक, थोक तथा खुद्रा विक्रेतालाई विक्री गर्ने मूल्य सार्वजनिक गरी आफूले उत्पादन गरेको वस्तुमा अधिकतम खुद्रा मूल्य अंकित गर्नुपर्नेछ ।

इजाजतपत्रवालाले आकार र गुणस्तर परिवर्तन गर्नु परेमा वा नयां व्राण्ड उत्पादन गर्नु परेमा विभागको पूर्व स्वीकृति लिनुपर्ने र नयां व्राण्डको उत्पादन गर्नु अघि बांकि वक्यौता राजस्व चुक्ता गरेको हुनुपर्नेछ।

## ५.३.२ विडी

विडी भन्नाले नेपालमा उत्पादन गरिएको वा विदेशवाट पैठारी भएको सुर्तीलाई आवश्यकतानुसार टुक्रा पारी खैद जातको रूखको पात वा विशेष प्रकारको कागजमा वेरी धुम्रपानको लागि तयार पारिएको वस्तु हो। विडी उत्पादन, खरीद विकी, पैठारी तथा निर्यात र संचय गर्न अन्तःशुल्क इजाजत लिनु पर्दछ।

### ५.३.२.१ बिंडीको प्रतिलव्धी दर तोक्ने (नियमावलीको नियम १४क)

बिंडीको उत्पादनको प्रतिलव्धी दर विभागले तोक्न सक्नेछ। विभागले प्रतिलव्धी दर नतोकेको अवस्थामा बिंडी उत्पादन गर्ने इजाजतपत्रवालाले पेश गरेको प्रतिलव्धी दर उपर जाँचवुझ गरी त्यस्तो प्रतिलव्धी दरलाई विभागले मान्यता दिन सक्नेछ।

### ५.३.२.२ उत्पादन तथा विकी वितरण (नियमावलीको नियम १५)

विडी उत्पादन गर्ने इजाजतपत्रवालाले सो विडी उत्पादन गर्नको लागि खपत भएको कच्चा सुर्तिको हिसाव राखी विडीको उत्पादन तथा विकी वितरण गर्नु पर्नेछ। विडी उत्पादन गरी विकी गर्नु पूर्व अनुसूचि ९ बमोजिमको निष्काशन माग फाराम अन्तःशुल्क अधिकृत वा निजले तोकेको कर्मचारीबाट स्वीकृत गराएर मात्र निष्काशन गर्नुपर्नेछ।

## ५.३.३ सूर्तिजन्य वस्तु

सुर्तिजन्य वस्तु उत्पादन , खरीद विकी , पैठारी तथा निर्यात र संचय गर्न अन्तःशुल्क इजाजत लिनु पर्दछ। अन्तःशुल्क प्रयोजनको लागि पान मसाला, जर्दा, खैनीको तौल लिँदा लेवुल, प्याकिङ्ग मेटेरियल्स, चुना आदि समेतको हुने तौललाई जनाउँछ। तर बिदेश निर्यातको हकमा इजाजतवालाको माग अनुसार पटके रूपमा अन्य साईजमा समेत प्याकिङ्गको अनुमति बिभागले दिन सक्तछ।

### ५.३.३.१ सुर्ति जन्य वस्तुमा बैधानिक चेतावनी उल्लेख हुनु पर्ने

नेपाल भित्र उत्पादन वा पैठारी गरी बिक्री बितरण गर्ने चुरोट, सिगार,पान मसला जस्ता सुर्तिजन्य पदार्थको प्रत्येक वट्टामा देव नागरिक लिपीमा प्रत्येक बट्टामा "**धुम पान स्वास्थ्यको लागि हानिकारक छ** " भनि मुद्रण गरिएको हुनु पर्ने छ। यस व्यवस्थाको उल्लंघन गरेमा अनुमति पत्रको सर्त उल्लंघन गरेको मानिनेछ।

### ५.३.३.२ सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ मा भएका व्यवस्थाः

**(क) ऐनको दफा ७ अनुसार उत्पादकले आफनो उत्पादनमा लेबुल ट्रेडमार्क चिन्ह निकोटिनको मात्रा र अन्य हानिकारक तत्व एवं आवश्यक कुराहरु उल्लेख गर्नु पर्ने । प्याकेट वा रयापर्समा नावालकलाइ आकर्षण गर्ने कुनै किसिकमको लोगो चिन्ह शव्द राख्न नपाउने साथै अन्य उद्योग वा उत्पादकको ब्राण्ड तथा ट्रेड नाम राखि सूर्ति जन्य पदार्थ उत्पादन गर्न नपाउने ।**

**(ख) ऐनको दफा ९ अनुसार उत्पादकले सूर्तिजन्य पदार्थको वट्टा, रयापर्स, प्याकेट तथा पार्सलको प्याकिङ्गमा र लेवुलको बाहिरी कूल भाग मध्ये पचहत्तर प्रतिशत भागमा सूर्ति जन्य पदार्थ स्वास्थ्यलाइ हानिकारक छ भन्ने जस्ता व्यहोराको मन्त्रालयले (स्वास्थ्य मन्त्रालयले) तोके बमोजिम चेतावनीमूलक सन्देश र सूर्तिजन्य पदार्थको सेवनको असरवाट भएको घातक,रङगीन चित्र प्रस्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु  तथा अङकीत गर्नु पर्ने, मापदण्ड पूरा नभएको सूर्ति जन्य पदार्थ आयात गर्न नपाउने व्यवस्था छ ।**

### ५.३.४ निष्कासन प्रकृया :

चुरोट, विडी तथा सूर्तीजन्य जस्ता अन्तःशुल्क लाग्ने वस्तुहरू भौतिक नियन्त्रण प्रणाली अर्न्तगत निष्कासन गर्नु पर्दछ ।

**५.३.४.**१ सूर्तीजन्य वस्तु उत्पादकहरूले निष्कासन माग फाराम चार प्रति भरी अन्तःशुल्क अधिकृत वा निजले तोकेको अन्तःशुल्क कर्मचारीवाट स्वीकृत गराएर मात्र निष्कासन गर्नु पर्नेछ ।

**५.३.४.**२ चुरोट उत्पादन गर्ने प्रतिष्ठानवाट उत्पादन भएको चुरोट तोकिएको गोदाम प्रवेश गराएर मात्र निष्कासन गर्नु पर्नेछ ।

**५.३.४.**३ चुरोटको प्रत्येक बट्टामा अन्तःशुल्क टिकट टाँस गरेर मात्र निष्कासन गर्नु पर्नेछ ।

**५.३.४.**४ विडी उद्योगहरूले उत्पादन गरेको परिमाणको आधारमा माग गरे वमोजिमको परिमाणमा बिक्री बितरणको लागि निष्कासन गर्दा लाग्ने अन्तःशुल्क रकम लिई माग फाराम स्वीकृत गरिदिने र यस्तोको माग फाराम दर्ता अभिलेख अलग्गै राख्ने ।

**५.३.४.**५ बिडि ओसार पसारको क्रममा माग फाराम दर्ता नम्वर ठिक हो होइन भन्ने प्रश्न उत्पन्न भएमा नजिकको कार्यालयले सम्वन्धित कार्यालयमा छिटो साधनवाट वुझि ओसार पसारमा सरलीकरण गरिदिने ।

**५.३.४.**६ बाकसमा भरिएका तयारी चुरोटको अभिलेख राखी दैनिक रूपमा इकाइ कार्यालयमा दिने गरिन्छ ।

**५.३.४.**७ निष्कासन गर्नुपर्ने चुरोटको अन्तःशुल्क लगाइ अन्य कर तथा दस्तुर समेत दाखिला गरी निष्कासन माग फाराम स्वीकृति गराइ सो माग फाराम र बिजक बमोजिम बिक्रीका लागि प्रतिष्ठानबाट बाहिर लैजाने कार्य हुन्छ । यसरी निकासी स्वीकृति दिनुपूर्व कुनै राजस्व वक्यौता हुनु हुदैन ।

## ५.३.५ विक्री वितरण :

**५.३.५.१** चुरोट तथा सुर्तीजन्य वस्तु विक्रीका लागि प्रतिष्ठान वाहिर लैजानु भन्दा अगाडी गोदाममा राख्नु पर्दछ। विक्री वितरणका लागि निकाल्नु पर्दा निष्कासन माग फाराम भरी लाग्ने अन्तःशुल्क तथा लाग्ने अन्य कर तथा दस्तुर अग्रिम दाखिला गरी उक्त निष्कासन माग फाराम स्वीकृति गराई मात्र गोदाम वाहिर लगी विक्री वितरण गर्नु पर्दछ।

**५.३.५.**२ चुरोट उत्पादन गर्ने प्रतिष्ठानले आफ्नो उत्पादन विक्री वितरण गर्दा अन्तःशुल्क लाग्ने वस्तु विक्री वितरण गर्ने इजाजत पत्र लिएकाहरूलाई मात्र थोकमा विक्री वितरण गर्नु पर्दछ।

**५.३.५.३** अन्तःशुल्क टिकट नटाँसिएको चुरोट खरीद विक्री गर्नु दण्डनीय अपराध हो। त्यस्तो चुरोट अबैध हो र त्यस्तो गरेको पाइएमा दण्ड जरिवानाको लागि खरीदकर्ता पनि जिम्मेवार हुनेछ।

**५.३.५.४** वण्डेड वेयर हाउस मार्फत विक्री हुने चुरोटमा "कर मुक्त (Duty Free)" अंकित गरेको वस्तु मात्र विक्री गर्नु पर्नेछ।

**५.३.५.५** विदेशवाट पैठारी गरिएको चुरोटमा पनि प्रत्येक वट्टामा अन्तःशुल्क टिकट टाँस गरी मात्र कर मुक्त पसलवाट विक्री गर्नु पर्नेछ।

**५.३.५.६** स्वदेशमा उत्पादन हुने सिगार निकासी गर्दा अन्तःशुल्क टिकट टाँस गर्ने सम्वन्धमा नियमावलीमा स्पष्ट व्यवस्था नभएको र निकासीमा अन्तःशुल्क समेत नभएकोले हाललाई देहाय बमोजिम गर्नु पर्नेछः।

(क) निर्यात हुने हदसम्म पटके रूपमा उत्पादन गर्ने स्वीकृती दिने,

(ख) विदेशमा मात्र विक्री गर्ने र अन्तःशुल्क टिकटको सट्टा "For Export Only" लेवल प्रत्येक वट्टामा लगाउने,

(ग) अन्य विषयमा प्रचलित ऐन, नियम, निर्देशिका तथा विभागीय परिपत्र अनुसार गर्ने।

# परिच्छेद-६

# अन्तःशुल्क टिकट (स्टिकर) संबन्धी व्यवस्था

## ६.१ अन्तःशुल्क टिकट र यसको प्रयोग (नियमावलीको नियम ३०)

नेपाल भित्र उत्पादन हुने वा पैठारी हुने मदिरा र चुरोटको विक्री तथा पैठारी गर्दा मदिराको प्रत्येक बोतलमा र चुरोटको प्रत्येक वट्टामा अन्तःशुल्क टिकट लगाउनु पर्नेछ । नियमावलीको नियम ३०(२) बमोजिम वियर निष्कासन गर्दा प्याक भएको प्रत्येक कार्टुनमा विभागद्धारा तोकिएको अन्तःशुल्क टिकट टांस गर्नुपर्नेछ । नियमावलीको नियम ३०(२क) बमोजिम सिगारको प्रत्येक वट्टामा र मुखमा राख्ने खैनी वा सुर्तिको प्रत्येक प्याकेट , बट्टा वा पोकामा विभागले तोके बमोजिम अन्तःशुल्क टिकट लगाउनु पर्नेछ ।

प्रतिष्ठानले विभागले तोकेको दस्तुर तिरी कार्यालयवाट अन्तःशुल्क टिकट खरीद गर्नु पर्नेछ । त्यस्तो टिकट विभागले तोके बमोजिम अंकित गरी अन्तःशुल्क लाग्ने वस्तु बिक्री गर्नुपर्नेछ ।

**६.१**.१ कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र रहेका मदिरा, वियर तथा चुरोट उत्पादन गर्ने प्रतिष्ठानहरूलाई वार्षिक के कति अन्तःशुल्क टिकट आवश्यक पर्दछ अनुमान गरी विभागमा माग गरी लेखी पठाउनु पर्दछ ।

**६**.१.२ कार्यालयले प्रतिष्ठानको माग वमोजिमको अन्तःशुल्क टिकट विभागले तोके बमोजिमको लाग्ने दस्तुर अग्रिम रूपमा लिई उपलव्ध गराउनु पर्दछ ।

**६**.१.३ प्रतिष्ठानमा रहेको अन्तःशुल्क इकाई कार्यालयले पनि प्रयोगका लागि ल्याइएको अन्तःशुल्क टिकटको आम्दानी र खर्चको अभिलेख खाता (अनुसूचि २६ अनुसूचि २६(क) अनुसूचि २६(ख) मा चढाई अध्यावधिक गराई राख्नु पर्दछ ।

**६**.१.४ प्रतिष्ठानले अन्तःशुल्क टिकटको लागि कार्यालयमा माग गर्दा पहिले लगेको टिकटको खर्चको विवरण दिनु पर्नेछ ।

**६**.१.५ अन्तःशुल्क टिकट प्रतिष्ठानमा खटिएका अन्तःशुल्क कर्मचारीको जिम्मामा राख्नु पर्नेछ ।

**६**.१.६ भौतिक नियन्त्रण प्रणाली अन्तर्गत प्रशासन हुने बस्तुहरूमा इजाजतपत्रवालाहरूले अन्तःशुल्क टिकट प्रयोग गर्दा संभव भएसम्म टिकटको सिलसिलेवर नम्वर अनुसार मिलाई प्रयोग गर्नु पर्दछ ।

**६**.१.७ मदिरा उत्पादकले प्रत्येक वोतलमा वोतल र विर्कोमा पर्ने गरी अन्तःशुल्क टिकट लगाउनु पर्दछ ।

**६**.१.८ प्रतिष्ठनले वियर निस्कासन गर्दा बिभागद्धारा तोकिएको अन्तःशुल्क टिकट प्याक भएको प्रत्येक कार्टुनको जोर्नीमा तल र माथि दुवै तर्फ पर्ने गरि कार्टुन खोल्दा उक्त अन्तःशुल्क टिकट च्यातिने (Scratch) गरी टांस्नु पर्दछ ।

**६**.१.९ चुरोट उत्पादकले प्रत्येक वट्टामा अन्तःशुल्क टिकट टाँस्नु पर्दछ ।

६.१.१० अन्तःशुल्क टिकट वोतल, वट्टा वा कार्टुनमा प्रयोग गर्दा वा लगाउँदा सो वस्तु प्रयोग नहुदा सम्म नच्यात्तिने , नउप्कने वा उप्काइ पुन प्रयोग गर्न संभब नहुने गरी लगाउनु पर्नेछ ।

६.१.११ मदिरा, वियर तथा चुरोट पैठारी गर्ने इजाजतपत्रवालाहरूले पनि आफूले पैठारी गरेको मदिराको प्रत्येक वोतलमा, वियरको प्रत्येक कार्टुनमा र चुरोटको प्रत्येक वट्टामा अन्तःशुल्क टिकट टाँसेर मात्र विक्री वितरण गर्नु पर्दछ ।

६.१.१२ अन्तःशुल्क टिकट टाँस नगरी विक्री भएको मदिरा तथा चुरोट अवैध हुनेछ ।

## ६.२ टिकट आम्दानी खर्च व्यबस्थित गर्ने:

६.२.१. बिभागले कार्यालयमा अन्तःशुल्क टिकट पठाउँदा प्याकेटमा पठाउनु पर्नेछ । कार्यालयले सो ठीक भए नभएको यकिन गरी टिकट बुझिलिनु पर्छ ।

६.२.२ कार्यालय र इकाइ कार्यालयले स्टिकर नंबर र सोमा उल्लेख भएको टिकटको सि.नं. समेत खुलाइ गन्ती गरी आम्दानी जनाउनु पर्छ ।

६.२.३ कार्यालयमा प्राप्त भएको टिकटको छपाइमा कुनै त्रुटी भएमा, सिरियल नंबरमा फरक परेमा, बक्साको बाहिर उल्लेख भए अनुसार टिकट नपाइएको अवस्था आदि कैफियत भएमा सोको व्यहोरा जनाइ आम्दानी बाँधी बिभागमा तुरून्त जानकारी गराउनु पर्छ ।

६.२.४ टिकट प्राप्तीको आम्दानी जनाउँदा कार्यालय प्रमुख वा निजले तोकेको अधिकृतको रोहबरमा टिकटको बक्सा खोली हेरी जाच गर्नु पर्दछ। कैफियत देखिएमा सो व्यहोरा खुलाई प्रमाणित गरी राख्नु पर्छ ।

## ६.३ टिकट ताल्चा (Ticket Lock):

टिकट ताल्चा भन्नाले टिकट टाँस गरी साँचोले वन्द गर्ने र ताल्चा खोल्दा टाँसिएको सो टिकट च्यातिने (Scratch) गरी प्रयोग गरिने ताल्चा साँचोमा लगाउने टिकटलाई जनाउँदछ । भौतिक नियन्त्रणमा रहेको अन्तःशुल्क लाग्ने बस्तु पैठारी गर्ने इजाजतपत्रवालाहरूले पैठारी गरेको बस्तु गोदाममा राखी अन्तःशुल्क कर्मचारीले सो गोदाममा टिकट ताल्चा लगाइ बन्द गर्नु पर्नेछ । इजाजतपत्रवालाले गोदाममा रहेको बस्तु निष्कासन गर्नु परेमा सोको लागी निष्कासन माग फाराम भरी सो फाराम स्वीकृत भएपछि मात्र अन्तःशुल्क कर्मचारीले अन्तःशुल्क टिकट लगाइ माग फराममा लेखिएको परिमाण बस्तु निष्कासन गर्न दिनेछ ।

अन्तःशुल्क लाग्ने भौतिक नियन्त्रणको वस्तु चुरोट, मदिरा, बियर राख्ने गोदाममा टिकट ताल्चाको प्रयोग अनिवार्य रूपमा गर्नु पर्दछ । साथै अन्तःशुल्क अधिकृतले मनासिव सम्झेमा मुख्य कच्चा पदार्थ राखिने ठाउँ, उत्पादन प्रकृया समाप्त भै तयारी वस्तु राखिने ठाउँ, उत्पादन संग सम्बन्धित अन्य पदार्थ एवं सम्बद्ध बस्तुहरू राखिने ठाउँ जस्ता मुख्य मुख्य स्थानहरूमा पनि टिकट ताल्चा र टिकट लकवुकको प्रयोग गर्न लगाउन सक्नेछ । टिकट ताल्चाको प्रमुख

उद्देश्य कच्चा पदार्थ, अर्ध तयारी वस्तु र तयारी वस्तुको दुरूपयोग एवं अन्तःशुल्क चुहावट हुने सम्भावनालाई रोक्नु हो ।

### ६.३.१ टिकट ताल्चा प्रयोग गर्ने तरिकाः

**६.३.१.१** सिलसिलेवार नम्वर सहितको त्यस्तो टिकट प्रत्येक पटक प्रयोग गर्दा खोलेको कारण र समय सहित टिकट साँचो प्रयोग अभिलेख कितावमा स्पष्ट उल्लेख गरिनु पर्दछ ।

**६.३.१.२** गोदाममा जति वटा ढोका भए पनि कारोवारको लागि खोल्ने र वन्द गर्ने मूल ढोकामा मात्र टिकट ताल्चाको प्रयोग गर्नु पर्छ । गोदाममा अन्य ढोका छन् भने ती ढोकाहरूमा एक पटक टिकट सहित लाहाछाप लगाई पूर्ण रूपमा संधै वन्द गर्नु पर्छ ।

**६.३.१.३** टिकट लकको आकार बिभागले तोके बमोजिम हुन्छ । सो टिकटलाई ताल्चामा साँचो घुसार्ने प्वाल वन्द हुने गरी ताल्चाको वरिपरि ढाक्ने गरी वेरिदिनु पर्दछ र ताल्चा खोल्ना साथ टिकट ताल्चा च्यातिनु पर्दछ । च्यातिन वाँकी रहेको टिकटको भागहरू पनि उप्काएर ढोका वन्द गरिसके पछि पुनः अर्को नयाँ टिकट लगाउनु पर्दछ ।

**६.३.१.४** टिकट लक प्रयोग गरे पछि तोकिए वमोजिमको खातामा प्रत्येक पटक गोदामको ढोका खोल्नु पर्नाको कारण सहितको विवरण लेखेर अभिलेख गरी मात्र ढोका खोल्नु पर्छ र ढोका वन्द गरे पछि प्रयोग गरिएको नयाँ टिकटको सि.नं.उल्लेख गर्नु पर्छ ।

**६.३.१.५** टिकट लकको खर्च सम्वन्धित प्रतिष्ठानले वेहोर्नु पर्ने छैन ।

**६.३.१.६** टिकट लकको आम्दानी/खर्चको अभिलेख बिभाग, कार्यालय र इकाई कार्यालयले अनुसूची २६ (ख) को ढांचामा राख्नु पर्दछ ।

## ६.४ टिकट जर्ति मिन्हा सम्वन्धी व्यवस्था :

६.४.१ चुरोट उत्पादन गर्ने प्रतिष्ठानलाई उपलव्ध गराइएका अन्तःशुल्क टिकट प्रयोग गर्ने सिलसिलामा च्यातिएमा, विग्रिएमा वा कम भएमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले भौतिक परीक्षण गरी प्रमाणित गरेको आधारमा कार्यालयले त्यस्ता अन्तःशुल्क टिकट प्रतिस्थापन गर्न सक्नेछ । त्यसरी च्यातिएका र बिग्रीएका अन्तःशुल्क टिकटको मुचुल्काको आधारमा विभागले तोकेको प्रक्रिया अनुसार सम्बन्धित कार्यालयले नष्ट गर्नुपर्नेछ भन्ने व्यवस्था नियमावलीको नियम ३०(५) ले गरेको छ ।

**च्यातिएका र विग्रएका टिकट नष्ट गर्ने प्रक्रिया**

१. अन्तःशुल्क स्टिकर च्यातिएको वा नष्ट भएको सप्रमाण निवेदन पेश गरेमा अन्तःशुल्क अधिकृतले सो उपर छानविन तथा अनुसन्धान गरी त्यसरी

च्यातिएको वा नष्ट भएको स्टिकरहरूको नमूना सम्लग्न राखी मिन्हा दिन सक्नेछ

२. त्यसरी मिन्हा दिइएका स्टिकरहरूको संख्या वरावर सोही वर्गको नयाँ स्टिकर उपलव्ध गराउनु पर्नेछ ।

३. च्यातिएको वा नष्ट भई मिन्हा दिइएका स्टिकरहरूको मुचुल्का खडा गरी सम्वन्धित कार्यालयका प्रमुख, जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि, अन्तःशुल्क हेर्ने अधिकृत र सम्बन्धित उद्योगका प्रतिनिधिको रोहवरमा त्रैमासिक रूपमा नष्ट गर्नुपर्नेछ ।

**६.४**.२ मदिरा तथा बियरको वोतलहरू कार्टुनमा प्याकिङ भइ टिकट लागि सकेपछि टुटफुट हुन गइ कार्टुन प्याकिङ नै परिवर्तन हुने भएमा खर्च भई प्रयोगमा आउन नसकेका त्यस्ता टिकटहरूको अभिलेख खडा गरी टिकट सहितको दैनिक बिवरण प्रतिष्ठानले तयार गरी बिवरण इकाइ कार्यालयमा समेत दिइ राख्नु पर्नेछ र इकाई कार्यालयले समेत जांची हेरी साप्ताहिक/पाक्षिक रूपमा कार्यालयमा जानकारी गराउनु पर्नेछ । अन्तःशुल्क अधिकृतले यस्तो जर्ति परीक्षण जुनसुकै बखत पनि गर्न सक्नेछन् । प्रत्येक महिना बिवरण अनुसारको भौतिक परीक्षण अन्तःशुल्क अधिकृत वा निजले खटाएका कर्मचारीले गर्नु पर्नेछ । भौतिक परीक्षणबाट ठीक देखिएमा प्रतिष्ठानका कर्मचारी समेतका रोहवरमा नोक्सानीको बिवरणको मुचुल्का खडा गरी कार्यालयले मिन्हा निर्णय गराई उक्त टिकटहरू जलाई नष्ट गर्नु पर्नेछ । यस्तो मुचुल्काको प्रति बिभागमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

**६.४**.३ अन्तःशुल्क निरीक्षकले प्रतिष्ठानमा प्राप्त भएका कैफियत (ओस लागेर वा अन्य कुनै कारणले काम नलाग्ने भएको) अन्तःशुल्क टिकटको तुरून्तै मुचुल्का गराई कार्यालयमा पठाउने । प्रतिस्थापन स्वरूप सो बमोजिमको टिकट लिने । त्यस्तो कैफियत टिकट मिन्हाको निर्णय गराई आ.व. को समाप्ती पछि अन्य कार्यालयको प्रतिनिधि समेत राखी कार्यालयले जलाइ नष्ट गर्नेछ ।

**६.४**.४ आर्थिक बर्षमा खपत भएको टिकटको परिमाण, त्यस बर्षको उत्पादन मध्ये निष्काशन भएको परिमाण, मौज्दात रहेको परिमाण र जर्ति गएको परिमाणको योग संग भिड्नु पर्दछ र त्यसको कारखानागत अभिलेख किताव हार्ड कपि तथा कम्प्युटरकृत गरि प्रमाणित गरी राख्नु पर्दछ ।

## ६.५ अन्तःशुल्क टिकटको आपूर्तिः

**६.५**.१ कार्यालयमा घटीमा पन्ध्र दिनको लागि न्यूनतम मौज्दात र थप पन्ध्र दिनको लागि चालू मौज्दात रहने गरी अन्तःशुल्क टिकट राख्ने व्यबस्था गर्नु पर्नेछ ।

**६.५**.२ प्रतिष्ठान/ इकाई कार्यालयले घटीमा एक महिना पुग्ने मौज्दात रहँदै कार्यालयमा मांग गर्ने । कार्यालयले घटीमा पन्ध्र दिन पुग्ने मौज्दात हुनु अगावै बिभाग संग

टिकट मांग गर्ने । प्रतिष्ठानलाई निरन्तर आपूर्ति गर्न पहिले मांग गर्नेले पहिले पाउने व्यबस्था कार्यालय/बिभागले मिलाउने ।

**६.५**.३. राजस्व अनुसन्धान बिभाग/इकाई र भंसार कार्यालय जस्ता निकायले अन्तःशुल्क लाग्ने बस्तुहरूको लिलाम बिक्री गर्दा यस्तो टिकट मांग गर्न सक्ने हूंदा सम्बन्धित कार्यालयबाट नै उपलब्ध गराउने व्यबस्था गर्ने । मांग अनुसारको टिकट नभएमा बिभागसंग मांग गर्ने र यस्तो मांग खुद्रा संख्यामा हुने भएकोले बिभागले मौज्दात रहेको नजिकका वा कुनै कार्यालयबाट लिने गरी जानकारी गराउन सक्नेछ । त्यस्को दुरूस्त अभिलेख प्रमाणित गरी राख्नु पर्दछ ।

## ६.६ अन्तःशुल्क टिकटको अभिलेख :

**६.६**.१ अन्तःशुल्क टिकट आम्दानी खर्चको अभिलेख गोश्वारा खाता र व्यक्तिगत खातामा विभागले कार्यालय अनुसार र कार्यालयले प्रतिष्ठान अनुसार राख्नु पर्दछ ।

**६.६**.२ प्रतिष्ठानले अन्तःशुल्क टिकट आम्दानी खर्चको विवरण अद्यावधिक राख्नु पर्नेछ र मास्केवारी विवरण कार्यालयमा पठाउनु पर्नेछ ।

## ६.७ अन्तःशुल्क टिकट परीक्षण गर्ने :

**ऐनको दफा १०ट मा मदिरा, वियर वा चुरोटको उत्पादनमा प्रयोग गरिने अन्तःशुल्क टिकट सक्कली वा नक्कली सम्बन्धमा अन्तःशुल्क अधिकृतले परीक्षण गर्न सक्ने व्यवस्था छ ।**

# परिच्छेद-७

# जर्ति तथा नोक्सानी संवन्धी व्यवस्था

**७.१ अन्त:शुल्क लाग्ने वस्तु तथा सेवाको उत्पादन प्रतिलब्धी (ऐनको दफा १०च)**

**अन्त:शुल्क लाग्ने वस्तु तथा सेवाको उत्पादन प्रतिलब्धी दर सम्बन्धमा निम्न व्यवस्था गरेको छ :**

**(१) एनहाइड्रस इथानोल, रेक्टिफाइड स्प्रिट वा इ.एन.ए. उत्पादन गर्ने उद्योगले प्रयोग गर्ने अन्न, मोलासिस वा खुदोबाट प्राप्त हुनु पर्ने इथानोल, स्प्रिट वा इ.एन.ए.को उत्पादन प्रतिलब्धी दरको निर्धारण तोकिए बमोजिम हुनेछ ।**

**(२) उपदफा (१) बमोजिम तोकिएको प्रतिलब्धी दरभन्दा घटी उत्पादन भएको देखिएमा त्यस्तो फरक परिमाणको इथानोल, स्प्रिट वा इ.एन.ए. बाट सो प्रतिष्ठानले उत्पादन गर्ने उच्चतम् कोटीको मदिरा उत्पादन भएको मानिनेछ ।**

**(३) विभागले अन्त:शुल्क लाग्ने अन्य वस्तु तथा सेवाको उत्पादन प्रतिलब्धी दर तोक्न सक्नेछ ।**

**माथिको व्यपस्था अनुसार नियमावलीले अन्त:शुल्क लाग्ने वस्तुको प्रतिलब्धी देहाय बमोजिम तोकेको छ ।**

**७.१ प्रतिलव्धी दर (*नियमावलीको नियम ३४*)**

रेक्टिफाईड स्प्रिट वा इ.एन.ए उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्विन्टल खुदो वाट न्युनतम ६५ ओ.पी. शक्तिको कम्तिमा २० लिटर रेक्टिफाईड स्प्रिट वा १९ लिटर इ.एन.ए उत्पादन गर्नु पर्ने गरी र एनहाईड्रस इथानोल उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्वीनटल खुदो (मोलासिस) वाट न्यूनतम ७२ ओ.पी.शक्तिको कम्तिमा १९ लिटर इथानोल उत्पादन गर्नु पर्ने गरी प्रतिलब्धि दर कायम गर्नु पर्ने छ। १०० लिटर रेक्टिफाइड स्प्रिटवाट इ.एन.ए वनाउँदा न्यूनतम ९५ लिटर प्रतिलव्धी हुनु पर्ने छ। अन्नको दानाबाट उत्पादन हुने रेक्टिफाईड स्प्रिट प्रति क्वीन्टल ६८.८ ओ.पी. शक्तिको कम्तीमा ३०.५७ लिटर इ.एन.ए उत्पादन गर्नु पर्नेछ। सो बाहेक अन्य वस्तुबाट उत्पादन हुनेको हकमा बिभागले तोके बमोजिम हुनेछ ।

तर सो भन्दा घटी प्रतिलब्धी दर कायम भएमा इजाजतपत्रवालाले त्यसको उचित तथा पर्याप्त कारण विभागमा पेश गरी स्वीकृति लिनु पर्नेछ र विभागबाट स्वीकृति प्राप्त नभएमा फरक परिमाणमा मदिरा तर्फको सो उद्योगले आफ्नो उत्पादनको उच्चतम दरबन्दी अनुसार लाग्ने सम्पूर्ण अन्त:शुल्क कार्यालयले इजाजतपत्रवालाबाट असुल उपर गर्नेछ ।

## ७.२ मदिराको मौज्दात कमी (नियमावलीको नियम २३)

*(१)* मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूसंग रहेको मदिराको मौज्दातमा वाष्पिकरण, दुर्वोधिकरण, चुहावट वा वोतलमा मदिरा भर्दाको कारणबाट कमी हुन आएमा मासिक विवरणमा उल्लेख गरी मिन्हाको लागि अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

*(२)* उपनियम (१) बमोजिम पेश भएको विवरण अन्तःशुल्क अधिकृतले पन्ध्र दिन भित्र जांच गर्नुपर्नेछ ।

*(३)* उपनियम (२) बमोजिम जांच गर्दा मौज्दात कमी भएको मनासिव माफिकको कारण भएमा आधार स्पष्ट खुलाई अन्तःशुल्क अधिकृतले दुई प्रतिशतसम्म मौज्दात कमी मिन्हा दिन सक्नेछ ।

## *७.३ वियर मौज्दात कमीको मिन्हा: (नियमावलीको नियम २३.क)*

*(१)* वियर उत्पादन गर्ने इजाजतपत्रवालाले तयारी वियर अन्तीम रूपमा वोतल बन्दी गर्दा फलोमिटरले देखाएको परिमाण भन्दा वोतल बन्दी भएपछिको वोतल काउन्टरले देखाएको परिमाणको मौजदात कमी र पाश्चरराइजेसन, प्याकेजिगं तथा गोदाममा भण्डारण गर्दा टुटफुट वा विग्रेर वोतलमा प्रयोग हुन नसक्ने अवस्थाका क्राउन कर्कको मौजदात कमीको विबरण बिभागले तोकेको ढाचामा मासिक रूपमा उल्लेख गरी मिन्हाको लागि अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

*(२)* उपनियम (१) बमोजिम पेश भएको विवरण अन्तःशुल्क अधिकृतले पन्ध्र दिन भित्र जांच गर्नुपर्नेछ । त्यसरी जांच गर्दा फ्लोमिटरले देखाएको परिमाण भन्दा वोतलबन्दी भए पछिको वोतल काउन्टरले देखाएको परिमाणको मौज्दात कमी भएमा बढिमा १.५ प्रतिशत सम्म र पाश्चरराइजेसन, प्याकेजिग तथा गोदाममा भण्डारण गर्दा टुटफुट वा बिग्रेको वियरको भौतिक परिक्षण गरी बढिमा २ प्रतिशत सम्म मौज्दात कमीको मिन्हा दिन सक्ने छ ।

मदिरा तथा वियर उद्योगको उत्पादनको नोक्सानी मिन्हाको लागि निर्देशिकाको अनुसूची २५ को ढाचामा संबन्धीत प्रतिष्ठानबाट निवेदन लिई सोही निवेदनमा मिन्हा दिने कार्यवाही गर्नु पर्ने छ ।

## ७.४ हानी नोक्सानी सम्बन्धमा ( ऐनको दफा ३क (५))

**आगजनी,चोरी,दुर्घटना, ध्वम्सात्मक गतिविधि वा वस्तुको उपयोगको म्याद सकिएको कारणले हानी नोक्सानी भएको वस्तुमा तिरेको अन्तःशुल्क बिभागले तोके बमोजिम कट्टा गर्न पाइनेछ ।**

बिभागले तोकेको व्यवस्था हानी नोक्सानी भएको अन्तःशुल्क कट्टा गर्ने प्रकृया शिर्षकमा उल्लेख गरिएको छ ।

## ७.५ दुर्घटनाको सूचना दिनु पर्ने (नियमावलीको नियम २७ )

इजाजतपत्रवालाले उत्पादन स्थलमा कुनै किसिमको दुर्घटना भएमा सो कुराको सूचना यथाशीघ्र सम्बन्धित अन्त:शुल्क अधिकृत वा विभागलाई दिनु पर्नेछ। सो वमोजिमको सूचना नदिएमा त्यस्तो दुर्घटनाबाट नेपाल सरकारलाई हुन गएको अन्त:शुल्क सम्बन्धी हानी नोक्सानी ईजाजतपत्रवालाले नै व्यहोर्नु पर्नेछ।

तर इजाजतपत्रवालाले अन्त:शुल्क लाग्ने वस्तु वा पदार्थ एक स्थानबाट अर्को स्थानमा ढुवानी गर्दा दुर्घटना भै त्यस्तो वस्तु वा पदार्थ नोक्सानी भएको अबस्थामा सो वस्तुको वीमा गराएको रहेछ र सो को क्षतिपूर्ति प्राप्त भएको रहेछ भने सो क्षतिपूर्ती प्राप्त भएको हदसम्म नेपाल सरकारलाई हुन गएको अन्त:शुल्क सम्बन्धी हानी नोक्सानी इजाजतपत्रवालाले व्यहोर्नु पर्ने छैन।

### १. प्रतिलब्धि दर सम्वन्धी थप व्यवस्था

Dried tapioca chips (cassava) वाट उत्पादन हुने रेक्टिफाइड स्प्रिटको प्रतिलब्धि दर बिभागको मिति २०६६।१०।२७ को निर्णयले देहाय प्रतिलब्धी दर र शर्त तोकिएको छ।

| सि.नं. | कच्चा पदार्थको नाम | परिणम | प्रतिलब्धि दर | ओ.पि.शक्ति |
|---|---|---|---|---|
| १. | Dried tapioca chips (cassava) | एक क्विन्टल | २९.९४५ लिटर रेक्टिफाइड स्प्रिट | ६६.५ ओ.पि.शक्ति |

सर्त कथंकदाचित हाल उत्पादनमा प्रयोग भएको कच्चा पदार्थ भन्दा राम्रो गुणस्तरको कच्चा पदार्थ उपलब्ध भई प्रतिलब्धि दर वढ्न गएमा सोको जानकारी सम्वन्धित कार्यालयलाई गराउनु पर्नेछ।

### २. हानी नोक्सानी भएको अन्त:शुल्क कट्टा गर्ने प्रकृया ( ऐनको दफा ३क(५) संग सम्बन्धित)

**१.** आगजनी,चोरी, दुर्घटना ध्वंसात्मक गतिविधि वा वस्तुको म्याद सकिएको कारणले हानी नोक्सानी भएको वस्तुमा तिरेको अन्त:शुल्क कट्टी गर्ने सम्बन्धमा अन्त:शुल्क इजाजपत्र लिएका व्यक्तिले नोक्सानी कर कट्टी दावि गर्दा नोक्सानी हुनु अघिको अवधिसम्मको अन्त:शुल्क विवरण कार्यालयमा पेश गरी सकेको हुनु पर्नेछ।

**२.** प्रकरण १ वमोजिमका व्यक्तिले नोक्सानी भएका वस्तुहरूको वीमा गराएको रहेछ भने वीमा कम्पनी समक्ष दावी गरेको परीमाण र वीमा कम्पनीले नोक्सानी भएको प्रमाणित गरी भुक्तानी गरेको परीमाण वा मूल्यका भुक्तानी प्रमाणहरूका साथ वीमा भुक्तानी भएको मितिले तीस दिन भित्र अन्त:शुल्क कर कट्टी दाविको लागी सम्बन्धित कार्यालयमा निवेदन दिन सक्ने छन्। त्यस्तो नोक्सानीको वीमा दावीका वखत प्रारम्भिक जानकारी आफु दर्ता रहेको कार्यालयमा समेत दिनु पर्ने छ।

कार्यालयले त्यस्तो वीमा कम्पनीले मान्यता दिएको हदसम्म भुक्तानी भएको परिमाण वा मूल्यको आधारमा लाग्ने अन्तःशुल्कको अनुपातमा रकमको छानवीन गरी यकिन गरी तीस दिन भित्र अन्तःशुल्क कट्टी गर्न दिने सुचना निवेदकलाई दिनु पर्नेछ ।

३. वीमा भए बाहेकका अन्य नोक्सानी भएका इजाजतपत्रवाला व्यक्तिले निम्न बमोजिमका विवरण, कागजहरूका साथ नोक्सानी भएको परिमाण, मूल्य र दावी गरिएको अन्तःशुल्क रकम उल्लेख गरी सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछः ।

(क) आगजनी, चोरी, दुर्घटना वा ध्वंसात्मक गतिविधिबाट नोक्सानी भएको सम्बन्धमा सर्जमिन मुचुल्का, प्रहरी प्रतिवेदन, दावी प्रमाणीत गर्ने कागजातहरू भए सो र नोक्सानीको विवरण सहित त्यस्तो घटना भएको मितिले तीस दिन भित्र निवेदन दिनु पर्ने छ ।

(ख) उपयोगको म्याद सकिएको बस्तुको हकमा सम्बन्धि व्यक्तिले चाहेमा त्यस्तो बस्तुको नाम, उत्पादनको नाम , उत्पादन मिति, म्याद सकिएको मिति, बस्तुको परिमाण तथा मूल्य सहितको विवरण तयार गरी उपयोगको म्याद सकिएको मितिले तीस दिन भित्रमा निवेदन दिनु पर्नेछ ।

त्यस्तो वस्तु निवेदकले आफ्नो परिसरमा संकलन गरी निरिक्षणका बखत अनिवार्य रूपमा देखाउनु पर्नेछ । सोहि वस्तुको एउटा व्यक्तिले एकपटक भन्दा बढी नोक्सानी कट्टि दावी गर्न पाउने छैन । सामान फिर्ता लिइ कट्टी दावी गर्नु परेमा डेबिट/केडिट नोट जारी गरेको हुनु पर्नेछ ।

४. प्रकरण ३ को प्रयोजनको लागी देहायका प्रतिनिधिहरू रहेको छानवीन समिति रहने छ । सो समितिले निरीक्षण एवं छानवीन गरी निवेदन गरेको ३० दिन भित्र नोक्सानीको सिफारीस गर्ने छ । समितिको सिफारीसमा कार्यालयले रकम यकिन गरी तीस दिन भित्र अन्तःशुल्क कट्टि गर्ने जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(क) कार्यालय प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत
संयोजक

ख) कार्यालय प्रमुखले तोकेको अर्को एकजना अधिकृत
सदस्य

(ग) जिल्ला प्रशासन कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयका अधिकृत प्रतिनिधि
सदस्य

(घ) सम्बन्धित जिल्लाका उद्योग बाणिज्य संघ वा वस्तुगत सघका प्रतिनिधि
सदस्य

(ङ) करदाताको प्रतिनिधि
सदस्य

अन्तःशुल्क प्रशासन गर्ने कोष तथा लेखा नियन्त्रकको कार्यालयको हकमा भने सोही कार्यालयको प्रमुख कोष नियन्त्रक संयोजक हुने छ ।

**५.** छानविन समितिले छानविन गर्दा नोक्सानी भएको देखेमा त्यस्तो नोक्सानी भएको बस्तुमा तिरेको रू. एक लाख सम्मको अन्तःशुल्क भए सम्बन्धीत कार्यालयको निर्णयबाट कट्टि गर्न पाइने छ र सो भन्दा बढी कट्टि गर्नका लागी नोक्सानीको विवरण तथा समितिको सिफारीस समेत खुलाई बिभाग समक्ष सिफारीस गर्नु पर्ने छ । यसरी पेश हुन आएको सिफारीस साथ नोक्सानी भएको वस्तुको स्थलगत निरिक्षण गरी नोक्सानी भएको बस्तुको परिमाण तथा मूल्य समेत स्पष्ट यकिन गरी मिन्हा दिनु पर्ने ठहर मुचुल्का समेत संलग्न हुनु पर्ने छ ।

तर, मदिरा उत्पादन गर्ने उद्योगको हकमा नियमावलीको नियम १७ बमोजिम करदाताले कच्चा पदार्थको उचित संरक्षणको प्रबन्ध गरेको अवस्था भएमा मात्र उल्लेखित प्रकृया अगाडि बढाउनु पर्ने छ ।

**६.** समितिको सिफारिश पछि कार्यालयका तोकिएका कर्मचारी र निवेदक वा निजका प्रतिनिधिले त्यस्तो उपयोग मिति सकिएका बस्तुको मुचुल्का खडा गरी अन्तःशुल्क अधिकृतको रोहबरमा नष्ट गर्नु पर्ने छ। नष्ट गर्दाको प्रकृया, स्थान र खर्चको सम्पूर्ण व्यवस्था निवेदकले गर्नु पर्ने छ ।

## ३. जर्ति गएका बस्तु (seen loss) मिनाहाका लागि अपनाउनु पर्ने प्रक्रियाः

**१.** प्रतिष्ठानले पुन प्रयोग गर्न नसकिने बस्तुको जर्ति/नोक्सानीको दैनिक बिबरण तयार गरी राख्नु पर्नेछ। यस्तो बिबरण दैनिक रूपमा हेर्न सकिने किसिमले रहेको हुनु पर्नेछ। भौतिक नियन्त्रण तर्फको बिवरण इकाइ कार्यालयमा समेत दिनु
पर्नेछ ।

**२.** अन्तःशुल्क अधिकृतले मासिक निरीक्षण बाहेक जर्ति नोक्सानी भएको अभिलेख कुनै पनि समयमा नमुना परीक्षणको रूपमा निरीक्षण गरी यकिन गर्न सक्नेछ ।

**३.** अन्तःशुल्क अधिकृतले यकिन गरेको जर्ति/नोक्सानीको बिवरणलाई मिनाहाको निर्णयको लागि कार्यालय प्रमुख समक्ष सिफारिश साथ पेश गर्नु पर्नेछ। कार्यालय प्रमुखले चाहेमा नमूना परीक्षण गरी मिनाहाको स्वीकृति वा निर्णय गर्नु पर्नेछ ।

**४.** जर्ति मिनाहा सम्बन्धी कामको सम्पादन जर्ति आयातन समेतको आधारमा घटीमा प्रत्येक पाक्षिक वा महिना र बढीमा ४/४ महिना भित्रमा सम्पन्न गर्नु, गराउनु पर्नेछ। ( मदिरा तथा वियरको हकमा नियम २३ तथा २३क बमोजिम हुने )

**५.** जर्ति मिनाहा सम्बन्धी कामको सम्पादन गर्न गराउनमा सम्बन्धित उद्योगी/व्यबसायीले कार्यालयलाई समयमानै मिनाहाको लागि बिवरण साथ

निवेदन गरी सो सम्बन्धी कामको लागि आबश्यक सहयोग गर्नु निजको दायित्व हुनेछ ।

६. जर्ति प्रमाणितको स्वीकृति/निर्णय भएपछि मुचुल्का खडा गरी नष्ट गर्नु पर्नेछ ।

७. ऐन तथा नियमावलीले तोकि दिएको अवस्था वा बिभाग वा अधिकार प्राप्त निकायले तोकिदिएको सिमा भन्दा बढी जर्ति देखिएमा अन्तःशुल्क निर्धारण गरी त्यस्तो जर्ति समेत नष्ट गर्नु पर्नेछ ।

८. मिन्हा गर्ने कार्यको लागि अन्तःशुल्क तर्फका निरीक्षक र कार्यालयका तोकिएका कर्मचारी, अन्तःशुल्क अधिकृत तथा प्रतिष्ठानका तर्फबाट सम्बन्धित कर्मचारी तथा अधिकृत रहेको टोलीको प्रतिवेदन एवं मुचुल्काको आधारमा कार्यालय प्रमुखले मिनाहाको स्वीकृति वा निर्णय गर्नु पर्नेछ ।

९. त्यस्तो मुचुल्का तयार गरी जर्ति मिनाहा गरेको, नष्ट गरेको, जलाएको आदि कार्यहरूको मुचुल्का एक एक प्रति सम्बन्धित प्रतिष्ठान, कार्यालयमा राखी सोको जानकारी यथाशिघ्र बिभागमा समेत गराउनु पर्नेछ ।

**उदाहरण**

जर्ति मिन्हा सम्बन्धमा देहाय बमोजिम मासिक विवरणको अध्ययन गरी जर्ति मिन्हा सम्बन्धी कारवाही गर्नु पर्नेछ ।

| | |
|---|---|
| अघिल्लो मौज्दात स्प्रिट (एल.पि.लि.) | = a |
| नयाँ आम्दानी स्प्रिट (एल.पि.लि.) | = b |
| जम्मा स्प्रिट (एल.पि.लि.) | = a+b |
| उत्पादनमा खर्च भएको स्प्रिट (एल.पि.लि.) | = x |
| उत्पादित मदिरा (एल.पि.लि.) | = y |
| जर्ति परिमाण (एल.पि.लि.) | = x-y |
| जर्ति प्रतिशत | = x-y × 100 % x |
| | =.............% |
| अन्तिम मौज्दात स्प्रिट (एल.पि.लि.) | = (a+b)-x |

# परिच्छेद-८
# स्वयं निष्कासन प्रणाली

ऐन र  नियमावली बमोजिम  मदिरा, वियर र चुरोट बाहेक अन्य अन्तःशुल्क लाग्ने वस्तु तथा सेवालाई स्वयं निष्कासन प्रणाली अन्तर्गत राखिएको छ। भौतिक नियन्त्रण प्रणालीमा आधारित बाहेकका अन्तःशुल्क लाग्ने अन्य बस्तु वा सेवाको उत्पादन, निष्कासन, पैठारी तथा निकासी गरिने प्रणालीलाई स्वयं निष्कासन भनिन्छ।

## ८.१ प्रतिष्ठानले राख्नुपर्ने खाताहरु

प्रतिष्ठानले निम्न बमोजिमको प्रमाणित अभिलेख तथा खाताहरू अद्यावधिक रूपमा राख्नु पर्नेछ। सो अनुसारको मास्केवारी विवरण कार्यालयमा नियमित पठाउनु पर्नेछ :

(क) कच्चा पदार्थको आम्दानी खर्च खाता (उत्पादनमुलक उद्योगको लागि)

(ख) उत्पादन तथा निष्कासनको मास्केवारी तथा वार्षिक प्रतिवेदन

(ग) कच्चा पदार्थको मास्केवारी तथा वार्षिक प्रतिवेदन

(घ) खरिद तथा विक्री खाता

माथि उल्लेखित अभिलेख तथा खाताहरूमा अन्तःशुल्क अधिकृतबाट प्रमाणित गराइ राख्नु पर्दछ। प्रतिष्ठानको अधिकार प्राप्त व्यक्तिबाट समेत उक्त खाताहरूमा भएको दैनिक प्रविष्टीहरू प्रमाणित गर्नु पर्दछ।

## ८.२ विवरण दाखिला सम्बन्धि व्यवस्था

प्रतिष्ठानले कच्चा पदार्थको आम्दानी र खर्च तथा उत्पादन र निष्कासनको  मास्केवारी प्रतिवेदन प्रत्येक महिना समाप्त भएको मितिले २५ दिन भित्र र वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको मितिले २५ दिन भित्र सम्बन्धित कार्यालयमा सुचना प्रविधि समेत प्रयोग गरी Online  माध्यमबाट तथा Hard copy समेत पेश गर्नुपर्नेछ। समय समयमा कार्यालयबाट मांग भएका तथ्यांक ,सुचना तथा कागजात तथा अन्तःशुल्क अधिकृतले मांग गरेमा जुनसुकै समयमा उपलव्ध गराउनुपर्नेछ। प्रतिष्ठानको भौतिक परिमाण, खाता तथा अभिलेख र अन्तःशुल्क रकमको विवरण जुनसुकै वखत पनि अन्तःशुल्क अधिकृतले निरिक्षण गर्न सक्नेछ।

## ८.३ विक्री सम्वन्धी व्यवस्था :

मूल्य अभिवृद्धि कर वमोजिम शाखाको रूपमा दर्ता भएकाले बाहेक अरूले चलान मार्फत निष्कासन गर्न पाइने छैन। व्यापारिक प्रयोजनको लागि पैठारी गरिएको अन्तःशुल्क लाग्ने वस्तु विक्री गर्दा अन्तःशुल्क लाग्ने मूल्यमा अन्तःशुल्क लगाई असुल उपर गर्नु पर्नेछ।

## ८.४ अन्तःशुल्क असुली र दाखिला सम्बन्धी व्यवस्थाः

स्वयं निष्कासन प्रणाली अर्न्तगत उत्पादन, पैठारी तथा बिक्री बितरण हुने वस्तु तथा सेवाको हकमा  नियमावलीको अनुसूची १३ वमोजिमको बिजक जारी गर्दा बखतमा नै लाग्ने अन्तःशुल्क बिजकमा उल्लेख गरी असुल गर्नु पर्छ। असुल गरिएको अन्तःशुल्क रकमलाई बिजक जारी भए पछिको महिनाको पच्चीस गते भित्र अन्तःशुल्क विवरण सहित सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्छ। उल्लेख भएको म्याद भित्र अन्तःशुल्क भुक्तानी नगरेमा भुक्तानी गर्न बाँकी अन्तःशुल्क रकममा प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले बिलम्ब दस्तुर लाग्नेछ।

माथि जुनसुकै कुरा लेखिएको भएता पनि कुनै बस्तु वा सेवाको हकमा त्यस्तो बस्तु उत्पादन गरेको, पैठारी गरेको वा सेवा प्रदान गरेको अबस्थामा नै अन्तःशुल्क असुल उपर गर्ने गरी तोकिएको भएमा सोही बमोजिम अन्तःशुःक रकम दाखिला गर्नु पर्नेछ। अन्तःशुल्क लाग्ने वस्तु वा सेवा वापतको वुझाउनु पर्ने भन्दा घटी अन्तःशुल्क रकम कसैले वुझाएको देखिएमा नियमावलीको नियम ७ अनुसार निजवाट अन्तःशुल्क अधिकृतले वाँकी अन्तःशुल्क रकम असूल उपर गरी लिन सक्नेछ।

## ८.५ अन्तःशुल्क कट्टी सम्बन्धी व्यवस्था

स्वयं निष्कासन प्रणाली लागू हुने उद्योगले कच्चा पदार्थ खरीद वा आयात गर्दा तिरेको अन्तःशुल्क  तयारी वस्तु विक्री गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाउने व्यवस्था ऐनको दफा ३क(३) मा छ।

**सहायक कच्चा पदार्थमा तिरेको अन्तःशुल्क रकम कट्टी संबन्धमा**

ऐनको दफा ३क को उपदफा ३ बमोजिम अन्तःशुल्क लाग्ने वस्तु उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको खरिदमा तिरेको  अन्तःशुल्क मात्र कट्टा गर्न पाइने हुंदा सहायक कच्चा पदार्थ ( प्याकिंग मेटेरियल) खरिदमा तिरेको अन्तःशुल्क कट्टा गर्न नपाइने ।

# परिच्छेद-९

# पैठारी, निर्यात, कर मुक्त पसल (वण्डेड वेयर हाउस) र नगद धरौटी वा बैक ग्यारेन्टी फुकुवा

## ९.१ मदिरा, वियर र चुरोट पैठारी सम्बन्धि व्यवस्था

### (क) ऐनको व्यवस्था

ऐनको दफा ९ बमोजिम मदिरा, वियर तथा चुरोट विदेशवाट आयात गर्नको लागि नियमावलीले तोकेको व्यवस्था अनुसार दस्तुर तिरी त्यस्तो वस्तु आयात गर्ने इजाजत पत्र लिनु पर्दछ ।

नियमावलीको नियम १३(३)(ख) अनुसार अन्तःशुल्क लाग्ने बस्तु पैठारी गरिएको अबस्थामा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारी समक्ष खरीद विजक पेश गर्नु पर्नेछ ।

### (ख) पैठारी सम्बन्धी थप व्यवस्था

(१) प्रतितपत्रको माध्यमबाट अन्तःशुल्क लाग्ने बस्तुको पैठारीकर्ताले प्रतितपत्र खोल्नु अगावै बस्तुको ब्राण्ड,परिमाण,मूल्य बिदेशी बिक्रेताको नाम ठेगाना, पैठारी हुने भन्सार बिन्दु, पैठारी हुने वस्तु राख्ने गोदाम स्थलको पूर्ण बिबरण खोली सम्बन्धीत कार्यालयको अन्तःशुल्क अधिकृत समक्ष पैठारी गर्ने स्विकृतिको लागि निवेदन दिनु पर्दछ ।

(२) यसरी प्राप्त भएको निवेदनमा अन्तःशुल्क अधिकृतले छानबिन गरी स्विकृत दिन सक्नेछ । स्विकृतिको जानकारी पैठारी हुने भन्सार कार्यालयलाई पनि दिनु
पर्नेछ ।

(३) भन्सारले पैठारी हुने मदिरा, वियर, चुरोटमा लाग्ने अन्तःशुल्क असुल गरी माल वस्तु जाच पास भैसकेपछि पैठारी कर्ताको गोदामसम्म ल्याउने कन्टेनरमा सिलछाप लगााई पठाउनु पर्ने छ ।

(४) भन्सारबाट पैठारी भै आएको मदिरा, वियर, चुरोटको कन्टेनरमा लागेको सिलछाप सुरक्षित रूपमा कारोवार स्थल सम्म ल्याइ अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीको उपस्थितिमा गोदाममा राख्नु पैठारीकर्ताको कर्तव्य हुने छ । यसरी सिलछाप भै आएको कन्टेनरको सिलछाप जाच गरी प्रज्ञापनपत्र संग भिडाई अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले आफनो उपस्थितिमा गोदाममा राख्न लगााउनु पर्दछ ।

(५) आयातित वस्तु गोदाममा राख्दा डोरलक (टिकट ताल्चा) लगाइ त्यस्तो डोरलक(टिकट ताल्चा) मा इजाजतपत्र प्राप्त पैठारीकर्ता वा निजको आधिकारिक प्रतिनिधि एवं अन्तःशुल्क अधिकृत वा निजले खटाएको

कर्मचारीको संयुक्त दस्तखत गर्नु पर्नेछ। गोदाम खोल्दा र बन्द गर्दा टिकट ताल्चा अभिलेख किताबमा सो को कारण जनाउनु पनेछ।

(६) विदेशवाट आयात गरिएको चुरोट, मदिरा र वियर गोदामबाट निकासी गर्नु पुर्व अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीको उपस्थितिमा प्रत्येक वट्टा तथा वोतलमा अन्तःशुल्क टिकट टास गरेर मात्र त्यस्तो वस्तु बिक्री वा चलान गर्नु पर्नेछ।

(७) गोदाम रहेको स्थान बाहेक अन्य स्थानबाट माल समान बिक्री बितरण गर्ने भएमा चलान भएको माल वस्तुको पुरा बिबरण देखिने गरी अभिलेख ठिक दुरूस्त राख्नु पर्ने छ।

(८) आयातित मदिरा, वियर तथा चुरोटको आम्दानी बिक्री मौज्दात तथा स्टिकरको प्रयोग खपत संबन्धी अनुसूची अनुसूची २६(क) बमोनिमको स्टिकरको आम्दानी खर्च खाता ठिक दुरूस्त गरी राख्नु पर्ने तथा निरिक्षण गर्न माग गरेका वखत अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्दछ।

(९) पैठारीकर्ताले अनुसूची ३० (क) को ढाचामा आयातित वस्तुको खरिद बिक्री मौज्दातको विवरण तथा अनुसूची २६ को ढांचामा स्टिकर प्राप्ती, प्रयोग तथा मोज्दातको बिबरण त्यस्तो वस्तु आयातको लागि स्विकृति माग गर्दा, स्टिकर माग गर्दा र मासिक रूपमा कार्यालयमा पेश गर्नु पर्दछ।

(१०) मदिरा, वियर र चुरोट पैठारीकर्ता वा सो को विक्रेता इजाजतपत्रवालाले विक्री गर्ने खुद्रा मूल्य आर्थिक वर्षको शुरूमा र मूल्य परिवर्तन भएको अवस्थामा परिवर्तन हुनासाथ सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराउनु पर्नेछ।

(११) अन्तःशुल्क अधिकृतले आयातित मदिरा, बियर र चुरोटका आयात, बिक्री, मौज्दात, स्टिकरको प्रयोग सम्बन्धमा स्थलगत रूपमा मासिक निरीक्षण गरी सो को प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्दछ।

(१२) पैठारीकर्ताले आयात स्वीकृति लिदा यस अघि खरिद भएको मालवस्तुको बिक्री परिमाण, बिक्री मूल्य, मौज्दात परिमाण समेत खुलेको अनुसूची ३० (क) र अन्तःशुल्क स्टिकरको आम्दानी खर्चको बिबरण अनुसूची २६ पेश गर्नु पर्दछ। अन्तःशुल्क अधिकृतले सो को परिक्षण गरी आवश्यकता अनुसार भौतिक परिक्षण समेत गरी आयात स्वीकृति प्रदान गर्न सक्ने छ।

## ९.२ कर मुक्त पसल (वण्डेड वेयर हाउस) सम्बन्धी थप व्यवस्था

### (क) कानूनी व्यवस्था

**(१) ऐनको दफा ३ ख मा अन्तःशूल्क लाग्ने वस्तु वा सेवामा देहायको अवस्थामा अन्तःशुल्क लाग्ने छैन :**

**(क) नेपाल वाहिर निकासी गरेमा वा स्वीकृति प्राप्त कर मुक्त पसल (वण्डेड वेयर हाउस र ड्युटि फ्रि सप) लाई मदिरा र चुरोट वाहेकका**

**अन्य वस्तु विक्री गरेमा त्यस्तो वस्तु वा सेवामा अन्तःशुल्क लाग्ने छैन ।**

(ख) **स्वीकृत प्राप्त वण्डेड वेयर हाउसले नेपाल सरकार, परराष्ट्र मन्त्रालयले सिफारिश गरेको कुटनैतिक तथा महसुल सुबिधा प्राप्त व्यक्ति वा निकायलाई बिक्री गर्ने चुरोट तथा मदिरामा अन्तःशुल्क लाग्ने छैन ।**

**तर,**

१. **बण्डेड हाउसले चुरोट तथा मदिरा वाहेकका अन्य वस्तु अन्तःशुल्क नलगाई विक्री वितरण गर्न वाधा पर्ने छैन ।**

२. **वण्डेड वेयर हाउसवाट विक्री गरिने अन्तःशुल्क लाग्ने वस्तु पैठारी गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क वरावरको रकम नगद धरौटी वा वैंक प्रत्याभूती राख्नु पर्नेछ ।**

**(ग) उपदफा १ को खण्ड (क) र (ख) बमोजिमको नगद धरौटी वा बैंक प्रत्याभुतिको फुकुवा वा फिर्ता प्रक्रिया विभागद्धारा तोकिए बमोजिम हुनेछ ।**

**(घ) नेपाल भित्र उत्पादन भएका वा तयार भएका वस्तुहरु नेपाल वाहिर निर्यात भैसकेपछि सम्वन्धित पार्टीले लिन अस्वीकार गरी वा अन्य कुनै कारणले पुनः पैठारी गरी ल्याएको अवस्थामा सो मालवस्तु पैठारी भएको ३ महिना भित्र निकासी गर्ने भएमा यसरी फिर्ता ल्याउँदाका वखत लाग्ने अन्तःशुल्क धरौटीमा राखी सो मालवस्तु पुनः निकासी भएपछि धरौटी रकम सम्वन्धित भंसार कार्यालयले फिर्ता दिनेछ ।**

**(ख) कर मुक्त पसल (वण्डेड वेयर हाउस र ड्यूटी फि सप) सम्बन्धी थप व्यवस्था**

(१) कर मुक्त पसल (वण्डेड वेयर हाउस) राख्न स्विकृति लिनु पर्ने छ ।

(२) त्यस्तो पसल वा हाउसमा स्वदेशी उत्पादक/प्रतिष्ठानले आफ्नो उत्पादनको प्रत्येक वोतल, क्यान वा वट्टामा सिलसिलेवार नम्वर सहितको कर मुक्त लेखिएको स्टिकर, टिकट वा लेवल लगाई मात्र पठाउनु पर्दछ ।

(३) बिदेशवाट पैठारी गरी विक्री गर्न ल्याइएका त्यस्ता वस्तुहरूमा पनि प्रत्येक गोटा वा थानमा अनिवार्य रूपमा कर मुक्त लेखिएको लेवल लगाई विक्री गर्ने व्यवस्था गर्नु पर्दछ ।

(४) कर मुक्त पसल सञ्चालन गर्ने संस्थाले खरीद विक्री भएको विवरण अनुसुची ३०(ख) वमोजिमको रजिस्टरमा अध्यावधिक गरी राख्नु पर्दछ ।

(५) वेण्डेड वेयर हाउस (कर मुक्त पसल) को बिक्रीको लागि बिदेशबाट आयात गरिएको मदिरा, वियर तथा चुरोट लगायतका बस्तुहरू आयात गर्दा ति

वस्तुहरूको ब्राण्ड नाम, परिमाण, मूल्य समेतका बिबरण स्पस्ट देखिने गरी छुट्ट्याइ प्रज्ञापन पत्र भरी भन्सार कार्यालयमा पेश गर्नुपर्ने छ ।

(६) वण्डेड वेयर हाउस तथा कर मुक्त पसलको बिक्रेताले मदिरा, वियर तथा चुरोटको आम्दानी बिक्री मौज्दातको बिबरण अनुसूची ३० (ख) र बिक्रीमा प्रयोग हुने अन्तःशुल्क स्टिकरको आम्दानी खपत मौज्दातको विवरण हरेक पटक त्यस्ता वस्तुहरूको आयात गर्दा, स्टिकर माग गर्दा र मासिक रूपमा समेत पेश गर्नु पर्दछ ।

(७) अन्तःशुल्क अधिकृतले कर मुक्त पसल (वण्डेड वेयर हाउस) बाट मदिरा, बियर र चुरोटकोआयात, बिक्री, मौज्दात, स्टिकरको प्रयोग गरेको सम्बन्धमा स्थलगत रूपमा मासिक निरीक्षण गरी सो को प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्दछ ।

(८) वण्डेड वेयर हाउसबाट कुटनैतिक सुविधाप्राप्त व्यक्ति, संस्था वा नियोगलाई बिक्री गर्नु पर्नेछ ।

## ९.३ बैक प्रत्याभूती (ग्यारेन्टी) तथा नगद धरौटी फुकुवा

धरौटी रहेको रकम वा बैंक प्रत्याभूतीको फुकुवा प्रकृया निम्न बमोजिम हुनेछ ।

(क) इजाजतपत्र प्राप्त वण्डेड वेयर हाउसले अन्तःशुल्क लाग्ने बस्तु पैठारी गर्दा लाग्ने अन्तःशुल्क वरावरको रकम धरौटी/बैंक प्रत्याभूती राखी सम्बन्धीत भन्सार कार्यालयमा निबेदन दिने र अन्तःशुल्क इजाजत प्रदान गर्ने कार्यालयले दिएको आयात स्वीकृति अनुरूप भए भन्सार कार्यालयले धरौटी/बैंक प्रत्याभूतीका आधारमा सामान पैठारी गर्न दिनु पर्दछ ।

(ख) वण्डेड वेयर हाउसले अनुसूची ३० (ख) अनुसारको बिबरण सम्बन्धीत करदाता सेवा कार्यालय वा आन्तरिक राजस्व कार्यालयमा र बैक ग्यारन्टी फुकुवाको लागि भन्सार कार्यालयमा पेश गर्नु पर्दछ। यसरी पेश भएको बिबरणमा अन्तःशुल्क अधिकृतले पैठारी गरेको प्रज्ञापनपत्र, परराष्ट्र मन्त्रालयको सिफारिश विक्री भएको माल सामानको विवरण,स्टिकर प्राप्ती खपत र मौज्दातको विबरण, नियमित रूपमा जाच गर्नु पर्नेछ ।

(ग) भन्सार कार्यालयले पैठारी भएको मितिले ११ महिना भित्र संपूर्ण माल वस्तु बिक्री नभएमा वा ११ महिना भित्र धरौटी फुकुवाको लागि निबेदन नदिएमा बिक्री हुंन बांकी परिमाणको अन्तःशुल्क वरावरको रकम राजस्व दाखिला गराई वांकी धरौटी/बैंक प्रत्याभूती फुकुवा गर्न सक्ने छ ।

( घ) नगद धरौटी/बैंक प्रत्याभूती राखेको विवरण सहितको अभिलेख भन्सार कार्यालयले खातामा अनिवार्य रूपमा राख्नु पर्नेछ ।

(ड.) मदिरा तथा चुरोटको आयात गरी कर लाग्ने र कर मुक्त पसल वा **वण्डेड वेयर हाउस**बाट त्यस्ता माल वस्तु बिक्री गर्ने इजाजतवालाले कर लाग्ने र कर मुक्त पसल वा **वण्डेड वेयर हाउस**को गोदाम तथा बिक्री कक्ष छुट्टा छुट्टै राख्नु पर्दछ.

(च) कर मुक्त पसलको लागि बैंक प्रत्याभूति राखि पैठारी गरी ल्याइएको मदिरा तथा चुरोट कुटनैतिक तथा महशुल सुविधा प्राप्त व्यक्ति वा निकायलाई वाहेक अरू कसैलाई विक्री गर्न पाइने छैन। यस व्यवस्था विपरित विक्री गरेमा बैंक ग्यारेन्टी सुविधा एवं इजाजतपत्र समेत रद्द गरिनेछ र विक्री भएको परिमाण वरावर अन्तःशुल्क निर्धारण गरिनेछ।

## ९.४ निर्यात व्यवस्था :

### (क) कानूनी व्यवस्था

**(१) नेपाल वाहिर निकासी गरेमा ऐनको दफा ३ ख वमोजिम अन्तःशुल्क लाग्ने छैन।**

**(२) नेपाल भित्र उत्पादन भएका वा तयार भएका मालस्तुहरु नेपाल वाहिर निर्यात भैसकेपछि सम्वन्धित पार्टिले लिन अस्वीकार गरी वा अन्य कुनै कारणले पुनः पैठारी गरी ल्याइएको अवस्थामा सोही मालवस्तु पैठारी भएको तीन महिना भित्र निकासी गर्ने भएमा यसरी फिर्ता ल्याउँदा बखत लाग्ने अन्तःशुल्क धरौटीमा राखी त्यस्तो माल वस्तु पुनः निकासी भए पछि धरौटी रकम सम्वन्धित भंसार कार्यालयले फिर्ता दिनेछ।**

### (ख) मदिरा, वियर, चुरोट निकाशी सम्वन्धी व्यवस्था

ऐनको दफा ३ख मा भएको संशोधन अनुसार मदिरा तथा चुरोट नेपाल वाहिर निकासी गर्दा नगद धरौटी वा बैंक प्रत्याभूति राख्नुपर्ने व्यवस्था हटाएको सन्दर्भमा भौतिक नियन्त्रण प्रणालीमा आधारित अन्तःशुल्क लाग्ने वस्तु (मदिरा, वियर र चुरोट) को नेपाल वाहिर निकासी गर्ने प्रयोजनको लागि निम्नानुसारको प्रक्रिया तोकिएको छ।

१. उद्योगले निकासीको लागि सम्वन्धित कार्यालयमा निबेदन दिनुपर्ने,

२. उक्त निवेदनमा निम्न कुराहरू खुलाउनुपर्ने,

(क) कुन भन्सार विन्दुवाट निकासी गर्ने,

(ख) निकासी गरिने वस्तुको परिमाण, विक्री मूल्य र अन्तःशुल्क रकम,

३. उक्त निवेदनका साथ निम्नानुसारका कागजात पेश गनुपर्ने।

(क) निकासीकर्ता र आयातकर्ता वीचको खरिद विक्री संझौता (Quality र Quantity खुलेको),

(ख) निकासीको लागि खोलिएको एल.सी.को प्रतिलिपि,

४. अन्तःशुल्क अधिकृत वा निजले तोकेको कर्मचारीको रोहवरमा मदिरा/चुरोट लोड गर्ने, कन्टेनरमा सिलछाप गरी सोको जानकारी सम्बन्धित भन्सार कार्यालयलाई दिनुपर्ने।

५. करदाताले निकासी गरेको वस्तुको निकासी प्रज्ञापन पत्रको प्रतिलिपि सहित ३ दिनभित्र सम्वन्धित कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

६. निकासी गर्नु गराउनु पूर्व उद्योगले तिर्नुपर्ने अन्तःशुल्क मूल्य अभिबृद्धि कर तथा आयकर बक्यौता नरहेको हुनुपर्ने ।

७. निकासीको लागि उद्योगवाट निष्काशन गरेको वस्तु मनासिव कारण वेगर निकासी नगरेको पाइएमा अन्तःशुल्क निर्धारण गरी लाग्ने अन्तःशुल्क तथा विलम्व दस्तुर असुल गरी अन्तःशुल्क दवाए छिपाएको वा छलेको कसुर मानी कारवाही समेत हुनेछ ।

८. अन्तःशुल्क नियमावली (संशोध सहित), २०५९ को नियम १२(१) को खण्ड (ङ) बमोजिम निरीक्षणका समयमा त्यस पूर्व नेपाल वाहिर निकासी भएको वस्तुको निकासी प्रज्ञापन पत्र तथा भुक्तानी भएको प्रमाणित हुने कागजात समेत जांच गर्नुपर्नेछ ।

९. निकासी हुने माल वस्तुको वट्टा वा लेवलमा "**निकासीको लागि मात्र**" भन्ने शव्द लेखिएको हुनपर्छ ।

# परिच्छेद-१०

# अन्तःशुल्कको अभिलेख तथा प्रतिवेदन

अन्तःशुल्क इजाजतपत्र प्राप्त व्यक्तिले अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन, विक्री तथा त्यस्तो वस्तु वा सेवा उत्पादनका लागि प्रयोग हुने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिको खरीद, खपत तथा अन्तिम मौज्दातको लेखा अद्यावधिक राख्ने खाताहरू कारोवार शुरू गर्नु भन्दा अगाडी नै सम्वन्धित अन्तःशुल्क अधिकृतवाट प्रमाणित गराई लेखा राख्नु पर्दछ ।

## १०.१ लेखा अद्यावधिक गरी राख्नु पर्ने ( ऐनको दफा १०ख )

**(१) अन्तःशुल्क विवरण पेश गर्नु पर्ने व्यक्तिले अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन, विक्री, त्यस्तो वस्तु वा सेवाको उत्पादनको लागि प्रयोग गरिने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिको खरीद, खपत तथा अन्तिम मौज्दातको मूल्य तथा परिमाण खुल्ने तोकिए वमोजिमका विवरण सहितको लेखा अध्यावधिक राख्नु पर्ने छ र त्यस्तो लेखा अन्तःशुल्क अधिकृतले निरिक्षण गर्न मांग गरेका वखत उपलव्ध गराउनु पर्नेछ ।**

**(२) खरीद, उत्पादन, निष्काशन, विक्री र मौज्दात खाता सम्वन्धित अन्तःशुल्क अधिकृतद्धारा प्रमाणित गराई लेखा राख्ने प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।**

**(३) इजाजतवालाले कारोवारको लेखा ६ वर्ष सम्म सुरक्षित राख्नु पर्नेछ ।**

**(४) ऐनको कार्यान्वयनको निमित्त अन्तःशुल्क अधिकृतले लिखितरुपमा सूचना दिइ अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवारको सम्वन्धमा जानकारी माग गर्न सक्नेछ ।**

## १०.२ कारोवारको अभिलेख राख्ने व्यवस्था (नियमावलीको नियम १२(१) (ग) तथा नियम १३क( १) )

इजाजतपत्रवालाले ऐन र नियमावलीको प्रयोजनको लागि देहायका कागजात तथा विवरणहरूको लेखा प्रयोजनका लागि अभिलेख राख्नु पर्ने व्यवस्था गरेकोछ :

(क) चुरोट उत्पादक इजाजतपत्रवालाले देहाय वमोजिमका खाता र सो को विवरण,

(१) उत्पादन तथा विकी भएको दैनिक मौज्दातको विवरण (अनुसूचि ४),

(२) कोरा मालको मौज्दात विवरण (अनुसूचि ५),

(३) कोरामालको खपत र चुरोट/विडी उत्पादनको दैनिक विवरण ( अनुसूचि ६),

(४) दैनिक प्याकिंग रूमको विवरण ( अनुसूचि ७),

(५) गोदाममा रहेको चुरोटको दैनिक विवरण (अनुसूचि ८),

(६) चुरोट तथा विडीको निष्कासन मांग फाराम (अनुसूचि ९),र

(७) ब्याच नियन्त्रण खाता ( अनुसूचि ९क)

(ख) मदिरा, स्प्रिट, खुदो र वियर उत्पादक इजाजतपत्रवालाले देहाय बमोजिमको खाता, फाटवारी र तिनको विवरण,

(१) उत्पादन तथा बिक्री भएको दैनिक मौज्दाताको हिसाव ( अनुसूचि ४)

(२) ब्याच नियन्त्रण खाता ( अनुसूचि ९क)

(३) डिष्टीलरी ब्रुअरीवालाले दिनु पर्ने रक्सी ,वियर ,वाइन को बिक्री र त्यसवाट आउने अन्तःशुल्कको फाटवारी ( अनुसूचि १०)

(४) डिष्टीलरी ब्रुअरीवालाले दिनु पर्ने रक्सी ,वियर ,वाइन को फाटवारी(अनुसूचि ११)

(५) सख्खर खुदोको दैनिक हिसाव ( अनुसूचि १२)

(६) वियरको नोक्सानी मिन्हाको निवेदन तथा सिफारिस (अनुसूचि २५ वियराको लागि मात्र

(७) मदिराको नोक्सानी मिन्हाको निवेदन तथा सिफारिस अनुसूचि २५(क) मदिराको लागि मात्र

(ग) अन्तःशुल्क विवरण बुझाउनु पर्ने सबै इजाजतपत्रवालाहरूले देहाय बमोजिमका खाताहरू,

(१) खरीद खाता (अनुसूचि ४ग),

(२) विकी खाता (अनुसूचि ४घ),

(३) ब्याच नियन्त्रण खाता (अनुसुचि ९क),

(४) आफुले जारी गरेका तथा प्राप्त गरेका बिजकहरू,

(५) व्यापार, लेखा, नगद प्राप्ती र भुक्तानी सम्बन्धी अभिलेख,

(६) आफुले गरेको आयात र निर्यातसंग सम्बन्धित सम्पूर्ण कागजातहरू,

(७) विभागले तोकेका अन्य कागजातहरू ।

## *१०.३ निरीक्षण पुस्तिका राख्नु पर्ने (नियमावलीको नियम २१)*

मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले डिष्टीलरी वा ब्रुअरीमा विभागले तोके बमोजिमको एउटा निरीक्षण पुस्तिका राख्नु पर्नेछ । अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले डिष्टीलरी वा ब्रुअरी निरीक्षण गर्दा निरीक्षण मिति, समय र मदिरा उत्पादन प्रक्रियामा सम्बन्धमा देखेको त्रुटी सम्बन्धी सबै कुरा सो पुस्तिकामा लेख्नु पर्नेछ ।

## १०.४ उत्पादन गर्ने प्रतिष्ठानले राख्नु पर्ने थप खाताहरु :

अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने प्रतिष्ठानले अन्य खाताको अतिरिक्त देहायको खाताहरू समेत अध्यावधिक बनाई राख्नु पर्दछ ।

(क) कच्चा पदार्थको आम्दानी खर्च खाता अनुसूची १४ (स्वयम निष्कासन प्रणालीको लागि मात्र )

(ख) दैनिक कार्य परिचालन खाता अनुसूची १५ (मदिरा उद्योगको मात्र)

(ग) कारखानाको गोदाम क्षेत्रबाट अन्तःशुल्क लाग्ने पदार्थ निस्कासन गर्ने माग फारम अनुसूची १७ (भौतिक नियन्त्रणको लागि मात्र)

(घ) माग फाराम दर्ता हिसाब खाता अनुसूची १८ (भौतिक नियन्त्रणको लागि मात्र)

(ङ) तैयारी सामानको आम्दानी तथा बिक्री (निस्कासन) खाता अनुसूची १९ (मदिरा उद्योगको लागि मात्र)

(च) उत्पादन तथा निष्कासनको मास्केवारी। वार्षिक प्रतिवेदन (अनुसूचि २७) (स्वयम निष्कासन प्रणालीको लागि मात्र)

(छ) कच्चा पदार्थको मास्केवारी। वार्षिक प्रतिवेदन (अनुसूचि २८) (स्वयम निष्कासन प्रणालीको लागि मात्र)

(ज) अन्तःशुल्क टिकट र टिकट लकको आम्दानी खर्च खाताको नमूना अनुसूची २६

(झ) अन्तःशुल्क टिकट र टिकट लकको आम्दानी खर्चको व्यक्तिगत खाताको नमूना अनुसूची २६(क)

(ञ) अन्तःशुल्क टिकट लक (साचो)को प्रयोग रेकर्ड खाताको नमूना अनुसूची २६(ख)

(ट) महिना र वार्षिक उत्पादनको अन्तःशुल्क विबरण अनुसूची २९

(ठ) महिना र वार्षिक बिक्रीको अन्तःशुल्क विबरण अनुसूची ३०

(ड) अन्तःशुल्क राजस्व अशुलीको मासिक विबरण अनुसूची ३१

(ढ) वस्तुगत अन्तःशुल्क राजस्व अशुलीको मासिक विबरण अनुसूची ३२

(ण) तुलनात्मक वस्तुगत अन्तःशुल्क राजस्व अशुली विबरण अनुसूची ३३

(त) मासिक कार्य प्रगति विबरण अनुसूची ३४(कार्यालयको प्रयोजन मात्र)

(थ) अन्तःशुल्क दर्ता अभिलेख किताव अनुसूची ३५(कार्यालयको प्रयोजन मात्र)

## १०.५ विधुतीय माध्यममा अभिलेख राख्न सकिने

ऐन, नियमावली तथा यस निर्देशिका वमोजिम राख्नु पर्ने अभिलेखहरू अन्तःशुल्क अधिकृतको अनुमति लिई कम्प्युटर वा त्यस्तै अन्य यान्त्रिक प्रणालीमा विभागले तोकिदिए बमोजिमको तरिका अपनाई राख्न सक्नेछ।

## १०.६ कम्प्युटरबाट प्रशोधित अभिलेख प्रमाणको रुपमा ग्राह्य हुने (ऐनको दफा १०ग)

**(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तःशुल्कको प्रयोजनको लागि अन्यथा प्रमाणित भएकोमा बाहेक विभाग वा सो अन्तर्गतका कार्यालय वा अन्तःशुल्क**

**प्रशासन गर्न तोकिएको कार्यालयमा रहेका कम्प्युटरबाट प्रशोधित कुनै व्यक्तिको अन्तःशुल्क सम्बन्धी अभिलेख प्रमाणको रुपमा ग्राह्य हुनेछ।**

(२) **अन्तःशुल्क लाग्ने तोकिएका वस्तु वा सेवाको उत्पादन सम्बन्धी तथ्याङ्क विद्युतीय माध्यमबाट विभाग वा सो विभागले तोकेको कार्यालयमा स्वतः प्राप्त हुने गरी व्यवस्था गर्न सक्नेछ।**

(३) **विभागले विद्युतीय माध्यमबाट अन्तःशुल्क विवरण पेश गर्ने र अन्तःशुल्क भुक्तानी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ।**

अन्तःशुल्कको अभिलेखांकन प्रतिवेदन अनलाइन माध्यमबाट गर्नुपर्ने गरी सफ्टवेयर व्यवस्था गरि सकिएको छ।

## १०.६ अन्तःशुल्क अधिकृतले अभिलेख जांच गर्न सक्ने (नियमावलीको नियम १३ क (४) र (५) )

इजाजतपत्रवालाले राखेको अभिलेख अन्तःशुल्क अधिकृतले कारोवार समय वा कार्याल्य समयमा जुनसुकै बखत हेर्न सक्नेछ। अन्तःशुल्क अधिकृतले अभिलेख जाँच गर्ने सिलसिलामा मांग गरेका कागजात र विवरण उपलव्ध गराउनु र आवश्यक सहयोगका लागि कर्मचारीको व्यवस्था गर्नु इजाजतपत्रवालाको कर्तव्य हुनेछ।

## १०.७ संचय तथा ओसार पसारको अभिलेख राख्नुपर्ने

अन्तःशुल्क विवरण पेश गर्नु पर्ने व्यक्तिले अन्तःशुल्क लाग्ने वस्तुको संचय तथा ओसार प्रसार समेत को स्थिति समेत देखिने गरी अभिलेख राख्नु पर्दछ।

# परिच्छेद-११
# अन्तःशुल्क निर्धारण, असुली तथा दाखिला

## ११.१ अन्तःशुल्क निर्धारण (ऐनको दफा ३क.)

**ऐन वमोजिम लाग्ने अन्तःशुल्कको निर्धारण र असूल गर्ने दायित्व अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन गर्ने उत्पादकको हुनेछ। तर पैठारी हुने वस्तुको अन्तःशुल्कको निर्धारण र असूली सम्वन्धित भंसार कार्यालयले गर्नेछ। कुनै वस्तुको उत्पादन वा पैठारीका अतिरिक्त विक्री वितरणको तहमा समेत अन्तःशुल्क लाग्ने भएमा ऐन बमोजिम लाग्ने अन्तःशुल्कको निर्धारण र असूली गर्ने दायित्व पैठारीकर्ता वा विक्रेताको हुनेछ।**

## ११.२ अन्तःशुल्क दर :

अन्तःशुल्क दर भन्नाले अन्तःशुल्क लाग्ने वस्तु वा सेवामा ऐन बमोजिम लाग्ने अन्तःशुल्क दरवन्दीलाई जनाउँदछ। ऐनको अनुसुचिमा अन्तःशल्क दरवन्दी तोकिएको छ। वर्तमान अवस्थामा निर्दिष्ट तथा मोल प्रतिशत गरी दुई प्रकारको दरको आधारमा अन्तःशुल्क लगाइने व्यवस्था छ।

**११.२.१** निर्दिष्ट दर (Specific Rate) : कुनै पनि वस्तुको नाप, तौल वा परिमाणको आधारमा अन्तःशुल्क लगाउनुलाई नै निर्दिष्ट दर भनिन्छ। यस्ता वस्तुको नाप, तौल वा परिमाणको आधारमा अन्तःशुल्क निर्धारण गरिने भएकोले अन्तःशुल्क प्रशासनले भौतिक नियन्त्रण प्रणालीलाई विशेष ध्यान दिनु पर्दछ। यसमा कच्चा पदार्थ, सहायक कच्चा पदार्थको परिमाणलाई लेखाजोखा गरी उत्पादनशीलता यकिन गरिनु जरूरी हुन्छ। जस्तैः मदिरा, चुरोट, वियर, चाउचाउ, खुदो, फलफुलको रस। पानमसला, सूर्ति, सिमेण्ट आदिमा यो दर प्रयोग गरी अन्तःशुल्क निर्धारण गर्ने गरिन्छ।

**११.२.२** मोल प्रतिशत (Ad-valorem) : कुनै वस्तुको मूल्यको अनुपातको आधारमा अन्तःशुल्क लगाइनुलाई मोल प्रतिशत भनिन्छ। वस्तुको उत्पादन गर्दा के कति कच्चा पदार्थ र अन्य खर्च के कति लागेको छ त्यसको लागतको हिसाव गरी प्रति इकाई मूल्य कायम गरी त्यस मूल्यको आधारमा वा मूल्यलाई आधार मानी अन्तःशुल्क निर्धारण गर्ने पद्दतीलाई नै मोल प्रतिशत भनिन्छ। यसमा कच्चा पदार्थको खर्च, शिरोभार खर्च तथा जर्ति नोक्सानी आदि पर्दछन्। अर्को शव्दमा यसलाई अन्तःशुल्क लगाइनु भन्दा अगाडीको वस्तु उत्पादन गर्दा (उत्पादकको मुनाफा वाहेक) को परल मूल्य पनि भनिन्छ। सवारी साधान , पेन्टस् आदिमा यो दर प्रयोग गरी अन्तःशुल्क निर्धारण गर्ने गरिन्छ।

## ११.३ अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको मूल्य निर्धारण (ऐनको दफा ७)

(१) नेपाल भित्र उत्पादन हुने कुनै पनि वस्तु वा सेवामा मूल्यको आधारमा अन्तःशुल्क लाग्ने भएमा देहाय वमोजिमको मूल्यलाई आधार मानि अन्तःशुल्क लगाईनेछ :

(क) उत्पादकले अन्तःशुल्क लाग्ने वस्तु विक्री गर्दा निर्धारण गरेको कारखाना मूल्य, वा

(ख) सेवाको हकमा विक्री गर्दाको मूल्य, वा

(ग) विभागले उत्पादन लागत वा अन्य उपयुक्त आधारमा तोकिएको मूल्य ।

(२) नेपाल भित्र पैठारी हुने वस्तुको सम्वन्धमा त्यस्तो वस्तुमा भन्सार महशुल लिने प्रयोजनको निमित्त निर्धारण गरिएको मूल्यमा भंसार महशुल समेत थपगरी कायम हुन आउने मूल्यमा अन्तःशुल्क लगाइनेछ ।

(३ ) सेवामा विजक वमोजिमको मूल्य निर्धारण गरी अन्तःशुल्क असूल उपर गरिनेछ ।

(४) अन्तःशुल्क अधिकृतले अन्तःशुल्क असूल उपर गर्ने प्रयोजनको निमित्त आवश्यकतानुसार पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण गर्न सक्नेछ ।

## ११.४ अन्तःशुल्क असूली (ऐनको दफा ४)

(१) यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक यस ऐन बमोजिम अन्तःशुल्क लाग्ने वस्तु तथा सेवामा देहाय बमोजिम अन्तःशुल्क असूल गरिने छ :

(क) भौतिक नियन्त्रण प्रणाली लागू हुने उद्योगले उत्पादन गर्ने वस्तुको हकमा प्रतिष्ठानबाट उत्पादन गरी विक्रीका लागि निष्कासन गर्दाको वखत,

(ख) स्वमं निष्कासन प्रणालीमा आधारित वस्तु तथा सेवाको हकमा विजक जारी गर्दाको
वखत,

(ग) पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपालभित्र प्रवेश गर्दाको बखत भन्सार विन्दूमा,

(घ) पैठारी हुने सेवाको हकमा विभागद्धारा तोकिए बमोजिम ।

(२) उप दफा (१) मा  जुनसुकै करा लेखिएको भएतापनि कुनै वस्तु वा सेवाको हकमा त्यस्तो वस्तु उत्पादन   गरेको वो सेवा प्रदान गरेको अवस्थामा नै अन्तःशुल्क असुल गर्नुपर्ने गरी विभागले तोक्न सक्नेछ ।

## **११.५ इजाजतपत्र नलिई उठाएको अन्तःशुल्क  निर्धारण र असुली (नियमावलीको नियम ६ग)**

कसैले इजाजतपत्र  नलिई  अन्तःशुल्क वा अन्तःशुल्कको नाममा अन्य कुनै  रकम उठाएमा निजले उठाएको अन्तःशुल्क रकम  नियम ६(क) बमोजिम निर्धारण गरी असुल उपर गरिनेछ ।

## **११.६ इजाजतपत्र रद्द भएमा मौज्दात रहेको वस्तु बिक्री गर्ने (नियमालीको नियम ८)**

ऐन तथा यस नियमावली बमोजिम इजाजतपत्र रद्द हुँदाका अवस्थामा गोदाममा मौज्दात रहेका वस्तुका हकमा वक्यौता अन्तःशुल्क बुझाई विभागको स्वीकृति लिई बिक्री गर्न सकिनेछ। विभागलाई बुझाउनु पर्ने वक्यौता अन्तःशुल्क नबुझाएमा विभागले त्यस्तो वस्तु लिलाम बिक्री गरी प्राप्त भएको रकमबाट वक्यौता अन्तःशुल्क लिई बाँकी रहन गएको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

## **११.७ अन्तःशुल्क लगाउने प्रकृया (नियमावलीको नियम ६)**

**(१)** मदिरा, स्प्रिट, खुदो (मोलासेस) , वियर र चुरोट उत्पादन गरी निष्काशन गर्दाको अवस्थामा नै अन्तःशुल्क लगाई असुल उपर गर्ने गरी भौतिक नियन्त्रण प्रणाली अर्न्तगत निष्काशन गर्न दिइनेछ ।

माथि उल्लेखित वस्तुहरू वाहेकका अन्य अन्तःशुल्क लाग्ने वस्तु तथा सेवालाई स्वयं निष्काशन प्रणाली अर्न्तगत निष्काशन गर्न दिइनेछ ।

**(२)** उत्पादन गरी निष्काशन गर्दाको अवस्थामा नै अन्तःशुल्क लगाई असूल उपर गर्नु पर्ने भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा उत्पादकले आर्थिक वर्ष भरिमा उत्पादन गर्ने वस्तु र सो वापत वुझाउनु पर्ने अन्तःशुल्क रकमको अन्तःशुल्क अधिकृतले हिसाव गरी त्यस्तो रकम उत्पादकबाट अग्रिम रूपमा धरौटी राख्न लगाउन सक्नेछ। त्यसरी धरौटी राखिएको रकम अन्तःशुल्क वापत वुझाउनु पर्ने भन्दा कम भएमा अन्तःशुल्क अधिकृतले नपुग रकम जति उत्पादकबाट दाखिला गर्न लगाउन सक्नेछ र वढी भए जति रकम उत्पादकलाई फिर्ता गर्नु पर्नेछ ।

**(३)** स्वयं निष्काशन प्रणाली अर्न्तगत निष्काशन हुने वस्तु तथा सेवाका हकमा अनुसूची १३ वमोजिमको विजकमा अन्तःशुल्क असूल गरी  ऐनको दफा ३ बमोजिम दाखिला गर्नुपर्नेछ ।

**(४)** भौतिक नियन्त्रण प्रणाली अर्न्तगतका वस्तुको निष्काशन माग फाराम स्वीकृत भए पछि पनि अनुसूची १३ बमोजिमको विजक जारी गरी सामान निष्काशन गर्नु पर्नेछ ।

## ११.८ अन्तःशुल्क कट्टी सम्बन्धी व्यवस्था

### ११.६.१ उत्पादनमा प्रयोग भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क कट्टी व्यवस्था ( ऐनको दफा ३क(३) )

**अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निष्कासन गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ। तर स्वयं निष्कासन प्रणाली लागू हुन उद्योगले कच्चा पदार्थ खरीद वा आयात गर्दा तिरेको अन्तःशुल्क तयारी वस्तु विक्री गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाउने छ।**

### ११.६.२ हानी नोक्सानी भएको वस्तुमा तिरेको अन्तःशुल्क कट्टी व्यवस्था (ऐनको दफा ३क(५) )

**आगजनी, चोरी, दुर्घटना, ध्वंसात्मक गतिविधि वा वस्तु उपयोग गर्ने म्याद सकिएको कारणले हानी नोक्सानी भएको वस्तुमा तिरेको अन्तःशुल्कको हकमा विभागले तोके वमोजिम मात्र कट्टी गर्न पाइनेछ।** परिच्छेद ७ मा प्रकिया तोकिएको छ।

## ११.९ अन्तःशुल्क वुझाउने दायित्व (ऐनको दफा ४क)

**अन्तःशुल्क बुझाउने दायित्व देहाय बमोजिमको व्यक्तिमा हुनेछ :**

**(क) नेपालभित्र उत्पादन हुने वस्तु वा सेवाको हकमा उत्पादक,**

**(ख) पैठारी हुने वस्तुमा सो वस्तु प्राप्त गर्ने विल अफ लेडिंग, एअर वे विल, विल विजक वा जांचपासको लागि दिएको निवेदनमा मा उल्लेख भएको व्यक्ति,**

**(ग) अन्तःशुल्क लाग्ने पदार्थ लिलाम भएकोमा सो लिलाम सकार्ने व्यक्ति,**

**(घ) कर मुक्त पसल ( ड्युटी फ्रि सप ) बाट विक्री भएको मदिरा वा चुरोट बाहेकका वस्तु पुनः विक्री वा अन्य प्रयोजनमा प्रयोग भएमा पुनः विक्री गर्ने वा प्रयोग गर्ने व्यक्ति,**

**(ङ) कुनै वस्तु वा सेवा अन्तःशुल्क नलाग्ने अवस्थाबाट लाग्ने अवस्थामा परिवर्तन भएमा त्यस्तो वस्तुको स्वामित्व कायम रहने व्यक्ति।**

**(च) माथि उल्लेख भए देखि वाहेक अन्य अवस्थामा विभागले तोकेको व्यक्ति।**

## ११.१० अन्तःशुल्क दाखिला गर्ने म्याद ( ऐनको दफा ४ख )

**असुल भएको अन्तःशुल्क देहाय बमोजिम दाखिला गर्नुपर्ने छ :**

**(क) भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा त्यस्तो वस्तु निष्कासन गर्दाको बखत,**

**(ख) स्वयं निष्कासन प्रणाली अन्तर्गत उत्पादन तथा बिक्री वितरण हुने वस्तु वा सेवाको हकमा विजक जारी भए पछिको महिनाको पच्चीस गते भित्र,**

(ग) **पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपालभित्र प्रवेश गर्दाको वखत,**

(घ) **पैठारी हुने सेवाको हकमा विभागले तोके बमोजिम ।**

माथि **खण्ड (ख) बमोजिमको म्यादभित्र अन्तःशुल्क भुक्तानी नगरेमा भुक्तानी गर्न बांकि अन्तःशुल्क रकममा प्रति दिन शून्य दशमलव शून्य पांच प्रतिशतका दरले विलम्व दस्तुर लाग्ने छ ।**

## ११.११ किस्ताबन्दीमा तिर्ने व्यवस्था (ऐनको दफा १७ (क))

**कुनै करदाताले बक्यौता अन्तःशुल्क किस्ताबन्दीमा बुझाउन पाउँ भनी लिखित अनुरोध गरेमा एक वर्षको लागि किस्ताबन्दीमा बुझाउने गरी अनुमति प्रदान गर्न सकिनेछ ।**

## ११.१२ अन्तःशुल्क सरह मानिने (ऐनको दफा २२(क))

**ऐन बमोजिम लाग्ने दस्तुर, विलम्ब शुल्क वा जरिबाना यस ऐन बमोजिम लाग्ने अन्तःशुल्क सरह मानिनेछ ।"**

## ११.१३ विलम्ब शुल्क

११.१३.१ **स्वयं निष्कासन प्रणाली अन्तर्गत वस्तुको अन्तःशुल्क समयमा भुक्तान नगरेमा लाग्ने विलम्ब शुल्क (ऐनको दफा ४ख(२) )**

**स्वयं निष्कासन प्रणाली अन्तर्गत उत्पादन तथा विक्री वितरण हुने वस्तु वा सेवाको हकमा बिजक जारी भए पछिको महिनाको पच्चीस गते भित्र अन्तःशुल्क भुक्तानी नगरेमा भुक्तानी गर्न बांकि अन्तःशुल्क रकममा प्रति दिन शून्य दशमलव शून्य पांच प्रतिशतको दरले बिलम्ब शुल्क लाग्ने छ ।**

**११.१३.२ ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क) को अवस्थामा बाहेक अन्तःशुल्क निर्धारण भएको वा अन्य कुनै कारणले यस ऐन बमोजिमको म्यादभित्र बुझाउनु पर्ने अन्तःशुल्क रकम कुनै व्यक्तिले नबुझाएमा बुझाँउन बाँकी रहेको अन्तःशुल्क रकममा प्रति दिन शून्य दशमलव शुन्य पाँच प्रतिशतका दरले विलम्ब शुल्क लाग्नेछ । ऐनको दफा १० झ)**

### स्वयं निष्काशन तर्फका बस्तुहरुको बिक्रीको अन्तःशुल्क रकम दाखिला गर्ने सम्बन्धमा

स्वयं निष्काशन तर्फका बस्तुहरूको उत्पादनहरूको बिक्रीको अन्तःशुल्क रकम प्रतिष्ठानको मुख्य कार्यालय दर्ता रहेको सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्ने ।

# परिच्छेद-१२

## अन्तःशुल्क विवरण

अन्तःशुल्क निर्धारण र असूल गर्नुपर्ने दायित्य भएका व्यक्तिले प्रत्येक महिनाको अन्तःशुल्क विवरण अर्को महिनाको २५ गते भित्र सम्बन्धित करदाता सेवा कार्यालय वा आन्तरिक राजस्व कार्यालय वा सो कार्यालय नभएको ठाउमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा दाखिला गर्नु पर्दछ। अन्तःशुल्क विवरण विधुतीय माध्यमबाट बुझाउने व्यवस्था छ।अन्तःशुल्क विवरण म्याद भित्र पेश नगरेमा , अधुरो वा त्रुटीपूर्ण पेश गरेमा र झुठ्टा विवरण पेश नगरेमा अन्तःशुल्क ऐन बमोजिम दण्ड जरीवाना लाग्ने कानूनी व्यवस्था छ।

### १२.१ ऐनको दफा १०क को व्यवस्था :

**दफा ३क बमोजिम अन्तःशुल्क निर्धारण र असूल गर्नु पर्ने दायित्व भएका व्यक्तिले प्रत्येक महिनाको अन्तःशुल्क लाग्ने कारोवारको विवरण सो महिना समाप्त भएको पच्चीस दिनभित्र अन्तःशुल्क अधिकृत समक्ष वा हुलाकबाट रजिष्टी गरी तोकिए बमोजिमको अन्तःशुल्क विवरण पेश गर्नुपर्ने छ। त्यस्तो विवरण सो महिनामा अन्तःशुल्क लाग्ने कारोवार गरेको वा नगरेको जे सुकै भए तापनि पेश गर्नुपर्नेछ।**

### १२.२ नियमावलीको नियम १३ग को व्यवस्था

अन्तःशुल्क उठाई बुझाउनु पर्ने दायित्व भएका इजाजतपत्रवालाले विक्रम संवत अनुसारको एक महिनाको अन्तःशुल्कको विवरण सो महिना समाप्त भएको मितिले २५ दिन भित्र अनुसूचि ४(ङ) बमोजिमको ढांचामा सम्बन्धित अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नुपर्ने छ।

### १२.२.३ विशेष अवस्थामा हकवाला वा कानूनी प्रतिनिधिले विवरण पेश गर्न सक्ने(नियमावलीको नियम १३घ)

कुनै इजाजतपत्रवालाको मृत्यू भएमा वा निजले अन्तःशुल्क विवरण पेश गर्न शारीरिक वा मानसिक रूपमा असमर्थ भएमा निजको मृत्यू भएको वा निज शारीरिक वा मानसिक रूपमा असमर्थ भएको अघिल्लो दिन सम्मको अवधिसम्म निजले अन्तःशुल्कजन्य कारोवार गरेको मानी अन्तःशुल्क अधिकृतले सो महिनाको अन्तःशुल्क विवरण निजको हकवाला वा कानून बमोजिमको प्रतिनिधिलाई पेश गर्न लगाउन सक्नेछ।

# परिच्छेद-१३

# अन्तःशुल्क परिक्षण तथा अन्तःशुल्क निर्धारण

## १३.१ अन्तःशुल्क लेखापरीक्षणः

ऐनले अन्तःशुल्क जन्य वस्तुको कारोवार गर्ने र अन्तःशुल्क संकलन गरी दाखिला गर्नु पर्ने दायित्व भएका इजाजतपत्रवालाहरूको कारोवारको जांच परीक्षण गर्न अन्तःशुल्क अधिकृतलाई अधिकार प्रदान गरेको छ। अन्तःशुल्क प्रशासन परंपरागत भौतिक नियन्त्रण प्रणालीमा मात्र सीमित नरही अव करदाता स्वयंले आफ्नो कारोवारको आफैं लेखा राखी अन्तःशुल्क निर्धारण गरी अन्तःशुल्क वुझाउनु पर्ने व्यवस्था स्वयम् निष्काशन प्रणालीको रूपमा व्यवस्था भएको छ।

अन्तःशुल्क लगाउने पद्धती एउटा विशुद्ध प्राविधिक पक्ष हो। अन्तःशुल्क मूलतः उत्पादन र पैठारी विन्दुमानै लाग्दछ। खासगरी स्वास्थ्यमा असर पर्ने, वातावरणलाई असर पार्ने एवं समाजको सदाचारमा असर गर्ने वस्तुहरूको उत्पादनमा नियन्त्रण, गुणस्तर र बिक्री बितरणमा नियन्त्रण गर्न यस्ता वस्तुको उत्पादनमा वढी कर लगाउने गरिन्छ। यस बाहेक मुलुक बिश्व व्यापार र क्षेत्रीय व्यापारको संजालमा आबद्ध हुने क्रममा भंसार दरहरूमा हुने परिमार्जन बाट घट्न जाने राजस्व पूर्तीका लागि अन्य बस्तुहरूमा अन्तःशुल्क लगाइ राजस्वको दायरा बिस्तार गर्ने राजस्व नीति रहेकोछ। अन्तःशुल्कजन्य बस्तु भौतिक नियन्त्रणमा उत्पादन र निष्कासन गरिदै आएको भएतापनि अन्य करहरू स्वयं निर्धारण पद्धतीमा आधारित गरिदै लगिएकाले उच्च राजस्व जोखिम भएका मदिरा, बियर र चुरोट बाहेक अन्य बस्तुहरू स्वयं निष्कासन प्रणालीमा उत्पादन तथा निष्कासन गरी आएकोछ। यहि कारणले गर्दा अन्तःशुल्कमा उत्पादन प्रकृया तथा उत्पादनको क्रममा विभिन्न तह र विन्दुमा राखिने अभिलेखलाई वढी महत्व दिइने गरिन्छ र यही माध्यमवाट राजस्वको जोखिमको आधारलाई पहिचान गरी अन्तःशुल्क राजस्वको चुहावट नियन्त्रण गर्न लेखापरीक्षणको अवधारणालाई कानूनी रूपमा विकास गरिएको छ। वर्तमान अन्तःशुल्क ऐनमा निम्न कुराहरू प्रतिविम्वीत भएका छन् :

(क) राजस्व संकलन प्रकृयालाई प्रभावकारी बनाई राजस्व परिचालन बढाउने ,

(ख) अन्तःशुल्क प्रशासनलाई कर प्रशासनको मूल प्रवाहमा ल्याई आधुनिकीकरण गर्ने,

(ग) उत्पादन, निष्काशन एवं विक्री वितरणमा हुन सक्ने चुहावटमा कम गर्ने,

(घ) अन्तःशुल्क परीक्षणलाई समेत प्रभावकारी वनाउने,

(ङ) स्वयं निष्काशन प्रणालीको प्रकृया, अभिलेख र कानूनी पद्धती अझ व्यवस्थित गर्ने, र

(च) भौतिक नियन्त्रण प्रणालीलाई अझ चुस्त र प्रभावकारी गराई राजस्व वृद्धि गर्ने।

अन्तःशुल्क लाग्ने वस्तुको कारोवार गर्ने करदाताले तिर्नु पर्ने राजस्वको छानविन तथा परीक्षण गर्ने उद्देश्यका लागि विभागवाट मार्गदर्शन तयार गरिएको छ। सो अनुसार वढी भन्दा वढी अन्तःशुल्क राजस्व संकलन गर्नका लागि परीक्षणका क्रममा निम्न विषयमा विशेष दृष्टि पुऱ्याउन जोड दिइएको छ।

(क) इजाजत पत्रवालाको कानूनी हैसियत

(ख) अन्तःशुल्क ऐन/नियम/निर्देशिका अनुसार राखिनु पर्ने अभिलेख

(ग) तोकिएको अन्तःशुल्क दरवन्दी वमोजिम अन्तःशुल्क दाखिला गरे/नगरेको

(घ) निर्दिष्ट गरिएको प्रकृया एवं उत्पादनशीलता अनुरूप उत्पादन भए/नभएको

(ङ) उत्पादन स्वीकृति बमोजिमको गुणस्तर , नाप र तौल भए/नभएको

(च) संकलन गरिएको अन्तःशुल्क दाखिला गरे/नगरेको

(छ) कारोवारवाट लुकाएको आय वैयक्तिक सम्पति वा खर्चमा प्रतिविम्वित भए/नभएको

(ज) ऐन नियमले तोकेको प्रकृया र समयावधि बमोजिम जर्ति मिन्हा भए/नभएको ।

### ३.१.१ लेखापरीक्षणका प्रकारः

**१३.१.१.१** निरीक्षणको आधारमा अन्तःशुल्क निर्धारण : अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने प्रतिष्ठानको अन्तःशुल्क अधिकृतले मासिक रूपमा निरीक्षण गरेर प्रतिष्ठानमा राखिएका लेखा अभिलेख कागजातको जांच परीक्षण गरेर वा बजारमा अनुगमन तथा निरीक्षण कार्य नियमित रूपमा गरेर कैफियत पाइएमा तत्काल अन्तःशुल्क निर्धारण गरी मांग गर्नु पर्दछ ।

**१३.१.१**.२ मौज्दात कमी दावीको परीक्षणको आधारमाः अन्तःशुल्क निर्धारण चुरोट,मदिरा तथा वियर उत्पादन गर्ने प्रतिष्ठानले आफ्नो मौज्दातमा रहेको सामानमा विभिन्न कारणवाट कमी हुन गएको छ भने मासिक विवरणमा उल्लेख गरी मौज्दात कमीको दावी गरेको भएमा अन्तःशुल्क अधिकृतले विवरण पेश गरेको पन्ध्र दिन भित्र जांच परीक्षण गरी मिन्हा दिने वा अन्तःशुल्क निर्धारण गर्नु पर्दछ ।

**१३.१.१**.३ पूर्ण लेखापरीक्षणको आधारमाः अन्तःशुल्क निर्धारण : विभाग वा कार्यालयले राजस्व जोखिम भएका आधार तथा कारणवाट छनौट गरिएका करदाताहरूको अन्तःशुल्क सम्वन्धी समग्र लेखापरीक्षण गरी अन्तःशुल्क निर्धारण गर्नु पर्दछ। यस्तो लेखा परिक्षणमा उत्पादन ,आयात, संचय, बिक्री वितरण, अन्तःशुल्क अशुली दाखिला एवं प्रयोग भएका कच्चा पदार्थ आदिको समग्र लेखा जोखा एवं जाच परिक्षण गरि कैफियत पाइएमा अन्तःशुल्क निर्धारण गर्नु पर्दछ ।

### १३.१.२ लेखापरीक्षणको लागि करदाता छनौटका आधार :

अन्तःशुल्क लाग्ने वस्तुको कारोवार गर्ने सवै करदाताहरूको लेखा परीक्षण एकै वर्षमा गर्न सम्भव एवं व्यवहारिक नहुने भएकोले अन्तःशुल्क ऐन, २०५८ ले निरीक्षण/परीक्षण गर्नु पर्ने भनि म्याद तोकेको अवस्थामा वाहेकको लेखा परीक्षण तथा छानविनका लागि निश्चित आधारहरू तोक्नु पर्दछ। परीक्षणका लागि करदाता छनौट गर्दा राजस्व जोखिमका क्षेत्रलाई विशेष ध्यान दिइनु पर्ने भएकाले छनौटका मुख्य मुख्य आधार निम्न विषयलाई मान्न सकिन्छ :

(क) प्रचलित ऐन/नियम/निर्देशिकाले तोकेका प्रकृया र त्यसको पालना गरे/नगरेको,

(ख) वजारमा अवैध वस्तुको उपलव्धताको स्थिति,

(ग) राजस्व जोखिम र जालसाजीको सम्भावना,

(घ) बित्तीय महत्व

(ङ) अन्तःशुल्क टिकटको अस्वभाविक प्रयोग,

(च) सामान ओसार पसार/ढुवानी गर्दा आवश्यक कागजात साथमा नरहेको वा नक्कली भएको अवस्था,

(छ) विगत वर्षहरूमा कर छलेको, लेखा परीक्षणवाट केही कैफियत देखिएका, कर वक्यौता वढी ,

(ज) अन्य निकायहरूबाट प्राप्त सूचना ।

**१३.१.३ लेखापरीक्षणका आधारहरु :**

लेखापरीक्षणका अन्तराष्ट्रिय र अन्य प्रचलित मान्यताहरू एवं प्रचलित ऐन/नियम का अतिरिक्त अन्तःशुल्क लेखापरीक्षण गर्दा निम्न कुराहरूलाई आधार वनाई वस्तुनिष्ठ रूपमा छानवीन गरी लेखापरीक्षण गर्नु पर्दछ :

**१३.१.**३ १ जोखिम बिश्लेषणः

(क) अवैध कारोवार, करमुक्त पसल र बजारको अध्ययन विश्लेषण,

(ख) विना इजाजत अन्तःशुल्क जन्य वस्तुको उत्पादन, ओसार पसार, विक्री वितरण,

(ग) निकासी, पैठारी र संचय आदि सूचना संकलन,

(घ) वस्तु उत्पादन, प्याकेजिङ्ग, भण्डारण, निष्कासन एवं विभिन्न तहमा हुने विक्री वितरण व्यवस्थाको क्रम आदि ।

**१३.१.**३ २ राजस्व चुहावट हुन सक्ने सम्भावनाको अध्ययन :

(क) उत्पादन र वजारको स्थितिको तुलनात्मक विश्लेषण,

(ख) विभिन्न निकायवाट सूचना संकलन गरी अध्ययन गर्ने,

(ग) अवैध कारोवारको विश्लेषण र त्यसको कारोवार नियन्त्रण गर्दा प्राप्त हुन सक्ने राजस्वको अनुमान आदि ।

**१३.१.**३ ३ सुराकी व्यवस्थापन र समन्वय :

(क) सुराकीको व्यवस्था, प्रोत्साहन एवं गोपनीयता कायम गरी सूचना संकलन गर्ने,

(ख) सुराकीवाट प्राप्त तथ्याङ्क/सूचनाको संकलन, विश्लेषण र उपयोग,

(ग) प्राप्त भए सम्मका सूचनाको आधारको उपयोग आदि ।

**१३.१.**३ ४ संस्थागत समन्वय र सूचना संकलन :

(क) अन्तःशुल्क जन्य वस्तु उत्पादक संघ/संस्था संग समन्वय गरी सूचना प्राप्ती,

(ख) अन्तःशुल्क जन्य वस्तुको वितरक/थोक विक्रेता संघ, खुद्रा विक्री संघ/संस्थासंग समन्वय र सूचना प्राप्ती,

(ग) भंसार तथा राजस्व अनुसन्धान विभागसंग समन्वय गरी सूचना संकलन,

(घ) सम्वन्धित सरकारी निकाय (मन्त्रालय) विभाग, कार्यालयहरूसंग समन्वय गरी सूचना संकलन गर्ने आदि ।

**१३.१.४ लेखापरीक्षणका तरिकाहरुः**

**१३.१.४**.१ कार्यकक्षवाट समिक्षा (Desk Review) :

(क) छानविन/लेखापरीक्षण गरिने करदाताहरूको वढी से वढी तथ्याङ्क एवं सूचनाहरू प्राप्त गरी विश्लेषण गर्ने,

(ख) प्रारम्भिक अनुसन्धानको सन्दर्भमा कारोवारसंग सम्वन्धित व्यक्तिगत सूचना संकलन गर्ने,

(ग) लेखापरीक्षणलाई पृष्ट पोषक हुने प्रश्न तयार गरी सो को उपयोग गर्ने

**१३.१.४**.२ स्थलगत भ्रमण :

(क) कारोवार स्थलको भ्रमण गरी कारोवारसंग सम्वन्धी अभिलेख, प्रमाण एवं सूचनाहरूको जाँच गर्ने,

(ख) आवश्यक परेमा उत्पादन प्रतिष्ठान, गोदामस्थल, कार्यालय एवं करदाताको वासस्थान समेतको स्थलगत भ्रमण गर्ने ।

**१३.१.४.३** भौतिक परीक्षण :

(क) कारोवारको अभिलेखको वास्तविकता यकिन गर्न तयारी बस्तु उत्पादन गर्न लाग्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थको उपयोग, मौज्दात र उत्पादनको नाप, जांच र गणना गरी

यिनीहरू बीचको परिमाणात्मक सम्बन्ध जर्ति / प्रतिलब्धी समेतको बिश्लेषण गर्नु पर्ने ।

(ख) भौतिक जांच परीक्षणमा प्राप्त भएका मौज्दात परिमाण अभिलेख लेखा विवरणसंग मिल्छ मिल्दैन जाँची हेर्ने ।

**१३.१.४.४** प्राविधिक प्रमाणिकरण :

प्रचलित ऐन/नियमले तोके अनुसारको परिमाण, गुणस्तर, शक्ति, लम्वाई तथा स्तरको वस्तुहरू छ छैन आवश्यकतानुसार प्राविधिक परीक्षण गर्ने । यस्ता परीक्षण गरिनु पर्ने वस्तुहरूमा मदिरा, चुरोट, वियर आदि पर्दछन् ।

**१३.१.४.५** अन्तःशुल्क टिकट परीक्षण :

सम्वन्धित प्रतिष्ठानलाई उपलव्ध गराइएको अन्तःशुल्क टिकटको आमदानी खर्च र सो खर्च भए वमोजिमको उत्पादन भएको वस्तुको अन्तःशुल्कको राजस्व आम्दानी हिसाव ठिक छ/छैन यकिन गर्ने । टिकटको दुरूपयोग, प्रयोग नै नभएको, अवैध प्रयोग जस्ता कुराको उचित मापन गरी अन्तःशुल्क चुहावट भएको छ कि सो को निरूपण गर्ने ।

**१३.१.४.६** परीक्षण (Audit) :

(क) परीक्षणका लागि छनौटमा परेका वढी अन्तःशुल्क जोखिम भएका करदाताको सम्पूर्ण पक्ष विस्तृत रूपमा परीक्षण छानविन गर्ने पक्ष नै परीक्षण हा ।

(ख) विभिन्न श्रोत एवं तरिकावाट प्राप्त गरिएका जानकारी, सूचना, अभिलेख एवं कागजातहरूको भिडान गरी पूर्ण परीक्षण गर्ने ।

(ग) कच्चा पदार्थ , सहायक कच्चा पदार्थ, प्याकिं मेटेरियल्स, अन्तःशुल्क टिकट आदिको आम्दानी, खर्च, मौज्दात, बिक्री, अन्तःशुल्क अशुलीको बिश्लेषण गर्ने ।

(घ) अन्तःशुल्क निष्काशन माग फाराम, वासलात, मूल्य अभिवृद्धि कर विवरण, वैंक स्टेटमेन्ट तथा अन्य लेखासंग सम्वन्धित कागजातहरूको अध्ययन एवं भिडान कार्य गर्ने ।

(ङ) परीक्षण गर्ने कार्य सम्वन्धित करदाता वा निजका प्रतिनिधिको रोहवरमा गर्नुपर्छ । त्यसो गर्दा परीक्षण गर्ने सिलसिलामा

देखिएका कैफियत एवं शंका निवारण गर्न आवश्यक प्रमाण तथा आधारहरू उपलव्ध गराई दिन सक्दछ ।

**१३.१.५ अन्तःशुल्क लेखापरीक्षणको तयारी र संरचनाः**

**१३.१.५.१** करदाता छनौटको जानकारीः

विभाग वा कार्यालयले निश्चित आधारमा लेखापरीक्षणको लागि छनौट गरिएका अन्तःशुल्कजन्य कारोवार गर्ने करदाताहरूको लेखापरीक्षण गर्न करदाताको सूची अन्तःशुल्क अधिकृतलाई जानकारी गराउनु पर्छ । आकाष्मिक जांच र अनुसन्धान वाहेकका लेखापरीक्षणको लागि छनौटमा परेको सूचना सम्वन्धित करदातालाई समेत दिनु पर्दछ ।

**१३.१.५.२ सूचना संकलन :**

अन्तःशुल्क लेखापरीक्षण गरिने करदाताको अन्तःशुल्क परीक्षण मात्र गरिने नभई मूल्य अभिवृद्धि कर तथा आयकर समेतको कर परीक्षण कार्य हुने भएकोले अन्तःशुल्क परिक्षणको क्रममा प्रयोग भएका तथ्यांक तथा परिक्षण प्रतिवेदन सहितको करदाताको कारोवारसंग सम्वन्धित सम्पूर्ण सूचनाको पहिचान, संकलन, विश्लेषण र व्यवस्थापन गर्नु पर्दछ । यसै परिच्छेदको १२.१ मा उल्लेख भएका जोखिम, सुराकी, अवैध वस्तुको जानकारी वा कर परीक्षण गर्दाका वखत देखिएका र औंल्याइएका सूचनाका श्रोतहरू नै सूचना संकलनका प्रमुख आयाम हुन् । यसका अतिरिक्त व्यवसाय/कारोवारसंग सम्वन्धी निम्न श्रोतहरूको पनि प्रयोग गर्दा उपयोग हुन सक्दछ :

(क) पहिले भएका लेखापरीक्षण तथा अन्तःशुल्क निर्धारणका प्रतिवेदन,

(ख) करदाताको व्यक्तिगत विवरण र सूचनाहरू,

(ग) आर्थिक विवरण र लगतहरू,

(घ) अन्तःशुल्क विवरण, मूल्य अभिबृद्धि कर विवरण, आयकर विवरण,

(ङ) व्यापारिक खातावहीहरू,

(च) लेनदेन हिसावहरू, र

(छ) अन्य निकायवाट प्राप्त सूचना एवं जानकारीहरू ।

**१३.१.५.३ समय निर्धारण :**

अन्तःशुल्कको लेखापरीक्षण गर्नका लागि आवश्यक पर्ने प्रमाण, कागजपत्र, विवरणहरू तथा खातावही आवश्यक परेको समयमा

उपलव्ध गराउन सकुन भन्नका निमित्त लेखा परीक्षण गर्न छनौटमा परेका करदाताहरूलाई लिखित रूपमा पूर्व जानकारी गराउनु पर्दछ ।

**१३.१.५.४ कार्यसूची तयार गर्ने :**

लेखापरीक्षणको प्रभावकारिता वढाउन सतर्कतापूर्वक भ्रमण गर्न, सूचना एवं जानकारीहरूको यथार्थ विश्लेषण र मूल्याङ्कन गर्न, करदाताको व्यवसायिक एवं लेखा पालन प्रणाली पहिचान गर्न तथा करदातको कानूनी एवं वित्तीय अवस्था वुझ्नका लागि कार्य सूची आवश्यक पर्ने भएकोले कार्य सूची तयार गर्नु पर्दछ ।

**१३.१.५.५ भ्रमण कार्यक्रमः**

उल्लेखित कार्यको तयारी भैसकेपछि करदाताको कारोवार/उत्पादनस्थलको भ्रमण कार्यक्रम वनाई कार्यालय प्रमुखसंग आधारभूत सूचना र कार्य सूचीका वारेमा छलफल गरी खटिएको टोलीले भ्रमण गर्दा फलदायी हुनेछ । यस प्रकारको लेखापरीक्षणको भ्रमण टोलीमा सामान्यतया दुई जना अधिकृत हुनुपर्दछ । तर पर्याप्त कर्मचारी नभएको खण्डमा एक जना अधिकृत र एक जना सहायक.स्तरका कर्मचारीको लेखा परीक्षण टोली वनाई खटाउन सकिने छ ।

**१३.१.६ सामान्य परीक्षण** :

करदाताको कारोवार स्थल/उत्पादन स्थलमै निम्न कुराहरूको परीक्षण गरिनु पर्दछ :

**(क)** अन्तःशुल्क लेखा, अभिलेख एवं विवरण, वस्तुगत/परिमाणगत फाँटवारी तथा मास्केवारी,

**(ख)** व्यवसायिक कृयाकलाप र व्यापारिक लाभको तुलनामा अन्तःशुल्क दाखिला गरे/नगरेको,

**(ग)** अन्तःशुल्क लाग्ने मूल्यमा कुनै छुट दिएको, स्किम वा योजना, उपहारको व्यवस्था गरेको/नगरेको,

**(घ)** अन्तःशुल्क भुक्तानी अवस्था, वक्यौता स्थिति, कारोवार सम्वन्धी स्वस्थ्यता आदि सम्वन्धमा विश्वसनियता र सत्य तथ्य पूर्ण छ/छैन,

**(ङ)** उत्पादन खाता, फाँटवारी, विवरण वीचको अन्तर सम्वन्धको भिडान गर्ने,

**(च)** अन्तःशुल्क जन्य कारोवार गर्ने इजाजत पत्र लिए नलिएको/नविकरण गरे नगरेको,

**(छ)** विभागले तोके अनुसार आकार र परिमाणमा प्याकिंग भै लेवल टांस भए नभएको, नियमन, नियन्त्रण गरेको/नगरेको र प्राविधिक प्रकृया अवलम्वन गरे/नगरेको,

**(ज)** अन्तःशुल्क टिकट सम्वन्धी तोकिएको प्रकृया, विधि वमोजिम दस्तुर तिरी टाँस गरे/नगरेको,

**(झ)** अन्तःशुल्क कर्मचारीको उपस्थिति, निजको अनुमति अनुसार निष्कासन भए नभएको र टिकट ताल्चा अध्यावधिक छ/छैन,

**(ञ)** व्याच नियन्त्रण खाता, माग फाराम, उत्पादन खाता, निष्कासन र विक्री भिडान हुने/नहुने ।

**(ट)** अन्तःशुल्क ऐनले तोके बमोजिम मूल्य सार्वजनिक गरे /नगरेको , सो मूल्यमा फरक पारी विकी भए/ नभएको ।

**१३.१.७ विस्तृत अन्तःशुल्क लेखापरीक्षण :**

**१३.१.७.१** विस्तृत लेखापरीक्षण गर्दा अन्तःशुल्क अधिकृतले कारोवारको प्रकृति, सम्भावित जोखिमका क्षेत्रहरू, कारोवारको विश्वासनीयता, अध्यावधिक एवं निष्कासन अभिलेख प्रविष्टि र सो को सुद्धता, वक्यौताको स्थिति, कारोवार र राखिएको लेखाको सह सम्वन्धता समेतका सम्वन्धमा पाए सम्मको सम्पूर्ण सूचनाहरूको परीक्षण गरी विश्लेषण र मूल्याङ्कन गर्ने, अन्तःशुल्क अभिलेख, मूल्य अभिबृद्धि कर विवरण, आयकर विवरण, लेखा परीक्षण प्रतिवेदन सम्वन्धी सूचकहरू भिडान गर्नु पर्छ ।

**१३.१.७.२** अन्य कर प्रयोजनको लागि राखिएको विक्री, खरीद नाफा/नोक्सान हिसाव संग पनि अन्तःशुल्कको परोक्ष सम्वन्ध हुने हुँदा तिनीहरूको अन्तर सम्वन्ध मिल्छ/मिल्दैन भिडान गर्नु पर्छ ।

**१३.१.७.३** अन्तःशुल्क सम्वन्धी निम्न महत्वपूर्ण सूचकको विस्तृत परीक्षण गर्नु पर्दछ :

**(क)** मदिरा, वियर र चुरोटको उपभोक्ता मूल्यको सार्वजनिक जानकारीको सूचना र सोवाट स्थापित हुने अन्तःशुल्कको सम्वन्ध र असर (Back Calculation) विश्लेषण,

**(ख)** मौज्दात कमी दावीको विश्लेषण र परीक्षण,

**(ग)** वस्तुको गुणस्तर, प्राविधिक प्रक्रिया र त्यसवाट अन्तःशुल्कमा पर्ने असरको अन्तरसम्वन्ध,

(घ) उत्पादनशीलता, प्रतिलब्धी दर र त्यसवाट अन्तःशुल्क मा पर्ने प्रभावको परीक्षण गर्ने,

(ङ) अन्तःशुल्क टिकट प्राप्ति, खर्च र त्यसवाट प्रति इकाई अन्तःशुल्क प्रतिविम्वित हुने रकमको परीक्षण गर्ने ।

**१३.१.७.४** अन्तःशुल्कको पूर्ण लेखापरीक्षण विना मूल्य अभिबृद्धि कर र आयकरको पूर्ण लेखा परीक्षणको अपूर्ण र अधुरो हुने हुँदा तीनवटै कर परीक्षण वीच तादात्म्यता हुने गरी परीक्षण गर्नु पर्दछ ।

**१३.१.७.५** पछिल्लो वर्षको अन्तःशुल्क परीक्षण प्रतिवेदनसंग र समान प्रकृतिको व्यवसायको कारोवारसंग समेत तुलना गरी विस्तृत परीक्षण गर्ने ।

### १३.१.८ अन्तःशुल्क परीक्षण संचालन गर्ने

**१३.१.८.१** अन्तःशुल्क लेखापरीक्षण सम्वन्धी कार्य शुरू गर्दा ध्यान दिनु पर्ने कुराहरू

(क) कारोवार/व्यवसायसंग सम्वन्धी पर्याप्त सूचना एवं जानकारी संकलन गर्ने,

(ख) परीक्षण कार्य योजना वनाउने। कार्य योजना वनाउँदा व्यवसायको प्रकृति, उत्पादन एवं वितरण प्रणाली तथा कुनै शाखा तथा डिपो भएमा त्यसलाई पनि परीक्षण गर्नका लागि कार्यक्रम वनाउने,

(ग) उत्पादनसंग सम्वन्धित प्राविधिक विषयमा ज्ञान राख्ने,

(घ) जोखिमको गुञ्जाइस रहेको नरहेको सम्वन्धमा निश्चिन्त हुने,

(ङ) करदाता वा व्यवसायमा आवद्ध/संलग्न कर्मचारीहरूवाट प्राप्त भएसम्मका जानकारीको अभिलेख राख्ने,

(च) करदातालाई सोध्ने गरिएका प्रश्नहरूको जवाफ प्राप्त गर्न आवश्यक परेमा पुष्ट्याँई भिडान गरी यकिन गर्ने,

(छ) व्यवसाय संचालनमा कुनै प्रकारको अवरोध नहुने गरी सभ्य, शिष्ट एवं मृदुभाषि भै विस्तृत परीक्षण गर्ने ।

**१३.१.८.२** प्रारम्भिक परीक्षण :

अन्तःशुल्क अधिकृतले आफूले सम्पन्न गरेको भ्रमण, निरीक्षण, प्रारम्भिक छानविन लगायतका अन्तःशुल्क लेखा परीक्षणको सूचना दिएको ३ महिना भित्र मु.अ.कर तथा आयकर समेतको पूर्ण लेखा परीक्षण सम्पन्न गर्नु पर्नेछ ।

**१३.१.८.३** अन्तःशुल्कको अन्तिम लेखापरीक्षण प्रतिवेदन तयार गर्नु अगाडी गर्नु पर्ने काम :

**(क)** अन्तःशुल्कको लेखापरीक्षणको सिलसिलामा गरिएका सम्पूर्ण कामको अभिलेख राख्ने र टिपोट गरिएको भएमा कर परीक्षण प्रतिवेदनमा उल्लेख गर्ने,

**(ख)** कर परीक्षण गर्दा औंल्याइएका त्रुटिहरूको कच्चावारी तयार गर्ने र थप अन्तःशुल्क निर्धारण गर्न यथेष्ट प्रमाण जुटाई प्रतिवेदनसंग समावेश गर्ने,

**(ग)** करदाता वा निजका प्रतिनिधिसंग कारोवारका सम्वन्धमा सोधपुछ गर्दा कुनै त्रुटि वा गल्ती देखिएमा त्यसको जरियावाट थप हुन सक्ने अन्तःशुल्क निर्धारण गरिने र वाँकी वक्यौता भए सो चुक्ता गर्न भनि करदातासंग लिखित प्रतिक्रिया माग गर्ने,

**(घ)** लेखापरीक्षणको कार्यलाई यथासम्भव निर्धारित समय भित्र नै सम्पन्न गरी सक्नु पर्नेछ ।

**१३.१.८.४** अन्तःशुल्क लेखा परीक्षण प्रतिवेदन :

अन्तःशुल्क सम्वन्धी लेखापरीक्षण समाप्त भएपछि तोकिए वमोजिमको ढाँचामा निम्न कुराहरू स्पष्ट उल्लेख गरी प्रतिवेदन पेश गर्नु पर्दछ ।

**(क)** अन्तःशुल्क इजाजत पत्रको किसिम र नविकरण भए नभएको,

**(ख)** उत्पादन, पैठारी एवं विक्री वितरणको विवरण,

**(ग)** उत्पादनशीलता र जर्ति के कति दावी गरेको छ र सो विभागीय नर्मस भित्र पर्छ पर्दैन,

**(घ)** परीक्षण गरिएका कुराहरूको विस्तृत व्यहोरा, अन्तःशुल्क निर्धारण गर्नु पर्ने रकम भए त्यसको आधार, कारण र त्यसलाई पुष्ट्याँई गर्ने प्रमाणहरू संलग्न गर्नु पर्दछ,

**(ङ)** लेखापरीक्षणको आधारमा सम्वन्धित करदातालाई प्रारम्भिक अन्तःशुल्क निर्धारणको सूचना पठाएकोमा तोकिएको म्याद भित्र करदातावाट सो अनुसारको अन्तःशुल्क नलाग्नु पर्ने प्रमाण सहितको जिकिर प्राप्त भएको भए सो समेत उल्लेख गरी जिकिर दावी पुग्ने नपुग्ने स्पष्ट खण्डन गरी अन्तीम अन्तःशुल्क निर्धारण गर्ने ।

## १३.२ अन्तःशुल्क निर्धारण (ऐनको दफा १०घ)

१३.२.१ **देहायका कुनै अवस्थामा अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्ने छ ।**

**(क) म्याद भित्र अन्तःशुल्क विवरण पेश नगरेमा,**

**(ख) अधुरो वा त्रुटिपूर्ण अन्तःशुल्क विवरण पेश गरेमा,**

**(ग) झुट्ठा अन्तःशुल्क विवरण पेश गरेमा,**

**(घ) अन्तःशुल्कको रकम कम देखाएको वा ठीक नभएको भन्ने विश्वास गर्नु पर्ने आधार भएमा,**

**(ङ) विक्री मूल्यमा न्यून विजकीकरण गरेको भन्ने विश्वास गर्नु पर्ने आधार र कारण भै ऐनको दफा ७ को उपदफा (४) वमोजिम पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण गर्नु पर्ने भएमा,**

**(च) अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलव्धी तोकिएकोमा सो अनुसारको उत्पादन प्रतिलव्धी नपुगेमा,**

**(छ) निष्काशन गरेको मदिरा र चुलाईमा जाने पदार्थको अल्कोहलको मात्रा एक प्रतिशत भन्दा वढी फरक परेमा,**

**(ज) अन्तःशुल्क छलेमा,**

**(झ) इजाजत पत्र नलिई कुनै व्यक्तिले अन्तःशुल्क लाग्ने वस्तुको कारोवार गरेमा ।**

१३.२.२ **अन्तःशुल्क निर्धारण गर्दा अन्तःशुल्क अधिकृतले सम्वन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने पन्ध्र दिनको म्याद दिनु पर्दछ ।**

१३.२.३ **अन्तःशुल्क निर्धारणको सम्बन्धमा विभागले अनुगमन गर्न सक्नेछ । अनुगमन गर्दा कुनै त्रुटि देखिएमा महानिर्देशकले पुनः अन्तःशुल्क निर्धारण गर्न आदेश दिन सक्दछ ।**

१३.२.४ नियमावलीको नियम ६क(१) बमोजिम अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्दा अनुसूची ४क वमोजिमको ढांचामा अन्तःशुल्क निर्धारण आदेश जारी गर्नु पर्नेछ । नियम ६क(१) बमोजिम जारी भएको आदेशका सम्बन्धमा ऐनको दफा १०घको उपदफा (२) बमोजिमको म्याद भित्र पेश भएका प्रमाण तथा लिएका जिकिरको छानविन गरी अन्तःशुल्क अधिकृतले अनुसूची ४ख वमोजिमको अन्तिम अन्तःशुल्क निर्धारण आदेश जारी गर्नु पर्नेछ । त्यस्तो आदेशमा अन्तःशुल्क निर्धारण आदेश जारी भएको मिति सम्मको ऐनको दफा ४ख को उपदफा (२) बमोजिम लाग्ने विलम्व दस्तुर समेत समावेश गर्नु पर्नेछ । नियम ६क(२) बमोजिम जारी भएको अन्तःशुल्क निर्धारण आदेश वमोजिमको अन्तःशुल्क, विलम्व दस्तुर तथा जरिवाना रकम सम्वन्धित व्यक्तिले आदेश प्राप्त भएको मितिले सात दिन भित्र सम्वन्धित कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

१३.२.५ **ऐनको दफा १०घ(४) मा अन्तःशुल्क निर्धारण गर्ने वा दफा१०क बमोजिम पेश गरेको अन्तःशुल्क विवरण जांच गर्ने प्रयोजनका लागि अन्तःशुल्क अधिकृतलाई देहाय बमोजिमको अधिकार हुनेछ :**

**(क) अन्तःशुल्क दायित्वसंग सम्बन्धित वस्तुहरु, स्थान, कागजात, लेखा तथा अभिलेख जांच गर्ने,**

**(ख) कुनै व्यक्तिको कारोवार स्थल वा यस ऐन अन्तर्गत कसूर मानिने कार्यसित सम्बन्धित प्रमाणहरु हुन सक्ने सम्भावना भएका अन्य स्थलहरुमा खानतलासी लिने,**

**(ग) आफ्नो कर्तव्यपालनको सिलसिलमा कुनै अभिलेख , किताब। खाता कागजातहरु तयार गर्ने वा तिनीहरुमा विवरण भर्ने व्यक्तिसंग जानकारी मांग गर्ने,**

**(घ) अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवारस्थल वा सोसंग सम्बन्धित अन्य स्थलमा रहेका कुनै कागजात, किताब तथा अभिलेखलाई कब्जा गर्ने वा अन्यत्र लैजाने,**

**(ङ) कारोवार संचालन गर्ने स्थान वा कार्यालय वा अन्य कुनै उपर्युक्त स्थानमा अन्तःशुल्कको लेखापरीक्षण गर्ने,**

**(च) अन्तःशुल्क अधिकृतले बैंक तथा वित्तिय संस्था लगायत कुनै व्यक्तिसंग अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोवारको सम्बन्धमा कुनै कुराको जानकारी मांग गर्ने। अन्तःशुल्क अधिकृतले यस दफा बमोजिम मांग गरेको सूचना दिनु त्यस्तो बैंक तथा वित्तिय संस्था वा व्यक्तिको कर्तव्य हुनेछ।**

**१३.२.६ अन्तःशल्क छल्ने योजना विरुद्धको व्यवस्था (ऐनको दफा (१०ञ))**

**यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्तःशुल्कको फाइदा लिने उद्देश्यले कुनै व्यक्तिले देहायको कुनै कार्य गरेमा अन्तःशुल्क मुक्ति योजना गरी यस ऐन वमोजिम लाग्ने अन्तःशुल्क छल्ने दुरुत्साहन गरेको मानी महानिर्देशकले त्यस्तो व्यक्तिको अन्तःशुल्क निर्धारण एवं असुलउपर गर्न अन्तःशुल्क अधिकृतलाई आदेश दिन सक्नेछ :**

**(क) यस ऐनमा भएको व्यवस्थाको दुरुपयोग गरी अन्तःशुल्क छल्ने उद्देश्यले कुनै योजना तथा कार्य गरी अन्तःशुल्कको दायित्व कम गरेमा, वा**

**(ख) अन्तःशुल्क दायित्व कम गर्ने उद्देश्यले कुनै कार्य गरेमा वा सो गर्ने उद्देश्यले संझौता गरेमा।**

**१३.२.७ अन्तःशुल्क निर्धारण आदेशको सूचना पठाउने तरिका (नियमावलीको नियम ६ख(१))**
प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि अन्तःशुल्क अधिकृतले इजाजतपत्रवालालाई नियम ६क वमोजिम अन्तःशुल्क निर्धारण आदेशको सूचना पठाउँदा निजलाई बुझाउन वा त्यस्तो व्यक्तिको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा त्यस्तै विद्युतीय उपकरण मार्फत पठाउन वा निजको कार्यालयमा बुझाउन वा निजको ठेगानामा रजिष्टी गरी हुलाक मार्फत पठाई तामेल गर्न सकिनेछ। त्यसरी तामेल गरिएको सूचना रीतपूर्वक तामेल भएको मानिनेछ। नियम ६ख(१) वमोजिम अन्तःशुल्क निर्धारण आदेशको सूचना तामेल हुन नसकेमा अन्तःशुल्क अधिकृतले सम्वन्धित व्यक्तिलाई रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको दैनिक पत्र पत्रिकामा तत्सम्बन्धि आदेशको सूचना प्रसारण वा प्रकाशन गरी

जानकारी गराउन सक्नेछ र यसरी सूचना प्रसारण वा प्रकाशन गरिएकोमा सम्वन्धित व्यक्तिले त्यस्तो सूचना प्राप्त गरे सरह मानिनेछ ।

### **१३.२.८ अन्तःशुल्क निर्धारणको अवधि (नियम ६घ)**

ऐनको दफा १० घ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्याशं बमोजिम अवधि गणना गर्दा अन्तःशुल्कको सम्बन्धमा कुनै अदालतमा निवेदन परी स्थगन आदेश जारी भएको अवस्थामा सो को निर्णय नभए सम्मको अवधि कटाई गणना गरिने छ ।

# परिच्छेद-१४

# वक्यौता असुली सम्बन्धी व्यवस्था

**१४.१ बाँकी रकम सरकारी बाँकी सरह असूल गर्ने ( दफ २२ ) :**

**यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्तिले नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी रहेकोमा त्यस्तो रकम निजबाट अन्तःशुल्क अधिकृतले सरकारी बाँकी सरह असूल उपर गर्नेछ ।**

**१४.२ वक्यौता अन्तःशुल्कको असुली (ऐनको दफा १०ज)**

**यस ऐन बमोजिमको म्यादभित्र वुझाउनु पर्ने अन्तःशुल्क कुनै व्यक्तिले नवुझाएमा सम्बन्धित अन्तःशुल्क अधिकृतले देहायका कुनै वा सवै तरिका अपनाई असूल उपर गर्न सक्नेछः।**

**(क) त्यस्तो व्यक्तिलाई फिर्ता गर्नुपर्ने कुनै रकम भए त्यसमा कट्टा गरेर,**

**(ख) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएको कुनै संगठित संस्था वा स्थानीय निकायहरुबाट त्यस्तो व्यक्तिले पाउने रकमबाट कट्टा गर्न लगाएर,**

**(ग) त्यस्तो व्यक्तिको बैंक, वित्तीय वा अन्य संस्थामा रहेको हितबाट कट्टा गर्न लगाएर,**

**स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "हित" भन्नाले बैंक, वित्तीय वा अन्य संस्थामा रहेको निक्षेप तथा लगानी समेतलाई सम्झनुपर्छ ।**

**(घ) त्यस्तो व्यक्तिको विक्री, निकासी, पैठारी र अन्य व्यवसाय रोक्का गरेर,**

**(ङ) त्यस्तो व्यक्तिको चल तथा अचल सम्पत्ति कव्जा गरेर,**

**(च) त्यस्तो व्यक्तिको चल तथा अचल सम्पत्ति सम्पूर्ण वा केही एकै पटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम विक्री गरेर,**

**(छ) मौज्दातमा रहेको वस्तु लिलाम गरेर ।**

**१४.३** नियमावलीको नियम ७ मा वाँकी रहेको अन्तःशुल्क रकम असूल उपर गर्ने सम्बन्धमा निम्न व्यवस्था गरेको छ :

अन्तःशुल्क लाग्ने वस्तु वा सेवा वापत कसैले ऐन तथा यस नियमावली बमोजिम अन्तःशुल्क रकम भन्दा घटी रकम वुझाएको देखिएमा अन्तःशुल्क अधिकृतले निजबाट बांकि अन्तःशुल्क रकम असूल उपर गरी लिन सक्नेछ ।

**१४.४ नेपाल सरकारलाई तिर्नु पर्ने रकम सरकारी बाँकी सरह असूल गर्ने मदिरा ऐन, २०३१ दफा १०**

यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्तिले नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट अन्तःशुल्क अधिकृतले सरकारी बाँकी सरह असूल उपर गर्नेछ ।

# परिच्छेद-१५

# खानतलाशी, सम्पत्ति रोक्का, लिलाम बिक्री र जफत संबन्धी व्यवस्था

## १५.१ खानतलाशी, कब्जा वा गिरफ्तार

### १५.१.१ यथेष्ट आधार देखिएमा तलाशी लिने ( ऐनको दफा ११)

अन्तःशुल्क लाग्ने वस्तु अन्तःशुल्क छली प्रतिष्ठानबाट निष्कासन गरी वा विदेशवाट पैठारी गरी लिई जान लागेको छ भन्ने मनासिब माफिकको शंका लागेमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले जुनसुकै व्यक्ति वा सवारी साधनलाई रोक्का गर्न र अन्तःशुल्क तिरेको प्रमाण माग गर्न सक्नेछ। अन्तःशुल्क महशुल तिरेको प्रमाण पेश गर्न नसकेमा अन्तःशुल्क छलेको मानिनेछ।

### १५.१.२ खानतलाशी , कब्जा वा गिरफ्तार गर्न सकिने व्यवस्था ( ऐनको दफा १२ ) :

(१) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा संचय गरी वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गरी व्यवसाय संचालन गरेमा वा दफा ११ बमोजिम अन्तःशुल्क छलेको भन्ने कुराको जानकारी अन्तःशुल्क अधिकृत वा निजले खटाएका कर्मचारीले पाएमा त्यस्ता अधिकृत वा कर्मचारीले त्यस्तो कार्य भैरहेको प्रतिष्ठान, घर, जग्गा, सवारी साधन वा स्थानको खानतलाशी लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम खानतलाशी लिंदा यस ऐन विपरित अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, बिक्री, पैठारी , संचय वा ओसार पसार गर्ने कार्य वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गरी व्यवसाय संचालन गर्ने काम गरेको पाइएमा त्यस्तो काममा सरीक भएको व्यक्तिलाई खानतलाशी लिने अधिकृत वा कर्मचारीले पुर्जी दिई गिरफ्तार गरी त्यहां प्राप्त वस्तुको मुचुल्का खडा गरी कब्जामा लिनुपर्नेछ ।

(३) यस ऐन अन्तर्गतको कुनै कसूर कुनै प्रतिष्ठान, घर, जग्गा , सवारी साधन वा स्थानमा भैरहेको छ र तुरुन्तै केही कारवाही नगरेमा अभियुक्त भागी जाने वा कसूरको सबुत प्रमाण गायब हुने सम्भावना देखेमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले सो कुराको पर्चा खडा गरी आफैले वा आफ्नो मातहतका कर्मचारीद्धारा जुनसुकै बखत देहाका कामहरु गर्न गराउन सक्नेछ :

(क) त्यस्तो प्रतिष्ठान, घर, जग्गा, सवारी साधन वा स्थानमा प्रवेश गर्न,

(ख) त्यसरी प्रवेश गर्दा बाधा बिरोध भएमा त्यस स्थानमा रहेबसेका मानिसलाई त्यहाबाट हट्न मनासिब माफिकको मौका दिई झ्याल ढोका फोरी प्रवेश गर्न,

(ग) कसूरसित सम्बन्धित अन्तःशुल्क लाग्ने वस्तु र सो बमोजिमको कसूर प्रमाणित गर्न सहायक हुने अन्य वस्तु कब्जा गर्न र सो स्थानलाई सिलबन्दी गर्न,

(घ) इजाजतपत्र निलम्बन गर्न, र

तर त्यस्तो निलम्बन सात दिन भन्दा बढीको अवधिको लागि गर्न पाइने छैन। त्यसरी निलम्बन गरेको साठी दिन भित्र निर्णय गरी सक्नु पर्नेछ।

(ङ) कसूर गरेको भनी शंका लागेको व्यक्तिलाई गिरफ्तार गर्न।

(४) यस दफा बमोजिम कुनै प्रतिष्ठान, घर, जग्गा, सवारी साधन वा स्थानमा प्रवेश गर्दा वा खानतलाशी लिंदा सम्भव भएसम्म सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका , नगरपालिका वा गांउ विकास समितिको एक जना सदस्य वा त्यस ठांउका एकजना स्थानीय व्यक्तिलाई सांक्षी राख्नु पर्नेछ।

(५) यस ऐन बमोजिम कसैलाई गिरफ्तार गरेकोमा वा कुनै व्यक्ति, प्रतिष्ठान, घर, जग्गा, सवारी साधन वा स्थानको खानतलाशी गरेकोमा वा अन्तःशुल्क लाग्ने वस्तु वा अन्य वस्तु कब्जा गरेकोमा त्यसरी खानतलाशी वा गिरफ्तार गर्ने अन्तःशुल्क अधिकृतले त्यसको प्रतिवेदन विभागको महानिर्देशक समक्ष सो गिरफ्तार, खानतलाशी वा वस्तु कब्जा गरेको मितिले चौबिस घण्टा भित्र छिटो साधनद्धारा पठाउनु पर्नेछ। अन्तःशुल्क अधिकृत बाहेक निजको मातहतका अन्य कर्मचारीले त्यस्तो काम गरेमा निजले त्यसको प्रतिवेदन त्यस्तो काम गरेको मितिले चौबिस घण्टाभित्र अन्तःशुल्क अधिकृत वा विभाग समक्ष पठाउनु पर्नेछ।

(६) यस ऐन बमोजिम कसूरको तहकिकातको सम्बन्धमा अन्तःशुल्क अधिकृतलाई प्रचलित कानून बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ।

(७) खानतलाशी , गिरफ्तार वा कब्जा गर्ने काममा अन्तःशुल्क अधिकृतले सहयोगको निमित्त स्थानीय प्रशासन वा प्रहरीसंग अनुरोध गरेमा स्थानीय प्रशासन वा प्रहरीले तत्काल सहायता प्रदान गर्नुपर्नेछ।

१५.१.३ अन्तःशुल्क अधिकृतलाई अदालतलाई भए सरहको अधिकार हुने (ऐनको दफा १८)

(१) यस ऐनको प्रयोजनका लागि अन्तःशुल्क अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, वयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने, थुनामा राख्ने बा जमानीमा छाड्ने सम्बन्धमा प्रचलित कानून वमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

(२) यस ऐन वमोजिम कारवाही गर्दा अन्तःशुल्क अधिकृतले संक्षिप्त कार्यबिधि ऐन, २०२८ बमोजिमको कार्यबिधि अपनाउनु पर्नेछ ।

**१५.१.४ मदिरा ऐन, २०३१ को दफा ८ मा खानतलाशी, कब्जा वा गिरफ्तार गर्न सक्ने सम्बन्धमा निम्न व्यवस्था गरेको छः**

(१) कुनै स्थानमा यस ऐन बमोजिम सजांय हुने कसूर भएको छ भन्ने मनासिव माफिकको कारण भएमा अन्तःशुल्क अधिकृतले त्यस्तो स्थानको खानतलाशी गर्न सक्नेछ ।

(२) खानतलाशी गर्दा अन्तःशुल्क अधिकृतले खानतलाशी गर्नुपर्ने कारण खोली खानतलाशी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नु भन्दा अगावै सूचना दिएर मात्र खानतलाशी गर्नु पर्नेछ ।

(३) खानतलाशी गर्दा यस ऐन बमोजिम सजांय हुने कसूर भएको विश्वसनीय कारण देखिएमा त्यस्तो कसूरसंग सम्बन्धित सामान कब्जामा लिन सकिनेछ ।

(४) कुनै व्यक्तिले यस ऐन बमोजिम सजांय हुने कसूर गरेको वा गर्न लागेको छ र निजलाई गिरफ्तार नगरेमा निज भागी जाने सम्भावना छ भन्ने लागेमा अन्तःशुल्क अधिकृतले निजलाई गिरफ्तार गर्न सक्नेछ ।

(५) यस दफा बमोजिम खानतलाशी, कब्जा वा गिरफ्तार गर्दा अन्तःशुल्क अधिकृतलाई प्रचलित कानून बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ ।

(६) अन्तःशुल्क अधिकृतले यस दफा बमोजिम खानतलाशी, कब्जा वा गिरफ्तार गर्दा स्थानीय प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ ।

(७) अन्तःशुल्क अधिकृतले यस दफा बमोजिम खानतलाशी कब्जा वा गिरफ्तार गर्दा अपनाउनु पर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५.१.५ मदिरा ऐन , २०३१ को दफा ९** मा गिरफ्तारी र कब्जाको प्रतिवेदन दिनुपर्ने सम्बन्धमा निम्न व्यवस्था गरेको छः

यस ऐन अन्तर्गत कसैलाई गिरफ्तार गरेको वा कुनै स्थानमा खानतलाशी गरेको वा कुनै सामान कब्जा गरेकोमा अन्तःशुल्क अधिकृतले सो कुराको प्रतिवेदन चौबिस घण्टा भित्र छिटो साधनद्धारा आफूभन्दा एक तह माथिको अधिकारी समक्ष पठाउनु पर्नेछ ।

## १५.२ सम्पत्ति रोक्का तथा लिलाम बिक्री

### १५.२.१ सम्पत्ति रोक्का तथा लिलाम बिक्री गर्ने (ऐनको दफा १७)

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम अन्तःशुल्क अधिकृतले कुनै व्यक्तिको सम्पत्ति जफत गर्नु पर्ने मनासिब माफिकको कारण पर्न आएमा

**त्यस्तो संपत्ति अन्य कुनै व्यक्तिलाई हक हस्तान्तरण वा स्वामित्व परिबर्तन हुन नसक्ने गरी संबन्धित निकायमा रोक्का राख्न सक्नेछ ।**

(२) **यसरी रोक्का रहेको सम्पत्ति सड्ने , बिग्रने , नष्ट हुने वा त्यसको मूल्य घट्ने देखिएमा अन्तःशुल्क अधिकृतले त्यस्तो वस्तु तुरुन्त लिलाम बिक्री गरी आएको रकमको आम्दानी बांध्नु पर्ने छ। रोक्का रहेको सम्पत्ति पछि सम्बन्धित व्यक्तिले फिर्ता पाउने ठहरिएमा लिलाम बिक्रीबाट प्राप्त भएको रकम मात्र निजलाई फिर्ता दिइनेछ। सम्बन्धित व्यक्तिले वस्तु नै फिर्ता पाउं भनी दाबी गर्न पाउने छैन ।**

**१५.२.२** सम्पत्ति रोक्का गर्न सकिने सम्बन्धमा व्यवस्था ( नियमावलीको नियम ९):

(१) कुनै व्यक्तिले उत्पादन स्थलबाट अन्तःशुल्क लाग्ने बस्तु अन्तःशुल्क छली निष्कासन गरी वा बिदेशबाट पैठारी गरी लिइ जान लागेको अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले फेला परेमा त्यस्ता बस्तु लान नपाउने गरी अन्तःशुल्क अधिकृतले रोक्का राख्न सक्नेछ ।

(२) कुनै व्यक्तिले ऐन र यस नियमावली बमोजिम वुझाउनु पर्ने अन्तःशुल्क म्याद भित्र नवुझाएमा अन्तःशुल्क अधिकृतले त्यस्तो व्यक्तिको सम्पत्ति रोक्का राख्न सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम अन्तःशुल्क अधिकृतले रोक्का राखेको वस्तु वा संपत्ति विक्री वितरण वा कुनै पनि किसिमले हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्नको लागि त्यस्तो बस्तु वा संपत्ति रोक्का गर्न त्यस्तो वस्तु वा सम्पत्ति रोक्का राख्न सम्बन्धित कार्यालयमा लेखि पठाउनु पर्नेछ। यसरी रोक्का राख्न लेखी आएकोमा त्यस्तो बस्तु वा संपत्ति रोक्का राखी दिनु सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ ।

**१५.२.३** लिलाम विक्री सम्बन्धी व्यवस्था ( नियमावलीको नियम १० )

(१) ऐनको दफा १७ बमोजिम रोक्का रहेका वस्तु वा सम्पत्ति लामो समयसम्म कब्जामा राख्दा खिया लागी वा अरू कुनै परिवन्दबाट टुटफुट वा नोक्सान हुन सक्ने देखिएमा वा सडी गली जाने भएमा वा पुरानो भै मूल्य घटन जाने भएमा वा वेवारिसे भएमा वा स्थान अभावको कारणबाट राख्न नसकिने भएमा वा संरक्षण प्रदान गर्न नसकिने अवस्थाको भएमा त्यस्तो वस्तु वा सम्पत्तिको अवस्था र प्रकृति हेरी बढीमा सात दिन सम्मको म्याद दिई लिलाम विक्रीको सूचना कार्यालयको सूचना पाटीमा टांस गरी लिलाम विक्री गर्नु पर्नेछ ।

(२) उप नियम (१) बमोजिम .लिलाम विक्री गर्दा लिलाम बिक्री गर्ने वस्तु रहेको स्थानको स्थानीय निकायको एकजना प्रतिनिधि वा नजिकको सरकारी कार्यालयको एकजना कर्मचारी र सम्भव भए सम्म सम्बन्धित व्यक्ति वा निजको प्रतिनिधि समेतलाई रोहवरमा राख्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम लिलाम विकी गरिने वस्तु वा सम्पत्तिको लिलाम विकी गर्दा त्यस्तो वस्तु वा सम्पत्तिको प्रचलित बजार मूल्यलाई आधार मानि न्यूनतम मूल्य कायम गरी बढाबढको आधारमा लिलाम विकी गर्नु पर्नेछ ।

## १५.३ बस्तु वा संपत्ति जफत

१५.३.१ अन्तःशुल्क अधिकृतले वस्तु वा सम्पत्ति जफन गर्न सक्ने व्यवस्था (नियमावलीको नियम ११ )

(१) अन्तःशुल्क लाग्ने बस्तु अन्तःशुल्क नबुझाई प्रतिष्ठानको उत्पादन स्थलबाट निष्कासन गरी लगेको वा बिदेशबाट पैठारी गरी ल्याएको प्रमाणित भएमा त्यस्तो बस्तु अन्तःशुल्क अधिकृतले आफ्नो कव्जामा लिइ जफत गर्न सक्नेछ ।

(२) झुट्ठा लेखा वा कीर्ते कागज तयार गरी अन्तःशुल्क लाग्ने बस्तु उत्पादन, पैठारी, बिक्री वा संचय गरेमा वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गरेको पाइएमा अन्तःशुल्क अधिकृतले सो संग सम्बन्धित सम्पूर्ण बस्तु जफत गर्न सक्नेछ ।

(३) तिर्नु पर्ने अन्तःशुल्क दवाए, छिपाए वा छलेमा अन्तःशुल्क अधिकृतले सोसंग सम्बन्धित बस्तु र सो बस्तु उत्पादन गर्ने उपकरण समेत जफत गर्न सक्नेछ ।

(४) कब्जामा लिएको बस्तु अन्तःशुल्क अधिकृतले जफत गर्नु अघि सम्बन्धित व्यक्तिलाई जफत गर्नु नपर्ने कुनै कारण भए सोको प्रमाण पेश गर्नको लागि सात दिनको सूचना दिनु पर्नेछ ।

**१५.३.२ जफत गर्ने कारबाही स्थगित रहने व्यवस्था (ऐनको दफा २१ )**

**यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम अन्तःशुल्क अधिकृतवाट कुनै व्यक्तिको सम्पत्ति जफत गर्ने गरी निर्णय भै सो निर्णय उपर पुनराबेदन परेकोमा पुनराबेदन हेर्ने अधिकारीले पुनराबेदनको कारबाही किनारा नगरे सम्म सो सम्पत्ति जफत गर्ने कारबाही स्थगित राख्ने आदेश अन्तःशुल्क अधिकृतलाई दिन सक्नेछ ।**

**तर ऐनको दफा १७ को उपदफा (२) को अबस्थामा यो दफाको व्यबस्था लागू हुने छैन ।**

दफा १७(२) को अवस्था भन्नाले रोक्का रहेको सम्पत्ति सड्ने, बिग्रने, नष्ट हुने वा त्यसको मूल्य घट्ने देखिएमा तुरुन्त लिलाम बिक्री गर्नु पर्ने अवस्थालाई बुझाउदछ ।

**१५.३ ३ मदिरा ऐन , २०३१ को दफा १३ मा मदिरा तथा अन्य सामानको जफत र विकी सम्बन्धमा निम्न व्यवस्था गरेको छ :**

**(१) कुनै व्यक्तिले यस ऐन विपरित मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्य संग सम्बन्धित मदिरा अन्त:शुल्क अधिकारीले जफत गर्नेछ ।**

**(२) जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा अन्त:शुल्क अधिकृतले तोकिए बमोजिम लिलाम विक्री गर्नुपर्नेछ ।**

**(३) यस ऐन विपरित मदिराको कारोवार गर्न प्रयोग गरिएको सबै सामानहरु अन्त:शुल्क अधिकृतले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ ।**

**तर सवारी साधनको हकमा सवारी धनीको मञ्जुरी रहेनछ भने त्यस्तो सवारी साधन जफत हुने छैन ।**

**लिलाम प्रक्रिया निम्न अनुसार तोकिएको छ :**

१. देहाय बमोजिमको स्थानीय मूल्यांकन समितिबाट जफत माल वस्तुको मूल्यांकन गराउने

| | | |
|---|---|---|
| (क) | कार्यालय प्रमुख | संयोजक |
| (ख) | कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि | सदस्य |
| (ग) | जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | सदस्य |
| (घ) | स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि | सदस्य |
| (ङ) | प्रमुख जिल्ला अधिकारीले तोकेको मेकानिकल इन्जिनियर (सवारी साधनको मूल्यांकन गर्नुपर्ने भएमा मात्र) | सदस्य |
| (च) | अन्त:शुल्क हेर्ने अधिकृत | सदस्य सचिव |

२. मूल्याकंन समितिबाट भएको मुल्य रू १ लाख भन्दा वढि भए पत्र पत्रिकामा सूचना प्रकाशित गरि वोलपत्र आव्हान गर्ने ।

३. रू १ लाख भन्दा कम मुल्य भएमा सार्वजनिक स्थानहरू जस्तै जिल्ला प्रशासन कार्यालय , मालपोत कार्यालय , कोष तथा लेखा नियन्त्रक कार्यालय तथा स्थानीय अन्य कार्यालयहरूमा सूचना टांस गरि लिलाम वढाबढ गर्ने । सूचना टांसको जानकारी प्राप्त गरी संबन्धित फाइलमा राख्ने ।

४. वोलपत्र आर्थिक प्रशासन तथा सार्वजनिक खरिद नियमावली बमोजिम १० प्रतिशत कवोल अंकको धरौटी राखेको हुनुपर्ने र लिलाम बढाबढ गर्दा समेत रकम कबुल गर्ने प्रत्येक व्यक्तिको नाम, ठेगाना कबुल अंक उल्लेख तत्काल गरि रजिष्टरमा सहि गराउने ।

५.	वोल कवोल पत्रको वन्दि खाम खोल्दा बोलकवोलवाला धेरै भएमा तोकिएको संख्यामा कम भए सवैलाई रोहवरमा राखी खाममा सहि गराई खोल्ने , सो विषय रजिष्टरमा जस्ताको तस्तै सार्ने र सवैको खोलि सकेपछि रजिष्टरमा उतारी सकेपछि सवे उपस्थितको सहि गराउने ।

६.	कबुल गरेको अंक बुझाई ७ दिन भित्र सामान उठाउन पत्र दिने , नउठाएमा जमानत जफत गरी दोश्रो लाई सूचना दिने ।

७.	सवारी साधन लिलाम भएको अवस्थामा सवारी दर्ताको लागि उपत्यका वाहिरका यातायात व्यवस्था कार्यालयमा लेखि पठाई दिने ।

८.	खाद्य वस्तुको हकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट परिक्षण प्रतिवेदन प्राप्त गरि सो आधारमा लिलाम गर्ने ।

# परिच्छेद-१६

# दण्ड सजाय संवन्धी व्यवस्था

**१६.१ सूचना वा मद्दत नदिने व्यक्तिलाई दण्ड सजाय (ऐनको दफा १५)**

**यस ऐन बिपरित कार्य हुन लागेको, भैरहेको वा भैसकेको कुरा थाहा पाएपछि सो कुराको सूचना दिनुपर्ने वा आन्तरिक राजस्व कार्यालयले मागेको बखत मद्दत दिनु पर्ने कर्तव्य भएको कुनै व्यक्तिले जानी जानी सूचना वा मद्दत नदिएमा निजलाई कसूरको प्रकृति हेरी तीन महिनासम्म कैद वा दशहजार रुपैयां सम्म जरिवाना वा दुबै सँजाय हुनेछ ।**

अन्तःशुल्क ऐन , २०५८ को दफा २(च) बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकि दिएको अन्तःशुल्क अधिकृत वा कार्यालयले समेत ऐनको दफा १५ बमोजिमको सजाय गर्न सक्दछन ।

**१६.२ दण्ड (ऐनको दफा १६)**

**१६.२.१ कसैले देहायका कसुर गरेमा त्यस्ता व्यक्तिलाई त्यस्तो कसूरको निमित्त विगो जफत गरी विगो बमोजिम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ :**

**(क) यस ऐन बमोजिम तिर्नु पर्ने अन्तःशुल्क दवाएमा, छिपाएमा वा छलेमा,**

**(ख) इजाजत नलिई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन एवं पैठारी गरेमा,**

**(ग) कुनै व्यक्तिले झुट्टा लेखा वा किर्ते कागज वनाई ऐन विपरित कुनै कसुर गरेमा,**

**(घ) मदिरा, वियर वा चुरोट उत्पादनमा प्रयोग गरिने अन्तःशुल्क टिकट नक्कली बनाई प्रयोग गरेमा , उत्पादन गरेमा वा ओसार पसार वा भण्डारण गरेमा ।**

**स्पष्टीकरण : यस खण्ड बमोजिम सजाय गर्न बिगो कायम गर्दा त्यस्तो टिकट प्रयोग भएको वा हुनसक्ने बस्तुको शक्ति , परिमाण वा आकारका आधारमा अन्तःशुल्क लाग्ने वस्तुको मुल्य कायम गरी सो मा लाग्ने अन्तःशुल्क समेत जोडी कायम गरिनेछ ।**

**माथि लेखिएको कसूर गर्न प्रयत्न वा दुरुत्साहन गरेमा आधा सजाय हुनेछ ।**

**१६.२.२ कसुरसंग प्रत्यक्ष वा परोक्ष रुपमा प्रयोग हुन आएको भाँडा वर्तन, वस्तु वा सेवा, उत्पादन गर्न प्रयोग गरिएको ज्यावल, मेशिन, उपकरण र सवारी साधन समेत जफत हुनेछ ।**

**तर त्यस्तो कसूर गर्ने व्यक्तिले भाडाको सवारी साधन प्रयोग गरेको र सवारी धनीको अनुमतिविना सवारी साधन त्यस्तो काममा प्रयोग गरेको भएमा त्यस्तो सवारी साधन जफत नगरी सवारी धनीलाई पच्चिस हजार रुपैयाँ जरिवाना र सवारी**

**चालकलाई कसूरको प्रकृति हेरी तीन महिनासम्म कैद वा पन्ध्र हजार रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय हुनेछ। भाडाको सवारीमा दर्ता गरी सवारी साधनको मालिकले नै प्रयोग गरेको पाइएमा त्यस्तो सवारी जफत हुनेछ।**

**मदिरा ऐन, २०३१ को दफा १२** मा पनि माथि बुंदा नं.१ र २ मा लेखिए बमोजिम कै दण्ड सजायको व्यवस्था गरेको छ।

**१६.२.३ कुनै व्यक्तिले देहायको कुनै कसुर गरेमा अन्तःशुल्क अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ :**

**(क) दफा ७ को उपदफा (४) बमोजिम पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण भएमा थप हुने अन्तःशुल्क रकमको शत प्रतिशत रकम,**

**(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु वा सेवा विक्री वा संचय गरेमा पाँच हजार देखि पन्ध्र हजार रुपैयाँ सम्म,**

**(ग) दफा १०क को व्यवस्था बमोजिम अन्तःशुल्क विवरण तोकिएको समयमा पेश नगरेमा लाग्ने अन्तःशुल्कको प्रति दिन शून्य दशमलव शून्य पांच प्रतिशत वा प्रति विवरण एक हजार रुपैयाँ मध्ये जुन वढी हुन्छ सो रकम,**

**(घ) दफा १०ख को उपदफा (१) बमोजिमको खरीद, उत्पादन, निष्कासन, बिक्री र मौज्दात खाताको लेखा अद्यावधिक नराखेमा दश हजार रुपैया र कारोवारको लेखा निरीक्षण गर्न नदिएमा पटकै पिच्छे पांच हजार रुपैया,**

**(ङ) दफा १०ख को उपदफा (२) बमोजिम खरीद, उत्पादन, विक्री र मौज्दात खाता सम्बन्धित अन्तःशुल्क अधिकृतद्धारा प्रमाणित गराई नराखेमा पांच हजार रुपैया सम्म,**

**(च) दफा १०ख को उपदफा (३) बमोजिम इजाजतपत्रवालाले कारोवारको लेखा ६ वर्षसम्म सुरक्षित नराखेमा दश हजार रुपैया,**

**(छ) दफा १०घ को उपदफा (३) बमोजिम अन्तःशुल्क निर्धारणको सम्बन्धमा विभागले अनुगमन गर्ने कार्यमा वाधा विरोध गरेमा पटकै पिच्छे पांच हजार रुपैया,**

**(ज) दफा १०छ. वमोजिम जाँच गर्दा अल्कोहलको मात्रा एक प्रतिशत भन्दा वढी फरक भएमा राजस्व चुहावट भएको रकमको शत प्रतिशत रकम,**

**(झ) अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलव्धी तोकिएकोमा सो अनुसारको उत्पादन प्रतिलव्धी नपुगेमा थप हुने अन्तःशुल्कको शत प्रतिशत रकम,**

**(ज) दफा ४घ. बमोजिम विक्री वितरणमा नियन्त्रण सम्बन्धी व्यवस्था उल्लंघन गरेमा पटकै पिच्छे दश हजार रुपैयाँ,**

(झ) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम उल्लंघन गरेमा पटकै पिच्छे एक हजार रुपैयाँ ।

१६.२.४ मदिरा ऐन, २०३१ को दफा ११ मा दुःख दिने नियतले खानतलाशी, कब्जा वा गिरफ्तार गर्नेलाई निम्न सजांय हुने व्यवस्था गरेको छ :

यस ऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिव शंका नभई अर्कालाई दुःख दिने, हैरानी गर्ने, बेइज्जती गर्ने वा क्षति पुर्‍याउने नियतले कुनै स्थानमा प्रवेश गर्न वा खनतलाशी गर्ने गराउने, कसैलाई गिरफ्तार गर्ने गराउने, कब्जा वा जफत गर्न नहुने सामान कब्जा वा जफत गर्ने गराउने वा कसैलाई अनावश्यक क्षति वा चोट पुर्‍याउन लगाउने व्यक्तिलाई छ महिना सम्म कैद वा एक लाख रुपैया सम्म जरिवाना वा दुवै सजांय हुनेछ ।

# परिच्छेद-१७
# पुरस्कार संबन्धी व्यवस्था

**१७.१ सुराकी प्रोत्साहन खर्चको व्यवस्था (ऐनको दफा १३ को उपदफा (४) र (५))**

**(क) विभागले यस दफा बमोजिमको कसूरको सूचना दिने सुराकीलाई सूचनाको सत्यताको आधारमा विभागले तोके बमोजिम बढीमा दश हजार रुपैयाँसम्म सुराकी प्रोत्साहन खर्च दिन सक्नेछ।**

**(ख) यस दफा बमोजिम कसूरको सूचना दिने व्यक्तिको विवरण गोप्य रहनेछ।**

**१७.२ सुराकी, वस्तु र दशी पेश गर्नेलाई पुरस्कार (ऐनको दफा १४)**

**(१) यस ऐन विपरित काम हुन लागेको, भैरहेको वा भैसकेको कुराको सूचना वा सुराक दिने सरकारी कर्मचारी वा अन्य कुनै व्यक्तिलाई अभियुक्तबाट वरामद भएको अन्त:शुल्क लाग्ने वस्तुवाट असुल भएको विगोको देहाय वमोजिम हुने रकम मुद्दाको अन्तिम निर्णय भए पछि सम्बन्धित आन्तरिक राजस्व कार्यालयवाट पुरस्कार स्वरुप प्रदान गरिनेछ :**

**(क) सुराक दिने व्यक्तिलाई बिगोको दश प्रतिशत,**

**(ख) बस्तु मात्र पक्री पेश गर्ने व्यक्तिलाई बिगोको बीस प्रतिशत,**

**(ग) दशी तथा मानिस सहित पक्री पेश गर्ने व्यक्तिलाई बिगोको तीस प्रतिशत,**

**तर सूचना वा सुराक दिने व्यक्ति एक भन्दा बढी भएमा त्यस्ता व्यक्तिहरु बीच पुरस्कारको बाँडफाँट दामासाहीले गरिनेछ।**

**(२) कुनै कर्मचारी वा प्रहरीले सुराक पाई वरामद गरेको वस्तु व्यक्ति सहित पक्राउ गरेमा त्यस्तो कर्मचारी वा प्रहरीलाई विगोको पच्चीश प्रतिशत दिइनेछ।**

**तर बस्तु मात्र पक्रिएमा पक्रिएको बस्तुको मूल्यको पच्चीस प्रतिशत मात्र पुरस्कार स्वरुप प्रदान गरिनेछ। त्यसरी पुरस्कार दिंदा एक पटकमा प्रति व्यक्ति पन्ध्र हजार रुपैयाँ भन्दा बढी भएमा सो अंकमा नबढ्ने गरी दिइनेछ।**

**१७.३ मदिरा ऐन , २०३१ को दफा १५क** मा **पुरस्कार** सम्बन्धी निम्न व्यवस्था गरेको छ :

**१७.३.१ कसैले यस ऐन विपरित मदिरा उत्पादन, संचय, बिकी वितरण, ओसार पसार, निकासी वा पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सबुत प्रमाण सहित मानिस पकी पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरुप दिइने छ :**

**(क) सुराक दिने व्यक्तिलाई विगोको दश प्रतिशत ,**

**(ख) मदिरा वा मानिस पक्री पेश गर्ने व्यक्तिलाई विगोको बीस प्रतिशत ,**

**(ग) मदिरा र मानिस दुवै पक्री पेश गर्ने व्यक्तिलाई विगोको तीस प्रतिशत ।**

**१७.३.२ पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सो संग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई विगो मानिनेछ ।**

**१७.३.३ कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा नेपाल सरकारले त्यस्तो सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहर्‍याएको रकम पुरस्कार स्वरुप दिन सक्नेछ ।**

**१७.३.४ यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एक जना भन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ ।**

## १. सुराकी प्रोत्साहन खर्च सम्बन्धमा गरिएको थप व्यवस्था

ऐनको दफा १३ को उपदफा ४ बमोजिम कसुरको सुचना दिने सुराकीलाई सुराकी प्रोत्साहन खर्च दिने सम्वन्धमा देहाय बमोजिमको कार्यविधि तोकिएको छ ।

१. **कसूरको आधार**

ऐन विपरित देहायको कार्य गरेमा कसूर गरेको मानिनेछ :

१.१ अन्तःशुल्क ऐन/नियम विपरित उत्पादन एवं निष्काशन गरेमा ।

१.२ अन्तःशुल्क टिकट नलगाइएका वा नक्कली टिकट लगाइएका मदिरा तथा चुरोट बिक्री बितरण गरेमा ।

१.३ अवैध रूपमा अन्तःशुल्कजन्य वस्तुको ओसार पसार गरेमा ।

१.४ नक्कली वा अर्काको स्वीकृत ब्राण्डमा मदिरा उत्पादन वा बिक्री बितरण गरेमा ।

१.५ अन्तःशुल्क इजाजतपत्र नलिई अन्तःशुल्कजन्य वस्तुको कारोवार गरेमा ।

१.६ इजाजत लिएता पनि नगरपालिका क्षेत्रभित्र मदिराको तथा अन्य वस्तुको मिश्रित कारोवार गरेमा ।

२. **सूचना दिन सकिने निकाय**

ऐन/नियमावली विपरित प्रकरण १ मा उल्लेख भए वमोजिम कसूर हुन लागेको, भइरहेको वा भइसकेको कुरा थाहा पाउने व्यक्ति वा निकायले लिखित वा मौखिक रूपमा देहायका मध्ये कुनै एक कार्यालयमा कसूरको सूचना दिन सक्नेछ :

(क) आन्तरिक राजस्व कार्यालय

(ख) करदाता सेवा कार्यालय

(ग) कोष तथा लेखा नियन्त्रक कार्यालय

३. **सूचना संकलन**

प्रकरण २ बमोजिम आन्तरिक राजस्व कार्यालय , करदाता सेवा कार्यालय वा कोष तथा लेखा नियन्यत्रक कार्यालयमा प्राप्त सूचना कार्यालय प्रमुखले अभिलेख राखी देहाय अनुसारको कार्य गर्नुपर्नेछ :

३.१ प्राप्त सूचनाको यथार्थता वा सत्यताको आधारमा आफू लगायत अधिकृत तथा सहायक कर्मचारीको Task Force गठन गरी यथाशीघ्र छानविन प्रारम्भ गर्नुपर्नेछ ।

३.२ प्राप्त सूचनाका आधारमा शंकास्पद अभियुक्त तत्काल भागी जाने प्रमाण लोप गर्ने वा थप सूचना आवश्यक पर्ने वा संस्थागत रूपमा तयारी गर्नुपर्ने देखिएको अवस्थामा तुरून्त कारबाही शुरू गर्नुपर्नेछ ।

४. **सूचनाको विश्लेषण**

४.१ सूचना प्राप्त हुनासाथ देहाय बमोजिमको सूचनाको विश्लेषण गर्नुपर्नेछ :

(क) प्राप्त सूचना अनुसार भैरहेको कार्यबाट अवैध रूपमा कारोवार गरेको वस्तुको भौतिक अवस्था के छ ?

(ख) प्राप्त सूचना अनुसार भैरहेको वा हुनलागेको अवैध कार्यबाट पर्ने सक्ने रकम/कारोवार मूल्यको अवस्था के छ ?

(ग) प्राप्त सूचना अनुसार भैरहेको वा हुन लागेको कार्यबाट अन्तःशुल्क वा अन्य राजस्व चुहावट हुने सम्भावना छ ?

४.२ प्रकरण १ बमोजिम सूचनाको विश्लेषण गरी निम्न आधारमा राजस्व चुहावट हुने कसूरको मूल्यांकन गर्नु पर्नेछ :

(क) उच्च राजस्व जोखिम भएको,

(ख) कम राजस्व जोखिम भएको,

(ग) सामाजिक सदाचार खराव गर्ने,

(घ) राजस्व जोखिम नभएको तर ऐन/नियम उल्लंघन भएको ।

४.३ निम्न आधारमा कसूरदारको मूल्यांकन गर्नुपर्नेछ :

(क) अवैध उत्पादन भएको,

(ख) अवैध निकासी/पैठारी भएको,

(ग) अन्तःशुल्क टिकट नलगाएको वा नक्कली अन्तःशुल्क टिकट लागि मदिरा बिक्री बितरण भएको,

(घ) नक्कली ब्राण्डमा वा अर्केको ब्राण्डमा उत्पादन/बिक्री बितरण गरेको,

(ङ) इजाजतपत्र नलिई कारोवार गरेको ।

५. **पुरस्कार तोक्ने व्यबस्था**

प्रकरण ४ बमोजिमका कसूर र कसूरदारको मूल्यांकन गरी प्राप्त सूचनाको सत्यताका आधारमा कार्यालय प्रमुखले देहायवमोजिम त्यस्तो कसूरको सूचना दिने व्यक्ति/निकायलाई प्रोत्साहन स्वरूप पुरस्कार दिनुपर्नेछ :

| | |
|---|---|
| (क) अवैध रूपमा उत्पादन भएको पाइएमा | रू.१०,०००।- सम्म |
| (ख) अवैध निकासी पैठारी भएको पाइएमा | रू.८,०००।- सम्म |
| (ग) अन्तःशुल्क टिकट नलगाएको र नक्कली अन्तःशुल्क टिकट लागि मदिरा बिक्री बितरण भएको पाइएमा | रू.१०,०००।- सम्म |
| (घ) नक्कली ब्राण्डमा वा अर्कै ब्राण्डमा उत्पादन गरेको पाइएमा | रू.१०,०००।- सम्म |
| (ङ) नक्कली ब्राण्डमा वा अर्कै ब्राण्डमा बिक्री बितरण गरेको पाइएमा | रू. ३,०००।- सम्म |
| (च) इजाजतपत्र नलिई कारोवार गरेको अवस्थामा | रू. २,५००।- सम्म |
| (छ) महानगरपालिका, उप-महानगरपालिका र नगरपालिका क्षेत्रमा मदिराको अलग्गै कारोवार स्थलमा कारोवार नगरेको अवस्थामा | रू. १,०००।- सम्म |
| (च) अवैध मदिरा बिक्री वितरण गरेमा | रू. १,०००।- सम्म |

६. **अभिलेख** सुराकीबाट प्राप्त सूचना र सुराकीलाई दिइएको पुरस्कारको लगतको अभिलेख राख्नुपर्नेछ ।

७. **वजेटः** अन्तःशुल्क सुदृढीकरण वजेटको विविध शिर्षकको वजेटबाट पुरस्कार दिनुपर्नेछ ।

८. **प्रतिवेदन** यस विधि अनुसार गरिएका कामको प्रगति प्रतिवेदन मासिक रूपमा विभागमा दिनुपर्नेछ ।

९. **विविधः** यस कार्यविधि लागू गर्दा कुनै दुविधा भई व्याख्या गर्नुपर्ने भएमा विभागले व्याख्या गरि लागू गर्नेछ ।

## २. सुराकी पुरस्कार सम्बन्धी अन्य व्यवस्था

मदिरा ऐन, २०३१ को दफा १५(क)२ बमोजिम विगो कायम हुन नसक्ने अवैध (घरपाला) मदिराको उत्पादन, संचय, ओसार-पसार तथा विक्री वितरण गरेमा वा गर्न लागेमा त्यसको सुराक दिने व्यक्तिलाई सोही ऐनको दफा १५(क)३ बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मिति २०६०।१२।११ को मन्त्रीस्तरीय निर्णयानुसार देहायका शर्त तथा आधारहरू तोकिएको पाइन्छ ।

शर्त तथा आधारहरू

१. कसैले मदिराको अवैध कारोवार गरेको छ वा गर्न लागेको छ भन्ने थाहा पाउने व्यक्तिले तत् सम्वन्धी विवरण वा सबुद प्रमाण सहित सो कुराको सूचना लिखित वा मौखिक रूपमा सम्वन्धित आन्तरिक राजस्व कार्यालय वा विभागमा दिन सक्नेछ। त्यस्तो सूचना कुनै व्यक्तिले आफ्नो नाम खुलाई वा गोप्य राख्ने शर्तमा दिन सक्नेछ।

२. यसरी प्राप्त भएको सूचनाको विवरण लिपिवद्ध गरी सिलवन्दी खाममा राख्नु पर्नेछ। सम्भव भएसम्म सुराकीको नाम वा संकेत नम्वर, ठेगाना र निजवाट प्राप्त भएको सूचनाको छोटकारी विवरण गोप्यरूपमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

३. सुराकीको वास्तविक पहिचान हुने प्रमाण माग गरी सनाखत समेत गराई सुराकी रजिष्टरमा रेकर्ड (लिपिवद्ध) गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

४. सुराकीलाई पुरस्कार रकम भुक्तानी दिंदा सकेसम्म सम्वनिधत व्यक्तिको नाममा चेकद्वारा भुक्तानी दिई भर्पाई राख्नु पर्नेछ। गोपनियताको कारणवाट अपठ्यारो पर्न जाने भएम अन्य व्यवस्थाद्वारा भुक्तानी गर्न सकिनेछ।

सुराकी पुरस्कार

१. अवैध मदिरा (घरपाला) को अवैध कारोवार गर्ने व्यक्ति त्यस्तो मदिरा सहित पक्राउ भएमा जफत गरिएको मदिराको प्रति लिटर रू.१०।- का दरले रू. १०,०००।- मा नवढ्ने गरी पुरस्कार दिन सकिने।

२. अवैध मदिरा (घरपाला) को अवैध कारोवारमा मदिरा मात्र जफत भएमा जफत भएको मदिराको प्रति लिटर रू.५।- का दरले रू.५,०००।- मा नवढ्ने गरी पुरस्कार दिने सकिने।

# परिच्छेद-१८

## प्रशासकीय पुनराबलोकन तथा पुनराबेदन सम्बन्धी व्यबस्थाः

**१८.१ प्रशासकीय पुनराबलोकन तथा पुनराबेदन सम्बन्धी व्यबस्था (ऐनको दफा १९ )**

**१८.१.१** अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण तथा असुलीका लागि गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो सूचना पाएको मितिले तीस दिन भित्र सो निर्णय विरुद्ध विभाग समक्ष प्रशासकीय पुनरावलोकनका लागि निबेदन दिन सक्नेछ। तर ऐनको दफा १६ को उपदफा (१),(२),(३) र (४) बमोजिमका कसूरमा कैद गर्ने गरी गरेको निर्णय उपर राजस्व न्यायाधिकरणमा पुनराबेदन गर्नु पर्नेछ।

**१८.१.२** उपदफा (१) बमोजिम निबेदन दिने म्याद गुज्रिन गई कुनै व्यक्तिले म्याद थपको लागि म्याद गुजिएको मितिले सात दिन भित्र निवेदन दिएमा विभागले म्याद गुज्रिएको मितिबाट वढीमा तीस दिनको म्याद थप गर्न सक्नेछ।

**१८.१.३** उपदफा (१) बमोजिम दिएको निबेदन समेतका प्रमाण कागजात छानविन गर्दा निबेदकको जिकिर सत्य देखिन आएमा स्पष्ट कारण खुलाई पर्चा खडा गरी महानिर्देशकले सो अन्तःशुल्क निर्धारण आदेश बदर गरी पुनः अन्तःशुल्क निर्धारण गर्न आदेश दिन सक्नेछ।

**१८.१.४** उपदफा (१) बमोजिम निबेदन परेको मितिले साठी दिन भित्र सो निबेदन उपर बिभागले निर्णय गर्नु पर्नेछ। म्याद भित्र बिभागले निर्णय नगरेमा सो म्याद नाघेपछि वा गरेको निर्णय उपर चित्त नबुझेमा सो निर्णयको सूचना पाएको मितिले पैंतिस दिन भित्र सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनराबेदन दिन सक्नेछ।

**१८.१.५** उपदफा (१) बमोजिम निबेदन दिने व्यक्तिले निर्धारित अन्तःशुल्क रकम मध्ये विवाद रहित अन्तःशुल्क र जरिवाना रकम बुझाई विवादित अन्तःशुल्क र जरिवाना रकमको एक तिहाई रकम नगद धरौटी राख्नु पर्नेछ।

**१८.१.६** प्रशासकीय पुनराबलोकनको निबेदन वा पुनराबेदन दिने व्यक्तिले सो को एक प्रति पन्ध्र दिन भित्र सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ।

**१८.१.७** उपदफा (१) बमोजिम पुनरावलोकनको निवेदन वा पुनरावेदन दिएको कारणबाट दफा १६ को उपदफा (१) मा उल्लेखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन।

# परिच्छेद-१९

# अन्तःशुल्क प्रशासन

ऐन वमोजिम अन्तःशुल्क लगाउने, असुल गर्ने र नियमित गर्ने अभिभारा आन्तरिक राजस्व विभागलाई रहेको छ। अन्तःशुल्क प्रशासन सम्वन्धी सम्पूर्ण कार्य गर्नको लागि नीति नियम तर्जुमा गर्ने, निर्देशन दिने, निर्देशिका जारी गर्ने जस्ता कार्य यस विभागले गर्ने गर्दछ। यस विभाग अर्न्तगत एउटा ठूला करदाता कार्यालय, २२ वटा आन्तरिक राजस्व कार्यालयहरू र १३ वटा करदाता सेवा कार्यालयहरू रहेका छन्। आन्तरिक राजस्व कार्यालयहरू नभएका विभिन्न जिल्लाहरूमा तोकिएका कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले अन्तःशुल्कको प्रशासन सम्वन्धी कार्यहरू सम्पादन गर्दछन्। कार्यक्षेत्र जिल्ला तोकिएको बारेको राजपत्रको सूचना अनुसुचिमा उल्लेख गरिएकोछ।

## १९.१ ऐनको कार्यान्वयन र प्रशासन गर्ने विभाग जिम्मेवार हुने (ऐनको दफा २३)

**ऐनको कार्यान्वयन तथा प्रशासन गर्ने कामको लागि विभाग जिम्मेवार हुने छ।**

## १९.२ विशेषज्ञको सेवा लिन सक्ने (ऐनको दफा १०ङ)

**विभागले यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकतानुसार मदिरा विशेषज्ञ, ब्रुइङ्ग विशेषज्ञ, रसायन विज्ञ लगायतका अन्य विशेषज्ञहरूको सेवा लिन सक्नेछ।**

## १९.३ अन्तःशुल्क अधिकृत नियुक्त गर्न वा तोक्न सक्ने ( ऐनको दफा ५)

**ऐनको प्रयोजनको निमित्त नेपाल सरकारले आवश्यक संख्यामा अन्तःशुल्क अधिकृत नियुक्त गर्न सक्नेछ र नेपाल सरकारले आवश्यक देखेमा नेपाल सरकारको अन्य कुनै अधिकृतलाई पनि अन्तःशुल्क अधिकृतको कार्य गर्ने गरी तोक्न सक्नेछ।**

“नेपाल सरकारले अन्तःशुल्क ऐन, २०५८ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी आन्तरिक राजस्व विभागका उपमहानिर्देशक, निर्देशक वा अन्य अधिकृत, आन्तरिक राजस्व कार्यालयका प्रमुख कर प्रशासक, प्रमुख कर अधिकृत, कर अधिकृत , करदाता सेवा कार्यालयका प्रमुख कर अधिकृत, कर अधिकृत र उल्लेखित पदाधिकारी नभएको जिल्लामा प्रमुख भन्सार अधिकृत, भन्सार अधिकृत तथा निजहरू पनि नभएका जिल्लामा प्रमुख कोष नियन्त्रक वा कोष नियन्त्रकलाई अन्तःशुल्क अधिकृत तोकेको छ।” (**नेपाल राजपत्र, खण्ड ६१, संख्या २५, मिति २०६८/६/३० मा प्रकाशित** )

## १९.४ अन्तःशुल्क अधिकृतको अधिकारक्षेत्रः (ऐनको दफा ६)

**अन्तःशुल्क अधिकृतको अधिकार क्षेत्र नेपाल सरकारले तोके बमोजिम हुनेछ।**

**"अन्तःशुल्क अधिकृतको अधिकारक्षेत्र"**

नेपाल सरकारले अन्तःशुल्क ऐन, २०५८ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमका कार्यालयको अन्तःशुल्क अधिकृतको अधिकार क्षेत्र देहाय बमोजिम तोकिएको छ। ( **नेपाल राजपत्र, खण्ड ६१, संख्या २५, मिति २०६८/६/३० मा प्रकाशित** )

| क्र.सं. | कार्यालयको नाम | कार्यालयले हेर्ने जिल्ला |
|---|---|---|
| १ | आन्तरिक राजस्व कार्यालय, भद्रपुर | झापा र इलाम जिल्ला। |
| २ | आन्तरिक राजस्व कार्यालय, विराटनगर | मोरङ्ग जिल्ला। |
| ३ | आन्तरिक राजस्व कार्यालय, धरान | सुनसरी र धनकुटा जिल्ला। |
| ४ | आन्तरिक राजस्व कार्यालय, लाहान | सिराहा, सप्तरी र उदयपुर जिल्ला। |
| ५ | आन्तरिक राजस्व कार्यालय, जनकपुर | धनुषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्ला। |
| ६ | आन्तरिक राजस्व कार्यालय, सिमरा | बारा र रौतहट जिल्ला। |
| ७ | आन्तरिक राजस्व कार्यालय, विरगञ्ज | पर्सा जिल्ला। |
| ८ | आन्तरिक राजस्व कार्यालय, हेटौंडा | मकवानपुर जिल्ला। |
| ९ | आन्तरिक राजस्व कार्यालय, भरतपुर | चितवन र नवलपरासी जिल्लाको दाउन्ने पूर्वको नवलपुर क्षेत्र। |
| १० | आन्तरिक राजस्व कार्यालय, भैरहवा | रूपन्देही जिल्लाको बुटवल नगरपालिका, देवदह, शंकरनगर, मोतिपुर, सेमलार, पर्रोहा, दुधराक्ष, सालझण्डी, रूद्रपुर, गजेडी, खण्डवा बनगाई, मानपकडी र सौराहा फर्साटिकर गा.वि.स. बाहेक अन्य सबै नगरपालिका र गा.वि.स.हरू, नवलपरासी जिल्लाका त्रिवेणीसुस्ता, रूपौलिया, कुडिया, नर्सही, पकलिहवा, गुडी परसोनी, गौथी सूर्यपुरा, बेदौली, प्रतापपुर, जमुनिया, सोमानी, तौली, भूजहवा, रामपुर खडौना, बडहरा दुवौलिया, जहादा, सरावल, देभगौन, सुनरी, कुसमा, हरपुर, पाल्ही, गेरमी, सनई, हकुई, सुक्रौली, अमरोड, बन्जरिया र सुस्ता गरी जम्मा २९ गा.वि.स. र रामग्राम नगरपालिका। |
| ११ | आन्तरिक राजस्व कार्यालय, बुटवल | रूपन्देही जिल्लाका बुटवल नगरपालिका, देवदह, शंकरनगर, मोतिपुर, सेमलार, पर्रोहा, दुधराक्ष, सालझण्डी, रूद्रपुर, गजेडी, खण्डवा बनगाई, मानपकडी र सौराहा फर्साटिकर गरी जम्मा १२ |

| | | |
|---|---|---|
| | | गाउ विकास समितिहरू र नवलपरासी जिल्लाका दाउन्नेदेवी, माकर, धुरकोट, पञ्चनगर, तिलकपुर, मनरी, रामनगर, स्वाथी र सुनवल गरी ९ गाउ विकास समिति तथा पाल्पा र गुल्मी जिल्ला सबै । |
| १२ | आन्तरिक राजस्व कार्यालय, पोखरा | कास्की, तनहुँ, गोरखा र स्याङ्जा जिल्ला । |
| १३ | आन्तरिक राजस्व कार्यालय, कृष्णनगर | कपिलवस्तु जिल्ला । |
| १४ | आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज | बाँके, बर्दिया, सुर्खेत र दैलेख जिल्ला । |
| १५ | आन्तरिक राजस्व कार्यालय, दाङ्ग | दाङ्ग, सल्यान र प्यूठान जिल्ला । |
| १६ | आन्तरिक राजस्व कार्यालय, धनगढी | कैलाली जिल्ला । |
| १७ | आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर | कञ्चनपुर, डडेल्धुरा र बैतडी जिल्ला । |
| १८ | आन्तरिक राजस्व कार्यालय, भक्तपुर | भक्तपुर र काभ्रेपलाञ्चोक जिल्ला । |
| १९ | आन्तरिक राजस्व कार्यालय, ललितपुर | ललितपुर जिल्ला । |
| २० | आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. १ | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| २१ | आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. २ | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| २२ | आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. ३ | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| २३ | करदाता सेवा कार्यालय, पुतलिसडक | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| २४ | करदाता सेवा कार्यालय, नयाँबानेश्वर | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| २५ | करदाता सेवा कार्यालय, बत्तिसपुतली | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| २६ | करदाता सेवा कार्यालय, चावहिल | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| २७ | करदाता सेवा कार्यालय, कोटेश्वर | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| २८ | करदाता सेवा कार्यालय, त्रिपुरेश्वर | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| २९ | करदाता सेवा कार्यालय, नयाँसडक | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| ३० | करदाता सेवा कार्यालय, ठमेल | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| ३१ | करदाता सेवा कार्यालय, टंगाल | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| ३२ | करदाता सेवा कार्यालय, महाराजगञ्ज | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| ३३ | करदाता सेवा कार्यालय, बालाजु | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| ३४ | करदाता सेवा कार्यालय, कलंकी | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| ३५ | करदाता सेवा कार्यालय, कालीमाटी | सो कार्यालयलाई तोकिएको क्षेत्र । |
| ३६ | आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयले हेर्ने भनी तोकिएका उल्लेखित जिल्लाहरू वाहेकका जिल्लाहरूको हकमा अन्तःशुल्क अधिकृतको अधिकार क्षेत्र सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालयलाई तोकिएको क्षेत्र ने हुने गरी तोकिएको छ । | |

१९.५ आन्तरिक राजस्व विभाग, विभाग अर्न्तगतका २३ वटा कार्यालयहरू अन्तरगत स्थापना भएका कभरदाता सेवा कार्यालयहरू तथा यि कार्यालयहरू नभएका स्थानका लागि तोकिएका ३७ वटा कोष तथा लेखा नियन्त्रक कार्यालयहरूवाट अन्तःशुल्क ऐन नियम, मदिरा ऐन नियम, निर्देशिका तथा बिभागबाट जारी भएका परिपत्रहरू समेतको अधिनमा रही अन्तःशुल्क सम्वन्धी प्रशासन सञ्चालन हुँदै आएको छ ।

## १९.६ **अन्तःशुल्क अधिकृतको काम, कर्तव्य र अधिकार (नियमावलीको नियम १२)**

क. गोदाममा रहेको अन्तःशुल्क लाग्ने बस्तु बिक्री वितरण वा ओसार पसार गर्न गोदामबाट निकाल्दा आफ्नो उपस्थितिमा त्यस्तो वस्तु निकाल्न लगाई सोको लगत प्रतिष्ठानको उत्पादन स्थलमा राख्न लगाउने,

ख. विभागबाट मांग गरिएको अन्तःशुल्क लाग्ने बस्तुको उत्पादन वा बिक्री वितरण वा गोदाममा रहेको वस्तुको परिमाण र असुल उपर भएको अन्तःशुल्क वा विभागले मांगेको अरू कुनै कुराको प्रतिवेदन विभागमा पठाउने,

ग. अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा बिक्रीको विवरण अनुसुचि ४ बमोजिमको दैनिक किताबमा राख्न लगाउने,

घ. भन्सार नाकाबाट अन्तःशुल्क लाग्ने बस्तु पैठारी भएको अबस्थामा पैठारी गर्ने इजाजतपत्रवालाको नाम, पैठारी गरिएको वस्तुको परिमाण र मूल्य स्पष्ट खुल्ने गरी दैनिक किताबमा जनाई राख्ने,

ङ इजाजतपत्रवालाले अन्तःशुल्क नियमावलीको नियम १३ बमोजिमको काम कर्तव्य पालना गरे नगरेको संबन्धमा समय समयमा निरीक्षण गर्ने,

च. अन्तःशुल्क लाग्ने बस्तु उत्पादन गर्ने प्रतिष्ठानको मासिक रूपमा निरीक्षण गरी अन्तःशुल्क निर्धारण गर्ने,

छ. अन्तःशुल्क अधिकृतले् यस नियमावली बमोजिम आफ्नो कर्तव्य पालन गर्ने सन्दर्भमा बिभागले तोकेका अन्य कार्यहरू गर्ने,

ज. स्वयम् निष्कासन प्रणाली अनुसार निष्कासन गर्नेको हकमा तोकिएको प्रक्रिया अपनाई ईजाजतवालाको खाता एवम् विवरण ज्यांच गरी प्रमाणित गर्ने ।

इजाजतपत्रवालाले स्वयंम निष्कासन प्रकृया अनुसार आफै निष्कासन गरेको अन्तःशुल्क लाग्ने वस्तुको हकमा अन्तःशुल्क अधिकृतले विभागले तोके बमोजिमको प्रकिया अपनाई इजाजतपत्रवालाको खाता तथा विवरण जांची प्रमाणित गर्नु पर्ने छ ।

## १९.७ सहयोग गर्नु पर्ने (मदिरा ऐन २०३१ को दफा १३ (क))

**यस ऐन अन्तर्गत सजाँय हुने कसूरको तहकिकातको सिलसिलामा अन्तःशुल्क अधिकृत वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।**

## **१९.८ मुद्दा हेर्ने अधिकारी (मदिरा ऐन २०३१ को दफा १४)**

**(१) दफा ११ अन्तर्गतको मुद्दामा शुरु कारवाही र किनारा गर्ने अधिकार नेपाल सरकार वा नेपाल सरकारले तोकी दिएको अधिकारीलाई र सो बाहेक यस ऐन अन्तर्गतको अरु मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार अन्तःशुल्क अधिकृतलाई हुनेछ ।**

**(२) उपदफा (१) बमोजिम शुरु कारवाही र किनारा गर्ने अधिकारीलाई प्रचलित नेपाल कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार प्राप्त हुनेछ ।**

## ***१९.९ मदिरा बिक्री वितरण गर्ने समय (मदिरा नियमहरु २०३३ को को नियम १०)***

इजाजतपत्र प्राप्त व्यक्तिले बिहान १० बजेदेखि राति १० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्न पाउनेछ ।

तर, नेपाल सरकारले आवश्यक सम्झे बमोजिमको ठाउँको लागि सो समयमा हेरफेर गर्न वा सो बन्देजलाई हटाउन सक्नेछ ।

## ***१९.१० मदिरा बिक्री गर्न नहुने (मदिरा नियमहरु २०३३ को को नियम ११)***

अन्तःशुल्क अधिकृतले मनाही गरेको स्थान वा पसलमा मदिराको बिक्री वितरण गर्न पाइने छैन ।

## **१९.११ कसूरको सूचना दिनुपर्ने ( ऐनको दफा १३)**

**(१) कसैले यस ऐन विपरीत कुनै काम हुन लागेको, भैरहेको वा भैसकेको कुरा थाहा पाएमा आन्तरिक राजस्व कार्यालयमा वा नजिकमा आन्तरिक राजस्व कार्यालय नभए प्रहरी कार्यालय वा अन्य कुनै सरकारी कार्यालयमा सो कुराको सूचना दिनु निजको कर्तव्य हुनेछ। सूचना दिने व्यक्तिले त्यस्तो सूचना लिखित वा मौखिक रुपमा दिन सक्नेछ। त्यसरी सूचना प्राप्त गर्ने कार्यालयले तुरुन्त त्यस्तो सूचना सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्नेछ।**

**(२) सूचना दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा सांकेतिक भाषामा आफ्नो परिचय दिन सक्नेछ।**

**(३) सूचना दिदा सूचना दिने व्यक्तिले आफूले थाहा पाएको स्रोत खुलाउन बाध्य हुनेछैन ।**

**(४) विभागले यस दफा बमोजिमको कसूरको सूचना दिने सुराकीलाई सूचनाको सत्यताको आधारमा बढीमा दश हजार रुपैयासम्म विभागले तोके बमोजिम सुराकी प्रोत्साहन खर्च दिन सक्ने छ।**

यस सम्बन्धी प्रकिया परिच्छेद १७ मा उल्लेख गरिएको छ।

**(५) यस दफा बमोजिम कसूरको सूचना दिने व्यक्तिको विवरण गोप्य रहनेछ।**

## १९.१२ अधिकार प्रत्यायोजन हुन नसक्ने (ऐनको दफा २०)

**ऐनको दफा १५ र १६ बमोजिम अन्तःशुल्क अधिकृतलाई प्राप्त अधिकार प्रत्यायोजन हुन सक्ने छैन ।**

## १९.१३ बिक्री बितरणमा नियन्त्रण (ऐनको दफा ४घ )

***नेपाल सरकारले आवश्यक ठानेको अन्तःशुल्क जन्य वस्तुको बिक्री बितरणमा नियन्त्रण गरी तोकिए बमोजिम व्यवस्थित गर्न सक्ने छ ।***

## १९.१४ मदिराको बिक्री वितरणमा नियन्त्रण (मदिरा ऐन २०३१ को दफा ४)

**कुनै व्यक्तिले इजाजतपत्र वेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा बिक्री, वितरण गर्न वा मदिरा खुवाउने बार, रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन ।**

## १९.१५ मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देज (मदिरा ऐन २०३१ को दफा ४(क) )

**(१) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्नु हुदैन ।**

**(२) कसैले पनि अठार वर्षको उमेर पुरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्नु हुदैन ।**

**(३) अठार वर्षको उमेर पुरा नगरेको व्यक्तिले मदिराको बिक्री वितरण गर्नु हुदैन ।**

## १९.१६ खाता प्रमाणित सम्बन्धी व्यवस्था ( नियम १३ख)

ऐनको दफा १० ख को उपदफा (२) बमोजिमका खाताहरू कारोवार सुरू हुनु पुर्व अन्तःशुल्क अधिकृतवाट प्रमाण्ति गराइनु पर्ने छ ।

## १९.१७ इजाजत वेगर डिष्टिलरी वा ब्रुअरीभित्र प्रवेश गर्न नपाउने (नियम २०)

डिष्टिलरी वा ब्रुअरीभित्र मदिरा बनाउने वा मदिरा राखेको ठाउँनिर डिष्टिलरी र ब्रुअरीको कामदार बाहेक बेसरोकारवाला अन्य कुनै पनि व्यक्ति अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीको इजाजत बेगर प्रवेश गर्न पाउने छैन ।

## १९.१८ मौज्दात जाँच्न सक्ने (नियम २६)

इजाजतपत्रवालाले अन्तःशुल्क लाग्ने वस्तु सम्बन्धी कच्चा पदार्थ अर्ध तयारी पदार्थ वा वस्तु तथा तयारी पदार्थ वा वस्तुको मौज्दात जाँच गर्नका लागि कार्यालयले कुनै पनि समयमा कर्मचारी खटाउन सक्नेछ। त्यस्तो कर्मचारीलाई मौज्दात जाँच गर्न दिनु इजाजतपत्रवालाको

कर्तव्य हुनेछ। त्यसरी जाँच गरिएको विवरणको प्रतिवेदन कार्यालयले विभागमा पेश गर्नु पर्नेछ ।.

## १९.१९ अन्तःशुल्क प्रशासन सुदृढिकरण सम्वन्धमा निम्न व्यवस्था भएको ।

अन्तःशुल्क प्रशासनलाई प्रभावकारी बनाई राजस्व संकलनमा अभिवृद्धि गर्नका लागि तपसिलमा उल्लिखित बुंदाहरूलाई तत्काल कार्यान्वयनमा ल्याउने ।

१. कार्यालयमा रहने प्रत्येक पदाधिकारीको अन्तःशुल्क सम्वन्धी काम कर्तव्य र अधिकारको कार्य विवरण अनुरूप काम गर्ने पदाधिकारी तोक्ने ।

२. सबै आन्तरिक राजस्व कार्यालयमा अन्तःशुल्क सम्वन्धी कामको लागि मौजुदा अधिकृतहरू मध्ये एक जना अधिकृत (अन्तःशुल्क जन्य वस्तु उत्पादन गर्ने प्रतिष्ठान नभएको र ३ जना मात्र अधिकृत भएकोमा कार्यालयल मिलाउने बाहेक) र सहायक कर्मचारी न्यूनतम १ जना र कार्यवोझ अनुसार सो भन्दा वढीलाई अन्तःशुल्कको पूर्णकालिन काम गर्ने गरी तोक्ने ।

### (क) कार्यालयका अन्तःशुल्क अधिकृतले सम्पादन गर्नुपर्ने कामहरुः

१. भौतिक नियन्त्रणमा संचालित अन्तःशुल्कजन्य पदार्थको उत्पादन, आयात, निर्यातको ईजाजत र नविकरणको लागि आवेदन साथ प्राप्त कागजात एवं राजस्व ठिक छ छैन हेरी ठीक भए  कार्यालयबाट स्वीकृति गर्ने बाहेक अन्यमा विभागमा पठाउन पेश गर्ने ।

२. अन्तःशुल्कजन्य वस्तु निस्कासन र विक्री गर्दा लाग्ने राजस्व असूल उपर गरी दाखिला गराउने र सो को  अनुगमन गर्ने ।

३. अन्तःशुल्क लाग्ने वस्तु  नेपाल राज्य वाहिर निकासी गर्न र वा कर मुक्त पसलमा विक्री गर्न नगद वा बैंक प्रत्याभूति सहित आवेदन गरेमा हेरी जाँची स्वीकृति दिने ।

४. अन्तःशुल्कजन्य वस्तु इजाजतपत्र नलिई वा अन्तःशुल्क नबुझाई वा घटी बुझाई उत्पादन, पैठारी, विक्री वितरण गरेको छ भन्ने सूचना कुनै माध्यमबाट प्राप्त भएमा एकतह माथि जानकारी गराई त्यसको अनुसन्धान तहकिकात गरी कारवाही किनाराका लागि दायरगर्ने ।

५. अन्तःशुल्क निरिक्षक र अन्तःशुल्क सहायकको कामको सुपरिवेक्षण गर्ने कैफियत पाइएमा तत्काल सच्याउन लगाउने ।

६. अन्तःशुल्क लाग्ने प्रतिष्ठानको मासिक रूपमा निरीक्षण गरी प्रतिष्ठानमा राखिएका अन्तःशुल्क निरीक्षकद्वारा प्रमाणित अभिलेख एवं अन्तःशुल्क जाँची प्रमाणित गर्ने ।

७. अन्तःशुल्क लाग्ने वस्तुका मौज्दात जाँच गरी प्रतिवेदन पेश गर्ने तथा मौज्दात कमि मिन्हाको लागि परेका निवेदनको आधारमा छानविन गरी निर्णय हुनुपर्ने तथा अन्तःशुल्क निर्धारण हुनुपर्ने विषय एकिन गरी पेश गर्ने ।

८. प्रत्येक उत्पादन, विक्री, मौज्दात र राजस्व खुल्ने मासिक प्रगति विवरण विभाग पठाउने ।

९. अन्तःशुल्क कम्प्युटर प्रणालीमा प्रत्येक प्रतिष्ठानको अभिलेख प्रबिष्ट गरी गराई व्यवस्थित गराउने,

१०. ऐन, नियमावली एवं निर्देशिका एवं परिपत्र वमोजिम तोकिएको अभिलेख व्यवस्थित गराउने ।

११. अवैध मदिरा नियन्त्रण समितिको सदस्य सचिव भै काम गर्ने ।

१२. अवैध मदिरा नियन्त्रण सम्वन्धी काम कारबाही गर्ने । जनचेतना प्रवर्द्धन गर्ने ।

१३. वोतलमा वा कार्टुनमा लागेका स्टिकरको नमूना संकलन गरी नक्कली भए नभएको जाँच गराई नक्कली भएको पाइएमा खरिद गरेको स्रोत समेत पत्ता लगाई कारबाही गर्ने ।

१४. अन्तःशुल्कको नयाँ दायरामा आएका वस्तु तथा सेवाहरूको अनुगमन गर्ने ।

१५. अन्तःशुल्क सम्बन्धि जानकारी उपलव्ध गराउने प्रचार प्रसार गर्ने ।

१६. कार्यालय अन्तर्गत प्रतिष्ठानहरूको विगतको उत्पादन एवं आगामी लक्ष्यका आधारमा आवश्यक पर्ने अन्तःशुल्क स्टिकर प्रक्षेपण गर्ने, माग गर्ने, वितरण गर्ने र त्यसको अभिलेख दूरूस्त रहने व्यवस्था गर्ने ।

१७. प्रतिष्ठानको उत्पादन र निष्कासनलाई स्टिकरको कमी हुन नदिन सचेत रहने ।

१८. प्रत्येक महिना कम्तीमा एक पटक सम्बन्धीत कार्यालय प्रमुखले निकासी माग गर्ने उद्योगको मूल्य अभिबृद्धिकर लगाायत कुनै कर बाकि छ छैन सो हेर्नु पर्नेछ । तथा कुनै कर बाकि देखिएमा तुरून्त निकासी रोक्का राख्नु पर्नेछ ।

१९. अन्तःशुल्कको वार्षिक प्रतिवेदन तयार गर्ने गराउने ।

२०. मातहतका कर्मचारीको कामको आधारमा पुरस्कार वा विभागीय सजायको लागि सिफारिस गर्ने ।

२१. तोकेका अन्य कार्यहरू सम्पादन गर्ने ।

**(ख) उत्पादन तर्फ खटिने अन्तःशुल्क कर्मचारी (निरीक्षक) ले सम्पादन गर्नुपर्ने कामहरुः**

१. कच्चा पदार्थ, अर्ध तयारी वस्तु र तयारी वस्तुको आम्दानी खर्च र मौज्दातको दैनिक हिसाव प्रमाणित गरी राख्ने ।

२. २कच्चा पदार्थ, अर्धतयारी पदार्थ एवं तयारी पदार्थ उत्पादन स्थल परिसर भित्र अलग अलग गोदाममा राख्न दिने ।

३. प्रत्येक गोदामको एउटा साँचो इजाजत पत्रवालाको प्रतिनिधि र अर्को आफ्नो जिम्मा
राख्ने ।

४. गोदाम खोल्दा र वन्द गर्दा गेटमा लगाउने ताल्चाको साँचो घुसार्ने प्वाल वन्द हुने र खोल्दा च्यातिने गरी दस्तखत मिति र छाप सहितको अन्तःशुल्क टिकट लक प्रयोग गर्ने ।

५. प्रत्येक पटक गोदाम खोल्नु पर्दा र वन्द गर्दा कारण सहित विवरण अभिलेख कितावमा भरी ढोका खोल्ने र पुनः वन्द गरी टिकट लक लगाउने ।

६. मोलासिस र स्प्रिट टेंक वा पिटमा बाहिरबाट स्पष्ट देखिने स्केल गरी गेजिङ्ग राख्न लगाउने । स्टिल टेंक वा पक्की पिट बाहेक अन्य ठाउँमा मोलासेस भण्डारण गर्न नदिने । (स्प्रिट तथा अर्ध तयारी मदिरा स्टील ट्यांकमा मात्र राख्नु पर्दछ ।)

७. खुला पिटमा मोलासेस राख्न अनुमति नदिने । पिटमा पानी नजाने वन्दोवस्त मिलाउन प्रतिष्ठानलाई निर्देशन दिने ।

८. सबै अभिलेखको मासिक प्रतिवेदन कार्यालयमा दिने ।

९ मोलासेस, स्प्रिट, सूर्ति, वर्ट आदि कुनै कारणबाट नोक्सानी हुन गएको सूचना प्राप्त भएमा .त्यस्तो घटना हुनुको कारण, नोक्सानी परिमाण एकिन गरी तत्काल प्रारम्भीक प्रतिवेदन समेत तयार गरी प्रतिवेदन गर्ने ।

१०. कच्चा पदार्थको खपतका आधारमा प्रतिलब्धी हेरी दैनिक रूपमा जर्तीको अभिलेख राख्ने ।

११. उत्पादन गर्ने स्थलमा खुला ड्रम, पाइप आदि नरहने ब्यवस्था गर्ने । उत्पादन कार्य वन्द भएपछि उत्पादन स्थलको ढोकामा टिकट लक सहित ताल्चा लगाउने ।

१२. समय समयमा कच्चा पदार्थ रहने स्थलको आकस्मीक निरीक्षण गरी मौज्दात र खर्च रूजु गर्ने ।

१३. उद्योग/प्रतिष्ठान परिसरभित्र वेसरोकारवाला ब्यक्तिलाई प्रवेश गर्न नदिने । यसमा प्रतिष्ठान धनीलाई नै त्यस्तो ब्यवस्था गर्न लगाई सुरक्षाको पूर्ण ब्यवस्था मिलाउने ।

१४. अन्तःशुल्क अधिकृत वा कार्यालय प्रमुखलाई पूर्व जानकारी नदिई स्वीकृत नलिई आफूलाई खटाइएको प्रतिष्ठान नछाड्ने ।

१५. अन्तःशुल्कजन्य पदार्थ एवं तयारी वस्तु समेत हानी नोक्सानी नहुने गरी पूर्ण सुरक्षा ब्यवस्था गर्न लगाउने ।

१६. प्रत्येक महिनाको अन्तमा आफू खटिएका प्रतिष्ठानमा राखिएका आफूले प्रमाणित गर्दै आएका अभिलेखहरू अनिवार्य रूपमा अन्तःशुल्क अधिकृतबाट प्रमाणित गराई सो अन्तिम अभिलेख बमोजिम त्यस पछिको महिनाको शुरू अभिलेख खडा गर्ने ।

१७. प्रतिष्ठानमा प्राप्त कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ्ग मेटेरियल्स, अन्तःशुल्क टिकट, तयारी वस्तु आदिको आम्दानी खर्च एवं मौज्दात को दैनिक रूपमा कम्प्युटर सफ्टवेयरमा प्रबिष्ट गर्न लगाउने

१८. अन्य तोकिएका कामहरू गर्ने ।

(ग) **निष्कासन तर्फ खटिने अन्तःशल्क निरीक्षकले सम्पादन गर्नुपर्ने कामहरुः**

१. तयारी वस्तुको आम्दानी खर्च निष्कासन एवं मौज्दातको दैनिक हिसाव प्रमाणित गरी
राख्ने ।

२. मदिराको उत्पादन प्रक्रियासंगै प्रत्येक वोतलमा व्याच नम्बर, सिलसिलेवार नम्बर, उत्पादन गर्ने इजाजतवालाको नाम, ट्रेडमार्क र शक्ति अधिकतम खुद्रा मुल्य लेखिएको लेवल अंकित हेरी मात्र आम्दानी बाँध्ने । ब्याच र सिलसिलेवार नम्वरका आधारमा निष्कासन गर्ने ।

३. उत्पादनमा तोकिएको गुणस्तर छैन भन्ने शंका लागेमा अन्तःशुल्क अधिकृतलाई सुचना दिई उत्पादित वस्तु रहेको गोदाम सिलवन्दी गरी वस्तु परीक्षण गर्न कार्यालय पठाउने र परीक्षण नतिजा प्राप्त नहुनजेल त्यस्तो वस्तुको निष्कासन रोक्का राख्ने ।

४. माग फाराम स्वीकृत भै आएपछि हेरी रूजु गरी सो अनुरूप वस्तु निष्कासन गर्न दिने । निष्कासन दिंदा आफ्नो उपस्थितीमा चेक जाँच गरी मात्र दिने ।

५. अन्तःशुल्क स्टिकरको आम्दानी खर्चको हिसाव राख्ने । कम्तीमा १५ दिनको लागि पुग्ने मौज्दात निरन्तर रूपमा रहने गरी स्टिकर माग गर्ने ।

६. मदिरा र चुरोट प्रत्येक वोतल वा वट्टामा अन्तःशुल्क स्टिकर अंकित भएकोलाई मात्र निष्कासन गर्न दिने । वीयरको प्रत्येक कार्टुनको तलमाथि वन्दमा पर्ने गरी अन्तःशुल्क टिकट टांस गराई निष्कासन गर्न दिने ।

७. प्रत्येक गोदामको एउटा साँचो ईजाजतपत्रवालाको प्रतिनिधी र अर्को आफ्नो जिम्मामा राख्ने ।

८. प्रत्येक गोदामको ताल्चाको साँचो घुसार्ने प्वाल वन्द हुने र खोल्दा च्यातिने गरी दस्तखत , मिति र छाप सहितको टिकट लक प्रयोग गर्ने ।

९. प्रत्येक पटक गोदाम खोल्नु पर्दा र वन्द गर्दा कारण सहित विवरण अभिलेख कितावमा भरी ढोका खोल्ने र पुनः वन्द गरी टिकट लक लगाउने ।

१०. सवै अभिलेखको मासिक प्रतिवेदन कार्यालयमा दिने । तयारी मालवस्तु कुनै कारणबाट नोक्सानी हुन गएको सूचना प्राप्त भएमा त्यस्तो घटना घट्नुको कारण, नोक्सानी परिमाण एकिन गरी तत्काल प्रारम्भीक प्रतिवदेन समेत तयार गरी प्रतिवेदन गर्ने ।

११. प्रतिष्ठानको वरिपरि अनधिकृत रूपमा मालसामान आउन सक्ने स्थानहरू नियन्त्रण गर्न लगाई एउटा मात्र मुख्य द्वार रहने व्यवस्था मिलाउने ।

१२. तयारी पदार्थ रहने स्थलको आकस्मिक निरीक्षण गरी मौज्दात र खर्च रूजु गर्ने ।

१३. प्रत्येक महिनाको अन्तमा आफू खटिएका प्रतिष्ठानमा राखिएको आफूले प्रमाणित गर्दै आएका अभिलेखहरू अनिवार्य रूपमा अन्तःशुल्क अधिकृतबाट प्रमाणित गराई सो अन्तिम अभिलेख बमोजिम त्यस पछिको महिनाको शुरू अभिलेख खडा गर्ने ।

१४. तयारी पदार्थको आम्दानी निष्कासन विक्री मौज्दात आदि विवरण कम्प्युटर सफ्टवेयरमा दैनिक रूपमा प्रविष्ट गर्न लगाउने ।

१५. तोकिएका अन्य कामहरू गर्ने ।

## (घ) कार्यालयमा रहने अन्तःशुल्क सहायकले सम्पादन गर्नुपर्ने कामहरुः

**१.** कार्यालय अन्तर्गत प्रत्येक प्रतिष्ठानबाट प्राप्त मासिक प्रतिवेदन रूजु गर्ने, भिडान गर्ने र त्यसको अभिलेख राख्ने । कैफियत पाइएमा आवश्यक कारबाहीको लागि अन्तःशुल्क अधिृकत समक्ष पेश गर्ने ।

**२.** विभागबाट प्राप्त अन्तःशुल्क स्टिकरहरू आम्दानी बांध्ने, प्रतिष्ठानबाट प्राप्त मागलाई अधिृकत समक्ष पेश गरी स्वीकृत गराई पठाउने र त्यसको अभिलेख कम्प्युटर प्रणालीमा समेत प्रविष्ट गरी व्यवस्थित गर्ने ।

**३.** प्रतिष्ठानबाट प्राप्त मासिक प्रतिवेदनलाई एकीकृत गरी कच्चा पदार्थ, खपत, उत्पादन, निकासी, राजस्व असूली सहित स्पष्ट हुने प्रतिवेदन तयार गर्ने ।

**४.** अन्तःशुल्कजन्य वस्तु उत्पादन, पैठारी, विक्री वा संचयका लागि ईजाजतपत्र वा नवीकरणको लागि प्राप्त निवेदन साथ तोकिए वमोजिमका कागजात र दस्तुर भए नभएको रूजु गरी पेश गर्ने ।

**५.** अन्तःशुल्क अधिकृतबाट स्वीकृति पश्चात इजाजत प्रदान गर्ने ।

**६.** विभागबाट माग भएको विवरण तयार गरी पेश गर्ने ।

**७.** अन्तःशुल्क अधिकृतलाई तोकिएको काममा सघाउने ।

**८.** अन्तःशुल्क अधिकृतसँग आवश्यकता अनुसार अनुगमन, निरीक्षणमा जाने ।

**९.** अवैध मदिरा नियन्त्रणका लागि अनुगमन एवं अनुसन्धानका लागि अधिकृतलाई सघाउने ।

**१०.** अन्तःशुल्कजन्य प्रतिष्ठान एवं विक्रेताहरूको निरीक्षण एवं मौज्दात जाँचमा अधिकृतलाई सहयोग गर्ने ।

**११.** अन्तःशुल्कसँग सम्वनिधत सवै प्रकारको अभिलेख पद्धतीलाई व्यवस्थित राख्ने ।

**१२.** प्रत्येक प्रतिष्ठानको कम्प्युटर सफ्टवेयरमा प्रविष्ट भै आएको अभिलेख जांच गरी व्यवस्थित गराउन अन्तःशुल्क अधिकृतलाई सघाउने ।

**१३.** तोकिएको अन्य कामहरू गर्ने ।

**(ङ.) उत्पादन र निष्कासन प्रकृयालाई विभक्त गरी छुट्टै प्रशासन गर्नेः**

चुरोट, वियर र मदिरा उत्पादन गर्ने प्रतिष्ठानवाट उत्पादन र निकासी प्रकृयालाई अलग अलग रूपमा विभाजन गरिएको छ। तसर्थ उत्पादन प्रकृया र निष्कासन प्रकृयालाई अलग्गै इकाई मानि  अन्तःशुल्क प्रशाासन गर्ने कार्यालयबाट खटिएका कर्मचारी रहनेछन्। उत्पादन इकाईका सम्पूर्ण खाताहरू उत्पादन क्षेत्रमा खटाईएका कर्मचारीको जिम्मामा रही नीजवाटै सञ्चालन हुनेछ भने निष्कासन तर्फका खातापत्रहरू गोदाममा निष्कासन तर्फको लागि खटिएका अन्तःशुल्क कर्मचारीको जिम्मामा रही निजले सञ्चालन गर्नेछन्।

तर उद्योगको कार्यक्षेत्र सानो भएमा वा कर्मचारीहरूको कमि भएको अवस्थामा भने विभागलाई सो कुराको जानकारी दिई उत्पादन र निष्कासन दुवै कार्यको निमित्त एउटा मात्र अन्तःशुल्कको कर्मचारी कार्यालयले खटाउन सक्नेछ।

# परिच्छेद-२०

# बिबिध

## २०.१ प्रतिष्ठान बन्द गर्दा सूचना दिनु पर्ने (नियमावलीको नियम २८(१))

कुनै प्रतिष्ठान कुनै पनि कारणले बन्द गर्नु परेमा त्यसको कारण स्पष्ट खुलाई त्यसरी बन्द गर्नु भन्दा तीन दिन अगावै सम्बन्धित अन्तःशुल्क अधिकृत र बिभागलाई लिखित रूपमा जानकारी गराउनु पर्दछ । तर ईट्टा उद्योगको हकमा यो व्यबस्था लागु हुने छैन ।

त्यस्तो सूचना प्राप्त भएमा विभागले आबश्यक सम्झेमा सो प्रतिष्ठान चालु राख्न सम्बन्धित व्यक्तिलाई आदेश दिन सक्नेछ ।

## २०.२. मूल्य अनिवार्य खुलाउनु पर्ने (नियमावलीको नियम २९)

मदिरा, वियर, चुरोट उत्पादन गर्ने इजाजतपत्रवालाले वितरक, थोक तथा खुद्रा विक्रेतालाई विक्री गर्ने मूल्य सार्बजनिक गरी आफूले उत्पादन गरेको वस्तुमा अधिकतम खुद्रा मूल्य अंकित गर्नु
पर्नेछ । मदिरा वियरको प्रत्येक वोतल र कार्टुनमा समेत अधिकतम खुद्रा मुल्य उल्लेख गर्नुपर्ने गरी तोकिएको छ ।

## २०.३. सेवा विक्री गर्दा विजक जारी गर्नु पर्नेः

अन्तःशुल्क लाग्ने सेवा विक्री गर्दा नियमाबलीको अनुसूची १३ वमोजिमको विजक जारी गर्नु पर्दछ ।

## २०.४ उपहार तथा नगद छूट दिन नपाइने (ऐनको दफा ४ङ.)

**मदिरा, वियर वा चुरोट उद्योगहरु र तिनका बिक्रेताहरुले कुनै पनि प्रकारका उपहार कार्यक्रम संचालन गर्न वा त्यस्ता उद्योगहरुले मुल्य अभिबृद्धि करमा दर्ता भएका वाहेक अन्य विक्रेतालाई त्यस्तो उत्पादन विक्री गर्दा छुट दिन पाइने छैन । यस्तो कार्य गरेको पाइएमा इजाजतपत्रको शर्त उलंघन गरेको मानिनेछ ।**

## २०.५ अन्तःशुल्क सम्बन्धी व्यवस्था ऐन बमोजिम हुने ( ऐनको दफा २४)

**प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सालवसाली लागू हुने आर्थिक ऐनले यस ऐनमा संशोधन गरी अन्तःशुल्क लगाउने, निर्धारण गर्ने, बढाउने, घटाउने, छूट दिने वा मिनाहा दिने सम्बन्धी व्यवस्था गरेकोमा बाहेक अन्य कुनै पनि ऐनले यस ऐन बमोजिमका**

**अन्तःशुल्कका व्यवस्थाहरुमा कुनै पनि संशोधन, परिवर्तन गर्न वा अन्तःशुल्क सम्बन्धी अन्य व्यवस्था गर्न सक्ने छैन ।**

## २०.६ तयारी वस्तु राख्ने ठाउँ : (नियम ३३)

(१) उत्पादन गरिएको वस्तु इजाजतपत्रवालाले त्यस्तो वस्तु उत्पादनस्थल परिसरभित्र गोदाममा राख्नु पर्नेछ। स्वयं निष्काशन प्रणाली अनुरूप निष्कासन हुनेमा बाहेक गोदामको एउटा ताल्चाको साँचो इजाजतपत्रवालाको प्रतिनिधि र अर्को ताल्चाको साँचो अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राखिएका अन्तःशुल्क लाग्ने वस्तुहरू सुरक्षित साथ राख्ने जिम्मेवारी इजाजतपत्रवालाको हुनेछ । आगो लागि वा चोरी भई वा अरू कुनै कारणले त्यस्तो अन्तःशुल्क लाग्ने वस्तु नोक्सान भएमा उक्त नोक्सानी बापत नेपाल सरकार जवाफदेही हुनेछैन ।

(३) अन्तःशुल्क लाग्ने उत्पादनस्थलभित्र रहेका वस्तु अन्तःशुल्क अधिकृतको पूर्ण रेखदेखमा रहनेछ । अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीको इजाजत वेगर कुनै पनि अन्तःशुल्क लाग्ने वस्तु सम्बन्धी कच्चा पदार्थ, अर्ध तयारी पदार्थ वा तयारी पदार्थ उत्पादनस्थल बाहिर लैजान हुँदैन । स्वयं निष्काशन प्रणाली अन्तर्गत निष्कासन हुने वस्तुको हकमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले खाता तथा विवरण जाँची प्रमाणित गरे मात्र पुग्नेछ ।

# परिच्छेद-२१

# अनुसूचीहरु

| टिकट |
|---|

## अनुसूची –१

**(नियम ३ र ५  तथा मदिरा नियमहरुको नियम ३ र ६ संग संबन्धीत)**

***(निर्देशिकाको दफा ४.४ अनुसार)***

**इजाजतपत्र  तथा नविकरणको लागी दिइने दरखास्तको ढांचा**

**श्रीमान प्रमुखज्यू,**

**आन्तरिक राजस्व विभाग/कार्यालय वा को.ले.नि.का., .............. ।**

म/हामीले देहायमा उल्लेखित कार्य गर्नका लागि देहायका कागजात, विवरण र इजाजतपत्र दस्तुर संलग्न राखी इजाजतपत्र पाउन/नविकरणको लागि यो निवेदन पेश गरेको छु/छौं । उल्लिखित विवरण र तथ्य मैले जानेबुझेसम्म ठीक छन् ।

**(१) अन्तःशुल्क इजाजतपत्रको प्रकारः–** (आफूले लिनुपर्ने इजाजतपत्रको प्रकारमा ✔ (ठीक) लगाउनु होस)

| इजाजतपत्र प्रकार | उत्पादन | पैठारी | विक्री | संचय | सेवा | ईटा | अन्य |
|---|---|---|---|---|---|---|---|
| नयाँ | | | | | | | |
| नवीकरण | | | | | | | |
| कारोवारको नाम | | | | | | | |

**(२) व्यक्ति/प्रतिष्ठानको नामः–**

| | | | |
|---|---|---|---|
| नेपाली | | | |
| अंग्रेजी | | | |
| व्यक्ति भए निजकोः | पति/पत्नीको नामः | बाबुको नामः | बाजे/ससुराको नामः |
| | | | |

**(३) दर्ता विवरण :–**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थायी लेखा नम्वर | | | | | | | | | | कार्यालयको नाम : |

| व्यवसाय दर्ता मिति | कार्यालय र स्थान | दर्ता नं. |
|---|---|---|
| | | |

| कारोवार शुरू भएको मिति | नविकरण हुनुपर्ने आ.व. |
|---|---|
| २० / / | २० / / |

**(४) मुख्य कार्यालयको ठेगाना :–**

| | स्थान | पत्राचार गर्ने ठेगाना |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| ☐ म. ☐ उ.म.न.पा. ☐ न.पा. ☐ गा.वि.स. | | |
| जिल्ला | | |
| क्षेत्र | | |
| टेलिफोन नं. | | पो.व.नं. |
| फ्याक्स नं. | | इमेल |

**(५) कारोवारको मुख्य स्थान :–**

(यदि मुख्य कार्यालय भन्दा फरक भएमा मात्र)

| | स्थान | पत्राचार गर्ने ठेगाना |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| ☐ म. ☐ उ.म.न.पा. ☐ न.पा. ☐ गा.वि.स. | | |
| जिल्ला | | |

| | | |
|---|---|---|
| क्षेत्र | | |
| टेलिफोन नं. | | पो.व.नं. |
| फ्याक्स नं. | इमेल | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| चार किल्ला | पूर्व | | पश्चिम | | उत्तर | | दक्षिण | |

**(६) इजाजत दस्तुर/नवीकरण दस्तुर सम्बन्धी विवरणः–**

| क्र.सं. | कारोवारको नाम/इजाजत पत्र प्रकार | दाखिला दस्तुर | जरिवाना | बैंक/कार्यालय | भौ.नं./ र.नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

- कार्यालयमा दाखिला गरेको भए सोको प.सं................मिति २०   /   /
- कुनै राजस्व बाँकी छ/छैन । छ भने ?  आयकर
  मू.अ.कर :
  अन्तःशुल्क :
  अन्य :

**(७) प्रवन्ध निर्देशक/प्रमुख संचालक/कार्यकारी निर्देशक :–**

(क) नाम

| | पहिलो | बीचको | थर |
|---|---|---|---|
| नेपाली | | | |
| अंग्रेजी | | | |

(ख) नियुक्ति मिति

| | | |
|---|---|---|
| | | |

(ग) राष्ट्रियता

| |
|---|
| |

(घ) परिचय गराउने अन्य कागजात

| कागजातको प्रकार | परिचयपत्र नं. | जारी गर्ने कार्यालय र स्थान | जारी गरेको मिति |
|---|---|---|---|
| | | | |

(ङ) ठेगाना :–

| | स्थान | पत्राचार गर्ने ठेगाना |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| ☐ म. ☐ उ.म.न.पा. ☐ न.पा. ☐ गा.वि.स. | | |
| जिल्ला | | |
| क्षेत्र | | |
| टेलिफोन नं. | | पो.व.नं. |
| फ्याक्स नं. | | इमेल |

निवेदकको दस्तखत : संस्थाको छाप :

निवेदकको नाम :

पद :

| | | |
|---|---|---|
| **(८) कार्यालय प्रयोजनको लागि** … … … … … … इजाजतपत्र | आ.व……………का लागि स्वीकृत भएको छ । | |
| ……………………………इजाजतपत्र | आ.व……………का लागि नविकरण भएको छ । | |
| … … …. … इजाजतपत्रका लागि भौ.नं. … … … … र.नं. … … … …बाट रू. … … … … … दस्तुर र रू.……………………थप दस्तुर (जरिवाना) दाखिला भएको छ । | | |
| पेश गर्ने : | सिफारिस गर्ने : | सदर गर्ने : |
| मिति | | |

## अनुसूची-२

(बाह्रौ संशोधनद्वारा संशोधित (आ.व. ०६८।६९ को लागी)

**(नियम ३ र ५ संग सम्बन्धित)**

**<u>इजाजतपत्र लिनु पर्ने वस्तु तथा सेवाको इजाजतपत्र दस्तुर र नविकरण दस्तुर</u>**

*(निर्देशिकाको दफा ४.४ अनुसार)*

**इजाजतपत्र दस्तुर तथा नवीकरण दस्तुर देहाय बमोजिम हुनेछ :**

**१. मदिरा र इथानोल उत्पादन तर्फ :-**

(क) स्प्रिट उत्पादन गर्ने प्रतिष्ठानको लागि ...................................... .रू. ८०,०००।-

(ख) वियर उत्पादन गर्ने प्रतिष्ठानको लागि ..................................... रू. ८०,०००।-

(ग) ईथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि ................................. .रू. ८०,०००।-

(घ) वाईन/ब्राण्डी (फलफूलमा आधारित) मात्र बनाउने प्रतिष्ठानको लागि ..रू.४०,०००।-

(ङ) अन्य मदिरा उत्पादनका लागि ............................................... .रू. ८०,०००।-

(च) चुरोट उत्पादन गर्ने प्रतिष्ठानको लागि ..................................... .रू. १००,०००।-

**२. मदिरा विक्री वितरण तर्फ :-**

(क) होटल, रेष्टुरेण्ट तथा लजहरुको लागि :-

(१) पाँचतारे होटल ............................................. रू.३०,०००।-

(२) चारतारे होटल .................................................... .रू.२५,०००।-

(३) तीनतारे होटल ................................................ रू.१८,०००।-

(४) दुईतारे होटल .................................................. रू.१२,५००।-

(५) एकतारे होटल ...................................................... रू. ७,०००।-

(६) स्वदेशी तथा विदेशी मदिरा बोतल खोली विक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुरेण्ट तथा रिसोर्ट......................................... रू. ५,०००।-

(७) स्वदेशी मदिरा वोतल खोली विक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लज ............................................. रू. ३,०००।-

(ख) **मदिरा विक्रेताको लागि** :-

(१) मदिरा वितरक .................................................... रू. २०,०००।-

(२) थोक विक्रेता ......................................................... रू. १२,०००।-

(३) स्वदेशी तथा विदेशी मदिरा विक्री गर्ने खुद्रा विक्रेता ................रू. ८,०००।-

